# प्रथम परिच्छेद

# zf|wkl/ro

## १.१ विषय परिचय

आधुनिक नेपाली साहित्य जगत्का आख्यानकार परशु प्रधानलाई नेपाली साहित्यको आख्यान जगत् विशेषतः कथा क्षेत्रमा चिनाइरहनु आवश्यक पर्दैन । सुरुमा कविता लिएर साहित्यमा देखापरेका परशु प्रधानले २०१९ सालमा 'मेरो कोठाको आँखाबाट' कथा प्रकाशित गराएर नेपाली कथा साहित्यमा प्रवेश गरेका हुन् । हाल कथाको क्षेत्रमा विशिष्टता हाँसिल गरिरहेका छन् । वि.सं. २०१९ सालदेखि सुरु भएको उनको कथालेखनको यात्रामा हालसम्म फुटकर कथाहरूदेखि बाहेक पुस्तकाकार कृतिका रूपमा बाह्रओटा कथासङ्ग्रहहरू प्रकाशित गरिसकेका छन् ।

परशु प्रधानको कथाकार व्यक्तित्त्वको स्वरूपलाई देखाउने कथा सङ्ग्रहका रूपमा आएका हालसम्मका कृतिहरूमा 'वक्ररेखा' (२०२५), 'फेरि आक्रमण' (२०२५), 'यौटा अर्को दन्त्यकथा' (२०२८), 'असम्बद्ध' (२०३२), 'समुन्द्रमा अस्ताउने सूर्य' (२०३५), 'प्रतिनिधि कथाहरू' (२०४१), 'यौटा क्रान्तिपुरुषको जन्म' (२०५०), 'कथा र रचनागर्भ' (२०५७, २०६३), 'उत्तरार्द्ध' (२०५८), The little Buddha in Tokyo (अंग्रेजीमा, २०६१), 'विश्‍व यौन कथा' (२०६२), र 'सीताहरू' (२०६४) रहेका छन् । यी विभिन्न कथाहरूमध्ये प्रधानको २०६४ सालमा प्रकाशित कथासङ्ग्रह 'सीताहरू' ज्यादै चर्चित र महत्त्वपूर्ण प्रयोगवादी कथासङ्ग्रहका रूपमा रहेको छ ।

'सीताहरू' कथासङ्ग्रह पैरवी प्रकाशनले प्रथम पटक २०६४ सालमा प्रकाशित गरेको हो । यस कथासङ्ग्रहमा जम्मा २५ ओटा कथाहरू सङ्गृहीत भएका छन् । परशु प्रधानको **'सीताहरू'** कथासङ्ग्रह नवीन किसिमको आख्यान कृति हो । यो कथा हो, उपन्यास हो, कथोपन्यास हो र समग्रमा यो आख्यानिक रचना हो । यस सङ्ग्रहका कथाहरूमा ठाउँ-ठाउँमा कथाकार स्वयं वक्ता बनेर विभिन्न चरित्रका सीताहरूको खोजी गर्नु आफ्नो उद्देश्य बताउँछन् । पौराणिक युगकी सीतालाई यहाँ आधुनिक/उत्तरआधुनिक र वर्तमानको जामा लगाइ दिएर अवतरण गराइएकाले यहाँका सीताहरू हामी सबैले ठाउँ-ठाउँमा पटक-पटक देखेका, भोगेका, छामेका, अनुभव गरेका सीताहरू नै हुन् ।

यहाँ सीताहरू व्यष्टि सत्ता र समष्टि सत्ताका रूपमा उपस्थित छन् । यस कथासङ्ग्रहकी समष्टि सत्ताकी सीता सिङ्गो सङ्ग्रहकी प्रतिनिधि नायिका हो भने व्यष्टि सत्ताका सीताहरू त्यो समष्टि सत्ताकी सीताका प्रतिरूप हुन् । यस कथासङ्ग्रहमा यथार्थ पात्रलाई पनि काल्पनिक घटनावलीको अवतरण लगाइ दिएर सबै सीताहरूले अर्थात् सबै नारीहरूले आफ्नै कथा लेखिदिए जस्तो अनुभूति गर्ने ठाउँहरू यहाँ प्रशस्त छन् ।

यहाँका सीताहरू यथार्थ जीवनका प्रतिच्छाया हुन्; विम्ब हुन् । यस कथासङ्ग्रहको सबैभन्दा महत्त्वपूर्ण विशेषता भनेको साधारण चरित्रका सीताहरूको खोजी मात्र नभएर

विशिष्ट/असाधारण चरित्रका सीताहरूको खोजी हो र यस्ता चरित्रलाई यहाँ उपस्थित गराउनु हो ।

यस कथासङ्ग्रहका धेरै कथाहरूमा सीताहरू पीडाबोधी र पीडाभोगी छन् भने केही सीताहरू उच्च अहम्को शिकार भएका, कोही चाहिँ नारीवादी एवं यौनकुण्ठाले ग्रस्त पनि छन् । जेजस्ता भए पनि ती असामान्य नारी चरित्रहरूको प्रयोगशालाका रूपमा यी कथासङ्ग्रह अत्यन्त सफल र प्रभावपूर्ण देखिन्छ ।

परशु प्रधानको प्रस्तुत कथासङ्ग्रह प्रयोगवादी लेखनको नमुना हो । यस रचनाले कथा र उपन्यासको भेद मेटिदिएको छ । यो सङ्ग्रह यी दुई रचनाविधानको ठीक मध्य विन्दुमा उभिएको छ । यो आख्यानको अत्यन्त विशृङ्खलित विन्यास भएको उपन्यास हो भने अर्कातिर पच्चीस ओटा कथाहरूको सङ्ग्रह पनि हो । यस आधारमा यो विधा मञ्जनको एउटा नमुना पनि हो ।

उत्तरआधुनिक आख्यानहरू अपारम्परिक हुन्छन् । यहाँ कथाको परम्परागत ढाँचा हुँदैन, आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खला हुँदैन, यहाँनेर कथा र उपन्यासको सीमारेखा पनि भत्कन्छ । उत्तरआधुनिकता आधुनिकताको उत्कर्ष पनि हो र विच्छेद पनि हो । परशु प्रधानको यो कथासङ्ग्रहमा उत्तरआधुनिक प्रवृत्तिका रूपमा विशृङ्खलित र क्रमभग्न प्रयोग, नारीवाद, समलिङ्गीवाद आदि विविध प्रवृत्तिहरू देखिन्छन् । 'सीताहरू' तीन, नौ, अठार, एक्काईस आदि कथाहरूमा नारीवादी चेतना पाइन्छ । नारीवादी चेतनाका दृष्टिले 'सीताहरू पच्चीस' कथा सबैभन्दा सशक्त छ र यसमा उग्र नारीवाद प्रस्तुत गरिएको छ ।

जीवन-जगत् र मनोजगत्लाई नजिकबाट छामेर नारीका विविध मनभित्र पसी तिनका मानसिकताको केस्रा-केस्रा गरेर केलाइएको यस सङ्ग्रहकी सीता विश्वरूपकी मिथक जस्तै हो ।

## १.४ समस्याकथन

कथाकार परशु प्रधानको **'सीताहरू'** कथासङ्ग्रहको केही पत्रपत्रिका र केही लेखहरूमा बाहेक सर्वोपरी रूपमा गहन अध्ययन हुन बाँकी रहेकाले यस कथासङ्ग्रहको विविध कोणबाट अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिने यस शोधकार्यको मूल समस्याहरू निम्न रहेका छन् ।

(क) कथातत्त्वका आधारमा 'सीताहरू' कथासङ्ग्रहका कथाहरू के कस्ता रहेका छन् ?

(ख) यहाँ प्रस्तुत कथाहरूमा के-कस्तो मनोविज्ञान रहेको छ ?

(ग) 'सीताहरू' कथासङ्ग्रहका कथाहरुलाई के कसरी मूल्याङ्कन गर्न सकिन्छ ?

## १.५ शोधको उद्देश्य

समस्याकथनमा प्रस्तुत गरिएका प्रश्नहरूको जवाफ खोज्नु नै यस शोधकार्यको उद्देश्य रहने भएकाले यस शोधकार्यका उद्देश्यहरू निम्न रहेका छन् ।

(क) कथातत्त्वका आधारमा 'सीताहरू' कथा सङ्ग्रहका कथाहरूलाई केलाउने,

(ख) कथाहरूमा प्रस्तुत मनोविज्ञानलाई केलाउने,

(ग) कथासङ्ग्रहभित्रका कथाको समग्रमा मूल्याङ्कन गर्ने,

## १.६ पूर्वकार्यको समीक्षा

परशु प्रधान बहुमुखी प्रतिभाका धनी भए पनि उनको विशेष योगदान नेपाली आख्यान साहित्यमा पनि कथा क्षेत्रमा रहेको छ । विद्वान्, समालोचकहरूले विभिन्न लेख, पत्रपत्रिका, पुस्तकहरू मार्फत **सीताहरू** कथासङ्ग्रहको सामान्य चर्चा परिचर्चा गरे पनि यस कथासङ्ग्रहको सर्वपक्षीय अध्ययन हुन बाँकी नै रहेको छ । यस कथासङ्ग्रहका बारेमा गरेका विविध टिप्पणी र समालोचनाहरूलाई नै पूर्वकार्यको समीक्षा अन्तर्गत समेट्ने गरिन्छ ।

(क) लक्ष्मणप्रसाद गौतमले **सीताहरू**को भूमिकामा यसलाई विविध रूपमा चर्चा गर्दै भनेका छन्- यस कृतिका धेरै सीताहरू पीडाबोधी र पीडाभोगी छन् भने केही उच्च अहम्को शिकार भएका छन् र केही चाहिँ नारीवादी एवम् यौनकुण्ठाले ग्रस्त पनि छन् । जे-जस्ता भए पनि ती असामान्य/असाधारण नारीचरित्रहरूको प्रयोगशालाका रूपमा सीताहरू कृति अत्यन्त सफल र प्रभावपूर्ण देखिन्छ । यहाँका सीताहरू त्यस प्रयोगशालाका उपकरण र केमिकलहरू हुन् ।[१]

(ख) ज्ञानु अधिकारीले 'शारदा' पत्रिकामा 'सीताहरू-२५ मा नारी समलैङ्गिक चेतना' शीर्षकमा एउटा लेख लेखेर यस कथालाई यसरी उल्लेख गरेकी छिन् । 'सीताहरू-२५' कथा उत्तरआधुनिकताको छहारीमा हुर्कँदै गरेको नारीवादकै चरम प्रवृत्ति समलिङ्गवादलाई प्रस्तुत गरेर लेखिएको कथा हो । यस कथामा आजको आधुनिक तथा खुल्ला समाजमा प्रभाव पार्न सक्ने जीवनको एउटा अर्को पाटोको रूपमा नारी समलिङ्गवादलाई प्रस्तुत गरिएको छ ।[२]

(ग) हरि अधिकारीले 'नयाँ पत्रिका' (२०६४ माघ ५ गते शनिवार) मा उल्लेख गरेका 'परशु प्रधानका सीताहरू' लेखेर सीताहरूलाई आर्थिक, दैहिक र मानसिक शोषणको चक्रमा पिल्सिदै आएका नेपाली नारी, प्रधानका रचनाका प्रिय पात्र हुन्, सीताहरूमा पनि त्यसैको निरन्तरता देखिन्छ ।[३]

(घ) मीनकुमार नवोदितले 'दर्शन' दैनिक पत्रिका (वर्ष ६, अङ्क १०४, २०६४, माघ १९ गते शनिवार) मा 'सीताहरू' भित्र नारी मनको यथार्थ चित्रण' शीर्षकमा यसरी हेरेका छन् कि 'हाम्रा नेपाली समाजमा भएका आर्थिक विपन्नताले गर्दा कति नारीहरूले आफ्नो यौवनलाई बेच्न विवश भएको तीतो यथार्थलाई कथाकारले समेटेर हाम्रो नेपाली समाजको यथार्थ चित्रण गरेका छन् । साथै नेपालको इतिहासमा कहिल्यै बिर्सिन नसकिने बिगत् बाह्र वर्षको द्वन्द्वकालमा विधवा भएका नेपाली सयौं नारीलाई पनि यस कृतिमा लेखकले कुशलतापूर्वक समेटेका छन् ।[४]

---

१ लक्ष्मणप्रसाद गौतम, "आख्यानमा विनिर्मिति र असाधारण नारी चरित्रका कोलम्बसका पाइलाहरू", **सीताहरू**, परशु प्रधान, (काठमाडौं : पैरवी प्रकाशन, २०६४), पृ. छ ।

२ ज्ञानु अधिकारी, "परशु प्रधानको सीताहरू-२५ मा समलैङ्गिक चेतना", **शारदा**, (मासिक), वर्ष १, अङ्क १०, ( २०६४), पृ. ७९ ।

३ हरि अधिकारी, "परशु प्रधानका सीताहरू", **नयाँ पत्रिका** (दैनिक) (२०६४ माघ ५ गते शनिवार), पृ. ७ ।

४ मीनकुमार नवोदित, "सीताहरू भित्र नारी मनको यथार्थ चित्रण", **दर्शन**, (दैनिक), (वर्ष ६, अङ्क १०४, २०६४ माघ), पृ. २ ।

(ङ) इन्द्रबहादुर राईले 'मधुलिका' (वर्ष १३, पूर्णाङ्क १०, २०६५) मा 'सीताहरूको पठन प्रतिक्रिया' लेखेर सीताहरूका बारेमा आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । उनले सीताहरूलाई एउटा अक्रममा रहेको उपन्यासका रूपमा रहेको छ । 'पृष्ठभूमिक विचारको आधार विनाको अनुकृत प्रयोग रूपवाद मात्र हुन्थ्यो यहाँ त्यस्ता रूपवादी हुनु भएको छैन' ।[५]

(च) कृष्णहरि बराल र नेत्र एटमले 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास' (२०६६) मा 'परशु प्रधानको 'सीताहरू' पच्चीस ओटा शृङ्खलित कथा जोडेर बनाइएको कथोपन्यास हो ।'[६] लेखकद्वयले उपन्यास परम्पराको चर्चा गर्ने क्रममा प्रयोगवादी परम्पराभित्र यसलाई राखेर उत्तरआधुनिक मान्यताका कसीमा हेर्ने काम गरेका छन् ।

(छ) नेत्र एटमले 'नेपाली डायस्पोरा र अन्य समालोचना' (२०६७) मा 'समकालीन नेपाली उपन्यासमा प्रयुक्त विषय' शीर्षकमा परशु प्रधानको 'सीताहरू' (२०६४) समलैङ्गिक सम्बन्ध, सामाजिक यौनधारणा र नारी चिन्तनका उदारता जस्ता विभिन्न पक्षका विषयहरू समेटेर आएको छ[७] भनेका छन् ।

## १.७ शोधको औचित्य, महत्त्व र उपयोगिता

परशु प्रधानका विषयमा र उनका कविता, आख्यान, बालसाहित्य र निबन्ध आदिमा विविध अध्ययन विश्लेषण भए पनि **सीताहरू** कथा सङ्ग्रहको केही लेख तथा समीक्षाहरू भए पनि यसलाई विविध कोणबाट अर्थात् सर्वपक्षीय अध्ययन हुन बाँकी रहेको छ । यस शोधकार्यले **सीताहरू** कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूको कथातत्त्वका आधारमा विश्लेषण गर्नुका साथै यसमा आएका नारी पात्रको अवस्थाका साथै कथामा आएको मनोविज्ञानका बारेमा जानकारी दिने अपेक्षा राखिन्छ । साथै यस कथासङ्ग्रहका बारेमा गहन अध्ययन गर्न चाहने बौद्धिक पाठकहरूलाई समेत उपयोगी सामग्रीको रूपमा रहने छ । यस कथासङ्ग्रहलाई विविध अन्य स-साना कोणबाट विश्लेषण गर्न समेत उपयोगी सामग्री हुने अपेक्षा गरिन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यको सीमाङ्कन गर्दा परशु प्रधानको छोटो चिनारीका साथै कथातत्त्वका आधारमा 'सीताहरू' कथासङ्ग्रहका कथाहरूको विश्लेषण गर्नु र यस सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा उपस्थित नारी पात्रका चरित्रहरूलाई केलाउनुका साथै यसमा प्रयुक्त मनोविज्ञानको समेत विश्लेषण गरिएको छ । यसका अतिरिक्त 'सीताहरू' कथासङ्ग्रहका कथालाई समग्रमा मूल्याङ्कन गर्नु नै यस शोधकार्यको सीमा रहेको छ ।

---

[५] इन्द्रबहादुर राई, "सीताहरूको पठन : प्रतिक्रिया", **मधुलिका**, (वर्ष १३, पूर्णाङ्क १०, २०६५), पृ. ३ ।

[६] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ने.सं., (ललितपुर : साझा प्रकाशन, २०६६), पृ. १४७ ।

[७] नेत्र एटम, **नेपाली डायस्पोरा र अन्य समालोचना**, (काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०६७), पृ. १७ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र निर्माण गर्न आवश्यक सामग्री सङ्कलन गर्दा मूलतः पुस्तकालयीय अध्ययन विधिलाई अँगालिएको छ । विविध संस्थागत, व्यक्तिगत पुस्तकालयबाट उपलब्ध पुस्तक, पत्रपत्रिका आदिको अध्ययनद्वारा यस शोधपत्रका लागि सामग्री सङ्कलन गरिएको छ । यसका लागि आवश्यक ठाउँमा विभिन्न व्यक्तिसँग विशेषतः परशु प्रधानसँग अनौपचारिक कुराकानीको माध्यमबाट समेत सामग्री सङ्कलन गरिएको छ ।

## १.१० शोधको विधि

विविध सामग्रीको सङ्कलन गरिसकेपछि सङ्कलित सामग्रीलाई विश्लेषण र संश्लेषण गरी पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । यहाँ कथातत्त्वहरूको आधारमा विश्लेषण गर्न सैद्धान्तिक विधिको समेत आधार लिइएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित परिच्छेदमा प्रस्तुत गरिएको छ ।

१. प्रथम परिच्छेद : शोध परिचय

२. द्वितीय परिच्छेद : कथाकार परशु प्रधानको सङ्क्षिप्त जीवनी

३. तृतीय परिच्छेद : परशु प्रधानको कथायात्रा

४. चतुर्थ परिच्छेद : कथाको सैद्धान्तिक परिचय र वर्गीकरण

५. पञ्चम परिच्छेद : **सीताहरू** कथासङ्ग्रहभित्रका कथाहरूको विश्लेषण

६. षष्टम परिच्छेद : संरचना र रूपविन्यासका आधारमा **सीताहरू** कथासङ्ग्रहको मूल्याङ्कन

७. सप्तम परिच्छेद : उपसंहार/मूल्याङ्कनात्मक निष्कर्ष

# द्वितीय परिच्छेद

# syfsf/ k/z' k|wfgsf| ;ªllfKt hLjgL

## २.१ जन्म र बाल्यकाल

वि.सं. २००० साल माघ ३० गते शनिवारका दिन बिहान पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने कोशी अञ्चलको पहाडी जिल्ला भोजपुरको सदरमुकाम भोजपुर बजारमा पिता रामबहादुर प्रधान तथा माता इन्दिरा प्रधानका जेष्ठ सुपुत्रका रूपमा परशु प्रधानको जन्म भएको थियो । न्वारानको नाम पशुपति प्रधान भए पनि यिनको पूरा नाम परशुराम प्रधान हो तर साहित्यमा यिनी परशु प्रधानका नामले चिनिने गर्दछन् । परशु प्रधानको पुर्ख्यौली घर काठमाडौं भए पनि उनी भन्दा ६ पुस्ता अगाडिका पुर्खा भोजपुरमा बसाइसराईं गरी गएका थिए । प्रधानका पिता लगायत उनका पुस्ता अगाडि सम्मका पुर्खा हुलाकमा जागिर गर्दथे । त्यही हुलाकी जागिरको सिलसिलामा भोजपुर पुगेका उनका पुर्खा त्यहीं बसोबास गर्न थालेका र पिता पनि हुलाकी कै जागिर गर्ने हुनाले अध्यावधि पनि भोजपुरमा यिनीहरूलाई हुलाकीका सन्तान भनेर चिन्ने गरिन्छ ।"[१]

'मेरा लागि जन्मेपछिका अचेत प्रारम्भिक दिन रमाइलै थिए होलान् पछि भने सङ्कट र सङ्घर्षको सामना गर्नुपऱ्यो ।'[२] भन्ने प्रधान स्वयंको अभिव्यक्तिबाट उनलाई आफ्नो अचेत शिशुकालको अनुभव नभएको र थाहा पाएपछिको बाल्यकाल सङ्घर्षशील नै रहेको बुझिन्छ । मध्यमवर्गीय परिवारमा जन्मिएका प्रधानको सुरुको पारिवारिक आर्थिक अवस्था राम्रै भए पनि पछि एकातिर पैतृक सम्पत्ति वितरणमा अन्याय र अर्कोतिर पारिवारिक सङ्ख्या, महङ्गी र पिताको सम्पत्ति व्यवस्थापकीय दायित्त्वको अभावले गर्दा आर्थिक अवस्था खस्कन गएकाले उनको बाल्यकाल भौतिक सुख सुविधा भोग्ने सन्दर्भमा भने अभावग्रस्त नै रहेको देखिन्छ । "परिवारमा सधैं के खाउँ, के लाउँको समस्याले पिरोलिरहन्थ्यो । घरको यस्तो दयनीय स्थितिसँग जुद्धै प्रधानले आफ्नो बाल्यकालीन चञ्चल जीवन भोजपुर बजार नजिक रहेका सिद्धकाली, ट्याम्केडाँडा, पिखुवाखोला, हाटबजार र डबलीमा विताएका थिए ।"[३] परशु प्रधान चञ्चले स्वभावका थिए उनी केही न केही नगरी बस्न सक्तैनथे । घरको त्यो दयनीय अवस्था, पिताको क्रियाकलाप र हजुरबुवाको व्यवहार देखेर विद्रोह गर्न नसके पनि आन्तरिक रूपमा एउटा असन्तोष र पीडाले छटपटाउँथे । "आफ्नो प्राथमिक शिक्षा आर्जन गर्ने समयदेखि नै आफूसँग उपलब्ध साहित्यिक कृतिहरू पढ्ने र साहित्यिक सभा र समारोहमा भाग लिन निकै चाख दिन्थे । साथै कुनै पनि काम गर्नका निम्ति साथीभाइहरूका बीच नेतृत्व लिने स्वभाव परशु प्रधानमा थियो ।"[४]

---

१ परशु प्रधानद्वारा मिति २०६७।९।१३ गते उनकै निवास बानेश्वरमा दिउँसो ३.०० बजे दिएको मौखिक जानकारी अनुसार ।

२ बाबुराम ओझा, "परशु प्रधानका प्रमुख कथाहरूको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, (विराटनगर : स्नातकोत्तर क्याम्पस, २०६०), पृ. ६० ।

३ अङ्गद गौतम, **परशु प्रधानको कथाशिल्प,** (विराटनगर : वाणी प्रकाशन, २०५३), पृ. १ ।

४ परशु प्रधानद्वारा मिति २०६७।९।२३ गते उनकै निवास बानेश्वरमा दिउँसो २.०० बजेतिर दिएको मौखिक जानकारी अनुसार ।

## २.२ शिक्षा–दीक्षा र लेखन प्रेरणा

बालागुरु षडानन्दले वि.सं. २०३२ सालमा खोलेको संस्कृत पाठशालाले ल्याएको शैक्षिक जागरणको फलस्वरूप भोजपुर जिल्लाको सदरमुकाम भोजपुर बजारमा वि.सं. २००३ सालमा नारदमुनि थुलुङको प्रयासले विद्योदय मिडिल स्कुलको स्थापना भएको थियो । त्यही स्कुलबाट ४ वर्षदेखि अक्षरारम्भ गरेर त्यही स्कुलबाट २०१४ सालमा १४ वर्षको उमेरमा प्रधानले प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए ।[५] माध्यमिक तहको अध्ययन गर्दा देखि नै उनलाई कापी कलम किन्न र स्कुलको फिस तिर्न धौ-धौ परेको थियो । कापी किन्न पैसा नभएका कारण उनले बजारका भित्ताहरूमा टाँसिएका वा छरिएका पर्चा पम्प्लेट बटुलेर कापी बनाई लेखेर पनि आफ्नो पढ्ने इच्छा पूरा गर्नु परेको थियो ।[६] यद्यपि आफ्ना सहपाठी मित्रहरू कृष्ण जोशी, बलबहादुर सुन्दास, डबलकाजी आदि बीच पढ्न रुचि राख्ने चलाख र साहित्यिक कार्यक्रममा बढी चाख लिने विद्यार्थीका रूपमा परिचित प्रधान प्रायः कक्षामा प्रथम हुने गरेको थाहा हुन आउँछ ।

प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि भोजपुरमा उच्च शिक्षाका लागि कुनै क्याम्पस नभएकाले उच्च शिक्षा हासिल गर्न धरान, विराटनगर, काठमाडौं गएर अध्ययन गर्न आर्थिक अवस्थाले साथ नदिएको हुनाले प्रधानले सबै तहको उच्च शिक्षा त्रि.वि.वि. बाट व्यक्तिगत (प्राइबेट) विद्यार्थीका रूपमा हासिल गरेका थिए ।"[७] भोजपुरकै हतुवा, पोखरे, कुलुङ्ग, वाणिज्य वैंक भोजपुर, काठमाडौंमा साझा यातायात तथा नेपाल सरकारको निजामती सेवामा कार्यरत हुँदै उनले वि.सं. २०१८ सालमा प्रमाणपत्र तह (मानविकी सङ्काय) द्वितीय श्रेणीमा पास गरे । सो तह उत्तीर्ण गरिसकेपछि पुनः विद्यालयमा अध्यापन गर्दै स्नातक तहको स्वाध्यायन गर्न थाले । यसरी स्वाध्यायन गरी व्यक्तिगत परीक्षार्थीका रूपमा परीक्षा दिएर वि.सं. २०२२ सालमा स्नातक तह उत्तीर्ण गरे । साथै त्यसपछि विभिन्न ठाउँमा जागिर गर्दै स्नातकोत्तर तहको स्वाध्ययन गर्दै गरे यसैको फलस्वरूप स्वाध्ययन बाटै त्रि.वि.वि. बाट वि.सं. २०२९ मा नेपाली मूल विषय लिएर स्नातकोत्तर तहको उपाधि प्राप्त गरे भने वि.सं. २०३१ मा स्नातकोत्तर तह (राजनीति शास्त्र) मा उत्तीर्ण गरी आफ्नो उच्च शिक्षा समापन गरेको थाहा हुन आउँछ ।[८]

यसरी सानै उमेरदेखि विभिन्न बाधा अड्चन झेल्दै दुई ओटा विषयमा स्नातकोत्तर उपाधि हाँसिल गरेको थाहा हुन आउँछ । "भोजपुरबाट धरानसम्म आउनु पर्ने बाटाहरू, तर्नुपर्ने पिखुवा खोला, त्यहाँका जङ्घारहरू, पहाडी वातावरण, घाम कहिले अस्ताउला र रक्सी खान पाउँला भनेर तम्सेका साथीहरू अथवा मेरा बाउबाजेहरू त्यहाँको एउटा गोप्य र खुल्ला प्रस्टिच्युसनको वातावरण, त्यहाँको गरिबी, त्यहाँको भोकमरी, त्यहाँको नङ्गापन यी सब कुराहरूले म बढी प्रभावित भएको छु ।"[९] भन्ने परशु प्रधानलाई साहित्यिक लेखनमा प्रेरणा प्रदान गर्ने कारक तत्त्वका

---

५ कृष्णप्रसाद काफ्ले, "परशु प्रधानको प्रतिनिधि कथाहरू सङ्ग्रह भित्रका नारी पात्रको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, (काठमाडौं : त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०६५), पृ. ११ ।

६ अङ्गद गौतम, पूर्ववत्, पृ. ३ ।

७ बाबुराम ओझा, पूर्ववत्, पृ. ६१ ।

८ अङ्गद गौतम, पूर्ववत्, पृ. ३-४ ।

९ परशु प्रधान, **अन्तरसंवाद**, अन्तर्वार्ता सङ्ग्रह, (दिक्तेल खोटाङ्ग : टङ्कबहादुर श्रेष्ठ, २०६५), पृ. ११ ।

रूपमा तत्कालीन भोजपुरमा रहेको शैक्षिक स्थिति, साहित्यिक कार्यक्रम तथा तत्कालीन समयमा भोजपुरमा खुलेको पुस्तकालय तथा विविध व्यक्तिहरूलाई समष्टिमा लिनुपर्ने हुन्छ ।"[१०] ट्याम्के डाँडाको रमणीय दृश्य, भोजपुर बजारमा हुने साहित्यिक जमघट, गुरूप्रसाद मैनाली र गोपालप्रसाद रिमालका कविता पढेपछिको छाप साथै आफ्नै प्रचुर अध्ययन एवम् अनुभवराशी र ज्ञानराशी तथा आफ्नै काका गजेन्द्रमणि प्रधानले उनलाई लेखनकार्यमा प्रेरित गरी २०१३/१४ सालदेखि कविता लेख्न सुरु गरेका प्रधान २०१६ सालमा विराटनगरबाट प्रकाशत हुने 'छहारी' पत्रिकामा 'हाँसेकी ती चन्द्रमा' नामक कविता प्रकाशित भएपछि औपचारिक रूपमा साहित्यमा झुल्किएको पाइन्छ ।"[११]

## २.३ पेशा वा आजीविका

घरको घरायसी आर्थिक समस्यासँग जुध्नका लागि प्रधानले विद्यार्थी अवस्थादेखि नै जागिर गर्न थालेको प्रमाण माध्यमिक तहमै अध्ययन गरिरहेका बखत २०११ सालतिर विहान-साँझ पुस्तकालय खोलेवापत मासिक रु. २।५० पाउने गरी जागिर गरेबाट प्राप्त गर्न सकिन्छ ।"[१२] परशु प्रधानको मुख्य पेशा जागिर नै थियो । घरको घरायसी आर्थिक समस्यालाई समाधान गर्न उनले माध्यमिक तहको अध्ययन गर्दादेखि नै जागिर खाएको कुरा माथि नै उल्लेख भइसकेको छ । सर्वप्रथम उनले भोजपुरको स्थानीय पुस्तकालयबाट जागिरे जीवनको सुरुवात गरेका थिए । प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि वि.सं. २०१५ सालमा भोजपुरको दुर्गम दक्षिणी क्षेत्रको हतुवा गाउँमा हतुवा मिडिल स्कुलको प्र.अ.को नियुक्ति लिएर गए तर अपरिपक्व उमेरमा गएका प्रधान त्यो नौलो दुर्गम गाउँमा धेरै दिन टिक्न सकेनन् र १ महिना ९ दिनका दिन पुनः भोजपुर फर्के ।"[१३] त्यसपछि शिक्षण र प्रशासन गरी निम्न निकाय र पदमा रही काम गरेको देखिन्छ ।

- वि.सं. २०१५ सालदेखि २०२० सम्म सरस्वती प्रा.वि. पोखरे, भोजपुरका प्र.अ. ।
- वि.सं. २०२१ सालदेखि २०२२ सम्म राष्ट्रिय वाणिज्य बैंक भोजपुरको असिस्टेन्ट ( सहायक)
- वि.सं. २०२२ देखि २०२४ सम्म विरेन्द्र मा.वि. कुलुङ्ग, भोजपुरको प्र.अ.
- वि.सं. २०२४ देखि २०२७ सम्म साझा यातायात काठमाडौंको प्रशासकीय अधिकृत
- २०२७ सालमा लोकसेवा आयोगले लिएको अधिकृतको परीक्षामा नेपाल प्रथम भएपछि नेपाल सरकारको निजामती सेवामा प्रवेश गरी २०३४ सम्म सामान्य प्रशासन मन्त्रालयको शाखा अधिकृत
- वि.सं. २०३५ देखि २०३६ सम्म शिक्षा मन्त्रालयको उपनिर्देशक

---

[१०] अङ्गद गौतम, पूर्ववत्, पृ. ७ ।

[११] ऐजन, पृ. ७

[१२] बाबुराम ओझा, पूर्ववत्, पृ. ६१ ।

[१३] अङ्गद गौतम, पूर्ववत्, पृ. ४ ।

- वि.सं. २०३६ देखि २०३९ सम्म गृहमन्त्रालय अन्तर्गत खोटाङ्ग जिल्लाको प्रमुख जिल्ला अधिकारी
- वि.सं. २०३९ देखि २०४४ सम्म सञ्चार मन्त्रालय अन्तर्गत सूचना विभागको निर्देशक
- वि.सं. २०४४ देखि २०४५ सम्म तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत क्षेत्रीय निर्देशक ।
- वि.सं. २०४५ देखि २०४८ सम्म स्थानीय विकास मन्त्रालय अन्तर्गत क्षेत्रीय निर्देशक
- वि.सं. २०४८ देखि २०५१ सम्म लोकसेवा आयोगमा उपसचिव ।

(स्रोत : परशु प्रधानले दिएको लिखित तथ्याङ्कबाट)

यसरी २०१५ सालदेखि २०५१ सालसम्म विभिन्न निकाय, पद र स्थानमा रहेर कार्य सम्पादन गरेका परशु प्रधान वि.सं. २०५१ सालमा स्वेच्छाले पदबाट राजीनामा दिई साहित्य सिर्जनामा लागेको देखिन्छ ।[१४]

## २.४ आर्थिक स्थिति

भोजपुरमै रहँदादेखि जागिरमा सङ्घर्ष गरी आफ्नो आर्थिक अवस्थाको स्तरोन्नति गर्न प्रयत्न गरेका परशु प्रधान काठमाडौं आउँदा कवि तथा कथाकार बनिसकेका थिए । नेपालमा धेरै लेखक, कविको आर्थिक अवस्था कमजोर भएको देखेपछि उनले लेखनकार्य पछि पनि आफ्नो स्थिति बाल्यकालीन जस्तो हुन नदिने र मोटरकार चढ्ने बन्न चाहन्थे । उनी २०२४ सालमा काठमाडौं आएपछि विभिन्न पदमा रही कार्य गर्दा रूपैया पैसा वचत गर्ने गरेको र निजामती सेवामा प्रवेश गरेपछि अमेरिका, जापान लगायत विभिन्न मुलुक जाने अवसर प्राप्त गर्दा त्यसबाट प्राप्त आम्दानीले घर जग्गा खरिद गरेको बुझिन्छ ।[१५] यसका अलावा उनले आयमूलक तथा व्यापारिक पुस्तकहरू (लोकसेवा आयोगसँग सम्बन्धित विविध विषयका सहायक पुस्तक, सामान्य ज्ञान, शब्दकोश आदि) लेखेर अनि विराटनगरमा जग्गा घडेरी विक्री वितरणमा समेत संलग्न भएर आर्थिक अवस्था माथि उठाएको बुझिन्छ । हाल उनीसँग काठमाडौंको नयाँ बानेश्वरमा दुईओटा घर विराटनगरमा पनि केही जग्गा र घर रहेको छ । आजभोलि आधुनिक युगको उपभोग्य सुविधाको साधन कम्प्युटरका साथै समयले ल्याएका विविध उपभोग्य साधनसमेत उपभोग गर्न समर्थ रहेका देखिन्छन् । यसरी उनको प्रारम्भिक जीवन जे-जस्तो भए पनि हाल उनको आर्थिक अवस्था उच्च मध्यम स्तरको देखिन्छ ।

## २.५ सङ्घ संस्थामा संलग्न तथा मानसम्मान र पुरस्कार

परशु प्रधान साहित्यमा देखापरेका अन्यौलहरू हटाउँन, साहित्यलाई भाषिक जटिलताबाट मुक्त गर्ने र स्थापित मूल्यको विरोध गर्न विभिन्न सङ्घ संस्थामा रहेपनि “नातागोता र चाकडी गरेको भरमा प्राज्ञ हुँदा रहेछन्” भन्दै प्रज्ञा प्रतिष्ठानको प्राज्ञ हुन आफूलाई बेइज्जत भएको र

---

[१४] बाबुराम ओझा, पूर्ववत्, पृ. ६२ ।

[१५] अङ्गद गौतम, पूर्ववत्, पृ. ५ ।

आफू प्राज्ञ नभएकोमा पश्चाताप छैन ।"[१६] भनी बताउने प्रधान विभिन्न सङ्घ संस्थामा आवद्ध भएको देखिन्छ । वि.सं. २०२५ सालमा नेपाली साहित्यमा स्थापित 'अस्वीकृत जमात' नामक साहित्यिक आन्दोलनसँग परशु प्रधान संलग्न रहेको देखिन्छ । बालसाहित्य समाज र पेन नेपालको सदस्यको रूपमा पनि संलग्न रहेका प्रधान निम्न सङ्घसंस्थामा संलग्न रहेको देखिन्छ ।

- सचिव : छिन्नलता गीत पुरस्कार गुठी (२०३९-२०५७ सम्म त्यसपछि उपाध्यक्ष २०६५)
- अधयक्षः सिर्जनशील साहित्यिक समाज (२०४४-२०४६ सम्म)
- सचिवः युगकवि सिद्धिचरण प्रतिष्ठान (२०४९-२०५१)
- अध्यक्ष : गंकी बसुन्धरा पुरस्कार (२०४८-२०५०)
- अध्यक्ष : भारती खरेल पुरस्कार (२०५०-२०५५)
- अध्यक्ष : बासु शशी स्मृति परिषद् (२०५०-२०५८)
- अध्यक्ष : वाणी प्रकाशन सहकारी संस्था लिमिटेड, विराटनगर (२०५१-२०६२)
- प्रमुख सल्लाहकार : स्रष्टा समाज नेपाल

(स्रोत : परशु प्रधानले उपलब्ध गराएको लिखित तथ्याङ्कबाट)

साहित्यकार परशु प्रधानले गरेको विभिन्न सेवा तथा साहित्यिक योगदानलाई हेरेर विभिन्न सङ्घ संस्थाले मान, सम्मान, पदक तथा पुरस्कार प्रदान गरेको देखिन्छ । उनले प्राप्त गरेका पदक, पुरस्कार, सम्मान निम्न छन् ।

- नेपाल साहित्य प्रतिष्ठानद्वारा आयोजित देशव्यापी कथा प्रतियोगितामा प्रथम पुरस्कार (वि.सं. २०३३)
- नेपाल राष्ट्रिय संस्थान पुरस्कार (२०२४)
- सरकारबाट उत्कृष्ट सेवा नगद पुरस्कार (२०२४)
- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान पदक (२०२४)
- रत्नश्री पदक (२०३१)
- गोरखा दक्षिणबाहु चौथो (२०३४)
- अफिसर अर्दे नेसनल न्यूमेरिट (२०४० फ्रान्स)
- उत्तम शान्ति पुरस्कार (२०५१)
- छिन्नलता सम्मान (२०५३)
- गरिमा पुरस्कार (२०५८)
- दीपरत्न सम्मान (२०५८)

---

[१६] परशु प्रधान, पूर्ववत्, पृ. ३८ ।

- विजयमी पुरस्कार सम्मान (२०५९)
- मातृभूमि साहित्य सम्मान (हेटौंडा) (२०६१)
- महानन्द साहित्य सम्मान (विराटनगर) (२०६२)
- कृष्णमुरारी मनोरथ नेपाल वाणी पुरस्कार (विराटनगर) (२०६३)
- भट्टराई सेवा समाजबाट सम्मान (विराटनगर) (२०६३)
- जानकीबल्लभ दाहाल सेवा प्रतिष्ठानबाट सम्मान (विराटनगर) (२०६५)
- स्रष्टा सम्मान (बेलायत) (२०६५)

(स्रोत : परशु प्रधानबाट प्राप्त व्यक्तिगत विवरणबाट)

साहित्यकारलाई साह्रै सस्ता बनाएर पुरस्कृत गर्ने पद्धतिका विरोधी देखिएका प्रधान पुरस्कारलाई गरिमामय तथा सम्मानित बनाउँन प्रयासरत देखिन्छन् । लामो साहित्यिक यात्रा विशेषतः कथा क्षेत्रमा ठूलो योगदान गरेको भए पनि उनी साना-तिना मानसम्मान र पुरस्कार बाहेक अन्य उल्लेखनीय र चर्चित सम्मान/पुरस्कारद्वारा सम्मानित/पुरस्कृत भएको देखिदैन । सिर्जना, साधना र सक्रियता भए पनि उनी कमै पुरस्कार पाउने व्यक्ति मानिन्छन् ।

## २.६ भ्रमण तथा तालिम

विभिन्न नयाँ नयाँ ठाउँको भ्रमण गर्न ज्यादै रुचि भएको बताउने प्रधान जागिर र साहित्यिक यात्राका सिलसिलामा स्वदेशका अधिकांश भागहरू घुमेको बुझिन्छ भने जागिरकै क्रममा संयुक्त राज्य अमेरिका, बेलायत, इन्डोनेशिया, जापान, थाइल्याण्ड, भारत, सिङ्गापुर आदि मुलुकहरूको भ्रमण गरी त्यहाँको वातावरपणको पनि अनुभव गरिसकेको बुझिन्छ । साथै प्रधानले विभिन्न तालिम लिएर आफ्नो अनुभवलाई फराकिलो पारेको बुझिन्छ ।

(१) कर्मचारी प्रशासन तालिम (सन् १९७२) अमेरिका

(२) क्षेत्रीय विकास तालिम (सन् १९८६) जापान

(३) विकास प्रशासन तालिम (सन् १९७८) नेपाल

(४) हेल्थ फर अल सम्बीन्धी तालिम (सन् १९८९) इन्डोनेशिया ।

## २.७ व्यक्तित्व

परशु प्रधानको व्यक्तित्व बहुविध क्षेत्रमा विभाजित रहेको छ । उनमा अन्तर्निहित हरेक व्यक्तित्वलाई साहित्यिक व्यक्तित्त्व र साहित्येत्तर व्यक्तित्व गरी छुट्टाछुट्टै दुई रूपमा चर्चा गरिएको छ ।

### २.७.१ साहित्यिक व्यक्तित्व

वि.सं. २०१६ सालमा विराटनगरबाट निस्कने 'छहारी' पत्रिकामा 'हाँसेकी ती चन्द्रमा' कविता प्रकाशित गरेर साहित्याकाशमा औपचारिक रूपमा उदाएका परशु प्रधानले हालसम्म थुप्रै कृतिहरू प्रकाशित गरिसकेका छन् ।

कविता सङ्ग्रहहरू : 'जीवनपथ' (२०१७), सपनाको ओतमा (२०१७ सहसम्पादन) उपन्यास : 'सबै विर्सिएका अनुहारहरू' (२०२५), 'रात जो पग्लन्छ' (धारावाहिक रूपमा तुँवालो पत्रिकामा २०२१ सालमा प्रकाशित), 'आकाश विभाजित छ' (सहलेखन, २०३२) । परशु प्रधानका आजसम्म बाह्रओटा कथासङ्ग्रह प्रकाशित भइसकेका छन् ती हुन् : 'वक्ररेखा' (२०२५), 'फेरि आक्रमण' (२०२५), 'यौटा अर्को दन्त्यकथा' (२०२८), 'असम्बद्ध' (२०३२), 'समुद्रमा अस्ताउने सूर्य' (२०३५), 'प्रतिनिधि कथाहरू' (२०४१), 'यौटा क्रान्तिपुरुषको जन्म' (२०५०), 'कथा र रचनागर्भ' (२०५७ र २०६३), 'उत्तरार्द्ध' (२०५८), 'The Little Buddha in Tokyo' (बङ्गलादेश, २०६१), 'विश्व यौनकथा', (२०६२ अनुवाद), र 'सीताहरू' (२०६४) ।

बालसाहित्य : 'नानीको कथा' (२०२६), 'सुनको छाती' (२०२८), 'रीनाको स्कुल' (२०२९), 'रङ्गी चङ्गी फूलबारी' (२०२९), 'सुन्नेलाई सुनको माला' (२०३०), 'घाम-छाँया' (२०३०), 'विश्वपरीकथा' (२०६२), 'विश्वका बालकविता' (सम्पादन, २०४८), 'बोल्ने चरो' (२०६५), 'आधुनिक पञ्चतन्त्र' (भाग-१, २०६५), 'आधुनिक पञ्चतन्त्र' (भाग-२, २०६५), 'आधुनिक पञ्चतन्त्र' (भाग ३, २०६५)

भूमिका सङ्ग्रह : 'प्रारम्भमा परशु प्रधान' (२०६४)

अन्तर्वार्ता : 'केही क्षण-केही अनुहार' (२०३४)

'केही अनुहार-केही क्षण' (२०५१)

'अन्तर संवाद' (२०६५)

### २.७.१.१ कवि व्यक्तित्व

परशु प्रधानले २०१३/१४ सालदेखि कविता लेख्न सुरु गरेका भए पनि २०१६ सालमा विराटनगरबाट प्रकाशित हुने 'छहारी' पत्रिकामा 'हाँसेकी ती चन्द्रमा' भन्ने कविता प्रकाशित गरेपछि उनको औपचारिक रूपमा साहित्ययात्रासँगै कवितायात्रा पनि आरम्भ भएको हो । उनको कवि व्यक्तित्वलाई चिनाउने कविता कृतिमध्ये हालसम्म 'जीवनपथ' (२०१७), कविता सङ्ग्रह प्रकाशित छ भने अर्को 'सपनाको ओतमा' (२०१७) सालमा सह-सम्पादन गरेका छन् । यो उनको कविता सङ्ग्रह बाहेक 'सपनाको ओतमा' (२०१९), 'भोजपुरका कविता' (२०२०), 'नेपाल-भारती' (सन् १९६८), जस्ता सङ्ग्रहमा सङ्कलित भएका र केही कविता 'छहारी', 'रूपरेखा', 'रत्नश्री', 'साहित्य', 'इन्दु', 'स्वास्नीमान्छे', 'सिंहनाद' आदि पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । वि.सं. २०२० को 'रूपरेखा' (कविता विशेषाङ्क) मा 'कुमारी कल्पना छद्म नामबाट दुई प्रयोग' भन्ने कविता प्रकाशित गराएका थिए । नेपाली कविता साहित्यको प्रथम गणितीय कविता भएको र काव्यचेतना प्रतिको सजगता र जागरुकता स्पष्ट हुन आउँछ ।[१७]

उनका कविताको अध्ययन गर्दा उनी स्वच्छन्दतावादी भावधारामा आधारित भएर लेख्ने विद्रोह, निराशा, यौन र विसङ्गतिवादी जीवनदृष्टिको प्रयोग गर्ने मूलतः गद्य कवि हुन् भन्न

[१७] अङ्गद गौतम, पूर्ववत्, पृ. १० ।

सकिन्छ । उनका कवितामा भाषिक सरलता भित्रै प्राकृतिक बिम्ब, प्रतीक तथा अलङ्कारको कलात्मकता रहेको देखिन्छ । उनका कविताहरू लघु आकारमा रचना भएको पाउन सकिन्छ ।

### २.७.१.२ कथाकार व्यक्तित्व

अनेक साहित्यिक व्यक्तित्वले युक्त परशु प्रधानको सर्वाधिक उर्वर व्यक्तित्व कथाकार व्यक्तित्व हो । नेपाली साहित्यमा कथाकारको रूपमा प्रधानले 'मेरो कोठाको आँखाबाट' कथा २०१९ सालमा प्रकाशित गराएर जन्म लिएका हुन् । २०१९ सालमा कथालेखन सुरु गरी २०६४ सालमा अन्तिम कथासङ्ग्रह सीताहरू प्रकाशित बाह्रओटा हुँदासम्म पैंतालीस वर्ष कथा रचनामा लागेको पुरा भएको र उनले यस समय बीचमा विभिन्न कथासङ्ग्रहहरू प्रकाशित गरेका छन् । उनका हालसम्म प्रकाशित कथासङ्ग्रह र त्यसभित्र समेटिएका कथाको सूची निम्न रहेको छ :

(क) 'वक्ररेखा' (कथा सङ्ग्रह) साझा प्रकाशनबाट २०२५ मा प्रकाशित सङ्ग्रह हो । यस कथा सङ्ग्रहमा ११ ओटा कथाहरू सङ्गृहीत भएका छन् । ती कथाहरू हुन् : 'एउटा रहस्यको खलबल', 'स्वर ठोक्किदै चिप्लिन्छ', 'आँखाभरि- एउटा लामो कथा', 'दाजुको अनुहार', 'हलुङ्गो क्षण', 'छुन खोज्दा जिन्दगीलाई', 'ऊ खोला हुन सक्तिन', 'यौटा अर्को आवाज', 'छिडीभरिको आकाश', 'मेरो कोठाको आँखाबाट' र 'वक्ररेखा' ।

(ख) 'फेरि आक्रमण' (कथासङ्ग्रह) पुस्तक संसार विराटनगरबाट २०२५ सालमा प्रकाशित कथासङ्ग्रहमा ११ ओटा कथाहरू सङ्गृहीत भएका छन् । ती कथाहरू हुन् : 'गिलासभित्रको धमिलो रात', 'मृत्युको गन्धभित्र चियाको पानी', 'तरिका-एउटा मौन रुख', 'नाङ्गो रुखमा क्षितिजको सपना', 'आफैंलाई विर्सेर ....', 'राधाकी आमा हुस्सु बाहिर ....', 'एउटी आमा र एउटी स्वास्नी', 'OOOOOO......', 'गुम्फिएको रात', 'होइन खैय्यामको आँखाले .....' र 'फेरि आक्रमण' ।

(ग) 'यौटा अर्को दन्त्यकथा' (कथा सङ्ग्रह) रत्नपुस्तक भण्डारद्वारा २०२८ सालमा प्रकाशित कथासङ्ग्रहमा २० ओटा कथाहरू सङ्गृहीत भएका छन् । ती कथाहरू हुन् : 'हामी त्यहाँ पुगेर बाँडिन्छौं', 'अनिर्णयका स्थितिहरू', 'विकृति', 'क्यालेण्डर', 'यौटा अर्को दन्त्यकथा', 'कुरूप समयसित', 'मूल अर्को पटक', 'राधाको अनुहार सम्झेर', 'अप्रत्यासित', 'समुद्रका निला आँखा लिएर', 'म नाङ्गा विरुवाहरू रोप्छु', 'रिक्तताभित्र एउटा गऱ्हुँगो पूर्णता', 'डायरीको आखिरी पाता', 'जोडिन नसकेको तार', 'नाङ्गो नाच', 'चेष्टा ! चेष्टा !! चेष्टा!!!', 'मेरियाको क्षितिज', 'मृत्युको बर्खी बारेर', 'अन्त्यहीन विकृति' र 'सोचाइ' ।

(घ) 'असम्बद्ध' (कथासङ्ग्रह) रत्नपुस्तक भण्डारले २०३२ मा प्रकाशित गरेको कथासङ्ग्रहमा ३० ओटा कथाहरू सङ्गृहीत भएका छन् । ती कथाहरू हुन् : 'खोलाको अन्त्य', 'हीनताबोध', 'खाली विगत', 'सामान्यीकरण', 'पर्खालभित्र', 'सहर यसरी', 'पुतलीको लासमाथि', 'संस्कार', 'मलाई यौटा रुखमात्र देऊ', 'आवश्यकता', 'सिर्जनाको टापुमा', 'ती खाली आँखा थिए', 'यो स्वर राममानकै हो', 'क्रमागत', 'अर्थहीन', 'मेलाबाट फर्कंदा', 'नागफेनीका कोडाबीच', 'दन्त्यकथाको सहर', 'भाग्नेहरू', 'अलिकति अँध्यारो आकाश',

'सम्भावना', 'सम्बन्ध', 'सिङ्गै आकाशलाई हिर्काउँन', 'भञ्ज्याङ्ग', 'स्थिति', '.... अहिले लहर चुपचाप बग्छ', 'सूर्य उम्रन अगि', 'दिशाहीन', 'अनिश्चय' र 'असम्बद्ध' ।

(ङ) 'समुद्रमा अस्ताउने सूर्य' (कथा सङ्ग्रह) साझा प्रकाशनबाट २०३५ सालमा प्रकाशित कथासङ्ग्रहमा १३ ओटा कथाहरू सङ्गृहीत भएका छन् । ती कथाहरू हुन् : 'आज सोमबार हो', 'गिटारका कुण्ठित तारहरू', 'टाढाको शहर रालीको', 'नयाँ अध्याय', 'निर्णयहीनता', 'वाव! मेरो प्रेम !!', 'मारिजु आनाको देशमा', 'लर्ड भिक्टरको खोजीमा लर्ड भिक्टर', 'लस एञ्जलस जनवरी १९७३', 'सम्बन्धहीन', 'लिण्डा दु:स्वान', 'सन्त्रस्त आँखाहरूका बीच' र 'समुद्रमा अस्ताउने सूर्य' ।

(च) 'प्रतिनिधि कथाहरू' (कथा सङ्ग्रह) साझा प्रकाशनबाट २०४१ सालमा प्रकाशित भएको कथासङ्ग्रहमा ४० ओटा कथाहरू सङ्गृहीत भएका छन् । ती कथाहरू हुन् : 'मेरो कोठाको आँखाबाट', 'हलुङ्गो क्षण', 'गुम्सिएको रात', 'नाङ्गो रुखमा क्षितिजको सपना', 'छिडीभरिको आकाश', 'आँखाभरि-एउटा लामो कथा', 'मृत्युको गन्धभित्र चियाको पानी', 'फेरि आक्रमण', 'गिलासभित्रको धमिलो रात', 'वक्ररेखा', 'राधाकी आमा हुस्सु बाहिर छ्यौ तिमी', 'एउटा अर्को आवाज', 'नागफेनीको काँडाबीच', 'स्थिति', 'विकृति', 'सूर्य उम्रन अगि', 'अहिले लहर चुपचाप बग्छ', 'भाग्नेहरू', 'अप्रत्याशित', 'भञ्ज्याङ्ग', 'चेष्टा! चेष्टा!' चेष्टा!!!', 'हामी त्यहाँ पुगेर बाँडिन्छौं', 'सम्बन्ध', 'दन्त्यकथाको सहर', मेलाबाट फर्कंदा, 'क्रमागत', 'कुरूप समयसित', 'सहर यसरी .....', 'संस्कार', 'पुतलीको लासमाथि', 'असम्बद्ध', 'टाढाको सहर एलीको', 'शारदा नहुनुले', 'टेबलमाथिको त्यस आकाशवाणी', 'अरू नै कोही ........', 'समुद्रमा अस्ताउने सूर्य', 'बाहिर कतैबाट टेलिफोन एकनास आइरहेछ', 'डल्ले खोला', 'न्यूरोसिस' र 'सबै कुरा समाप्त भइसकेको थियो' ।

(छ) 'यौटा क्रान्तिपुरुषको जन्म' (कथा सङ्ग्रह) साझा प्रकाशनबाट २०५० सालमा प्रकाशित कथासङ्ग्रहमा २३ ओटा कथाहरू सङ्गृहीत भएका छन् । ती कथाहरू हुन् : 'नियमितलाई त्यस्तो केही हुनु थिएन', 'गाउँमा', 'मृत्युको भ्रम लिएर', 'यौटा कोण', 'फ्यासन्याक', 'सम्बोधन', 'स्वेटरका झैं थुप्रै जालहरू', 'निश्चय/अनिश्चय', 'विभाजित मृत्यु', 'छिमेकी', 'प्रतिशोधको खोज', 'दिशाहीन', 'भय', 'माथिको टेलिफोन', 'रामचन्द्र श्रेष्ठको मृत्यु प्रसङ्ग', 'धेरैदिन भयो कुनै सपना नदेखेको', 'यथावत', 'मनस्थिति', 'दोस्रो निर्णय', 'यौटा क्रान्तिपुरुषको जन्म', 'एउटा लासमाथि', 'जिन्दगी दु:खान्त भाग' र 'आखिर म तेरो लोग्ने हुँ निर्मला' ।

(ज) 'कथा र रचनागर्भ' (कथा सङ्ग्रह) वाणी प्रकाशन विराटनगरबाट पहिलो पटक २०५७ सालमा र अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशनबाट २०६३ सालमा दोस्रो संस्करण प्रकाशित भएको कथासङ्ग्रहमा २० ओटा कथाहरू सङ्गृहीत भएका छन् । ती कथाहरू हुन् : 'अहिले लहर चुपचाप बग्छ', 'आज सोमबार हो', 'आखिर म तेरो लोग्ने हुँ निर्मला', 'उत्तरार्द्ध', 'एउटा लासमाथि', 'गाउँमा', 'चेष्टा! चेष्टा!! चेष्टा!!!', 'छिडीभरिको आकाश', 'टेवलमाथिको त्यस आकाशवाणी', 'टोकियोमा सानु बुद्ध', 'डल्ले खोला',

'निश्चय/अनिश्चय', 'न्युरोसिस', 'प्रीति', 'फेरि आक्रमण', 'मेलाबाट फर्कंदा', 'मेरो कोठाको आँखाबाट', 'मृत्युको गन्धभित्र चियाको पानी', 'यौटा क्रान्तिपुरुषको जन्म' र 'वक्ररेखा' ।

(झ) 'उत्तरार्द्ध' (कथा सङ्ग्रह) वाणी प्रकाशन विराटनगरबाट २०५८ सालमा प्रकाशित कथासङ्ग्रहमा २६ ओटा कथाहरू सङ्गृहीत भएका छन् । ती कथाहरू हुन् : 'अनिर्णय', 'अनलाइनमा सुमन र साधना', 'उत्तरार्द्ध', 'एकादेशमा यौटा रिक्सावाला', 'एकाकी', 'कमलावती-चन्द्रावती', 'खलनायकहरू', 'गणेश सुपर हिरो', 'घर', 'टोकियोमा सानोबुद्ध', 'दिशाहीन', 'देहत्याग', 'धनियाँ', 'पासपोर्ट', 'पाण्डवको प्रातः भ्रमण', 'प्रीति', 'फोन फोविया', 'वेनामी शहरमा', 'वेवारिस', 'श्रमजीवी', 'मोहभङ्ग', 'यौटा आकांक्षाको अन्त्य', 'राधादिदीको अन्तर्वार्ता', 'लीला', 'शरणार्थी' र 'सुन्तलीको सनाखत' ।

(ञ) The Little Buddha in Tokyo (अनुवाद २०६१) (कथासङ्ग्रह) Mahabur Rahman Babu: Dhaka बाट प्रकाशित कथा सङ्ग्रहमा १९ ओटा कथाहरू सङ्गृहीत भएका छन् । ती कथाहरू हुन् : 'The Telegram on The Table', 'The Little Buddha In Tokyo', 'In a Village', 'A Relationship', 'Calmly Flow The Currents Now', 'Unattended', 'The Chhindiful of Sky', 'Another Attack', 'The Currved Line', 'City of The Fairy Tales', 'After all I am your husband Nirmala', 'The Dulle Rivulent', 'Chestaa! Chestaa!!, Chestaa!!!', 'On Her Return from Mela', 'The birth of a Rebel', 'Small of Death in a Cup of Tea', 'The latter Half', 'Today is monday', and 'A Rikshaw Puller of a Country'.

(ट) 'विश्व यौन कथा' कथा सङ्ग्रह (अनुवाद) बंगलामुखी अफसेट प्रेस, कुपण्डोलद्वारा २०६२ सालमा प्रकाशित कथासङ्ग्रहमा १५ ओटा कथाहरू सङ्गृहीत छन् । ती कथाहरू हुन् : 'टिकट', 'अनि उनी', 'जापानी केटी हिसाको सान', 'शरीरको पर्खाल', 'सिकायत', 'दुई वेश्या', 'हदिम', 'प्रेम लहर', 'श्वेत भैरवी', 'सआदत हसन मन्टो', 'अँध्यारो', 'विचरी त्यो केटी', 'सम्मानित सम्बन्ध', 'बाबुका निमित्त' र 'नाङ्गो चित्र' ।

(ठ) 'सीताहरू' (कथा सङ्ग्रह) पैरवी प्रकाशनबाट २०६४ सालमा प्रकाशित भएको कथासङ्ग्रह हो । यसमा २५ ओटा कथाहरू सङ्गृहीत भएका छन् । एउटै शीर्षकमा सीताहरू एक, सीताहरू दुई ...... गर्दै क्रमशः सीताहरू पच्चीस सम्मका शीर्षकमा सङ्गृहीत पच्चीस सीताहरूको सङ्ग्रह हो । 'अर्कातिर आख्यानको अत्यन्त विशृङ्खलित विन्यास भएको उपन्यास पनि हो । यहाँ कथाहरू भाँचिएर उपन्यास भएको छ र उपन्यास भाँचिएर कथाको निर्माण भएको छ । कथाका रूपमा हेर्दा यस भित्रका प्रत्येक कथाहरू पनि क्रमिक र अन्वितियुक्त नभई व्यतिक्रमिक र अन्वितिमुक्त छन् ।[१८]

"यसरी नेपाली तथा विदेशी परिवेशमा मान्छेभित्रका अन्तर्मानसिक र बाह्य जगत्का समस्याको तथ्योद्घाटन, वर्तमान भोगाइको चित्रांकन, आलङ्कारिक पदक्रम र पद्यात्मक गद्य

---

[१८] लक्ष्मणप्रसाद गौतम, "आख्यानमा विनिर्मिति र असाधारण नारी चरित्रका कोलम्वसका पाइलाहरू", **सीताहरू**, परशु प्रधान, (काठमाडौं : पैरवी प्रकाशन, २०६४), पृ. थ ।

भाषामा गरिएको वक्रोक्तिमूलक, कलात्मक प्रयोगशील र सशक्त शैल्पिक कथा प्रस्तुति प्रधानको कथाकार व्यक्तित्वको पहिचान देखिन आउँछ ।[१९]

### २.७.१.३ उपन्यासकार व्यक्तित्व

प्रधानले कथा लेखन २०१९ सालदेखि सुरु गरेको देखिन्छ । त्यसको दुई वर्षपछि उपन्यासमा पनि आफ्नो कलम अगाडि बढाएको 'रात जो पग्लन्छ' वि.सं. २०२१ सालको 'तुँवालो' पत्रिकामा प्रकाशित हुनुले पुष्टि हुन्छ ।[२०] जुन उनको उपन्यास 'रात जो पल्गन्छ' 'तुवाँलो' ( साहित्यिक मासिक) पत्रिकाको वर्ष २, अङ्क २, २०२१ फागुनदेखि २०२२ साल असारसम्म धारावाहिक रूपमा तीन अङ्कमा प्रकाशित उक्त उपन्यास अन्य भागहरू सहित पुस्तकाकारका रूपमा निकाल्न २०२८ सालमा सहयोगी प्रकाशनलाई दिइएको र लेखकसँग पाण्डुलिपि नभएका कारण सहयोगी प्रकाशनको अस्तित्वसँगै उपन्यासको पुस्तकाकार हुने अस्तित्व विलिन हुन गई केवल तुँवालो कै तीन अङ्कमा उपन्यास सीमित भएको पाइन्छ ।[२१]

त्यसपछि प्रधानको अर्को औपन्यासिक कृतिमा 'सबै बिर्सिएका अनुहार' (२०२४) र 'आकाश विभाजित छ' (२०३२ सहलेखन) प्रकाशित भएको पाइन्छ । त्यसपछि प्रधानले लेखेको विसर्ग : उपन्यास अंशमा समकालीन साहित्यमा केही अध्याय छापिएको भए पनि १० अध्यायमा लेखिएको सो उपन्यास अप्रकाशित नै रहेको छ ।[२२]

प्रधानका उपन्यासको विषयवस्तु अध्ययन गर्दा प्रबल यौनेच्छा, कुण्ठा, यौन दुराचार, मानसिक अन्तर्द्वन्द्व, तात्कालीन सामाजिक आर्थिक अवस्था, नारी प्रताडना प्रशासनिक व्यभिचार आदि प्रसङ्गलाई खोतल्ने काम भएको छ ।

### २.७.१.४ बाल साहित्यकार व्यक्तित्व

बालसाहित्यका क्षेत्रमा ज्यादै लोकप्रिय बनेका परशु प्रधान विशेषत: बालसाहित्यमा पनि बालकथा लेख्ने गर्दछन् । साहित्यका विभिन्न क्षेत्रमा विभाजित व्यक्तित्वहरूमध्ये कथाकार व्यक्तित्व पछिको दोस्रो बालसाहित्यकार व्यक्तित्व नै हो । २०२६ सालमा 'नानीको कथा' लिएर बालसाहित्यमा देखापरेका प्रधानले हालसम्म 'नानीको कथा' (२०२६), 'सुनको छाती' (२०२८), 'रीताको स्कुल' (२०२९), 'रङ्गी चङ्गी फूलबारी' (२०२९), 'सुन्नेलाई सुनको माला' (२०३०), 'घामछायाँ' (२०३०), 'विश्वपरी कथा' (२०६२), 'विश्वका बालकविता' (सम्पादन २०४८), 'बोल्ने चरी' (२०६५), 'आधुनिक पञ्चतन्त्र' (भाग १, २, ३, २०६५) जस्ता बालसाहित्यिक कृतिहरू प्रकाशित गरिसकेका छन् ।

पञ्चतन्त्र, हितोपदेश तथा अन्य ऐतिहासिक पौराणिक ग्रन्थलाई आधार स्रोत मानी बालकथा लेख्ने प्रधानका कृतिहरूमा बालकको मनलाई आकर्षित गर्न सक्ने क्षमता रहेको छ ।

---

[१९] बाबुराम ओझा, पूर्ववत्, पृ. ६७ ।

[२०] परशु प्रधान, पूर्ववत्, पृ. १ ।

[२१] ऐजन, पृ ९४ ।

[२२] ऐजन, पृ. ९५ ।

बालकहरूका हृदयलाई छुने भाषा, सीमित शब्दभण्डारलाई ध्यानमा राखेर सरल र रोचक पदावली प्रयोग गर्दै मनोरञ्जनात्मक शैलीमा बालसाहित्य लेख्नु उनको प्रवृत्तिगत वैशिष्ट्य हो । बालकलाई मनोरञ्जन प्रदान गर्दै नैतिक बाटोमा हिडाउँने उनको उद्देश्य रहेको छ ।[२३]

### २.७.१.५ निबन्धकार व्यक्तित्व

परशु प्रधानले कथा र बालसाहित्य जति निबन्ध नलेखे पनि निबन्ध लेख्दै नलेखेका भने होइनन् । २०२८ सालदेखि हालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर निबन्धात्मक रचनाले उनको निबन्धकार व्यक्तित्वलाई चिनाएको छ । यस्ता निबन्धहरूमा 'के सम्झूँ, के बिर्सूं' (२०२८), र 'पग्लँदा मेरो .....' (२०२९), रूपरेखा पत्रिकामा, 'मेरा दुःख सिउँडीका झ्याङ्ग' (२०३१), मधुपर्कमा', 'म किन लेख्छु' (२०५०) कान्तिपुरमा र 'निराला प्रकाशनसँग विशेष प्रश्न' (२०४८), 'के साहित्यिक विकास गर्ने कुनै संस्था छ' (२०४८), 'सधैंका विवादास्पद मदन पुरस्कार' (२०४८), 'यसपटकको मोती पुरस्कार' (२०४८), 'सिर्जनशील लेखनका विरुद्ध प्रज्ञा प्रतिष्ठान' (२०४८), 'एउटा ज्वलन्त प्रश्न' (२०४८), 'सिद्धिचरण प्रतिष्ठान एकेडेमीमा सि.आई.डी. फण्ड' (२०४८) तथा 'सिक्किमले नेपाललाई उछिन्न के बेर' (२०४९), 'गतिविधि' पत्रिकामा प्रकाशित छन् ।[२४]

### २.७.१.६ कथागर्भ लेखक व्यक्तित्व

साहित्यमा प्रयोगशीलताको खोजी गर्ने प्रधानले नेपाली साहित्यमा एक नौलो विधाका रूपमा रचनागर्भलाई अगाडि बढाउने कार्य गरेको देखिन्छ । उनीद्वारा लिखित प्रथम कथाको रचनागर्भ २०५६ सालको गरिमा पत्रिकामा प्रकाशित भएको र पछि विभिन्न समयमा प्रकाशित बीस कथाका रचनागर्भ २०५७ मा पुस्तकाकार कृतिका रूपमा वाणी प्रकाशन विराटनगरद्वारा प्रकाशित गरियो भने त्यसको दोस्रो संस्करण २०६३ सालमा अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशनले प्रकाशित गऱ्यो । कथाखण्ड र रचनागर्भ खण्ड गरी दुई खण्डमा यस कृतिलाई छुट्याइएको छ भने कथाखण्डमा २० ओटा कथाहरू र रचनागर्भ खण्डमा ती नै कथाको रचनागर्भ प्रस्तुत गरिएको छ ।

### २.७.१.७ द्रष्टा व्यक्तित्व

परशु प्रधानको कलम सिर्जनात्मक क्षेत्रमा मात्र नभई समीक्षात्मक लेखनतर्फ पनि चलेको देखिन्छ । उनको द्रष्टा व्यक्तित्वलाई चिनाउने पुस्तकाकार कृतिमा 'केही क्षण-केही अनुहार' (२०३४), र 'केही अनुहार केही क्षण' (२०५१) गरी दुई ओटा रहेका छन् भने फुटकर रूपमा विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा उनका समीक्षात्मक लेखहरू प्रकाशित भएको पाइन्छ । प्रधानकृत प्रकाशित समीक्षात्मक पुस्तकहरू मध्ये 'केही क्षण-केही अनुहार' मा अगमसिंह गिरीदेखि शंकर लामिछानेसम्मका विविध साहित्यिक र त्यस निकटस्थ व्यक्तित्वको चिनारी दिइएको छ । २०५१ सालमा प्रकाशित 'केही अनुहार केही क्षण' पुस्तकमा कविताराम देखि वेञ्जु शर्मासम्मका साहित्यकारलाई चिनाउने काम गरिएको छ ।

---

[२३] कृष्णप्रसाद काफ्ले, पूर्ववत्, पृ. २१ ।

[२४] बाबुराम ओझा, पूर्ववत्, पृ. ६८ ।

### २.७.१.८ अनुवादक व्यक्तित्व

परशु प्रधान एक कुशल अनुवादक पनि हुन् भन्ने कुरा २०६२ मा अंग्रेजी कथाहरूको अनुदित कृति 'विश्व यौन कथा' सङ्ग्रह प्रकाशित हुनुले पुष्टि गर्दछ । प्रधानले यस सङ्ग्रहमा अमेरिका, अर्जेन्टिना, अष्ट्रेलिया, इटली, इन्डोनेशिया, टर्की, ब्रिटेन, भारत, स्पेन, नेपाल आदि देशका कथाकारहरूका कथाहरूको अनुवाद गरेको पाइन्छ । यसमा १५ ओटा कथाहरू सङ्गृहीत छन् ।

### २.७.१.९ भूमिका लेखक व्यक्तित्व

भूमिकाले कृतिमा लेखिएको कुराको सामान्य जानकारी प्रदान गर्दछ । परशु प्रधानले पनि विभिन्न कृतिहरूको भूमिका लेखेका छन् । परशु प्रधानको भूमिका लेखनको यात्रा कृष्ण जोशीद्वारा सङ्कलित वि.सं २०२१ सालमा प्रकाशित 'भोजपुरका कविता' नामक कृतिको 'लौ त जोशी ! फूलहरू रोपौँ बारीमा ! यो बारीमा चरमोत्कर्षको !!!' नामक भूमिकाबाट सुरु भएको देखिन्छ ।[२५]

यसरी विधागत हिसावले उनको व्यक्तित्व कवि, कथाकार, उपन्यासकार, निबन्धकार, नियात्राकार, समालोचक, बालसाहित्यकार व्यक्तित्व देखिन्छ ।

### २.७.२ साहित्येत्तर व्यक्तित्व

गहुँगोरो गोलो मुखाकृति र होचो कद भएका परशु प्रधानको शारीरिक व्यक्तित्व आकर्षक देखिन्छ ।[२६] प्रधानलाई नियाल्दा ६७ ओटा हिउँद कटाएका भए पनि भरिलो चेहरा र कसिलो स्वस्थ्य शरीर भएका देखिन्छन् । जीवनको अधिकांश समय जागिरमा विताएका जागिरे व्यक्तित्व भित्रपनि शिक्षण र प्रशासन दुई पाटा देखिन्छन् । सानै उमेरदेखि शिक्षण पेशामा लागेका प्रधान पछि सरकारी सेवामा विभिन्न पदमा कार्यरत भई विताएको थाहा हुन्छ ।[२७]

साहित्य लेखन उनको विशेष क्षेत्र भए पनि इतर साहित्यिक क्षेत्रमा समेत उनले विभिन्न पुस्तकहरू लेखेका छन् । उनले लेखेका साहित्य इतरका पुस्तकहरू निम्न छन् ।

(१) भोजपुर एक अध्ययन (२०१६)

(२) सजिलो नागरिक शास्त्र (२०२०)

(३) सगरमाथा अञ्चलको भूगोल (२०२१)

(४) सामान्यज्ञान डाइजेस्ट (२०३० देखि २९ संस्करणपछि स्थगित) ।

## २.८ निष्कर्ष

वि.सं. २००० सालमा पूर्वी पहाडी जिल्ला भोजपुरमा जन्मिएर आफ्नो पारिवारिक आर्थिक कमजोरीले ल्याएको समस्यालाई समाधान गर्दै आफ्नो औपचारिक अध्ययनलाई पुरा गर्नसक्नु परशु

---

२५ कुमारप्रसाद कोइराला (सम्पा.), **प्रारम्भमा परशुप्रधान,** (विराटनगर : वाणी प्रकाशन, २०६५), पृ. ३ ।

२६ अङ्गद गौतम, पूर्ववत्, पृ. ९ ।

२७ परशु प्रधानद्वारा मिति २०६७।९।२९ गते उनकै निवास बानेश्वरमा दिउँसो ३(०० तिर दिएको मौखिक जानकारी अनुसार ।

प्रधानको आफ्नै खुबी हो । भोजपुरका स्थानीय ठाउँहरू, अनि भोजपुरकै साहित्यिक वातावरणले साहित्यिक लेखनमा प्रभावित भएका परशु प्रधानले विभिन्न ठाउँमा जागिर गर्दै आफ्नो व्यक्तित्वलाई अगाडि बढाएको देखिन्छ । वि.सं.२०१६ सालमा 'हाँसेकी ती चन्द्रमा' कविता लिएर साहित्यमा प्रवेश गरेका प्रधान नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी रहेका छन् । विविध साहित्यिक व्यक्तित्वहरू मध्ये कथाकार व्यक्तित्व नै प्रधानको प्रमुख व्यक्तित्वका रूपमा रहेको छ । अनि परशु प्रधानलाई चिनाउने विधा भनेको नै कथा विधा हो । सुरुदेखि हालसम्म १२ ओटा कथासङ्ग्रहहरू प्रधानका प्रकाशित भइसकेका छन् । विभिन्न सङ्घसंस्थामा आवद्ध भएर काम गर्दै आएका प्रधानले अनेकौं पुरस्कार र मानसम्मान समेत प्राप्त गरिसकेका छन् । उनले तालिमको सिलसिलामा नेपालका अधिकांश भाग र नेपाल बाहिरका केही मुलुकहरूको समेत भ्रमण गरेको थाहा हुन्छ ।

## तृतीय परिच्छेद

# k/z' k|wfgsf] syfofqf

### ३.१ पृष्ठभूमि

नेपाली साहित्यमा सर्वप्रथम कविता प्रकाशित गरेर देखा परेका परशु प्रधान मुख्यतः कथाकारको रूपमा प्रतिष्ठित भएका छन् । कथा लेखनभन्दा पूर्व कविता तथा अन्य साहित्येतर क्षेत्रमा कलम तिखारिसकेका यिनले सर्वप्रथम वि.सं. २०१९ सालमा 'मेरो कोठाको आँखाबाट' कथा प्रकाशित गरी कथायात्रा प्रारम्भ गरेका हुन् ।[१] वि.सं. २०१९ सालको वैशाख महिनामा प्रकाशित 'रूपरेखा' को कथा विशेषाङ्कमा परशु प्रधानको 'मेरो कोठाको आँखाबाट' शीर्षकको कथा छापिएको थियो । त्यही नै परशु प्रधानको पहिलो कथा थियो ।[२] 'मेरो कोठाको आँखाबाट' (२०१९) बाट सुरु भएको परशु प्रधानको कथा लेखनयात्रा हालसम्म पनि अनवरत रूपमा अगाडि बढिरहेको छ । वि.सं. २०१९ सालदेखि हालसम्मको उनको कथायात्रा करिब पाँच दशकसम्मको पुगेको छ । यस अवधिमा उनका फुटकर कथाहरू विभिन्न पत्रपत्रिकामा छापिनु बाहेक पुस्तकाकार कृतिका रूपमा जम्मा हालसम्म बाह्र ओटा कथासङ्ग्रहहरू प्रकाशित भइसकेका छन्। कथाकार परशु प्रधानका समग्र कथाको अध्ययन गर्दा उनको पुरै अठचालीस वर्षे कथाकार व्यक्तित्वले सिर्जना गरेका कथाहरूको कथागत प्रवृत्ति र स्वरूपको पहिचान गरी उनको कथालेखन यात्रालाई मुख्य-मुख्य चरणमा विभाजन गर्नु आवश्यक हुन्छ । कुनै पनि लेखक/साहित्यकारको लेखन प्रवृत्तिको परिवर्तन एक्कासी नभई उसका जीवन भोगाइका क्रममा आएका विविध बाह्य विषयको प्रभाव र लेखकीय परिपक्वतासँगै क्रमिक रूपमा हुने भएकाले त्यही लेखन प्रवृत्तिको परिवर्तन भित्रका कार्यपीठिकागत, विविधता, विषयगत व्यापकता, तथा शैल्पिक विकास जस्ता पक्षलाई आधार मानेर लेखक/साहित्यकारको लेखन यात्राको चरण विभाजन गरिन्छ ।[३] कथाकार परशु प्रधानको कथायात्राको चरण तय गर्न समेत उपयुक्त आधारलाई आत्मसात् गर्न सकिन्छ । प्रधानको कथायात्राको चरण सीमाङ्कन गर्दा पूर्ववर्ती समालोचकहरूका मापदण्ड तय सम्बन्धी प्रक्रियाहरू र तिनले गरेको चरण विभाजनको समेत अध्ययन उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

परशु प्रधानका कथाहरूको फुटकर रूपमा अध्ययन र विश्लेषण गर्ने काम केही लेखक तथा समालोचकबाट भइसकेको भए पनि उनका समग्र कथाहरूको अध्ययन गरी चरण विभाजन गर्ने कार्य दयाराम श्रेष्ठ (२०४१), अङ्गद गौतम (२०५३), बाबुराम ओझा (२०६०), विन्दु बस्याल (२०६४) र कृष्णप्रसाद काफ्ले (२०६५) ले गरेको देखिन्छ । दयाराम श्रेष्ठले भूमिकालेखन अन्तर्गत 'परशु प्रधानका प्रतिनिधि कथाहरू' (२०४१) मा प्रधानका २२ वर्षे कथाकार व्यक्तित्वले सिर्जित कथाहरूको मात्र अध्ययन गरी कथायात्रा तय गरेको पाइन्छ । कथागत प्रवृत्ति र परिवेशगत पृथकतालाई आधार लिएर गरिएको सो चरण विभाजनको रूपरेखा निम्न प्रकारको देखिन्छ ।

---

[१] अङ्गद गौतम, पूर्ववत्, पृ. ३०-३१ ।

[२] दयाराम श्रेष्ठ, "कथाकार परशु प्रधान .... आफ्नो यात्रामा", **प्रतिनिधि कथाहरू**, परशु प्रधान (ललितपुर : साझा प्रकाशन, २०४१), पृ. क ।

[३] अङ्गद गौतम, पूर्ववत्, पृ. ३१ ।

(१) प्रथम चरण : मौन नियन्त्रण दिने केही आँखाहरू र यात्रा एउटा खोजीको (वि.सं. २०१९-२०२४)

(२) दोस्रो चरण : मृत्यु, सन्त्रास र रित्तो जीवन .... मात्र रित्तो (वि.सं. २०२५-२०४०)

(क) समयरेखा-१ : जीवन मृत्युको निरन्तर द्वन्द्व (वि.सं. २०२५-२०२७)

(ख) समयरेखा-२ : व्यङ्ग्य र पीडा जीवनको (वि.सं. २०२८-२०२९)

(ग) समय रेखा-३ : समुद्र पारिको बादल र अस्ताउँदो सूर्य (वि.सं. २०३०-२०३५)

(घ) समयरेखा-४ : विघटन र द्वन्द्व मूल्यको (वि.सं. २०३५-२०४०)

यसप्रकार श्रेष्ठले परशु प्रधानको कथायात्राको चरण विभाजन गर्दा मुख्य दुई चरणमा विभाजन गरी दोस्रो चरणलाई पनि विभिन्न चार उपचरणमा विभाजन गरेको देखिन्छ । यसैगरी अङ्गद गौतम (२०५३) ले २०५१ सालसम्मका प्रधानका कथाहरूको अध्ययन गरी आफ्नै किसिमले कथायात्राको चरण विभाजन गरेको पाइन्छ । गौतमद्वारा गरिएको प्रधानको कथायात्राको चरण विभाजन निम्नानुसार रहेको छ ।"[४]

(१) प्रथम चरण (वि.सं. २०१९-२०२४)

(२) द्वितीय चरण (वि.सं. २०२५-२०३५)

(३) तृतीय चरण (वि.सं. २०३६-२०५१)

यस चरण विभाजनलाई गौतमले प्रधानको कथागत प्रवृत्तिलाई मुख्य आधार मानेर चरण विभाजन गरिएको देखिन्छ ।

चरण विभाजनको श्रेष्ठ र गौतमको रूपरेखा हेरी बाबुराम ओझा (२०६०) ले 'सीताहरू-६' 'गरिमा' सम्मका कथाहरूको समग्र अध्ययन गरी कथाकार परशु प्रधानका कथाहरूको विषयगत विविधता, रुचि र रीति क्षेत्र, प्रयोगशीलता, कार्यपीठिका तथा यौन र मनोविश्लेषणका विविध धारणाहरूलाई आधार मानेर उनको कथा लेखनयात्रालाई मुख्यतः निम्नानुसार चरण विभाजन गरेका छन् ।[५]

(१) प्रथम चरण (वि.सं. २०१९-२०३५)

(२) दोस्रो चरण (वि.सं. २०३९-हालसम्म)

(क) उपचरण १ (वि.सं. २०३९-२०५०)

(ख) उपचरण २ (वि.सं. २०५०- हालसम्म)

यसरी ओझाले प्रधानको कथायात्रालाई मूलतः दुई चरणमा विभाजन गरेका छन् । प्रथम चरणलाई पूर्ववर्तीहरूको भन्दा लम्ब्याइएको र दोस्रो चरणलाई थप दुई उपचरणमा विभाजन गरी

---

[४] अङ्गद गौतम, पूर्ववत्, पृ. ३२ ।

[५] बाबुराम ओझा, पूर्ववत्, पृ. ७६ ।

विषयगत विविधता, रुचि र रीतिक्षेत्र, कार्यपीठिका, प्रयोगशीलता तथा यौन मनोविश्लेषणका आधारमा विभाजन गरेको देखिन्छ ।

यसरी नै विन्दु बस्याल र कृष्णप्रसाद काफ्लेले पूर्ववर्ती चरण विभाजनलाई अङ्गीकार गरी आफ्नै रूपमा चार चरणमा कथाकार परशु प्रधानको कथायात्रालाई विभाजन गरेको देखिन्छ ।[६]

चरण विभाजन सम्बन्धी पूर्वकार्यको अध्ययन पश्चात बाबुराम ओझाले गरेको चरण विभाजनले सुरुदेखि करिब अन्तिम कथासङ्ग्रहमा सङ्गृहीत 'सीताहरू-६' सम्मको अध्ययन गरी त्यहाँका विषयवस्तु, शैली, प्रयोग, मनोविज्ञान आदिलाई आधार मानेर गरिएको वर्गीकरणले नै करिब कथायात्रालाई समेटेको हुनाले बाबुराम ओझाको चरण विभाजनलाई नै मुख्य आधार बनाएर यहाँ परशु प्रधानको कथायात्रालाई मुख्यतः दुई चरणमा विभाजन गरिएको छ । कथागत प्रवृत्ति, परिवेश, प्रयोग आदिलाई नै आधार मानेर दुई चरणमा विभाजन गरिएको छ । यसले पाठकलाई चरण विभाजनमा द्विविधता ल्याउँदैन भन्ने अपेक्षा गरिएको छ ।

पूर्वार्द्ध चरण (वि.सं. २०१९-२०३८)

उत्तरार्द्ध चरण (वि.सं. २०३९-हालसम्म)

## ३.२ पूर्वार्द्ध चरण (वि.सं. २०१९-२०३८ सम्म)

वि.सं. २०१९ सालको वैशाख महिनामा प्रकाशित 'रूपरेखा' पत्रिकाको कथा विशेषाङ्कमा परशु प्रधानको 'मेरो कोठाको आँखाबाट' शीर्षकको कथा प्रकाशित भएपछि उनको कथायात्रा सुरु भएको बुझिन्छ । कथाकार परशु प्रधानका भोजपुरकै परिवेशमा लेखिएका कथादेखि लिएर काठमाडौंको सहीरया जीवन जटिलता र विदेशी सहरको बँचाइको यथार्थ तथ्योद्घाटन भएसम्मका कथाहरूलाई यस चरणमा राखेर हेर्दा समयचक्रका हिसाब्मा उनको यो कथालेखनको पहिलो चरणमा पाँचओटा कथासङ्ग्रहहरू : 'वक्ररेखा' (२०२५), 'फेरि आक्रमण' (२०२५), 'यौटा अर्को दन्त्यकथा' (२०२८), 'असम्बद्ध' (२०३२), 'समुद्रमा अस्ताउने सूर्य' (२०३५) प्रकाशित भएका देखिन्छन् ।

कथाकार प्रधानको जीवन चिन्तन, यौनपरक विषयवस्तुको वर्णन र परिवेशगत भिन्नताले यस चरणलाई पनि सूक्ष्म रूपले नियाल्दा गतिशीलता अवश्यै भेटिन्छ । उनको यस चरणका सुरुतिरका कथालेखनको उठान यौनपरक विषयवस्तुको व्यापकता झल्केको र २०२५ पछिका कथामा जीवन र मृत्यु विषयक विविध समस्यासँग केन्द्रित यथार्थहरू प्रस्तुत गरिएको देखिन्छ । तापनि प्रधानको यस सिङ्गै चरणका कथाहरूमा व्यक्ति समस्या, असामान्य चरित्रको उपस्थिति, रागात्मक आकर्षण, गरिबी, विध्वंसात्मकता, प्रेम तथा समर्पण, इदम् र पराअहम्को द्वन्द्व, विघटित मानसिकता, मानवीय कुण्ठा, अतृप्ति, मनोविक्षिप्तता, विसङ्गतिवादी जीवनदृष्टि, नारी प्रताडना आदि विषयहरू अन्तर्भूत भएको पाइन्छ ।

'प्रधानका वि.सं. २०२४ सम्मका कथाहरूमा एकातिर व्यक्तिको यथास्थितिलाई देखाइएको छ भने अर्कातिर त्यतिकै आनन्द वा सुखको खोज र त्यसको प्राप्तिको निमित्त गरिएको सङ्घर्ष

[६] कृष्णप्रसाद काफ्ले, पूर्ववत्, पृ. ३१ ।

पनि देखाइएको छ ।[७] उनका यस चरणका कथाहरूमा मुख्य विषयका रूपमा यौनको वर्णन र जीवनमा यसको प्रभावलाई लिइएको पाइन्छ । यौन मानिसको नैसर्गिक आवश्यकता भएकाले विपरीत लिङ्गप्रति आकर्षित हुनु स्वाभाविक हो । यौन एषणा दुर्दमनीय हुन्छ, जवर्जस्ती दबाउन खोजियो भने अथवा यसले विकृत रूप लियो भने ज्यादै खतरापूर्ण हुन सक्छ र जीवनलाई दुर्घटित समेत बनाउन सक्छ भन्ने वस्तुसत्यलाई स्प्रष्ट्याउने क्रममा कहीं नारी विदीर्ण भएको वा आर्त बनेको, कहीँ पुरुष नैतिक आचरणबाट विमुख भएर पतीत वा भ्रष्ट भएको'[८] देखाएर प्रधानले यस चरणमा यौनलाई विविध सन्दर्भमा हेरेका छन् ।

"फेरि आक्रमणमा परशु प्रधान यौनवादी कथाकारको रूपमा जन्मन्छ । वक्ररेखामा ऊ हुर्कन्छ मनोविश्लेषणवादी बन्दै तर यौन उसलाई अझै प्यारो छ, फेरि यौटा दन्त्यकथामा यौनलाई समातेरै नयाँ प्रयोगको खोजीमा लाग्छ ऊ र अन्त्यमा 'असम्बद्ध' मा आएर नयाँ कथाकारको रूपमा उसको पुनर्जन्म भएको देखिन्छ । यहाँयौनप्रति उसको आशक्ति आग्रह छैन ऊ यौनभन्दा माथि उठिसकेको छ ।"[९] यौन एषणाकै कारण कुनै पनि युवक आमा अथवा दिदी बहिनीको मायाले मात्र सन्तुष्ट हुन सक्दैन उसलाई अरू कोही नारीको आवश्यकता पर्दछ भन्ने तथ्यलाई 'मेरो कोठाको आँखाबाट', 'गुम्सिएको रात', 'स्वर ठोक्किँदै चिप्लिरहन्छ', 'अलुङ्गो क्षण' आदि कथामा स्पष्ट्याउन खोजिएको छ । प्रधानका कथाहरूमा एकातिर स्वदेशकै परिवेशमा चित्रित यौन एषणा र तिनको सशक्त वर्णन छ भने अर्कातिर यौन स्वतन्त्रताका नाममा भएका विसङ्गति र छाडापनलाई समेत 'आज सोमवार हो', 'मेरियाको क्षितिज' जस्ता कथाहरूमा छर्लङ्ग्याइएको छ ।

भोजपुरमा जन्मिएर हुर्किएका कथाकारले धेरैजसो कथाका लागि त्यहीकै परिवेश रुचाएको पाइन्छ । प्रधानको यस चरणका कथाहरूमा सशक्त रूपमा देखिने अर्को विषय "ग्रामीण जीवनमा व्याप्त गरिबी र त्यसबाट उत्पन्न विविध समस्याको चित्रण रहेको छ ।"[१०] यस सन्दर्भमा 'अहिले लहर चुपचाप बग्छ', 'आज सोमबार हो' जस्ता कथामा नारी पात्रले गरिबीकै कारण यौन व्यापारलाई अँगाल्नु, 'छिडीभरिको आकाश' मा परिवारको पुरै चिल्ली बिल्ली हुनु जस्ता कुराले स्पष्ट गर्दछ ।

कथाकार प्रधानले आफ्ना कथामा नारीलाई विशेष महत्त्व दिँदै नारी जीवनलाई चिनाउने प्रयास बढी मात्रामा गरेको देखिन्छ ।[११] प्रधानका यस चरणका कथाहरूमा निस्सारवाद वा विसङ्गत जीवनदृष्टि र ध्वंसात्मकता आदि विषयवस्तु पनि पाइन्छ । कथामा जीवन र मृत्यु मूल प्रवृत्तिका बीचको अन्तर्द्वन्द्वमा असफल र मृत्युवरण गर्न इच्छित पात्रपात्राको मानसिकताको शल्यक्रिया गरेको पाइन्छ ।[१२]

---

[७] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. च ।

[८] अङ्गद गौतम, पूर्ववत्, पृ. ३२-३३ ।

[९] बासु रिमाल 'यात्री', "असम्बद्धसँग सम्बद्ध हुँदा", **असम्बद्ध, परशु प्रधान** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०३२), पृ. १५-१६ ।

[१०] अङ्गद गौतम, पूर्ववत्,पृ. ३३ ।

[११] कृष्णप्रसाद काफ्ले, पूर्ववत्, पृ. ३२ ।

[१२] बाबुराम ओझा, पूर्ववत्, पृ. ७७ ।

वि.सं. २०२५ सालदेखि परशु प्रधान गाउँबाट सहरको पर्यावरण लिएर देखापर्न थालेको पाइन्छ । यसपछिका कथाहरूमा प्रधान जीवनलाई केलाउने रुचिका साथ कथा लेख्न थाल्छन् ।

प्रधानका यस चरणका कथाहरूमा देखिने अर्को पक्ष विसङ्गतिवादी दृष्टिकोण हो । "जति जति हामी जीवनलाई परिभाषित गर्ने र विशिष्ट स्थायित्व पाउन प्रयत्न गर्छौं हामी त्यतिकै विसङ्गत हुन्छौं । यस्तो हुँदाहुँदै पनि हामीले सकार्न सक्ने एकमात्र मूल्य त्यही आत्मपराजयी जटिलता हो जसलाई हामी जान्न सक्तैनौ" भन्ने विसङ्गतिवादी जीवनदृष्टि यिनका कथामा पाउन सकिन्छ ।[१३]

यस चरणका प्रधानका कथाहरूमा देखिने अन्य विषयवस्तुहरूमा निराशावादी जीवनदृष्टि, विविध समस्यामा जेलिएका चरित्रहरूको मनोविश्लेषण र नारी हृदयमा रहने मातृत्वको अभिव्यक्ति रहेको देखिन्छ । कथाकारकाले आफ्ना कथामा घटनालाई भन्दा चरित्रलाई बढी महत्त्व दिएको देखिन्छ । कथामा पात्रको कतै यौन मानसिकताको उद्घाटन गरिएको छ त कतै पात्रीय अन्तर्द्वन्द्वको मनोविश्लेषण गरिएको पाइन्छ ।

कार्यपीठिकाका दृष्टिले उनका यस चरणका कथाहरू वि.सं. २०२४ अघिका कथामा ग्रामीण परिवेश र २०२५ देखिका कथामा सहरिया परिवेशलाई अङ्गिकार गरिएको छ । उनका कथाहरूका कार्यपीठिका नेपाली ग्रामीण र सहरिया समाजबाट विस्तार भएर अमेरिकी सहरिया समाजसम्म पुगेको छ । सुरु सुरुका कथाहरूमा नेपाली विपन्न ग्रामीण समाजबाट लिइएका पात्रहरू र पछिल्लो समयमा सहरिया परिवेशमा समेत ग्रामीण पृष्ठभूमिकै पात्रहरूको कथामा बाहुल्यता देखिन्छ । रूपविन्यासको सन्दर्भमा कुनै संवृत र कुनै विवृत विन्यास, कवितात्मक भाषाको प्रयोग, २०२४ भन्दा अगाडिका कथामा थोरै विम्ब र प्रतीकको प्रयोग गरे पनि २०२५ पछिका कथामा प्रशस्त मात्रामा बिम्ब र प्रतीकको प्रयोग गरेको देखिन्छ । यसका साथै लामा-लामा शीर्षक, आलङ्कारिक अभिव्यक्ति, प्रथमपुरुष दृष्टिविन्दुको अधिक प्रयोग, विदेशी परिवेशका कथामा अङ्ग्रेजी शब्द र वाक्यको समेत प्रयोग, स्वैरकल्पनात्मकता, प्रयोगशील शैली, नाटकीय र विश्लेषणात्मक दुवै चरित्रचित्रण विधि आदि कथाकारका यस चरणमा पाइने शैल्पिक विशेषताहरू मानिन्छन् ।

यस चरणका अधिकांश कथामा यौनको व्यापक सन्दर्भ आए पनि उनले यौनलाई नाङ्गो र विकृत रूपमा नभई केवल मान्छेको नैसर्गिक आवश्यकताका रूपमा प्रस्तुत गरेका छन् ।[१४]

यसरी परशु प्रधानलाई बासु रिमाल यात्रीले यसरी हेरेका छन् "मलाई लाग्छ विश्वेश्वरप्रसाद कोइरालाबाट सुरु भएको यौनवादी धारामा जन्मेर हुर्केर पनि परशु त्यसमा नबगी पौडेर पारी पुगेको छ र आजको विश्व कथा साहित्यको प्रवृत्ति बुझेर उसले प्रतीकात्मकता, कवितात्मकतालाई अँगाल्न पुगेको छ । त्यसैले आज यौनको कथा कम र विसङ्गतिको कथा बढी लेख्छ ।"[१५]

---

[१३] अङ्गद गौतम, पूर्ववत्, पृ. ३७ ।

[१४] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. ग ।

[१५] बासु रिमाल 'यात्री', पूर्ववत्, पृ. १७ ।

"गोविन्दबहादुर गोठाले शंकर लामिछाने र दौलत विक्रम विष्ट यी तीन जनाको केही केही अंश फिटेर मिसाउँदा जे तयार हुन्छ त्यो हो नयाँ प्रतिभा-परशु प्रधान ।"[१६]

## ३.३ उत्तरार्द्ध चरण (वि.सं. २०३९- हालसम्म)

वि.सं. २०३६ देखि २०३८ सम्म परशु प्रधानका कथाहरू अप्रकाशित नै देखिनाले यो तीन वर्षको समय उनको कथायात्राको शून्यकाल मानिन्छ । यस समयमा गृह मन्त्रालय अन्तर्गत खोटाङ्ग जिल्लाको प्रमुख जिल्ला अधिकारी भएर काम गर्दा प्रशासनिक व्यस्तताले कथा लेख्न टुटेको हुन सक्छ । 'एक जिम्मेवारी पदमा रहेकाले सम्भवतः जागिरको व्यस्तताले उनलाई कथा लेख्न बाधा पऱ्यो तर लेखक हुनुको संस्कार कसरी विलाएर जान सक्थ्यो जागिरमा डुबेकैले यस चरणमा हामीले 'डल्ले खोला' (२०३९) जस्तो प्रभावशाली कथा पाएका छौं ।'[१७] केही वर्ष सुस्ताएको प्रधान २०३९ सालमा 'डल्लेखोला' (गरिमा : १ : १:) कथा प्रकाशित गरेर उनी राजनैतिक प्रशासनिक विषयका साथमा कथा लेखन फेरि सक्रिय भएको देखिन्छ । यसपछिको २०३९ देखि २०६४ सम्म अर्थात् 'सीताहरू' कथासङ्ग्रह प्रकाशित हुँदासम्म करिब २५ वर्षको समयावधिमा प्रधानका फुटकर कथाहरूका साथै सात ओटा कथा सङ्ग्रहहरू 'प्रतिनिधि कथाहरू' (२०४१), 'यौटा क्रान्तिपुरुषको जन्म' (२०५०), 'कथा र रचना गर्भ' (२०५७ र २०६३), 'उत्तरार्द्ध' (२०५८), 'The Little Buddha in Tokyo' (२०६१), 'विश्व यौन कथा' (२०६२) र 'सीताहरू' (२०६४) प्रकाशित भईसकेका छन् । 'यस चरणको सुरुवातमा कथाकार जागिरे हुनुका कारणले मुख्यतः जागिरे जीवनका समस्या, देशको प्रशासनिक क्षेत्रमा हुने लापर्वाही तथा राजनैतिक विकृति र विसङ्गतिको स्पष्ट चित्र उभ्याउन र त्यसप्रति व्यङ्ग्य प्रहार गर्नमा प्रधानको कथाकारिता केन्द्रित भएको देखिन्छ ।'[१८] 'डल्ले खोला' जस्तो कथाबाट प्रेम, यौन, जीवन मृत्यु चिन्तन भन्दा पृथक व्यङ्ग्य र देशको दुर्भाग्यको चित्रण गर्दै खोलालाई मानवीकरण गरी शैल्पिक नवीनता समेत लिएर सुरु भएको प्रधानको यस चरणको शुरुवात भएदेखि प्रधानले थुप्रै कथा र सङ्ग्रहहरू प्रकाशित गरिसकेका छन् । यति हुँदाहुँदै पनि कथाकार अझै जीवन तथा मृत्युको चिन्तनबाट टाढा भने भएका छैनन् । यस चरणमा पनि कथाकारको जीवनप्रतिको दृष्टिकोण पूर्ववत् रहेकाले जीवनमा सङ्कट, नैराश्य, विराग, अविश्वास आदिलाई विषयवद्ध गरिएको हामी पाउँछौं । "यस चरणमा प्रवेश गरेपछि अघिल्लो चरणमा झैं व्यक्तिसमस्याबाट खोजिने जीवनका गहन पक्षभन्दा सामाजिक र राजनैतिक विषयवस्तुबाट गरिएको नेपालको प्रशासनिक क्षेत्रको लापरवाही र जागिरे जीवनका समस्याको चित्रण देख्न पाइन्छ ।[१९] उनका 'एउटा कोण', 'माथिको टेलिफोन', 'धेरै दिन भयो कुनै सपना नदेखेको', 'डल्लेखोला', 'भय', 'मनस्थिति', जस्ता कथामा निम्न पदीय कर्मचारी माथिको शोषण, भ्रष्ट कर्मचारी तन्त्र र असक्षम प्रशासनिक व्यवस्थामाथि व्यङ्ग्य गरिएको छ । कर्मचारी तन्त्रमा हुने नातावाद क्रिपावादको राम्रो उदाहरण 'माथिको टेलिफोन'ले र एउटा

---

[१६] ऐजन, पृ. १७ ।

[१७] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. ल ।

[१८] अङ्गद गौतम, पूर्ववत्, पृ. ४० ।

[१९] बाबुराम ओझा, पूर्ववत्, पृ. ७८ ।

खोलाको नामले पेटपालो गर्ने ग्रामीण टाठाबाठाहरू र त्यस्ता कुराको भेउसम्म नपाउँने लथालिङ्ग प्रशासनिक तन्त्रमाथिको व्यङ्ग्य 'डल्ले खोला' ले अभिव्यक्त गरेको छ ।

यस चरणमा पनि उनले यौन र पात्रीय मनोविश्लेषणलाई विषय बनाएको हुनाले चरित्रका मनोजगत्को खोज, अचेतनमनको व्याख्या, यौनको आर्थिक व्याख्या, स्नायु विकृति, असामान्य चरित्रको उपस्थिति, यौन अतृप्ति, आक्रामकता आदि मनोविश्लेषण सम्बन्धी तथ्यहरूमा आधारित कथाहरू लेखिएका छन् । प्रधानका कथामा अघिल्लो चरणका कथामा झैं यस चरणमा पनि ग्रामीण तथा सहरिया समाजमा व्याप्त गरिबी र बाँच्नुको कठिन परिस्थिति अभिव्यक्त भएको छ । 'गाउँमा', 'निश्चय/अनिश्चय', 'यथावत' जस्ता कथा ग्रामीण समाजको पर्यवेक्षण परक रहेका र यिनका पछौटे ग्रामीण समाजका आर्थिक अभाव र विपन्नता, उग्रसामन्ती शोषण, अविकास र रोजगारका लागि विदेश पस्नुपर्ने बाध्यता आदिको यथार्थरूप खोलिएको छ । 'यी कथाहरूमा देशमा जति विकासका नाराहरू चर्काएपनि गाउँमा विविध समस्याहरू छन्, त्यहाँ विकासको कुनै प्रभाव परेको छैन तथा देशमा जस्तोसुकै कानूनको निर्माण भए पनि ग्रामीण समाजमा सोझा सिधामाथि गरिने अन्याय, अत्याचार र शोषणको स्थिति यथावत नै रहेको स्थिति यथार्थ रूपमा उभ्याइएको छ ।'[२०] वि.सं. २०५१ सालमा प्रकाशित 'एउटा आकांक्षाको अन्त्य' शीर्षकको कथाले प्रजातन्त्र पछिको जनतामा पलाएको सपना टुक्रिएको यथार्थ चित्रण प्रस्तुत गरेको छ । प्रधानका यस चरणका कथाहरूमा पेशानिवृत्त कर्मचारी जीवनका समस्याहरू र बहुदलीय प्रजातान्त्रिक व्यवस्था भित्रै आएका अस्थिर राजनैतिक व्यवस्था, भ्रष्ट कर्मचारी संयन्त्र तथा अस्तव्यस्त नेपली जनजीवनको चित्रण प्रमुख कथ्य भएर आएको देखिन्छ । 'एउटा आकांक्षाको अन्त्य' मा जनताले चुनेर पठाएको व्यक्ति मन्त्री हुँदा अस्पताल हैन बानेश्वरमा घर बनाउन हतारिनुले भ्रष्ट सरकारी संयन्त्रको प्रतिनिधित्त्व गरेको र 'मोहभङ्ग', 'पासपोर्ट', 'पाण्डवको प्रातः भ्रमण', 'दिशाहीन' आदि कथामा प्रशासनिक व्यवस्था, नातावाद र नेतावाद, राजनैतिक उतारचढाव र हत्या आतङ्क जस्ता तात्कालीन समस्या प्रति तीब्र आक्रोश व्यक्त गरिएको छ ।

यस चरणको उनको अर्को महत्त्वपूर्ण कार्य वा योगदान भनेको कथा र रचनागर्भ जस्तो एउटा नौलो विधाको प्रकाशन गर्नु हो । साहित्यमा विविध प्रयोग गर्न रुचाउने प्रधानले नेपाली साहित्यमा नआएको एउटा छुट्टै विधा 'रचनागर्भ' ल्याएर एउटा प्रयोग गरेका छन् । वि.सं. २०५४ फाल्गुण महिनाको 'गरिमा' पूर्णाङ्क १८३ मा 'रचना गर्भ मूलस्तम्भ' र 'मेरो कथाको कथा' सहायक स्तम्भमा 'मेरो कोठाको आँखाबाट' कथाको रचनागर्भ प्रकाशित गराएर उनले एउटा नौलो प्रयोग गरेको पाइन्छ ।[२१] यस चरणमा प्रधानले पूर्ववर्ती चरणमा लेखिएका कथाहरूको रचनागर्भ लेखेर नेपाली कथा साहित्य क्षेत्रमा नै नयाँ आयामको सुरुवात गरेका छन् । "उनले कथामा जीवनको उत्तरार्द्ध अवस्थाको छटपटी, अवकाश प्राप्त जीवनप्रति परिवारले हेर्ने दृष्टिकोण, गरिबीको महत्त्वाकांक्षा पुरा हुन नपाउँदै तुहिएको अवस्था, एक्काइसौं शताब्दीमा बढेको इन्टरनेट र त्यसले

[२०] अङ्गद गौतम, पूर्ववत्, पृ. ४१ ।

[२१] विन्दु बस्याल, "परशु प्रधानको कथा र रचनागर्भको कृतिपरक अध्ययन" अप्रकाशित स्नातकोत्तर शोधपत्र, (तानसेन : त्रिभुवन वहुमुखी क्याम्पस, २०६४), पृ. ३२ ।

युवा-युवतीमा पारेको प्रभाव, बढ्दो बेरोजगारी समस्या, निराशावादी र पलायनवादी जीवनदृष्टि आदिलाई कथामा प्रस्तुत गरेका छन् ।[२२]

प्रधानले यस चरणका कथाहरूमा आफूले अघिल्लो चरणमा र यही चरणमा लेखेका बीस ओटा कथाहरूको रचनागर्भ लेखी पुस्तक प्रकाशित गराएका छन् । पुस्तकलाई दुई खण्डमा विभाजन गरेर एउटा खण्डलाई कथाखण्ड र अर्को खण्डलाई रचनागर्भ खण्डमा विभाजन गरिएको छ । रचनागर्भ लेख्नु भनेको एकातिर कथाको वास्तविक यथार्थ प्रस्तुत गर्दै आफ्नो इमान्दारिता प्रस्तुत गर्नु हो भने अर्कातर्फ पाठकवर्गको कथाप्रतिको जिज्ञासालाई शमन गर्नु पनि हो । उनको 'कथा र रचनागर्भ' (२०६३) यसको उपज हो जुन विधा विनिर्माणको एउटा नमुना पनि हो । "नेपाली साहित्यमा सर्वप्रथम रचनागर्भका प्रवर्तक र प्रयोक्ता परशु प्रधानको 'कथा र रचनागर्भ' नेपाली कथा साहित्यमा रचनागर्भको सर्वप्रथम कृति हुने अधिकार राख्ने पुस्तकका रूपमा देखिन्छ । रचनाको पृष्ठभूमि र गुह्य/गुदी खोतल्ने काम यस रचनाविधानले गरेको छ ।[२३] प्रधानका यस चरणका कथामा जीवनका उत्तरार्द्ध अवस्थाको मनस्थिति, जागिरबाट अवकाश लिएपछि व्यतित गर्नुपर्दाका पट्यारलाग्दा क्षणहरू, त्यस समयमा परिवारले हेर्ने दृष्टिकोण, टेलिफोन र कम्प्युटरको बढ्दो समस्या, र त्यसले पारेको नकारात्मक प्रभाव, अविश्वासका कारण परिवारमा निम्तने दुर्घटना जस्ता कुरालाई 'उत्तरार्द्ध', 'अनलाईनमा सुमन र साधना', 'फोनफोविया', 'एकादेशमा यौटा रिक्सावाला', 'शरणार्थी', 'पासपोर्ट' आदि कथाहरूले प्रस्तुत गरेको देखिन्छ ।

परशु प्रधानले यस चरणमा आफैंले लेखेका प्रमुख उन्नाईस कथाहरूको अङ्ग्रेजी भाषामा अनुवाद गरी 'दि लिटिल बुद्ध इन टोकियो' (वि.सं. २०६१) का नामले प्रकाशित गरेका छन् भने उनले अन्य भाषामा लेखिएका कथाहरूलाई समेत नेपाली भाषामा अनुवाद गरी वि.सं. २०६२ मा 'विश्व यौन कथा' को नामले प्रकाशित गरेको देखिन्छ ।

परशु प्रधानको अन्तिम कथासङ्ग्रहका रूपमा प्रकाशित भएको 'सीताहरू' (२०६४) नवीन प्राप्तिका रूपमा आएको सङ्ग्रह हो । कथाकार स्वयंले कथोपन्यास भनेको यस कथासङ्ग्रहमा पच्चीस ओटा कथाहरू एउटै शीर्षकमा लेखिएका छन् । "क्रमहीनताको आख्यान रचनाका रूपमा सीताहरूको शृङ्खलाबद्ध लेखनले पनि उनको नवीन प्रयोगप्रतिको सचेत आग्रहलाई आत्मसात् गरेको देखिन्छ । परम्परित लेखनलाई भत्काउने प्रवृत्तिका दृष्टिले उनका पछिल्ला धेरै कथाहरू उत्तरआधुनिक प्रवृत्तिका देखिन्छन् ।"[२४]

यस कृतिको नवीन प्राप्ति भन्नु नै विधा विनिर्माण हो । "कथा र उपन्यासका सबै घटकहरू यसमा घटित हुन्छन् तर ती परम्परित ढाँचामा आउँदैनन् । नेपाली साहित्यका कविता र आख्यानजस्ता विधाहरूमा विगत केही समयदेखि एउटै शीर्षकमा शृङ्खलाबद्ध लेखनवको प्रवृत्ति देखिन थालेको र त्यसको विशिष्ट प्रयोगको नमूनाका रूपमा यस कृतिलाई लिन सकिन्छ ।"[२५]

---

[२२] कृष्णप्रसाद काफ्ले, पूर्ववत्, पृ. ३९ ।

[२३] लक्ष्मणप्रसाद गौतम, "आख्यानमा विनिर्मिति र असाधारण नारी चरित्रका कोलम्वसका पाइलाहरू", **सीताहरू**, परशु प्रधान, (काठ : पैरवी प्रकाशन, २०६४), पृ. च ।

[२४] ऐजन, पृ. च ।

[२५] ऐजन, पृ. द ।

"रामायणमा वर्णित आदर्श, कर्तव्यपरायण, पतिभक्त, कुशल गृहिणी नारी सीतालाई प्रधानले यहाँ आधुनिक/उत्तरआधुनिक र वर्तमानको जामा पहिऱ्याएर अवतरण गराएका छन् । यस सङ्ग्रहमा उपस्थित सीताहरू हामी सबैले ठाउँ-ठाउँमा पटक-पटक देखेका, भोगेका, छामेका, अनुभव गरेका सीताहरू नै हुन् । यहाँ सीताहरू व्यष्टि सत्ता सीता र समष्टि सत्ता सीताका रूपमा उपस्थित रहेका छन् । यहाँ समष्टि सत्ताकी सीता सिङ्गो कृतिकी नायिका हो भने व्यष्टि सत्ताकी सीताहरू त्यो समष्टि सत्ताकी सीताका प्रतिरूप हुन् ।"[२६]

परिवेशगत हिसाबमा प्रधानका यस चरणका कथाहरू न्यून ग्रामीण, अधिक सहरिया छन् र 'टोकियोमा सानुबुद्ध' मात्र जापानी सहरिया परिवेशबाट आएको बुझिन्छ । सहरिया समाजका मध्यम र निम्नवर्गीय पात्रहरू समेटिएका र ती मध्ये अधिकांश चरित्रको पृष्ठभूमि ग्रामीण रहेको छ । आन्तरिक र बाह्य दुवै दृष्टिविन्दुको प्रयोग र दुवै प्रकारको चरित्रचित्रण विधि कथामा अँगालिएको पाइन्छ । भाषाशैलीका सन्दर्भमा गद्यभाषामा सरलता र सशक्तता, सटिक शीर्षक, आगन्तुक शब्दहरूको ज्यादा प्रयोग अन्योक्ति, प्राक्सन्दर्भ र प्रस्तुतिका दृष्टिमा प्रयोगशीलता, विम्ब प्रतीकादिको प्रयोग गरेर कथाहरू लेखेको पाइन्छ ।

## ३.४ निष्कर्ष

यसरी परशु प्रधानको वि.सं. २०१९ सालमा प्रकाशित भएको कथा 'मेरो कोठाको आँखाबाट' सुरु भएको कथायात्रा अझसम्म निरन्तर रूपमा अगाडि बढिरहेको छ । हालसम्म फुटकर कथाहरू बाहेक बाह्र ओटा कथासङ्ग्रहहरू प्रकाशित भइसकेका छन् भने कथाकार अझै कथा लेखिरहेका छन् । व्यक्तिसमस्या र यौनको सर्वोपरितासँगै अतियथार्थवादबाट थालिएको परशु प्रधानको कथायात्राको विस्तार विसङ्गतिवाद, अस्तित्ववाद, प्रयोगवाद, प्रकृतवाद हुँदै उत्तर आधुनिकतावाद सम्म भएको र आजसम्म पनि क्रियाशील अवस्थामा अगाडि बढिरहेको छ । उनको कथायात्रामा विभिन्न विद्वान्हरूले निर्धारण गरेका चरणहरू बीच शिल्प र प्रवृत्तिगत सामञ्जस्यता पाइएको र कथागत उतार चढाव भइरहेको देखिन्छ । त्यसैले यहाँ गरिएको चरण विभाजन प्रतिनिधि कथाहरूलाई पक्रेर गरिएको मोटोमोटी विभाजन मात्र मान्नु पर्दछ । हालसम्म कथा क्षेत्रमा क्रियाशील प्रधानले सीताहरू जस्तै 'घर' शीर्षकमा पनि शृङ्खलाबद्ध रूपमा विभिन्न कथाहरू विभिन्न पत्रिकाहरूमा छपाइरहेको पाइन्छ । कथामा अझै क्रियाशील प्रधानको भविष्यमा आउँने कथाकृतिले कथाको मोडलाई परिवर्तित पार्न सक्ने हुँदा यो चरण विभाजनलाई प्रधानका हालसम्मका कथाहरूको मात्र चरण सीमाङ्कन मान्नु उपयुक्त हुन्छ । यसले पाठकलाई चरण विभाजनमा सुविधा र झमेलारहित बनाइ अध्ययन गर्न समेत सहयोग गर्ने अपेक्षा गरिन्छ ।

---

[२६] ऐजन, पृ. छ ।

## चतुर्थ परिच्छेद

# syfsf ;|4flGts kl/ro / jul|s/0f

### ४.१ कथाको पृष्ठभूमि

साहित्यका चार ओटा प्रमुख विधाहरू (कविता, आख्यान, नाटक र निबन्ध) अन्तर्गत आख्यान भित्र पर्ने एउटा उपविधाका रूपमा कथा पर्छ भने अर्को उपन्यास । 'कथा' शब्द संस्कृतको 'कथ्' धातुमा अङ्+टाप् प्रत्यय लागेर बनेको हो  कथाको अर्थ कथा, कहानी, कल्पित वा मनगणन्ते कहानी भन्ने हुन्छ । यसका अनेक अर्थ छन् वातचीत, वार्तालाप, वक्तृता आदि । कथा भनेको गद्यमय रचनाको एक भेद, जुन आख्यायिका देखि भिन्न हुन्छ ।"[१]

आधुनिक सन्दर्भमा कथाले निश्चित परिभाषा तथा मूल्य ग्रहण गर्नु अघि कथा भन्ने र सुन्ने एउटा लामो परम्परा मानव समाज तथा इतिहासको शृङ्खलासँग गाँसिदै आएको छ । पूर्वीय तथा पाश्चात्य समाजको इतिहास र मानव अभिव्यक्तिको परम्परालाई खोतल खातल पार्दा पुराना कथाख्यान, किस्सा आदिको एउटा विशाल भण्डार हाम्रा सामु देखा पर्दछ ।[२]

पूर्वमा ऋग्वेद, ब्राह्मणग्रन्थ र उपनिषद्ले प्राचीन कथापरम्पराको इतिहास प्रारम्भ गरेका छन् भने लौकिक संस्कृत साहित्यमा रामायण र महाभारतले त्यस इतिहासलाई अगाडि बढाएका छन् । पञ्चतन्त्र, हितोपदेशका साथै बौद्ध जातक कथाहरूले पूर्वीय कथा परम्पराको प्राचीनतालाई सम्बृद्ध बनाएका छन् । यसरी नै पश्चिममा कथा परम्पराको सर्वप्राचीन लिखित रूप इजिप्टको 'दुई दाजुभाइ' लाई मानिएको छ । त्यसपछि वाइवलको पुरानो सु-समाचारका दानियल जोनाह र रुथका प्राचीन कथाहरू पाइन्छन् । ग्रीस र रोमका शास्त्रीय ग्रन्थहरूमा पनि कथाका छिटाहरू पाउन सकिन्छ ।[३] साहित्यिक विधाको रूपमा मान्यताप्राप्त कथाको आफ्नै सैद्धान्तिक ढाँचा छ । पूर्वीय तथा पाश्चात्य जगत्मा पुराना कथाको अति-प्राचीन परम्परा रहेको भए पनि आधुनिक समीक्षाशास्त्र अनुसार यसको जुन रूपलाई विधागत स्वीकृति प्रदान गरिएको छ, त्यो उन्नाईसौं शताब्दीको पाश्चात्य जगत्कै देन हो ।[४] कथाले आफ्नो स्वरूपलाई युगको सापेक्षतासँगै परिवर्तन गर्दै आइरहेको छ । अनि आजसम्म पनि आइपुगेको छ । यसरी परिवर्तित हुँदै आइरहेको हुनाले कथालाई निश्चित परिभाषामा बाँध्न सकिँदैन भन्ने विद्वान्हरूको मत रहेको छ । यो विधा अत्यन्त परिवर्तनशील र गतिशील रूपमा अगाडि बढिरहेको छ । यसरी मानवको चेतनाको विकासका साथै कथाको प्रारम्भ भएको हो र कथाको परम्परा निकै प्राचीन परम्परादेखि सुरु हुँदै आएको कुरामा पूर्वीय र पाश्चात्य दुवैतिरका अनुसन्धाताहरूको एकमत रहेको छ ।

---

१ वामन शिवराम आप्टे, **संस्कृत-हिन्दी कोश,** दो.सं., (मोतीलाल वनारसीदास : सन् १९६९), पृ. २४२ ।

२ ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, **नेपाली कथा भाग-३,** (सम्पा), चौ.सं., (काठ : साझा प्रकाशन, २०६५), पृ. १ ।

३ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** नवौं सं., (ललितपुर : साझा प्रकाशन, २०६४), पृ. ६९ ।

४ दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४,** (सम्पा.), दो.सं., (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. ६ ।

## ४.२ कथाको परिभाषा

प्राचीन कालदेखि नै कथालाई मौखिक रूपमा भन्ने र सुन्ने परम्परा भए पनि आधुनिक साहित्य शास्त्र अनुसार विधागत स्वीकृति प्रदान गरिएको कथाको प्रारम्भ १९ औं शताब्दीको पाश्चात्य साहित्य जगत्को देन मानिन्छ । कथा कुनै शास्त्रीय नियम वा लक्षणहरूसित आवद्ध परम्परागत होइन । यो आफ्नै निस्तृत परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्त रूपले हुर्केको एक लचिलो किंवा परिवर्तित साहित्यिक रूप हो ।[५] सम्भवतः अन्य मुख्य मुख्य विधाभन्दा कनिष्ठ भएर होला यसले ती अन्य विधाहरूका गुण-स्वभावलाई आफूभित्र स्वायत्त गरेर आफ्नो मजबुतीपनलाई निर्वाह गर्न सकेको छ । वास्तवमा कथा एक गत्यात्मक कला भएकाले कुनै एउटै समयको परिभाषाले मात्र यसलाई बाँध्नु पनि युक्तिसङ्गत हुँदैन ।

१९ औं शताब्दी देखि शुरु भएको आधुनिक कथा करिब डेढ-दुई सय वर्ष जतिको विकास क्रममा यस विधाको शरीर रचना तथा स्वभावमा आमूल परिवर्तन आइसकेको छ । तर यति भएर पनि यसको मौखिक, जैविक रचनालाई दृष्टिगत गरेर विभिन्न विद्वान्हरूले छुट्टाछुट्टै परिभाषा प्रस्तुत गरेका छन् ।

आधुनिक कथाकारका रूपमा हड्सन र एडगर एलेन पो ले भनेका कुरा यस विधाका परिभाषा औं स्वरूपविधानका आधारस्तम्भ मानिएका छन् ।[६] सन् १८४२ मा हड्सनका कथाको समीक्षा गर्दा पो ले दिएको परिभाषा नै उनको कथाको परिभाषा बन्यो ।'[७] केही विद्वान्हरूले दिएका कथाका परिभाषाहरू तल उद्धृत गरिएको छ ।

**एडगर एलेन पो**

कथा एउटा यस्तो कथात्मक रचना हो जुन यति छोटो होस् कि एक बसाइ मैं पढेर सिध्याउन सकियोस् । पाठकलाई प्रभाव पार्न यो लेखिन्छ र त्यसरी प्रभाव पार्न बाधा पुऱ्याउने सबै कुरालाई यसमा छोडिन्छ । यो आफैंमा पूर्ण हुन्छ ।"[८]

**एच.जी. वेल्स**

"यो २० मिनेट जतिमा पढेर सिध्याउन सकिने हुनुपर्छ ।"[९]

**विल्सन आर. थोर्न**

अनुशासनबद्ध कथामा वर्णित दृश्यहरूको शृङ्खला हुन्छ । ती दृश्यहरूमा कार्य-कारण सम्बन्धको स्थिति देखाइएको हुन्छ र त्यस्तो स्थितिबाट उत्पन्न भएका समस्याहरू समाधान गर्न प्रभावकारी विशेषता भएको एक निर्णायक पात्र क्रियाशील हुन्छ । त्यसै पात्रले आफ्नो उद्देश्य प्राप्त

---

५ ऐजन, पृ. ६ ।

६ ईश्वर बराल, **झ्यालबाट,** (सम्पा.), छैटौं सं., (ललितपुर : साझा प्रकाशन, २०५३), पृ. २९ ।

७ ऐजन, पृ. २९ ।

८ दयाराम श्रेष्ठ, **॥॥ अभिनव कथाशास्त्र ॥॥,** (काठ : पालुवा प्रकाशन प्रा.लि., २०६६), पृ. १३ ।

९ दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४,** पूर्ववत्, पृ.७ ।

गर्न विभिन्न क्रियाकलापहरूद्वारा अन्तिम निर्णय गर्छ । यसै क्रममा अन्तिम टुङ्गोमा नपुगुन्जेल त्यस पात्रले अनेक बाधा व्यवधानहरू सामना गर्दै जान्छ ।[१०]

**भारतीय विद्वान् प्रेमचन्द**

'कथा एउटा त्यस्तो रचना हो, जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य रहेको हुन्छ । यसका पात्र, यसको शैली, यसको कथाविन्यास सबैले त्यही एउटै भावको पुष्टि गर्दछन् । उपन्यासमा झैं यसमा मानव जीवनका सम्पूर्ण तथा बृहत् रूप देखाउने प्रयास गरिदैन, न त यसमा उपन्यासमा झैं सबै रसहरूको सम्मिश्रण रहेको हुन्छ । यो एउटा यस्तो रमणीय बगैंचा होइन जसमा थरीथरीका फूलहरू, बेलबुट्टा सजिएको हुन्छ तर यो एउटा यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखा पर्छ ।'[११]

**लक्ष्मीप्रसाद देवकोटा**

छोटो किस्सा एउटा झ्याल हो जहाँबाट एउटा सानो संसार चिहाइन्छ ..... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो ..... यो जतिको समाज सुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरू छँदैछैन कि जस्तो लाग्छ । यसमा सबै रस निकाल्न सकिन्छ ....... यसमा कला छ ....... यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा हुन्छ ।[१२]

**ईश्वर बराल**

'एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रका जीवनको कुनै अङ्गको र त्यस जीवन सम्बन्धित कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्छ ।'[१३]

**गुरूप्रसाद मैनाली**

"कुनै एक पात्रका जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो ...... कथामा द्वन्द्व हुनुपर्छ ।"[१४]

यसरी विद्वान्हरूले आ-आफ्ना विचारमा आफ्नो समयका कथाहरूलाई ध्यानमा राखेर आफ्नै शब्दमा कथाको परिभाषा गरेको पाइन्छ । यी परिभाषालाई हेर्दा आकारमा सानो, थोरै पात्र, जीवनको एक पक्षको उद्घाटन र कथामा एक मात्र प्रभावको सिर्जना गरिनुपर्ने कुराहरूमा विद्वान्हरूको जोड रहेको पाइन्छ ।

---

[१०] दयाराम श्रेष्ठ, ‖ **अभिनव कथाशास्त्र** ‖, पूर्ववत्, पृ. १४ ।

[११] दयाराम श्रेष्ठ, **नेपाली कथा, भाग-४**, पूर्ववत्, पृ. ७ ।

[१२] लक्ष्मीप्रसाद देवकोटा, "छोटो किस्सा", **शारदा** (मासिक), (वर्ष ८, अङ्क १, वैशाख १९९९), पृ. १२० ।

[१३] दयाराम श्रेष्ठ, ‖ **अभिनव कथाशास्त्र** ‖, पूर्ववत्, पृ. १५ ।

[१४] ऐजन, पृ. १५ ।

## ४.३ कथाको स्वरूप र लक्षण

कथाको पृष्ठभूमि र विभिन्न विद्वान्हरूलये दिएका परिभाषाहरू हेरेपछि कथाको स्वरूप र लक्षण हामी ठम्याउन सक्छौं । विद्वान्हरूका परिभाषाका आधारमा कथाका स्वरूप र लक्षणहरू तल प्रस्तुत गरिन्छ ।

(क) कथामा आख्यान हुन्छ र यो गद्य भाषामा लेखिन्छ ।

(ख) कथा छोटो हुन्छ ।

(ग) यसले पाठकमा एउटै मात्र प्रभाव पार्नुपर्ने हुन्छ ।

(घ) कथामा कल्पनाको मिश्रण गर्न सकिन्छ ।

(ङ) कथामा एउटै प्रधान घटना र थोरै पात्रको प्रयोग हुन्छ ।

(च) कथा समाजसुधारक हुनुपर्छ ।

(छ) यो कलात्मक हुन्छ ।

(ज) कथामा द्वन्द्व हुन्छ । आदि ।

यसरी कथाका स्वरूप र लक्षणहरू प्रस्तुत गर्न सकिन्छ ।

## ४.४ कथाका आवश्यक तत्त्वहरू

जसरी हात, खुट्टा, टाउको, नाक, मुख, कान आदि अङ्गहरू मिलेर मान्छेको शरीरको निर्माण हुन्छ, त्यसरी नै कथा पनि एउटा यौगिक रचना भएको हुनाले कथाका सबै अङ्गगत एकाइ किंवा तत्त्वहरूको आनुपातिक सिङ्गो योगबाट कथा बनेको हुन्छ । ती एकाइ वा तत्त्वको बीचमा अन्योन्याश्रित सम्बन्ध रहने हुनाले तिनलाई अलग-अलग छुट्याएर हेर्नु युक्तिसङ्गत हुँदैन ।[१५] हरेक सिर्जना त्यसका आवश्यक तत्त्वहरूको सङ्गतिपूर्ण संरचना हो । 'संरचना संरचनात्मक उपकरणहरूको जोडजाड मात्र नभएर सिर्जनात्मक कार्य पनि हो ।'[१६] कथाका तत्त्वहरू यति नै हुन् र यी नै हुन् भन्ने कुरामा विद्वानहरू बीच मतैक्यता नभएको पाइन्छ । समयको प्रवाहसँगै कथामा गतिशीलता आएको र यसको संरचनात्मक स्वरूप पनि परिवर्तन हुनुले यसका अङ्गहरू यति नै हुन् भनेर किटान गर्न नसकिने अवस्था पनि विद्यमान रहेको पाइन्छ । कथाका आवश्यक उपकरण (अङ्ग वा अवयव) हरूलाई घनश्याम नेपालले 'आख्यानका कुरा' ( दो.सं. इ.सं. २००५) मा कथावस्तु, पात्र तथा चरित्र चित्रण, विचारतत्त्व, पर्यावरण र चित्रवृत्ति, परिप्रेक्ष्य, प्रतीक र विम्ब, समय, गति र लय र भाषा : बुनोट र संरचना गरी आठ ओटा अवयवहरूको उल्लेख गरेका छन् । यसैगरी ऋषिराज बराल र कृष्णप्रसाद घिमिरेले 'नेपाली कथा भाग-३', (चौं.सं., वि.सं. २०६५) सम्पादन गर्दा कथानक, चरित्र, सारतत्त्व, दृष्टिविन्दु, भाषा, प्रतीक र विम्ब, पर्यावरण र लय र गति गरी आठ ओटै तत्त्वहरू बताएका छन् । ईश्वर बरालले 'झ्यालबाट' (छै.सं. वि.सं. २०५३) मा कथानक, क्रियाकलाप, चरित्र, घटना, सङ्घर्ष, कौतूहल

---

[१५] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४**, पूर्ववत्, पृ. ८ ।

[१६] ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, पूर्ववत्, पृ. ३ ।

गरी ६ ओटा मात्रै तत्त्वहरूको उल्लेख गरेका छन् । दयाराम श्रेष्ठले 'नेपाली कथा भाग-४' ( दो.सं., वि.सं. २०६०) मा संरचना र रूपविन्यासका आधारमा तत्त्वहरूलाई विभाजन गरी संरचना अन्तर्गत कथावस्तु, पात्र, दृष्टिविन्दु र सारवस्तु अनि रूपविन्यासमा भाषाशैली, विम्ब-प्रतीक, आदिको चर्चा गरेको देखिन्छ । यसैगरी राजेन्द्र सुवेदीले 'नेपाली उपन्यास : परम्परा र प्रवृत्ति' ( दो.सं., २०६४) मा वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, विचार, कौतूहल, दृष्टिविन्दु गरी आठ ओटा उपकरणको चर्चा गरेका छन् ।

यसरी विभिन्न कथा अध्येताहरूले गरेको कथाका अवयवहरूको विभाजनमा पृथकता देखिए पनि ती विभाजनले कुनै न कुनै हैसियतमा पूर्णता प्राप्त गर्ने प्रयास गरेको बुझिन्छ । 'कथाको अध्ययन हाल आधुनिक मापदण्डका आधारमा गरिने भएकाले नयाँ अवधारणा अनुसार कथालाई संरचना र रूपविन्यासमा बाँडेर यिनको अङ्ग प्रत्यङ्ग छुट्याउने पद्धति सान्दर्भिक ठानिएको छ ।'[१७]

### ४.४.१ संरचनाका आधारमा कथाका तत्त्वहरू

कुनै वस्तु, घटना वा विचारधारा प्रति कथाकारले आफ्नो प्रतिक्रिया कथामा जनाएको हुन्छ । यसैले कथाहरूमा कथाकारको मस्तिष्क वा भावनाको एउटा अंश प्रतिबिम्बित भएको हुन्छ तर कथाकारले यिनै विचार वा अनुभूतिलाई घटना र पात्रको अन्योन्य सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाई एउटा कथाको आकार प्रदान गर्दछन्, त्यही नै कथाको संरचना हो ।"[१८] त्यही स्थूल घटकहरू समाहित कथाको भागलाई संरचना भनिन्छ । यसलाई कथाको बाह्य संरचना पनि भनिन्छ । यस अन्तर्गत निम्न पाँच ओटा अवयवहरू रहेका हुन्छन् ।

#### ४.४.१.१ कथानक

"कथावस्तुको प्रस्तुतिको क्रममा देखापर्ने घटनाक्रमको योजनाबद्ध व्यवस्थापन नै कथानक हो ।"[१९] यसमा आउने घटनाहरू कार्य-कारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । "कथावस्तु नै कथाको वृहत्तम तत्त्व हो, घटक वा अवयव हो । यसले कथाका संरचनाको सबैभन्दा स्थूल र सबल तत्त्वको बोध गराउँछ । कथामा यस तत्त्वको व्याप्ति सर्वत्र हुने भएकाले अन्य तत्त्व र घटकहरूलाई समेत यसले गहिरो रूपमा प्रभाव पारेको हुन्छ ।"[२०] कथा र कथानकलाई अझ स्पष्ट पार्दा कथा भनेको समयको शृङ्खलामा व्यवस्थित गरिएका घटनाहरूको कथन हो भने कथानक चाहिँ कारण सहित भएको घटनाक्रमको वर्णन हो ।[२१] कथानकलाई कथाभन्दा ठूलो प्रकारको संरचना मानिन्छ किनभने एउटा कथानकमा धेरै कथाहरूको संयोजन हुन सक्छ ।" कथामा समयको क्रमिक गति मात्र हुन्छ तर कथानकमा क्रमिक गतिका साथै तर्क, बुद्धि, कल्पना

[१७] दयाराम श्रेष्ठ, नेपाली कथा भाग-४, पूर्ववत्, पृ. ९ ।

[१८] ऐजन, पृ. ९ ।

[१९] ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, पूर्ववत्, पृ. ३ ।

[२०] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४**, पूर्ववत्, पृ. १० ।

[२१] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ते.सं., (ललितपुर : साझा प्रकाशन, २०६६), पृ. २१ ।

जस्ता साधनहरू प्रयोग गरी पाठकमा भावी घटनाको बारेमा संयम र उत्सुकता जगाउने काम गरिएको हुन्छ ।"[२२] कथाले बुँदागत रूपमा त्यसपछि के हुन्छ ? भन्ने जिज्ञासा जगाउँछ भने कथानकले त्यसको विश्लेषण तथा व्याख्या गरेर जिज्ञासा शान्त पार्दछ ।"[२३] "जस्तै 'राजा मरे अनि रानी मरिन्' कथा हो भने 'राजा मरे र त्यो वियोग खप्न नसकेर रानी पनि मरिन्' भन्नु चाहिं यसको कथानक मानिन्छ ।

'कथावस्तु खानीभित्रको काँचो पदार्थ हो, त्यस काँचो पदार्थलाई झिकेर त्यहाँबाट विशुद्ध सुन केलाएर आख्यानकारले त्यसलाई गहनाको रूप दिन्छ, त्यही आख्यानरूपी गहना हामी मुख-मुखमा, जिब्रो-जिब्रोमा, झुन्ड्याएर हिड्छौं, त्यो काँचो सुन र गहनाको रूपमा प्रस्तुत सुनलाई परस्पर छुट्याउने जुन अनुभूतिगम्य तत्त्व हुन्छन् तिनको संयोजना नै कथानक बन्छ, अनि अलङ्कार्य अङ्गमा झुन्डिन वा बेरिन पुग्ने त्यो वस्तु (गहना) नै कथा हुन्छ ।'[२४] भनी घनश्याम नेपालले उल्लेख गरेका छन् ।

'रहस्य कथानकका लागि आवश्यक कुरा हो भने कुतूहलताको आवश्यकता पनि कथानकका लागि हुन्छ तर यो रहस्य भित्र स्वतः आउँछ ।'[२५] द्वन्द्व तथा क्रियाव्यापार कथावस्तुका आधार सामग्री हुन् तापनि एक कुशल कथाकारले यी सामग्रीहरूको विकेन्द्रिक ऐक्य देखाउनका लागि तिनको युक्तिपूर्ण उत्कर्षलाई विभिन्न एकाइमा राखेको हुन्छ । त्यसैले कथावस्तु भनेको एकभन्दा बढी दृश्यविधानको आनुक्रमिक निर्माण र तिनका बीचको सम्बन्धको स्थापना भन्ने बुझिन्छ ।[२६] द्वन्द्वविना दृश्यविधानले पूर्णता प्राप्त गर्न सक्तैन र त्यस्ता द्वन्द्वहरूको पूर्वापर सम्बन्ध नरहेको खण्डमा सम्पूर्ण रूपले त्यस कथाको संरचनात्मक पूर्णता प्राप्त गर्न सक्दैन ।

'कुनै पनि कथाका लागि इतिहास, यथार्थ, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना गरी मुख्य ५ स्रोतबाट विशुद्ध वा मिश्रित रूपमा कथानकको छनोट गर्न सकिन्छ ।'[२७] यिनै कथानकका स्रोतका आधारमा कथालाई ऐतिहासिक, सामाजिक, यथार्थवादी, रतिरागात्मक, स्वैरकल्पनात्मक आदि प्रकारमा विभाजन गर्न सकिन्छ ।

### ४.४.१.२ पात्र/चरित्र

आख्यानमा जुन तत्त्वका माध्यमद्वारा घटनाहरू हुन्छन् र ती घटनाहरू विकसित बन्छन् त्यस तत्त्वलाई पात्र भनिन्छ । पात्रका हाउ-भाउ, आनी-बानी आचरण वा कार्यशैली आदिलाई चरित्र भनिन्छ ।[२८] अर्थात् कुनै पनि कृतिभित्र उपस्थित भई विभिन्न घटनाहरू घटाउँदै कथानकलाई गतिशील तुल्याउने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथामा

---

२२ ऐजन, पृ. २१ ।

२३ ऐजन, पृ. २१ ।

२४ घनश्याम नेपाल, **आख्यानका कुरा**, दो.सं., (भारत : एकता बुक्स हाउस प्रा.लि., सन् २००५), पृ. ३३ ।

२५ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २२ ।

२६ दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४**, पूर्ववत्, पृ. ९ ।

२७ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २३ ।

२८ घनश्याम नेपाल, पूर्ववत्, पृ. ५१ ।

चरित्र भन्नाले कथानक सङ्गठनको एक आधार भन्ने बुझिन्छ । "पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्ग विना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा पात्र भन्ना साथ अभिप्रेरणा र स्थिरताको कसीमा सफल भएको हुनु पनि आवश्यक छ ।[२९] वर्तमान कथा साहित्यमा आधुनिक जगत्का कला साहित्य विषयक आन्दोलनको प्रभाव, कृतिगत गतिशीलता र लेखकीय तथा पाठकीय रुचिमा भएको परिवर्तनले विशेष स्थान जमाएको हुनाले कथा कृतिमा कथानकको प्रधानतालाई छोडी चरित्र प्रधानताले जरो गाडेको र वर्तमान जटिल मानवीय भोगाइ तथा पात्रको अन्तर्मानसिक विचरणमा कथाकारको ध्यान खिचिएको हुनाले कथामा कथानकको क्षीण अस्तित्व काव्यशास्त्रीय दृष्टिले पात्रहरू थरीथरीका हुन्छन् । कथाको आवश्यकता अनुरूप तिनीहरू कथामा प्रवेश गर्छन् र गति अनुरूप विकसित र निर्वासित हुन्छन् । पात्रहरू समाजबाटै लिइन्छन् ती जस्ताको तस्तै नभएर कथाकारको सिर्जनात्मक कल्पनाको रङ्गमा रङ्गिएर प्रकट हुने गर्छन् । चरित्रको प्रस्तुति, तिनको विकास, विकासको आरोह-अवरोहको गतिलाई चारित्रीकरण भनिन्छ ।"[३०]

कथामा प्रयुक्त चरित्र विभिन्न प्रकार र स्वभावका हुने भएकाले यिनीहरूको वर्गीकरण निश्चित मापदण्डका आधारमा गर्न सकिन्छ । घनश्याम नेपाल, राजेन्द्र सुवेदी, मोहनराज शर्मा आदि कथाविद्हरूले चरित्र वर्गीकरणको खाका आ-आफ्नै तरिकाले प्रस्तुत गरेका छन् तर यहाँ मोहनराज शर्माको आधारलाई प्रमुख आधार मानेर पात्रहरूको वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

(क) **लिङ्गको आधार**

यो व्यक्तिको वा पात्रको शारीरिक जात छुट्याउने आधार हो । यस आधारमा हेर्दा कथामा पात्र स्त्री र पुरुष गरी दुई प्रकारका हुन्छन् ।

(ख) **कार्यको आधार**

आख्यानात्मक कृतिमा उपस्थिति सबै पात्रले उत्तिकै महत्त्वका कार्य गर्दैनन् । कार्य घटी-बढीका आधारमा पात्र तीन वर्गका हुन्छन् : प्रमुख पात्र, सहायक पात्र र गौण पात्र ।

(ग) **प्रवृत्तिको आधार**

प्रवृत्तिगत सकारात्मक र नकारात्मक आधारमा पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् ।

(घ) **स्वभावको आधार**

कथामा प्रयुक्त पात्रको परिवेश र परिस्थिति अनुसार बदलिने वा नबदलिने स्वभावका आधारमा चरित्रका गतिशील र गतिहीन गरी दुई वर्ग हुन्छन् ।

---

२९ दयाराम, श्रेष्ठ, **नेपाली कथा भाग-४**, पृ. १० ।

३० बाबुराम ओझा, "परशु प्रधानका प्रमुख कथाहरूको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, (विराटनगर : स्नातकोत्तर क्याम्पस, २०६०), पृ. ५० ।

(ङ) **जीवन चेतनाको आधार**

कथामा आएका चरित्रले आफ्नो व्यक्तिगत वा अरूका जीवनको पनि प्रतिनिधित्व गर्ने चेतनाका आधारमा पात्र दुई वर्गका हुन्छन् : व्यक्तिगत र वर्गगत ।

(च) **आसन्नताको आधार**

कथामा प्रत्यक्ष रूपमा उपस्थित हुने र नहुने यस आधारमा चरित्र मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् ।

(छ) **आवद्धताको आधार**

कथानकमा बाँधिने वा नबाँधिने आधारमा पनि पात्र दुई वर्गका हुन्छन् : बद्धपात्र र मुक्तपात्र ।

### ४.४.१.३ सारवस्तु

कुनै कथामा आत्मा झैं अन्तर्निहित आधारभूत धारणा वा विचार-मान्यता नै सारवस्तु हो । यसलाई केन्द्रीय भाव, निर्देशित विचार वा अन्तर्निहित सत्य पनि भन्ने गरिन्छ ।'[३१] सार वस्तुलाई उद्देश्य पनि भन्ने गरिन्छ । कुनैपनि कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँछौं त्यही नै सारवस्तु (Theme) हो ।[३२] कथामा कुनै न कुनै विचार वा भावको बीज रूप प्रत्यक्ष वा प्रच्छन्न रूपमा रहेको हुन्छ जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ । त्यस बीज रूपलाई बिना अग्रहीकरण कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो त्यो कृति त्यत्तिकै उत्कृष्ट बन्न सक्छ । त्यसैले बीज रूप भनेको कथा संरचनाको सौन्दर्य तत्त्व हो जसलाई हामी सारवस्तु भनेर चिन्दछौं ।[३३] आख्यानमा आख्यानकारले व्यक्त गरेका विचारहरूको निचोड वा सार नै सारवस्तु हो । प्रत्येक आख्यानकृति एक प्रकारको सङ्केत विधान वा सङ्केत व्यवस्था हो, जसका माध्यमबाट त्यसका निर्माताले बहुविद् आर्थी सम्भावनाहरूको विधान गरेको हुन्छ । आख्यानमा पाइने यस्तै आर्थी सम्भावनाहरूको समष्टिलाई विचारतत्त्व वा सारवस्तु भनिन्छ ।"[३४] सारवस्तुमा नै पात्रहरूले पौडने र खेल्ने स्वतन्त्रता प्राप्त गर्दछन् भने लेखकले तिनकै माध्यमद्वारा आफ्ना धारणालाई समुचित विन्यास र सम्प्रेषण गरिरहेको हुन्छ ।[३५] यस अङ्गलाई कथाकारले अभिधात्मक (सिधा सम्प्रेषणद्वारा पाठकवर्गसँग संवेगात्मक सम्बन्ध स्थापना), अन्योक्तिमूलक (यथार्थभन्दा भिन्न रहस्यपूर्ण सत्यको द्योतन) र प्रतीकात्मक (कुनै एक मूर्त वा अमूर्त वस्तुलाई केन्द्र बनाएर त्यसैमा आफ्नो भाव वा विचार अभिव्यक्त गर्नु) अर्थको तहबाट प्रदर्शन गर्न सक्तछ ।"[३६] सारवस्तुलाई सिधै उपदेशका रूपमा व्यक्त गरियो भने त्यसलाई विचार वाक्य भनिन्छ त्यसको साटो कथाका प्रत्येक पक्षमा सारवस्तु फिंजाएर प्रस्तुत

---

[३१] दयाराम श्रेष्ठ, **अभिनव कथाशास्त्र**, पूर्ववत् पृ. ३८ ।

[३२] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. १२ ।

[३३] ऐजन, पृ. १२ ।

[३४] घनश्याम नेपाल, पूर्ववत्, पृ. ७९ ।

[३५] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३८ ।

[३६] दयाराम श्रेष्ठ, **अभिनव कथाशास्त्र**, पूर्ववत्, पृ. ३९ ।

भयो भने त्यसले पाठकलाई कथाका प्रत्येक पक्षप्रति सचेत बनाउँछ र तिनमा रहेको विचलनको अर्थ बुझ्न मद्दत गर्दछ ।[३७] सारवस्तु कथाको अर्थ भएको हुँदा त्यसको छिनोफानो गर्दा प्रतीकात्मक स्वरूपलाई पनि खोतल्नु पर्ने हुन्छ, अन्यथा कथाको सतह छोडेर गहिराइमा पस्न निकै गाह्रो हुन्छ । कथाको सारवस्तु स्थानीय र विश्वजनीन गरी दुई प्रकारका हुन्छन् । स्थानीय सारवस्तुले कुनै देशमा सीमित रही सत्यको निरीक्षण गर्दछ भने विश्वजनीन सारवस्तुमा जीवनको शाश्वत सत्यको खोजी गरिन्छ ।[३८]

यसरी कथाको विषयवस्तु र संरचना जे-जस्तो किसिमको भए पनि हरेक कथा निश्चित वैचारिकतामा अडिएको हुन्छ । छोटकरीमा भन्दा कथाले छोड्ने निष्कर्ष नै कथाको सारतत्त्व हो, जसको सम्बन्ध कथाको उद्देश्यसँग गाँसिएको हुन्छ ।

### ४.४.१.४ दृष्टिविन्दु

कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरेपछि कथाकार सामु के प्रश्न आउँछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई ठोस आकार वा संरचना प्रदान गर्ने ? यस प्रश्नको समाधान नै दृष्टिविन्दुले गर्दछ ।[३९] अथवा कथामा कथावस्तुलाई अगाडि लैजान कोही न कोही समाख्याता रहने गर्दछ, त्यसैलाई दृष्टिविन्दु भनिन्छ । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँछ । यो मूलतः कथा भन्ने पद्धति वा तरिका हो । कथा कसरी भनिएको छ, भन्दा पनि कथा कसले भन्दै छ भन्ने कुरासँग दृष्टिविन्दु गाँसिएको छ । यस अर्थमा दृष्टिविन्दु कथाकार उभिने ठाउँ हो ।[४०] वास्तवमा दृष्टिविन्दुका माध्यमद्वारा कथाकारले आफ्ना धारणाहरू पाठक वर्गमा पस्कने र यसको अभावमा कथामा प्रयुक्त अन्य अवयवहरूमा जीवन्तता अप्राप्य हुने हुनाले यसलाई कथाकार र पाठकबीचको सम्बन्ध सूत्र भनिन्छ ।

कथामा दृष्टिविन्दुका दुई रूप हुने गर्दछन् ।

(क) आन्तरिक दृष्टिविन्दु
(ख) बाह्य दृष्टिविन्दु

**(क) आन्तरिक दृष्टिविन्दु**

कथामा कथयिताले घटना वा पात्रको वर्णन गर्दा प्रथम पुरुष 'म' को आँखाबाट दृश्यमान् गराउने हो भने कथामा आन्तरिक दृष्टिविन्दु रहन्छ ।[४१] यसलाई प्रथम पुरुष दृष्टिविन्दु पनि भनिन्छ । आन्तरिक दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । केन्द्रीय आन्तरिक दृष्टिविन्दुमा 'म' पात्र नै कथावाचक बनेको हुन्छ । उसैका नितान्त निजी अनुभूति, धारणा, दृष्टिकोण र भावनाहरूबाट सम्पूर्ण कथाको रूपायन गरिएको हुन्छ । यस्तो कथामा पात्रहरू अरू पनि हुन्छन् तर मुख्य पात्र 'म' को प्रभावक्षेत्र भित्र ती सीमित हुन्छन् ।"[४२]

---

[३७] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३८-३९ ।

[३८] ऐजन, पृ. ३९ ।

[३९] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४**, पूर्ववत्, पृ. १० ।

[४०] ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, पूर्ववत्, पृ. ६ ।

[४१] दयाराम श्रेष्ठ, **अभिनव कथाशास्त्र**, पूर्ववत्, पृ. २९ ।

[४२] ऐजन, पृ. २९ ।

"परिधीय आन्तरिक दृष्टिविन्दुमा 'म' पात्र मुख्य कथाभित्र नपसी परिधी बाहिर बसेको हुन्छ । उसले कथावाचकका रूपमा देखापरेको अर्को तृतीय पुरुषलाई सञ्चालन गर्ने काम गर्दछ । यस्तो कथामा 'म' माध्यमात्र बन्दछ र अर्को मुख्य पात्रको कथाको प्रस्तुतिमा सहायक वा प्रेरक बन्दछ ।"[४३]

(ख) **बाह्य दृष्टिविन्दु**

कथामा पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिविन्दु हुन्छ । अर्थात् कथामा 'त्यो' वा 'ऊ' पात्र हुन्छ र त्यस्तो पात्रको आफ्नै आकाश वा भिन्न-भिन्न दिक्-काल हुन्छ । कथाकारले आफू नेपथ्यमा बसेर त्यस्ता पात्र वा पात्रहरूका विचार वा भावनाको संसारलाई कथामा प्रतिनिधित्व गरिदिन्छ ।

बाह्य दृष्टिविन्दुका पनि तीन प्रकारहरू निर्धारण गरेको पाइन्छ ।

(क) सर्वदर्शी बाह्य दृष्टिविन्दु

(ख) सीमित बाह्य दृष्टिविन्दु

(ग) वस्तुपरक बाह्य दृष्टिविन्दु

कथामा एकभन्दा बढी पात्रहरूको दृष्टिविन्दुलाई समेटिएको बाह्य दृष्टिविन्दु सर्वदर्शी बाह्य दृष्टिविन्दु हुन्छ ।[४४] आफ्ना पात्र र घटनाका कुरालाई सर्वज्ञ झैं बनेर कथयिताले नै वर्णन टिप्पणी गर्दै सबै कुरा आफ्नै नियन्त्रणमा लिइएको हुन्छ ।[४५] यसलाई सर्वदर्शी बाह्य दृष्टिविन्दु भनिन्छ । कथाको कथयिताले कथावाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुप्त गराउँछ र सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गर्दछ । यसलाई सीमित बाह्य दृष्टिविन्दु भनिन्छ भने वस्तुपरक बाह्य दृष्टिविन्दु भएको कथामा कुनै पनि पात्रको दृष्टिविन्दु प्रस्तुत गरिएको हुँदैन । यसलाई नाटकीय पनि भनिन्छ । क्यामराले पात्रहरूलाई पछ्याए झैं प्रस्तुत गरिने र चरित्र तथा तिनका विचार प्रति कथयिताले कुनै टिप्पणी नगर्ने भएकाले यसलाई वस्तुपरक भनिएको हो ।

### ४.४.१.५ परिवेश

कथामा निर्देशित घटना घटेको स्थान, समय र परिस्थितिलाई नै परिवेश भनिन्छ । देश, कालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । यसमा जीवनका कथा रीतिरिवाज, रहनसहन, व्यवहार, प्राकृतिक पूर्वाधार जस्ता कुराहरू पर्दछन् ।'[४६] अर्को शब्दमा भन्दा "आख्यानमा पात्रको व्यक्तित्व, परिवार, पारिवारिक पृष्ठभूमि, समाज, सामाजिक परम्परा, प्रकृति, कोठेबारीका फूल र करेलाको झ्याल, घरपारिपट्टिको तारेभीर र माथिको अटव्य जङ्गल, ऋतु र अन्यान्य भू-

[४३] ऐजन, पृ. ३० ।

[४४] ऐजन, पृ. ३२ ।

[४५] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३६ ।

[४६] ऐजन, पृ. ३३ ।

प्राकृतिक विशेषतादेखि लिएर पात्रका क्रियाकलाप, क्रियाव्यापार घट्ने पृष्ठभूमि वा स्थिति, भाषा, भाषिका, व्यक्तिबोली आदि सब कुरा परिवेश अन्तर्गत नै पर्दछन् ।"[४७]

उपयुक्त परिवेशले नै कथालाई जीवनसँग निकट तुल्याउँछ । देश-कालको उपयुक्त आयोजना भयो भने मात्र कथामा वर्णित घटना वा चरित्रले गरेका कार्यहरूको विश्वसनीयतामा वृद्धि हुन्छ । हड्सनले देश काललाई स्थूल र सूक्ष्म भनी दुई भागमा विभाजन गरेका छन् ।

'स्थूल भनेको चरित्रले कार्य गरेको स्थल, सम्बद्ध प्राकृतिक स्थिति एवम् समय वृत्ति हो भने सूक्ष्म देश काल भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो ।'[४८]

परिवेश बाह्य परिवेश र आन्तरिक परिवेश गरी प्रकारका हुन्छन् । बाह्य परिवेश भनेको बाहिरी रूपमा वर्णन गरिएको स्थान, समय हो भने आन्तरिक परिवेश भनेको कथामा वर्णित पात्रहरूको मानसिक परिस्थिति हो । मनोवैज्ञानिक कथामा आन्तरिक परिवेश सशक्त रूपमा आएको हुन्छ । परिवेश कथामा उल्लेख भएन भने पाठकहरूमा विश्वसनीयता घट्दै जान्छ र कथा जति लोकप्रिय हुनुपर्ने हो त्यति हुन सक्तैन । त्यसकारण परिवेश पनि कथाको आवश्यक तत्त्व हो ।

### ४.४.२ रूपविन्यासका आधारमा कथाका तत्त्वहरू

कथावस्तुमा अन्य अङ्गहरूको समावेशबाट एउटा निश्चित आकार तय गरेपछि यसलाई सुन्दर बनाउने युक्तिलाई रूपविन्यास भनिन्छ । अर्थात् कथाबाट अर्थ, सारवस्तु, कथानक आदिलाई पृथक गरेर हेर्दा जे बाँकी रहन्छ त्यसलाई नै रूपविन्यास भनिन्छ ।[४९] विन्यासले कुनै क्रम वा क्रमबद्ध प्रणालीद्वारा उत्पन्न भएको सुन्दरतालाई जनाउँछ । रूपविन्यासले नै साहित्यिक विधालाई गैर-साहित्यिक रचनाबाट छुट्याउने गर्छ । गैर-साहित्यिक रचनामा पनि संरचना त पाउन सकिन्छ तर रूपविन्यास हुँदैन । 'रूपविन्यास वैयक्तिक हुने हुनाले यसमा संवृत र बिवृत दुई स्थितिहरू हुन्छन् । संवृत रूपविन्यासमा कथाकार सरल अभिव्यक्तितिर उन्मुख हुने र विवृतमा विशिष्ट प्रकारको अभिव्यक्तितिर उन्मुख हुने गर्दछ ।[५०] रूपविन्यास अन्तर्गत भाषा, शैली, विम्ब, प्रतीक, अन्योक्ति, व्यङ्ग्य आदि शैल्पिक अवयवहरू पर्दछन् ।

### ४.४.२.१ भाषा

भाषा मानवीय अनुभूति र अभिव्यक्तिको माध्यम हो । त्यसैले यो व्यक्तिको अनुभव र अनुभूत यथार्थको अभिव्यक्तिको माध्यम हुनुका साथै सामाजिक चिन्तनको प्रतीक पनि हो ।'[५१] भाषालाई अभिव्यक्तिको सशक्त माध्यम र साहित्यलाई लिखित भाषाको माध्यमबाट व्यक्तिने कला मानिनाले भाषाविना साहित्यको मूर्तता असम्भव देखिन्छ । 'कथाका अन्य उपकरणको संयोजन र

---

[४७] घनश्याम नेपाल, पूर्ववत्, पृ. ९४ ।

[४८] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३३ ।

[४९] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४**, पूर्ववत्, पृ. १३ ।

[५०] ऐजन, पृ. १३ ।

[५१] ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, पूर्ववत्, पृ. ६ ।

प्रस्तुति गर्ने आधार सामग्रीका रूपमा भाषालाई लिइन्छ ।'[५२] कथा गद्य भाषामा अभिव्यक्त हुने विधा हो । साहित्यिक गद्यको भाषिक संरचना सामान्य प्रयोग र प्रचलनको भाषासित व्याकरणिक दृष्टिले मिल्दो, जुल्दो हुने हुँदा पनि सामान्य भाषाभन्दा यो बढी आकर्षक र प्रभावकारी हुन्छ । कथामा प्रयुक्त भाषा तत्सम शब्दको प्रयोग अधिक भएको परिशिष्ट, काव्यात्मक तथा क्लिष्ट, मध्यकाव्यात्मक र प्रचलित गरी तीन प्रकारहरू मध्ये कुनै एक प्रकारको हुन सक्छ । साहित्यिक भाषामा सामान्य नियमको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्य चेतना भाषिक कलाको आधारमा खडा भएको हुन्छ ।[५३]

### ४.४.२.२ शैली

भाषालाई अभिव्यक्त गर्ने ढङ्ग वा तरिकालाई नै साहित्यमा शैली भनिन्छ । 'शैली' शब्द 'शील' बाट बनेको हो र शीलको अर्थ स्वभाव हुनाले कवि स्वभावका आधारमा गुम्फित रचनाविशेष नै शैली मानिन्छ ।[५४] साहित्यिक गद्यको भाषिक संरचना सामान्य प्रयोग र प्रचलनको भाषासँग व्याकरणिक दृष्टिले मिल्दोजुल्दो हुने हुँदा सामान्य भाषाभन्दा यो बढी आकर्षक र प्रभावकारी हुन्छ । यसरी सामान्य रहेरै पनि असामान्य बन्न सक्नु गद्यको शैलीगत वैशिष्ट्य हो । तापनि कतिपय ठाउँमा सर्जकद्वारा विशिष्ट अभिव्यक्ति र भाषिक सौन्दर्य प्रकटीकरणका लागि भाषाको व्याकरणिक तथा कोशीय नियमलाई अतिक्रमण गरेर गद्य भाषाको प्रयोग गरिएको हुन्छ ।[५५] कथामा भाषालाई माध्यम तुल्याएर कथाकारले आफ्नो कुरा व्यक्त गर्ने तरिकालाई नै शैली भनिन्छ । शैलीलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । कथामा घटनाको कालका आधारमा, लेखकका आधारमा, भाषाका आधारमा, प्रयोगका आधारमा, तहका आधारमा शैली भिन्न-भिन्न प्रकारका देखिन्छन् ।

### ४.४.२.३ बिम्ब र प्रतीक

बिम्बको अर्थ हुन्छ काल्पनिक चित्रको निर्माण । बिम्ब शब्दको प्रयोग साहित्यमा 'मानसिक तस्बिर' भन्ने अर्थमा प्रयुक्त हुन्छ । कुनै वस्तुको रूप, रङ्ग, गुण वा आकारको इन्द्रीय ग्राह्य अनुभूतिको सञ्चरण पाठकमा गर्नु नै बिम्बको मुख्य धर्म हो ।[५६] अर्थात् बिम्ब भन्नाले मस्तिष्कमा पर्ने कुनै पनि वस्तुको छाया हो । कथामा यस्तो छाया बसाउने माध्यम भाषा हुन्छ । शब्दका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना वा पात्रको यथार्थ सदृश छाया पारिदिने पद्धतिलाई बिम्ब विधान भनिन्छ ।"[५७] कथामा बिम्ब अनिवार्य त हुँदैन तर यसको उपस्थिति रहेमा कथाको स्थापत्यमा आन्तरिक सौन्दर्य थपिन्छ ।

---

[५२] अङ्गद गौतम, **परशु प्रधानको कथाशिल्प**, (विराटनगर : वाणी प्रकाशन, २०५३), पृ. १३८ ।

[५३] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३९ ।

[५४] मोहरनाज शर्मा, **शैलीविज्ञान**, दो.सं., (काठ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५९), पृ. २ ।

[५५] अङ्गद गौतम, पूर्ववत्, पृ. १३८ ।

[५६] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४**, पूर्ववत्, पृ. १३ ।

[५७] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ४१-४२ ।

कथामा अमूर्त भाव वा कथ्यलाई मूर्त गर्नका लागि प्रस्तुत गरिने मूर्त वस्तुलाई प्रतीक मान्ने गरिन्छ । यसैले प्रतीक भनेको अमूर्तको मूर्त विधान ठहर्छ ।'[५८] वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ ।"[५९] प्रतीकले एकातिर अमूर्त वा अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मीठोसँग भन्दछ ।

'रूपविन्यासमा यी बाहेक अन्योक्ति, व्यङ्ग्य, प्राक्सन्दर्भ, आदि पनि प्रस्तुत गर्न सकिन्छ ।'[६०]

## ४.५ फ्रेटागको पिरामिड/सूची स्तम्भको आधारमा कथानकको विकास

प्रसिद्ध जर्मन समालोचक गुस्ताभ फ्रेटागले आख्यानात्मक कृतिका संरचनामा पाइने कथानकको जुन विकासक्रम निर्धारण गरेका छन् त्यसलाई उनकै नामबाट 'फ्रेटागको पिरामिड' भनिन्छ ।[६१] उनले 'टेकनिक अफ द ड्रामा' (सन् १८६३) पुस्तकमा सूची स्तम्भात्मक आकारमा कथानकको विकासक्रममा निम्न पाँच अवस्थाहरू देखाएका छन् ।[६२]

### (क) आरम्भ

यस अवस्थामा कथानकका मुख्य पात्रहरूको चिनारी गराइएको हुन्छ साथै यसमा पात्रहरूले जुध्नु परेको समस्या वा परिस्थितिको पनि जानकारी दिइएको हुन्छ ।

### (ख) सङ्घर्ष विकास

यस अवस्थामा कुनै आकस्मिक परिस्थिति अथवा घटना विशेषका कारण पात्रहरूका सामु नयाँ समस्या उत्पन्न हुन्छ र पात्रको सङ्घर्ष आरम्भ हुन्छ । यो नै पहिलो सङ्कटावस्था हो ।

### (ग) चरम

पहिलो सङ्कटावस्थाले कथानकमा अन्य सङ्कटावस्थालाई जन्माउँछ र सङ्कटावस्थाको एउटा शृङ्खला तयार हुन्छ । सङ्घर्ष बढ्दै गई कथानकको विकास हुन्छ । सङ्कटावस्थाको शृङ्खलाले अन्त्यमा पात्रहरूलाई यस्तो स्थितिमा पुऱ्याउँछ जो, सबैभन्दा महत्त्वपूर्ण, गम्भीर र निर्णायक हुन्छ । यो अन्तिम सङ्कटावस्था नै चरम हो । चरमले पाठकको मानसिकतामा आन्दोलन मच्चाइदिन्छ ।

### (घ) सङ्घर्ष ह्रास

यस अवस्थामा कथानकका पात्रको चर्को सङ्घर्ष मत्थर हुन्छ । छरिएका घटनाहरू समेटिन थाल्छन्, पात्रको कुनै कार्य, निर्णय वा खोजका कारण सङ्घर्ष टुङ्ग्याउनीमा पुग्छ ।

---

५८ दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४**, पूर्ववत्, पृ. १३ ।

५९ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ४० ।


६० दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४**, पूर्ववत्, पृ. १३ ।

६१ मोहनराज शर्मा, पूर्ववत्, पृ. १५१ ।

६२ नेत्रमणि सुवेदी, "भ्रमर उपन्यासको कृतिपरक अध्ययन", अप्रकाशित, स्नातकोत्तर शोधपत्र, (काठ : नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५३), पृ. ४५ ।

(ङ) उपसंहार/परिणति

यस अवस्थामा पात्रको सङ्घर्ष टुङ्गिन्छ । पात्रहरूले आफ्ना कार्य अनुसार फल पाउँछन् त्यसपछि कथाको अन्त्य हुन्छ । यी पाँचओटा अवस्थालाई फ्रेटागको पिरामिडमा यसरी देखाउन सकिन्छ ।




फ्रेटागको पिरामिड

संकेतहरू

१. आरम्भ

२. संघर्षविकास

३. चरम

४. संघर्षह्रास

५. उपसंहार

→ कथानकको विकासको गतिको दिशा

------ काल्पनिक आरेख

यो सूची स्तम्भ अनियमित कथानकको स्थितिमा आकार फेरिन गई अर्कै रूपमा स्थापित हुन सक्छ ।

## ४.६ कथाको वर्गीकरणका आधारहरू

कथाहरू विभिन्न प्रकारका हुन्छन् । तर यो विधा कथाकारको नितान्त व्यक्तिनिष्ठ कल्पनाको सिर्जना भएको हुँदा ती प्रकारहरूमा अन्तर्मिश्रिण पनि भयो । त्यसैले कतिपय कथाहरूलाई किटानका साथ यही प्रकारको हो भनेर निर्णय गर्न व्यवहारिक कठिनाइ आउनु स्वाभाविकै हो तापनि सिद्धान्ततः मोटोमोटी कथाहरूका प्रकार छुट्याउने मापदण्ड समालोचना शास्त्रमा नपाइने होइन ।[६३] तर यो विधा द्रुत गतिशीलताको गुण भएकाले कुनै निश्चित साँचो भित्र वा लक्षणशास्त्रको सीमाभित्र बस्न यसलाई सहज भएन । तर यी सबै व्यवहारिक यथार्थताका अतिरिक्त पनि समीक्षकहरूले यस विधालाई विभिन्न प्रकारमा बाँड्ने जमर्को गरेकै छन् ।

वास्तवमा कथाको प्रकार छुट्याउने आधारमा जम्मा २ ओटा आधारलाई वैज्ञानिक आधार मानिदै आएको छ ।

(१) रुचिक्षेत्र

(२) रीतिक्षेत्र

### ४.६.१ रुचिक्षेत्र

कथा बौद्धिक एवम् मानसिक प्रक्रियाको उपज भएको हुँदा यससँग साक्षात्कार गर्न, समाजभित्र समाजका विभिन्न गतिविधि भित्र, समाजका भित्री-बाहिरी दुवै तहभित्र पसी सूक्ष्मतिसूक्ष्म कुराहरूका अन्तर्निरीक्षण गर्न सक्नुपर्छ ।[६४] एकातिर समाजका व्यक्ति, परिवेश, मूल्य, मान्यता हुन्छन् भने अर्कातिर व्यक्तिको मनोलोक पनि हुन्छ जहाँ असङ्ख्य भाव, संवेग, कल्पना

---

[६३] दयाराम श्रेष्ठ, **अभिनव कथाशास्त्र**, पूर्ववत्, पृ. ४८ ।

[६४] ऐजन, पृ. ४९ ।

इत्यादि तरङ्गित हुने गर्छन् । वस्तु वा तथ्यको गहन अध्ययनबाट कथाकारले आ-आफ्नै मान्यता र धारणा बनाउँदछ, जुन कथामा व्यक्त हुन्छ । कथाकार समाजकै एक चेतनशील व्यक्ति हो । त्यसैले समाजकै यथार्थसँग कथाकारको रुचि जोडिएको हुन्छ ।[६५]

त्यसै रुचिलाई कथाकारले कथाको विषय बनाएको हुन्छ । कथाकारको रुचि बेग्ला-बेग्लै क्षेत्रमा रहेको हुन्छ । कथामा रुचिको क्षेत्रलाई स्पष्ट पार्ने काम मुख्यतः कथावस्तुले नै गर्दछ । रुचि क्षेत्रका आधारमा कथाहरू निम्न प्रकारका हुन्छन् ।

(क) सामाजिक कथा

(ख) मनोवैज्ञानिक कथा

(ग) प्रगतिवादी कथा

(घ) अस्तित्ववादी कथा

### ४.६.२ रीतिक्षेत्र

प्रत्येक कथाकारको भिन्न मनोभाव तथा प्रवृत्ति हुन्छ । त्यसैले कोही वस्तुपरक ढाँचालाई मन पराउँछन् भने कोही चाहिँ भावपरक ढाँचालाई । एउटै विषयको कथालाई विभिन्न रीति वा प्रणालीमा लेख्न सकिन्छ ।[६६] यसलाई अर्को शब्दमा भन्दा विषयवस्तुको प्रस्तुतिमा देखिने शैली, ढाँचाका आधारमा गरिएको वर्गीकरण पनि भन्न सकिन्छ । कोही आदर्शतर्फ मोडिन मन पराउँछन् भने कोही चाहिं कोरा यथार्थतर्फ । त्यसैले कथावस्तुको मोडका आधारमा कथाको रीति निर्धारण हुन्छ । मुख्यतः कथाकारले विषयलाई कुन रूप दिन खोजेको हो? यी प्रश्नको उत्तर खोजी हामी कुनै पनि कथाको रीति पहिचान गर्न सक्छौं । यसरी वर्गीकरण गर्दा निम्न प्रकारका कथाहरू पाउन सकिन्छ ।

(१) घटनाप्रधान कथा

(२) चरित्रप्रधान कथा

(३) विचारप्रधान कथा

(४) प्रयोगवादी कथा ।

## ४.७ निष्कर्ष

साहित्यका विभिन्न विधाहरूमध्ये आख्यान भित्र पर्ने एक उपविधा कथा हो । यसको श्रुतिपरम्परा ज्यादै लामो भए पनि कथाको आधुनिक स्वरूप भने उन्नाईसौं शताब्दीको देन हो । बैदिक कालदेखि नै श्रुतिपरम्पराका रूपमा आएको कथाको परिभाषा यो नै हो भनेर निश्चित किटान गर्न सकिंदैन किनकी यो गतिशील र परिवर्तनशील विधा हो । यति हुँदाहुँदै पनि विभिन्न विद्वान्हरूले आफ्ना समयमा उपलब्ध कथाहरूको अध्ययन गरेर आफ्ना आफ्ना कथा सम्बन्धी परिभाषा दिएका छन् । अनि कथा निर्माणका आवश्यक तत्त्वहरूको पनि चर्चा गरेका छन् । तर

---

[६५] ऐजन, पृ. ५१ ।

[६६] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. १५ ।

आवश्यक तत्त्वहरूको निर्धारणमा पनि विद्वान्हरूको मतैक्य भने देखिएको पाइँदैन । यति हुँदा हुँदै पनि आधुनिक समयमा कथाका आवश्यक तत्त्वलाई संरचना र रूपविन्यासका आधारमा छुट्याएर वर्गीकरण गरी अध्ययन गर्ने प्रचलन बढेको छ । संरचनाका आधारमा कथानक, पात्र, सारवस्तु, दृष्टिविन्दु, परिवेश आदि पर्छन् भने रूपविन्यासमा भाषाशैली, बिम्ब, प्रतीक, प्राक्सन्दर्भ, व्यङ्ग्य आदि जस्ता कुराहरू पर्दछन् । यी नै विभिन्न विद्वान्हरूले दिएका परिभाषा र निर्धारण गरेका तत्त्वहरूका आधारमा कथाको स्वरूप निर्धारण गरिन्छ ।

कथामा आएका विषयवस्तु, विचार, शैली आदिका आधारमा कथाको वर्गीकरण गर्दा मुख्यतः रुचिक्षेत्र र रीतिक्षेत्रका आधारमा कथाको वर्गीकरण गरेर विभिन्न कथाहरूलाई वर्गीकरण गरी अध्ययन गर्ने गरिएको पाइन्छ ।

# पञ्चम परिच्छेद

# ';Ltfx¿' syf;ªu|xsf] s|ltk/s ljZn]if0f

## ५.१ 'सीताहरू–एक' कथाको विश्लेषण

परशु प्रधानको बाह्रौं कथासङ्ग्रहका रूपमा प्रकाशित **सीताहरू** (२०६४) भित्र सङ्गृहीत पच्चीस ओटा कथाहरूमध्ये 'सीताहरू एक' हो । यो कथा पात्रको मनोविश्लेषण गरी लेखिएको मनोवैज्ञानिक कथा हो ।

### ५.१.१ कथानक

'सीताहरू एक' कथाको कथानक शाखा अधिकृतको कोचिङ्ग कक्षा लिन 'म' पात्रको कोठामा सीता पुग्नुबाट सुरु भएको छ । प्रत्येक दिन साँझमा सीता 'म' पात्रको कोठामा पुग्नु, कक्षा लिने सिलसिलामा 'म' पात्र र सीता ज्यादै घनिष्ट वा नजिक हुनु, 'म' पात्रले आफ्नो कोठाको साँचो नै सीतालाई जिम्मा लगाउनु, कोठा सफा गर्नुदेखि लिएर सम्पूर्ण कोठाको व्यवस्थापन सीताले नै गरिदिन सुरु गर्नु, 'म' पात्र अफिसबाट आउँदा चिया तयार बनाई सीता 'म' पात्रलाई पर्खन थाल्नु, त्यस्तैमा एकदिन 'म' पात्रका कोठामा सीता पुग्नु र त्यसपछि 'म' पात्रले आकस्मिक रूपमा आवेगमा आएर सीतालाई चुम्बन गर्नु, छाती समाउनु, नाङ्गो पार्नु र यौन सम्पर्कका लागि आमन्त्रण गर्नु आदि जस्ता घटनाहरू यस कथामा आएका छन् । पछि सीताको जागिरका लागि अन्तर्वार्ता लिने विशेषज्ञका रूपमा 'म' पात्र नै उपस्थित हुनु जस्ता घटनाहरूले यस कथाको कथानक संयोजन भएको छ । यो कथानक पश्च दृश्यबाट थालिएको र आदि र मध्यभागका घटनाहरू मिसिएर आएका हुँदा यसको विकास व्यतिक्रमिक र प्रकृति जटिल किसिमको रहेको छ ।

### ५.१.२ पात्र/चरित्र विधान

यस कथामा सीता, दिनेश, अन्तर्वार्ता लिने अन्य दुईजना सदस्यहरू, हाकिम आदि रहेपछि दिनेश र सीता प्रमुख पात्रका रूपमा कथामा आएका छन् भने अन्य पात्रहरूको भूमिका गौण रूपमा रहेको देखिन्छ ।

#### ५.१.२.१ 'म' अर्थात् दिनेश

कथामा दिनेश भन्ने पुरुष पात्रको नाम र सीताले दिनेश सर भनी सम्बोधन गरेबाट दिनेश लिङ्गका आधारमा पुरुष चरित्र हो । कथाको कथानक सुरुदेखि अन्त्यसम्म दिनेशकै केन्द्रीयतामा भएको हुनाले कार्यका आधारमा दिनेश प्रमुख पात्रका रूपमा उपस्थित रहेको छ । सीतालाई कोचिङ कक्षा दिएर शाखा अधिकृत पास गराउने भन्दै सतीत्व लुट्न पछि नपर्ने र हाकिमबाट बढुवा हुने लोभले सीतालाई पढाउने बहानामा आफ्नो व्यक्तिगत काम गर्न लगाउनुका साथै यौन शोषण गरेको देखाइएको छ त्यसैले दिनेश प्रवृत्तिका आधारमा प्रतिकूल पात्रको रूपमा उपस्थित रहेको छ । एउटा अफिसर भएर आफ्नो अनुकूल पर्नासाथ जस्तोसुकै नीच कार्य गर्न पनि पछि नपर्ने दिनेश स्वभावका आधारमा गतिशील पात्र हो । दिनेशजस्ता कयौं हाकिमहरू

आफ्नो पद सम्हालेर बस्ने र विभिन्न प्रलोभन र बढुवाको लोभ देखाएर अर्काको शोषण गर्ने चरित्रको प्रतिनिधित्व गर्ने हुनाले जीवनचेतनाका आधारमा ऊ वर्गगत पात्रका रूपमा उपस्थित भएको छ । कथामा दिनेशद्वारा सम्पन्न कार्यव्यापार दृश्य रहेको र समाख्याता समेत दिनेश रहेको हुँदा आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

आफ्नो पद र पेशालाई ख्याल नगरी आफ्नो कर्तव्यबाट पछि हटेर साह्रै नीच व्यवहार गरेको र पछि उसको मनस्थितिले कुनै कुरा सोच्न नसकेको कुरा अन्तर्वार्ता दिन सीता कोठामा प्रवेश गरेपछि स्वयं दिनेशले आफू अपराधी भएको स्वीकारेबाट स्पष्ट हुन्छ । त्यसैले दिनेशको मानसिकतामा तीव्र द्वन्द्व उपस्थित भएको छ । दिनेशले यौन आवेगले गर्दा सीतालाई यौन सम्पर्क गर्न खोजेको र सीताले त्यसमा कुनै प्रतिक्रिया नजनाएको कारण उसका इच्छा कुण्ठित भएका छन् । त्यसैले ऊ अन्तर्मुखी स्वभावका रूपमा आएको छ । यस्तो आफ्ना इच्छा पुरा नभएपछि दिनेश असामान्य अवस्थामा विमूढ भएको देखिन्छ ।

### ५.१.२.२ **सीता**

कथामा सीता स्वयं स्त्रीलिङ्गी नाम भएको र कथाको पुरुषपात्र दिनेशले सीतासँग यौन सम्पर्क गरेको देखाइएकाले सीता यस कथामा स्त्रीलिङ्गी पात्रका रूपमा रहेकी छे । कथामा दिनेशको चरित्रलाई प्रभाव पार्न स्वयं सीताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुँदा कार्यका आधारमा सीता प्रमुख पात्र हो । यहाँ 'म' पात्रद्वारा यौनिक फाइदा लिन खोज्दा यौनतिर चासो नदेखाई त्यसको मुक प्रतिकार गरेको र जागिरका लागि आफ्नो शरीर बेच्न नचाहने चरित्र रहेकाले प्रवृतिका आधारमा सीता अनुकूल पात्र हो । कथामा सीता सुरुदेखि नै एकदमै हक्की स्वभावकी र आफ्नो कुरा निडर भएर व्यक्त गर्नुका साथै आफ्नो निर्णयमा परिवर्तन नगर्ने हुनाले स्वभावका आधारमा गतिहीन पात्र हो । कुनै पनि कार्यालयमा अन्तर्वार्ता दिन जाँदा निडर भएर व्यङ्ग्यात्मक रूपमा हामिकहरूसँग ठाडो-ठाडो जवाफ जो कोही नारीले दिन नसक्ने हुनाले जीवन चेतनाका आधारमा सीता व्यक्तिगत पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म नै सीता उपस्थित रहनु र कथाबाट सीतालाई हटाउँदा कथाको संरचना नै बिग्रिन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

यस कथाकी सीता सामान्य नारीभन्दा फरक चरित्रका रूपमा कथामा उपस्थित रहेकी छे । यौन एउटा प्राकृतिक कुरा भए पनि उसलाई 'म' पात्र अर्थात् दिनेशले यौन उत्तेजक कृयाकलाप गराउँदा समेत उसलाई त्यसप्रति चासो नहुनु र यौनको बारेमा अनभिज्ञता प्रकट गर्नुले उसको असामान्य नारी चरित्र देखाएको छ । "अन्तर्वार्तामा बस्दा समेत नडराईकन बङ्ग्याएर उत्तर दिने र विशेषज्ञलाई नै प्रतिप्रश्न गर्ने हक्की स्वभावकी नारीका रूपमा ऊ उपस्थिति छे ।"[१] सीताको स्वभाव र क्रियाकलाप देख्दा मनमा कुनै पनि कुरा नराखी व्यक्त गर्ने बहिर्मुखी स्वभावकी नारी चरित्र मान्नु पर्दछ ।

---

१ लक्ष्मणप्रसाद गौतम, "आख्यानमा विनिर्मिति र असाधारण नारी चरित्रका कोलम्बसका पाइलाहरू", **सीताहरू**, परशु प्रधान (काठ : पैरवी प्रकाशन, २०६४), पृ. च ।

कथामा उपस्थित अन्य पात्रहरूमा अन्तर्वार्ता लिने अन्य दुई जना दिनेशका सहकर्मी र हाकिमको उपस्थित देखाइए पनि उनीहरूको भूमिका महत्त्वपूर्ण नभई गौण रूपमा नै रहेको छ ।

### ५.१.३ सारवस्तु

कथामा हाकिमले सीतालाई शाखा अधिकृतको परीक्षामा पास गराउनु पर्छ भनेर दिनेशलाई सुल्भ्हाइएको र कोचिङ कक्षा लिन आग्रह गरेको त्यसपछि दिनेशले सीतालाई कोचिङ कक्षा लिने बहानामा आफूले सीतालाई प्रयोग गरेको देखाएर प्रशासनिक क्षेत्रमा ठूला टाउके भनाउँदाहरूले के कस्तो व्यवहार गर्छन् भनेर प्रशासनिक क्षेत्रका विकृति-विसङ्गतिलाई देखाउनु नै यस कथाको सार रहेको छ । यसका साथै 'म' पात्र अर्थात् दिनेशको माध्यमबाट आफूले गर्न नहुने नीच काम गरेपछि मान्छेको मस्तिष्कमा ठूलो अन्तर्द्वन्द्व आउन सक्छ भन्ने कुरा 'म' पात्रको चरित्रमा देखिएको विमूढताले स्पष्ट गर्दछ । यसको उदाहरणका रूपमा दिनेश अन्तर्वार्तामा बस्दा उसले केही सोच्न नसक्नु र सीतालाई अन्तर्वार्तामा प्रश्न नै नगरी पठाइदिए स्पष्ट हुन्छ । मान्छेका इच्छा आकांक्षा कुण्ठित भएर रहेका हुन्छन् तिनले अवसर पाउने बित्तिकै तृप्तिको चाहना राख्छन् भन्ने कुरा दिनेशले सीतालाई गरेको व्यवहारबाट स्पष्ट हुन्छ । अनि यस कथाको अर्को महत्त्वपूर्ण कुरा कथामा उपस्थित प्रमुख पात्र दिनेश र सीताको असामान्य मानसिकताको उल्लेख गर्नु पनि यसको सारका रूपमा लिन सकिन्छ ।

### ५.१.४ दृष्टिविन्दु

यस कथामा नीच व्यवहार गरेको दिनेश अन्तर्वार्तामा बस्दा विमूढ अवस्थामा रहेको देखाइएको छ । कथानकका सम्पूर्ण तथ्यहरूको वर्णन दिनेशले गरेको र उसले प्रथम पुरुष एकवचनको सर्वनाम 'म' का माध्यमले कथा प्रस्तुत गरेको हुँदा कथाको समाख्याता दिनेश नै मानिएको हुनाले कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । दिनेशकै केन्द्रीयतामा सीताको चरित्रको चारित्रिक मूल्यको समेत जानकारी पाइने हुनाले दिनेशको भूमिकालाई तटस्थ नबनाइएको हुनाले प्रथम पुरुषमा पनि केन्द्रीय प्रथम पुरुष दृष्टिविन्दु रहेको छ ।

### ५.१.५ परिवेश

कथामा दिनेशको कोठा र अन्तर्वार्ता दिन सीता गएको अफिसको उल्लेख भए पनि सम्पूर्ण प्रमुख घटनाहरू दिनेशको कोठामा नै घटेको उल्लेख गरिएको छ । सीता अन्तर्वार्ता दिन गएको बेला अफिसको एउटा कोठामा केही समय बिताएको उल्लेख गरिएको छ । समयका दृष्टिले 'म' पात्रले करिब एक दशक अगाडिकी सीता र अहिलेकी सीतामा केही अन्तर आएको उल्लेख गरेबाट यकिन समयको उल्लेख नभए पनि करिब ८-१० वर्षको समय सीमामा कथा केन्द्रित रहेको छ । कथामा चित्रित समाज पनि निम्न मध्यम वर्गीय र उच्चमध्यम वर्गीय खालको रहेको छ । सीताको अवस्था निम्न मध्यम र हाकिम, म अर्थात् दिनेशको अवस्था उच्च मध्यम खालको रहेको छ । कथामा आएको सामाजिक परिवेश गरिब निमुखा वर्गमाथि उच्च वर्गले शोषण गरेको कथामा स्पष्ट देख्न सकिन्छ ।

आन्तरिक वातावरणमा 'म' पात्र अर्थात् दिनेशको मानसिक अवस्थाको द्वन्द्वात्मक स्थिति सशक्त मात्रामा उल्लेख गरिएको छ ।

### ५.१.६ रूपपक्ष

प्रस्तुत 'सीताहरू-एक' कथा पूर्वस्मृतिमा प्रस्तुत गरिएको कथा हो । यो कथा अन्त्यबाट सुरु गरिएको, व्यतिक्रमिक ढाँचामा अगाडि बढेको देखिन्छ । त्यसैले यो कथामा रूपविन्यास विवृत किसिमको पाइन्छ । स-साना अनुच्छेद पनि गणना गर्दा यसमा ३८ अनुच्छेदमा विभाजन गरिएको र ती अनुच्छेद पनि कुनै कुनै त एउटा वाक्यमात्रै पनि रहेका छन् । सीता र अन्तर्वार्ता विशेषज्ञ, सीता र दिनेशका संवादले कथा कहीं-कहीं संवाद जस्तो पनि रहेको छ । कथामा प्रयोग गरिएका वाक्यहरू सरल, संयुक्त र मिश्र तीनै किसिमका प्रयोग गरिएका छन् । कथामा जटिल शब्दहरूको प्रयोग नगरे पनि केही अङ्ग्रेजी शब्द र वाक्यहरू जस्तै 'हार्ड टक, अफिस, क्यू, सेक्स, क्लाइमेक्स'[२] आदि जस्ता शब्द अनि 'उहाँ मेरो हाफ प्रेमी हाफ पति ?'[३] जस्ता केही अङ्ग्रेजी शब्द र वाक्यहरूको प्रयोग गरिएको छ । तर पनि यी सामान्य पाठकका लागि पनि असहज भने छैनन् । पूर्वस्मृतिमा लेखिएको यस कथामा वर्णनभन्दा संवादकै आधिक्य रहेको पाइन्छ ।

अभिव्यक्ति शैलीमा दृष्टिले यस कथामा आलङ्कारिक अभिव्यक्तिहरूको पनि प्रयोग गरिएको छ । जस्तैः 'म सुकेको बाँस झैं खङ्ग्रङ्ग भए', 'मेरो सारा इच्छाको पर्खाल भताभुङ्ग भयो', 'मृगका झैं डराएका आँखा लिनु'[४] आदि । यस्तै यस कथामा प्रतीकहरूको प्रयोगले पनि कथालाई कलात्मक बनाएको छ । जस्तै 'राणाशासन' भन्ने प्रतीकात्मक शब्दले अर्कालाई दबाएर आफू मोजमज्जा गर्ने प्रवृत्तिलाई सङ्केत गरिएको छ । 'त्यही फोहोर पोखरी जसमा माछा चलमलाउँदैनन् भनेर' 'म' पात्रले सीताप्रति लक्षित गरेर सीताले यौनेच्छा प्रकट नगरेको जनाउन 'पोखरी' महिलाको योनी र माछा पुरुषको लिङ्गको प्रतीकका रूपमा आएका छन् । कथामा यथार्थलाई जस्ताको तस्तै उतार्न खोज्दा कथा अतियथार्थता तिर पुगेको छ । यस कथामा कतिपय समाजले सहज रूपमा पचाउन नसक्ने अश्लील शब्दहरूको पनि प्रयोग गरिएको छ ।

## ५.२ 'सीताहरू-दुई' कथाको विश्लेषण

'सीताहरू-दुई' कथा परशु प्रधानको बाह्रौ कथासङ्ग्रहका रूपमा प्रकाशित भएको 'सीताहरू' (२०६४) मा सङ्गृहीत पच्चीस ओटा कथाहरूमध्ये एक हो । यस कथाको कथावस्तु सामाजिक तथा मनोवैज्ञानिक यथार्थवादी रीति अनुरूपमा प्रस्तुत पात्रपात्राको अन्तर्मानसिक अवस्थाको सग्लो विषयवस्तु रहेको छ ।

### ५.२.१ कथानक

पत्नीले वा सीताले छाडेपछि मर्माहत भएर रक्सीका गिलासमा पीडा भूलिरहेको सरोजद्वारा कथानकको प्रारम्भ भएको छ । कथामा वर्षको अन्तिम रात सरोजले वियोगमा बिताएको अनुभव

---

२ परशु प्रधान, **सीताहरू** (काठ : पैरवी प्रकाशन, २०६४), पृ. १-६ ।

३ ऐजन, पृ. ४ ।

४ ऐजन, पृ. १-६ ।

गर्नु, अमेरिकाबाट छोरीले फोन गरेर शुभकामना दिंदा सरोजले लिन नसक्नु, विगतमा साथीहरूले सीता महत्त्वाकांक्षी छे भनेको सरोजले सम्भन्नु, सरोजलाई सबै कुरा उस्तै लाग्नु र सीता विदेश गएजस्तो सोच्नु, केही क्षण अगाडि सीता बिदा भएर जाँदा सरोज अल्मल्लमा पर्नु, टेलिफोनमा नारी स्वरले म रेष्टुराँमा आइसके भन्नु, सरोजले रङ्ग नम्बर भनेर फोन राखिदिनु, विगतमा सीताको साहसले सरोज प्रभावित हुनु र दुबैबीच प्रेम हुनु, सीताले सरोजको निम्न आर्थिक अवस्थाको फाइदा मनग्यै लिनु र सरोजले पनि मौकाको सदुपयोग गर्नु, दुबैले एक अर्कामा नछुट्टिने कसम खानु, सृष्टिले फोन गर्नु, उसले मम्मीलाई खोज्दा सरोजले केही भन्न नसकेर फोनको लाइन काटिदिनु, कुनै साँझ घुम्न निस्कँदा सीता गुण्डाद्वारा बलात्कृत हुनु, अस्पतालमा पुऱ्याइएकी सीता रोइरहनु र काली मन्दिरमा सीताको सिउँदोमा सिंदुर हालिदिएपछि सीताको रुवाई रोकिनु, नवीनको जालमा परेर सीता र सरोज काठमाडौं पुग्नु, नवीनले उनीहरूलाई सहयोग गर्नु, नवीनले आफूले हरेक कुरामा सहयोग गरेको र सीता र ऊ अब एक साथ रहने जनाउँदै सरोजलाई कोठा छोड्न भन्नु, सरोजले प्रतिवाद गर्न नसक्नु, सरोजलाई आत्महत्या गर्न मन लाग्नु तर छोरीहरूको मायाले रोक्नु, नवीन र सीताले सरोजलाई बिष दिएर मार्ने षड्यन्त्र गरेको सुनेको सरोज आँशु सकिउन्जेल रुनु, सृष्टिको फोन आउनु र उसले मम्मीलाई पाऊँ भन्नु र सरोजले तेरी मम्मी आजै मरी भनेर फोन राखिदिनु जस्ता घटनाहरूले यस कथाको संयोजन भएको छ ।

यो कथा पश्चदृश्यबाट थालिएको र आदि र मध्यभागका घटनाहरू मिसिएर आएका हुँदा यसको विकास व्यतिक्रमिक र प्रकृति जटिल रहेको छ । आङ्गिक पूर्णता भएको यस कथाका घटनाहरूको क्रम भने शृङ्खलित नै देखिन्छ । घटना केही सशक्त झैं देखिए पनि मानसिक विश्लेषण समेटिएको यो कथा चरित्रप्रधान मानिन्छ ।

### ५.२.२ पात्र/चरित्र विधान

यस कथामा सरोज, नवीन, सीता, सृष्टि, सानी छोरी, सीताका बा-आमा, साथीहरू, मास्टर आदि चरित्रहरू आएका भए पनि सरोज, सीता र नवीन बाहेकका चरित्रको भूमिका गौण रहेकाले यहाँ यी नै तीन चरित्रको चरित्र चित्रण गरिन्छ ।

#### ५.२.२.१ सरोज

कथामा सृष्टिद्वारा डैडी र नवीनद्वारा मिस्टर सरोज सम्बोधित सरोज लिङ्गका आधारमा पुरुष पात्र हो । कथाको कथानक सरोजकै केन्द्रीयतामा सुरुदेखि अन्त्यसम्म भएको हुनाले कार्यका आधारमा सरोज प्रमुख पात्रका रूपमा आएको छ । सरोजले क्याम्पसमा सीतासँग प्रेम गरेको, गुण्डाद्वारा बलात्कृत सीतालाई स्वीकारी सहरमा नवीनको सहयोगमा बसेको र सीता नवीनसँग जाँदा रक्सी पिएर पीडा भुल्न खोजेको जस्ता क्रियाकलापहरू निरीक्षण गर्दा उसको व्यवहार नकारात्मक किसिमको नदेखिएकाले प्रवृत्तिगत आधारमा अनुकूल पात्र हो । सरोजको सहृदयता र स्वभावमा कुनै पनि किसिमको परिवर्तन नदेखिएको कारण ऊ स्वभावका आधारमा गतिहीन पात्र हो । प्रत्येक मान्छे सरोजले जस्तो स्वास्नी अर्काले हडप्ता समेत प्रतिक्रिया विहीन भएर नबस्ने हुनाले ऊ जीवन चेतनाका आधारमा वर्गगत नभएर व्यक्तिगत चरित्र ठहर्छ । कथामा सरोजद्वारा

सम्पन्न कार्यव्यापार दृश्य रहेको र संवाद घटनासँग सम्बन्धित भएको सरोज कथाको समाख्याता भएको हुँदा आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

सरोज कथामा सीतासँगको वियोगको प्रताडनाले सताइएको र मानसिक रूपमा एकदमै शिथिल र कमजोर चरित्र मानिन्छ । सरोजको मानसिकता अति कमजोर भएकै कारण ऊ हरेक ठाउँमा प्रतिक्रिया विहीन बन्न पुगेको छ । सरोजको बाल्यकाल मातृविहीन भएर वितेको र सौतेनी आमाको कठोर व्यवहारले उसले पूर्ण वात्सल्य प्राप्त गर्न नसकेको र त्यहीँबाट सरोजको मानसिक विकासमा व्यवधान उत्पन्न भई प्रौढावस्थासम्म त्यसले प्रभाव पारेको बुझिन्छ । यहाँ सरोजकी आमाको मृत्यु सरोज सानै हुँदा भएको हुनाले एकातिर मानसिक रूपमा ऊ पुरै कमजोर ठहरिएको छ र अर्कातिर मातृप्रणयको स्थिरीकरण भएका कारण सीतासँग त्यसको पूर्तिका लागि अँगालो मार्ने, किस गर्ने लगायतका अन्य यौन व्यवहारमा सरिक भएको पुष्टि हुन्छ । सरोज उदार, संवेदित र कोमल मन भएको पुष्टि गुन्डाद्वारा बलात्कृत सीतालाई सुरक्षा दिनु, आफूलाई मार्ने षड्यन्त्र समेत रचेकी सीताको औपचारिक वियोगले पीडित भएर नसाको मातमा रमाइरहनु, सृष्टिलाई पीरपर्ला भनेर सीताले छोडेर गइसकेको कुरा भन्न नसक्नु जस्ता क्रियाकलापले गर्दछ । नवीनको प्रलोभनमा काठमाडौं गएपछि भने सरोज हीनताग्रन्थीले पीडित भएको देखिन्छ । नवीनले रूपैया खर्च गरेको कोठामा र सामानहरूमा जीवन गुजार्दै जाँदा उसभित्र हीनत्वको भाव अझै सशक्त भएको छ । सरोजको पीडित मानसिकतामा जीवन र मृत्युको अन्तर्द्वन्द्व चल्न थालेको र उसले मृत्यु रोज्दा कर्तव्य बोधले सचेत गराएको तर मृत्युको शंका हुने षड्यन्त्र सुनेपछि जीवनको मोहले तानेको पाइन्छ ।

यसरी सरोज मातृवियोग भएपछि मानसिक रूपमा कमजोर, उदार, कोमल र हीनताभावले तीव्र रूपमा ग्रसित मानसिक उत्पीडन सहन बाध्य निरीह र कमजोर पुरुष चरित्र मानिन्छ ।

### ५.२.२.२ सीता

कथामा सृष्टिद्वारा मम्मी सम्बोधन गरिएकी र दिई, भनी, रोई, मरी जस्ता स्त्रीलिङ्गी क्रियापद प्रयोगले वर्णित सीता लिङ्गका आधारमा हेर्दा स्त्री चरित्र हो । कथाको कथानकमा सरोजको माध्यमले उपस्थित भएकी सीताले सरोजको मानसिक अवस्था विचलनमा उल्लेख्य भूमिका खेलेकी हुँदा कार्यका आधारमा सहायक नभई प्रमुख चरित्र हो । कथामा सीताले ऊ भनेपछि मरिमेट्ने सरोजलाई तराईबाट डोहोऱ्याएर काठमाडौं पुऱ्याएकी र आफ्नो तीस वर्षको दाम्पत्य जीवन तथा दुई छोरीको समेत वास्ता नगरी नवीनसँग बाटो लागेकी सीताका क्रियाकलाप नकारात्मक देखिएका हुँदा प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । कथामा सीताको स्वभावमा देखिएको परिवर्तनलाई सहजै पहिल्याउन सकिने हुनाले स्वभावका आधारमा गतिशील पात्र हो । सबै विवाहिता नारीले सीताको जस्तो व्यवहार नअँगाल्ने हुनाले उसको चरित्रले कुनै वर्गको प्रतिनिधित्व गर्न नसक्दा जीवन चेतनाका आधारमा व्यक्तिगत चरित्र हो । कथामा संवाद लगायतका कार्यव्यापारमा दृश्य रूपमा उपस्थित सीता आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

सीता बाल्यकालदेखि नै हठी जिद्धिवाल र घमण्डी स्वभावकी चरित्रका रूपमा देखिन्छे । उसको स्वभाव विद्रोही र स्वार्थी भएको र अरूलाई आफ्नो इच्छा अनुसार चलाउने प्रवृत्तिलाई हेर्दा युङ्गको वर्गीकरण अनुसार बहिर्मुखी स्वभावकी व्यक्तित्व भएकी नारी पात्र हो । यहाँ सीताले सरोजलाई आफ्नो इच्छा अनुसार प्रयोग गरेर उसको नाजुक आर्थिक अवस्थाको राम्रै फाइदा लिएकी र प्रेमका नाममा वासनात्मक क्रियाकलापमा सरिक भएकी देखिन्छे । सीता प्रबल कामेच्छा भएकी र पारिवारिक अतिप्यारले घमण्डी समेत बनेको देखिन्छ । गुण्डाद्वारा बलात्कृत भएका बेला सरोजको सुरक्षाले खुसी भएकी सीतामा सुरक्षाका लागि सरोजबाट सन्तोष प्राप्त भए पनि कामवासना र वैभवको असन्तुष्टि भने उसमा अझै बाँकी रहेको कुरा नवीनसँगको सीताको आकर्षणले थाहा पाइन्छ । सरोज र नवीन दुवैलाई भोगिसकेपछि नवीनतिर आकर्षित भएकी छे । तसर्थ सीता यौन र दाम्पत्य जीवनमा सुखको चाहनाले नियन्त्रित अत्याधुनिक स्वार्थी र भोगवादी नारी देखिन्छ ।

### ५.२.२.४ नवीन

सरोजद्वारा 'रावण' विशेषणले सम्बोधित भएको नवीन पुरुष चरित्र हो । कथानकको मध्यभागमा उपस्थित भएर सरोज र सीताको दाम्पत्य जीवन विघटन ल्याउन र सरोजलाई पीडित बनाउन सहयोगी भूमिका निर्वाह गरेको हुँदा कार्यका आधारमा सहायक पात्र हो । यहाँ नवीनले सरोज र सीतालाई काठमाडौं सहरको विशालताको वर्णन गर्दै काठमाडौं लगेर आफ्नै घरमा राखेको र पछि सीतालाई आफूले उपयोग गरी सरोजलाई अलपत्र पार्ने कार्य गरेको हुँदा प्रवृत्तिगत आधारमा प्रतिकूल चरित्र हो । कथामा नवीनको स्वभाव बदलिएको देखिँदा ऊ स्वभावगत दृष्टिले गतिशील खालको पात्र हो । नवीनजस्ता सहरमा बस्ने र यौनपिपासु, पद र पैसा कमाउने व्यक्तिले विभिन्न प्रलोभनमा पारेर आफ्ना कम पहुँचका मित्रवर्गको शोषण गर्ने र श्रीमतीसम्म उडाइदिने कार्य गर्न सक्ने र गरिएका हुँदा नवीन जीवन चेतनाका आधारमा वर्गगत पात्र हो । कथानकसँग सम्बन्धित भई दृश्य कार्यव्यापारमा आएको नवीन आसन्नताका मापदण्डले मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा आएका अन्य जति पनि पात्रहरू छन् तिनीहरूको भूमिका गौण रूपमा रहेको छ ।

### ५.२.३ सारवस्तु

कथामा आएका सरोज र सीताका माध्यमबाट प्रेम, दाम्पत्य जीवन, काठमाडौं गमन र बीस वर्षको दाम्पत्य जीवनपछि विघटित पारिवारिक अवस्था, नवीन र सीताको प्रेम र अघोषित विवाहजस्ता घटनाहरू प्रस्तुत गरेर सहरिया स्वार्थीपना मानवीयताको समाप्ति र एकाकी जीवन भोग्नुपर्ने जटिल अत्याधुनिक समाजको कुप्रवृत्तिलाई व्यङ्ग्य गर्नु अनि एउटा पत्नीवियोगले पीडित हीन पुरुषका अन्तर्मानसिक घात प्रतिघातको विश्लेषण गर्नु र अत्याधुनिक भौतिक सुख-सुविधाले मानिसलाई अन्धो र नैतिकहीन बनाउने प्रवृत्तिको यथार्थ खोल्नु यस कथाको सारवस्तु रहेको छ ।

### ५.२.४ दृष्टिविन्दु

यस कथाको कथानक सीताको वियोगले किंकर्तव्यविमूढ भइरहेको सरोजको सीतासँगका अतीतका घटना परिघटनासँग आद्योपान्त फैलिएको देखिन्छ । कथानकका सम्पूर्ण तथ्यहरूको वर्णनको जिम्मा कथाकारद्वारा सरोजलाई दिएको र उसले प्रथम पुरुष, एकवचनको सर्वनाम 'म' का माध्यमले कथा प्रस्तुत गरेको हुनाले कथाको प्रस्तोता वा समाख्याता सरोज नै मानिएको र कथामा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यहाँ प्रमुख चरित्रका रूपमा उपस्थित सरोजकै केन्द्रीयतामा उसकै दृष्टिकोणबाट अरू चरित्रको चारित्रिक मूल्यको उद्घाटन गरिएको हुनाले सरोजको भूमिकालाई तटस्थ राख्न मिल्दैन त्यसकारण प्रथमपुरुष दृष्टिविन्दुमा पनि केन्द्रीय विधि चाहिं अँगालिएको छ ।

### ५.२.५ परिवेश

कथामा तराई, सानो सहर र काठमाडौं, उद्योग धन्दा, प्रतिस्पर्धा आदिको स्पष्ट उल्लेख भएको हुनाले कथाको कार्यपीठिका कथाको प्रारम्भिक अवस्थामा तराई र पछि काठमाडौं रहेको छ । चेतनप्रवाह शैलीमा कथा भनिरहेको सरोजको उपस्थिति भने काठमाडौं रहेको देखिएको तथा अमेरिका शून्य रूपमा मात्र आएको छ । कथानकका प्रमुख घटना सरोज वा नवीनको कोठा, क्याम्पस, खोलाको किनार, बाँसघारी, पुल, कालीमन्दिर, जस्ता ठाउँमा घटित भएको र राँची, स्कुल आदि स्थानको समेत उल्लेख गरिएको छ । समयका दृष्टिले निश्चित रूपमा भन्न नसकिए तापनि तीस वर्षको सहयात्रा टुङ्गिएको सरोजको गुनासोबाट कथाले जम्मा-जम्मी तीस वर्षदेखि पैंतीस वर्ष सम्मको समय ओगटेको हुन सक्ने अनुमान गरिन्छ ।

कथामा चित्रित समाज निम्नमध्यम वर्गीय र उच्चमध्यम वर्गीय खालको रहेको छ । यहाँका पात्र-पात्रा शिक्षित र व्यवसाय गरेर खाने खालका रहेका छन् । कथामा आएको सामाजिक परिवेश अत्याधुनिक, स्वार्थी र प्रतिस्पर्धायुक्त सहरिया खालको रहेको छ । प्रमुख चरित्रको मानसिक अवस्थाका लागि उपयुक्त प्राकृतिक, मानसिक र भौगोलिक वातावरणले यहाँ स्थान जमाएको देखिन्छ । समग्रमा सहरिया वर्तमान जटिल मानवीय प्रवृत्तिको चित्रणलाई यहाँ परिवेशले देखाउन सकेको मानिन्छ ।

### ५.२.६ रूपपक्ष

व्यतिक्रमिक ढाँचामा विकसित जटिल प्रकृतिको कथानक रहेको यस कथाको रूपविन्यास विवृत भएको देखिन्छ । स्वतन्त्र प्रकारको अनुच्छेद योजना रहेको यस कथामा छोटा र सरल वाक्यहरू भन्दा लामा मिश्र र संयुक्त वाक्यको गठन भएको र कतै कतै लामा जटिल वाक्यको प्रयोगले अभिव्यक्ति विशिष्ट प्रकारको र कठिन समेत तुल्याएको देखिन्छ । भाषिक प्रयुक्तिका हिसाबले मध्यम खालको प्रयुक्ति रहेको यस कथामा अनुकरणात्मक शब्दको न्यूनता र कन्फर्म, ऱ्याक, किस, ज्वाइन, माइण्ड जस्ता अङ्ग्रेजी शब्दहरू र 'नो प्रोब्लम एट अल, डैडी हेप्पी न्यू इयर जस्ता केही अङ्ग्रेजी वाक्यहरूको प्रयोग भए पनि चरित्र अनुकूल ती स्वाभाविक र नेपाली भाषीका

लागि समेत पाच्य भएको पाइन्छ । चेतनप्रवाह शैलीमा प्रस्तुत गरिएको कथामा वर्णन-विश्लेषण ज्यादा र संवादको कमी रहेको छ ।

अभिव्यक्ति शैलीमा दृष्टिले यहाँ आलङ्कारिक अभिव्यक्तिकै व्यापकता पाउन सकिन्छ । कथामा 'आँधीजस्तो भएर बाहिर निस्की, हुरी भएर ढोका खोली', 'म अर्थहरूमा छु, सोच र सम्भावनामा छु' जस्ता थुप्रै कवितात्मक वाक्यहरूको प्रयोग पाइन्छ । यहाँ सम्भावनाको सूर्य उदाउनु, सहरको सानो आकाश, जीवनयात्राको नायक बदलिनु, जस्ता थुप्रै पदावलीको प्रयोगले कथामा सौन्दर्य अभिव्यञ्जित भएको र अभिव्यक्ति विशिष्ट बनेको देखिन्छ । कथामा सरोजले सीताको विगतका बारेमा सुनेका कुराहरूको श्रुतिबिम्ब भोगेका सबै कुराहरू स्मृतिबिम्बमा आएको र वर-पिपल, खोलाको किनार आदि दृश्य बिम्ब भएर आएको देखिन्छ । प्रतीक प्रयोगका दृष्टिले 'रावण' शब्दले पूर्वसन्दर्भलाई उक्साएको र सीतालाई हरेर लैजाने वा सरोजको शत्रुको प्रतीकात्मकता दिएको छ । यहाँ नवीन आउँदा कोठा छोड्नु भन्ने पदावलीले नवीन र सीताको यौन क्रीडामा स्वीकृति दिनु भन्ने अर्थ लगाइन्छ । आदिम सृष्टि भनेर नाङ्गो रूपलाई अर्थ्याइएको पाइन्छ । कथामा प्रयुक्त राजधानी वा ठूलो सहर र तराईको सानो सहर अत्याधुनिक मानवीयताको निख्र्याई भइसकेको सभ्यताको प्रतीक भनेर राजधानीलाई मानिएको सङ्केत पाइन्छ ।

## ५.३ 'सीताहरू-तीन' कथाको विश्लेषण

सीताहरू तीन कथा परशु प्रधानको बाह्रौं कथा सङ्ग्रहका रूपमा प्रकाशित 'सीताहरू' (२०६४) भित्र सङ्गृहीत पच्चीस ओटा कथाहरूमध्ये एक हो । यो एउटा मनोवैज्ञानिक कथा हो ।

### ५.३.१ कथानक

यस कथाको कथानक ज्यादै झिनो रहेको छ । कथामा 'म' पात्र अर्थात् राम सीताको घर काठमाडौंको सीतापाइला पुगेपछि घटना अगाडि बढ्छ । सीताले 'म' पात्रलाई स्वागत गरी घरपैंचोको दिन रामलाई प्रमुख अतिथिका रूपमा सम्मान गर्नु, सीताका छोराछोरी पनि रामलाई देखेपछि खुसी हुनु, त्यसपछि सीताको घरमा सायंभोजन सुरु हुनु, सीताले विभिन्न नाम गरेका मादक पदार्थका साथै साधारण खाना समेत रामलाई दिनु र आफ्नो श्रीमान्लाई भने सीताले खाना दिंदा अड्कल्नु, सीता आफू पनि पेप्सीको साथमा खाना खान थाल्नु 'म' अर्थात् रामले सीताको श्रीमान्लाई पनि खाना खान आग्रह गर्नु तर सीताले आफ्नो श्रीमान्लाई विभिन्न रोग भएको बताउँदै खाना र मादक पदार्थ थप्न अस्वीकार गर्नु, सीताको श्रीमान्लाई खाने इच्छा भए पनि सीतासँग प्रत्यक्ष रूपमा खान्छु भन्ने आँट गर्न नसक्नु, रामले खाईसकेपछि घर जान ढिला भएको कुरा बताउनु, सीताले मुस्कुराउँदै यहीं बस्नुपर्छ भन्नु, रामलाई सीताको श्रीमान्को निरीहता देखेर माया लाग्नु र आफूलाई समेत लज्जा हुनु र चर्पी जाने बहानामा सीताको घरबाट निस्किएर हिड्नु र त्यही घटनाले रामलाई घरमा आएपछि निद्रा नपर्नु जस्ता घटनाले कथावस्तुको संयोजन गरिएको छ ।

कथा पश्च दृश्यबाट सुरु गरिएको छ । सम्पूर्ण घटना घटिसकेपछि यसले 'म' पात्र अर्थात् रामको मानसिकतामा खैलाबैला मच्चाउने काम गरेको र 'म' पात्र अर्थात् रामलाई निद्रा नपरेको कथामा उल्लेख गरिएको छ ।

### ५.३.२ पात्र/चरित्र

कथामा 'म' अर्थात् राम, सीता, सीताको श्रीमान्, सीताका छोराछोरी जस्ता पात्रको उल्लेख भए पनि यस कथामा प्रमुख पात्रका रूपमा सीता र राम नै देखिन्छन् भने सीताको श्रीमान् र छोराछोरी गौण रूपमा उपस्थित भएका छन् ।

#### ५.३.२.१ 'म' अर्थात् राम

कथामा सीताले राम दाइ भन्नु र रामले सीताको घरमा जाँदा श्रीमती भ्याइन त्यसकारण आफूमात्रै सीता कहाँ पुगें भन्नुले राम लिङ्गका आधारमा पुलिङ्ग पात्रका रूपमा उपस्थित छ । कथामा घटेका घटनालाई प्रत्यक्ष रूपमा भोग्ने रामको सुरुदेखि अन्त्यसम्म नै महत्त्वपूर्ण भूमिका रहेको हुँदा कार्यका आधारमा ऊ प्रमुख पात्रका रूपमा उपस्थित रहेको छ । सीताको परिचित साथी राम सीताको घरमा उसको आमन्त्रणलाई स्वीकार गरेर त्यहाँ केही मादक पदार्थ सेवन गरे पनि यो एउटा कुलतको रूपमा नभएको र त्यो साथीको आग्रहमा मात्रै सेवन गरेको यसका साथै कथाभरि रामले कुनै पनि त्यस्ता नराम्रा काम गरेको नदेखिएबाट ऊ कथामा अनुकूल पात्रका रूपमा उपस्थित छ । सीताले आफ्नै घरमा बस्न आग्रह गर्दै मुस्कुराएको तर पनि त्यो सीताको मुस्कानबाट उसलाई कुनै प्रभाव नपरेको हुनाले ऊ कथामा गतिहीन पात्रका रूपमा उपस्थित रहेको छ । सहरमा बस्ने धेरैजसो मान्छेलाई रामकै जस्ता विभिन्न समस्याले मानसिक रूपमा प्रत्येक दिन घच्घच्याइरहने हुनाले ऊ जीवनचेतनाका आधारमा वर्गगत पात्रका रूपमा उपस्थित रहेको छ । कथामा घटेका सम्पूर्ण घटना रामले नै दृष्टिगत गरेको र समाख्याता समेत राम रहेको हुँदा आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा उपस्थित 'म' अर्थात् राम गाउँबाट काठमाडौं आएको र उसलाई अनेक किसिमका घरायसी कुराले गर्दा के सोच्ने के नसोच्ने अवस्थामा पुऱ्याएको छ । साथै सीताका श्रीमान्को त्यसरी दबिएर बस्नुपर्ने अवस्था देखेर उसको मानसिकतामा नै एउटा आघात परेको छ र रातभरि उसलाई निद्रा नआएर छट्पटिएको छ ।

#### ५.३.२.२ सीता

कथामा सीताको श्रीमान्को उल्लेख हुनु र सीतालाई छोराछोरीले मम्मी भनी सम्बोधन गरेबाट सीता लिङ्गका आधारमा स्त्री पात्र हो । कथामा घटेका जति पनि घटनाहरू छन् ती सबै सीताकै तर्फबाट घटेका हुनाले सीता कथामा प्रमुख पात्रका रूपमा उपस्थित छे । सीताले सुरुमा दुःख पाएर रुँदै हिँडेको पछि केही समयमा नै काठमाडौंमा घडेरी किनेर घर बनाएको तर त्यसको स्रोत केही नदेखिएकाले उसले वेश्यावृत्तिबाट सम्पत्ति कमाएको पुष्टि राम सीताको घरबाट निस्कँदा सीता फोनमा कुनै व्यक्तिसँग विदेश जाने कुरा गर्दै गरेको घटनाबाट ऊ कथामा प्रवृत्तिका आधारमा प्रतिकूल पात्रका रूपमा उपस्थित छे । आफ्नो लोग्ने हुँदाहुँदै पनि विभिन्न व्यक्तिहरूसँग यौनधन्दा गरेर सम्पत्ति कमाउनु र आफ्नो घरमा पाहुनाका रूपमा आएको रामलाई मुस्कुराउँदै हामीसँग बस्नु हुँदैन र ? भन्नु अनि कोही व्यक्तिसँग फोनमा विदेश जाने कुरा गरेबाट ऊ कथामा गतिशील पात्रका रूपमा देखापरेकी छे । सीताले गरेको जस्तो व्यवहार जो कोही

नारीले नगर्ने र गर्न नसक्ने हुनाले ऊ कथामा व्यक्तिगत पात्रका रूपमा उपस्थित छे । साथै यस कथामा सीता मञ्चीय र बद्ध पात्रका रूपमा उपस्थित रहेकी छे ।

यस 'सीताहरू तीन' कथाकी प्रमुख नारीपात्र सीता अत्यन्तै बहिर्मुखी स्वभावकी रहेकी छे । सीताका धेरै चरित्रहरूको अध्ययन गर्द उसको अहम् घमण्डी चरित्र देख्न सकिन्छ । यस कथाकी सीता असामान्य चरित्रका रूपमा कथामा उपस्थित रहेकी छे । मासोकवाद अनुसार कसैलाई पीडा दिएर यौन सन्तुष्टि लिने प्रवृत्ति जस्तै यस कथाकी सीतालाई आफ्नो श्रीमान्बाट यौन सन्तुष्टि प्राप्त नभएर उसले लोग्नेलाई दबाएर यौन सन्तुष्टि लिन खोजेको देखिन्छ । त्यस्तै रामलाई आज यहीं बस्दा मरिदैन भन्दा उसको घरमा रामलाई राखी यौन तृप्ति लिने इच्छा अन्तर्निहित रहेको देखिन्छ ।

कथामा आएका अन्य पात्रहरूमा सीताको श्रीमान् कथालाई अगाडि बढाउन सहायक पात्रका रूपमा उपस्थित रहेको छ । सीताले उसलाई दबाएर राखेकोमा ऊ त्यसको कुनै प्रतिकार नगरी निरीह रूपमा रहन बाध्य छ भने सीताका छोराछोरीको सामान्य उल्लेख मात्र गरिएको छ ।

### ५.३.३ सारवस्तु

यस कथामा सीताका माध्यमबाट महिलाले सम्पत्तिका लागि एउटा मात्र भए हुन्छ र आफ्नो श्रीमान् हुँदाहुँदै पनि श्रीमान्लाई थाहा नै नदिई परपुरुषसँग यौनकार्य गर्न पछि पर्दा रहेनछन् भन्ने कुरा देखाइएको छ । सीताजस्ता सहरिया महिलाहरू सम्पत्ति कमाएँ भन्दैमा आफ्ना श्रीमान्लाई आफ्नो नियन्त्रणमा राख्छन् र श्रीमानले निरीहतापूर्ण रूपमा बस्नु परेको यथार्थ समेत सीताको श्रीमान्को चरित्रबाट थाहा हुन आउँछ । त्यस्तै सीताका माध्यमबाट यौन सन्तुष्टि नभएपछि मान्छेको अवस्था असामान्य बन्दछ र तिनीहरूले मौका पाउने बित्तिकै यौन तृप्तिको अपेक्षा राख्छन् भन्ने कुरा सीताले रामलाई भेट्नासाथ चेतनप्रवाह शैलीमा धेरै कुरा अभिव्यक्ति गर्नु र रामको घरको कोठा भाडामा मलाई दिनु भनेर पटक-पटक भन्नुले सीताले रामको माध्यमबाट यौन सम्पर्कको अपेक्षा राखेको बुझिन्छ । रामको चरित्रबाट सहरिया अभिभावक भएर बसेपछि विभिन्न समस्या आउँछन् र तिनले मानसिक रूपमा खैलाबैला मच्चाए पनि यस्तो समस्यालाई समाधान गर्दै जानुपर्छ भन्ने कुरा स्पष्ट पारिएको छ । यसरी विभिन्न घटनाहरूको माध्यमबाट सीता र 'म' पात्रको असामान्य चरित्रको चित्रण गर्नु नै यस कथाको सार रहेको छ ।

### ५.३.४ दृष्टिविन्दु

कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । यसमा 'म' अर्थात् राम नै कथावाचक बनेको छ । उसका नितान्त निजी अनुभूति, धारणा, दृष्टिकोण र भावनाहरूबाट सम्पूर्ण कथाको रूपायन गरिएको छ । यसमा सीताका कृयाकलापहरू देखाइए पनि सीतासँग सम्बन्धित घटनाले 'म' पात्र अर्थात् राममा परेको प्रभाव नै देखाउन खोजिएको छ र समाख्याता स्वयं 'म' अर्थात् 'राम' रहेको हुँदा आन्तरिक दृष्टिविन्दुमा पनि केन्द्रीय आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.३.५ परिवेश

सुदूरपूर्वबाट राम काठमाडौं आएपछि सीतासँग परिचय भएको भनी उल्लेख गरिएबाट पूर्वको सामान्य उल्लेख भए पनि काठमाडौंकै विभिन्न स्थानको वर्णन कथामा गरिएको छ । काठमाडौंको सितापाइलामा अवस्थित सीताको घरमा कथाका प्रमुख घटनाहरू घटेका छन् भने त्यस घटनालाई प्रत्यक्ष रूपमा देखेको वा घटनामा सहभागी र त्यस घटनाबाट विचलित भएको रामको घरको सुत्ने कोठाको उल्लेख पनि रामले गरेको छ । साथै काठमाडौंकै कुनै सडकमा सीता र रामको भेट भएको देखाएर कोठाबाहिरको स्थान पनि कथाको परिवेशका रूपमा समेटिएको छ ।

समयका हिसावले रामले धेरै वर्ष भयो सीतासँग परिचय भएको भनेर बताए पनि कति समय ? उल्लेख नभएको कारण यसमा घटेका प्रमुख घटनाहरू मुख्यतः एक दिनका नै रहेका छन् । राम सीताको घरमा पुग्नु र उसले त्यहाँका घटना दृश्यावलोकन गरेर आउनु अनि राति निद्रा नलाग्नु सम्मको समयमा करिब २०-२२ घण्टामा प्रमुख घटनाहरूको प्रभावमा सिद्धिएको छ । कथामा चित्रित समाज मध्यमवर्गीय समाज रहेको छ । यस कथामा आएका पात्रपात्राहरू शिक्षित रहेका छन् । रामले छोरीलाई डाक्टर पढाउनु पर्छ भन्ने सोच्नु र सीताले आफ्नो श्रीमान्लाई खानेकुरा अड्कल्दा विभिन्न रोगलाई हानी पुर्‍याउने कुराको उल्लेख गर्नुबाट शिक्षित समाज भएको पुष्टि हुन्छ । कथामा आएको प्रमुख पात्र राम र सीताको आन्तरिक परिवेश पनि विभिन्न किसिमका चारित्रिक क्रियाकलापबाट उनीहरूको मन विचलित भएको देखाएबाट थाहा पाउन सकिन्छ ।

### ५.३.६ रूपपक्ष

'सीताहरू-तीन' कथा व्यतिक्रमिक ढाँचामा रहेकाले कथाको रूपविन्यास विवृत किसिमको रहेको छ । जम्मा ६ पृष्ठमा संरचित यो कथामा छोटा लामा गरेर ४० अनुच्छेदहरू रहेका छन् । यस हिसावले कथा सामान्यतः छोटो आकार-प्रकारमा नै रहेको छ । यसमा प्रयोग गरिएका वाक्यहरू छोटा-छोटा देखि लिएर लामा-लामा वाक्यहरू पनि प्रयोग गरिएका छन् । त्यस्ता लामा वाक्यहरूले अभिव्यक्तिलाई विशिष्ट बनाएको छ । भाषिक प्रयोगका हिसाबले यस कथामा केही अंग्रेजी शब्दका साथै छोटा-छोटा अंग्रेजी वाक्य पनि प्रयोग गरेको पाउन सकिन्छ । जस्तैः अंग्रेजी शब्दमा बिजिनेस, ज्वाइन, एन्टिक आदि अनि अंग्रेजी वाक्यमा वेल्कम अङ्कल, डन्ट कम्प्रोमाइज, प्लिज डन्ट माइण्ड जस्ता वाक्यहरू प्रयोग गरिए पनि ती वाक्यहरूले अर्थबोधमा बाधा भने पारेका छैनन् । रामले आफ्नो कोठामा दिनभरिका घटना सम्झँदा उसलाई निद्रा नलागेको र खट्पटी भएको जस्तो देखाइएको हुनाले कथा सुरुमा मनोवादात्मक शैलीमा अगाडि बढेको छ । कथाको बीचतिर राम र सीता, राम र सीताको श्रीमान्का कुराकानीले कथालाई संवाद जस्तो पनि बनाएको आभाष पाउन सकिन्छ । सीताले रामसँग भेट हुनासाथ चेतनप्रवाह शैलीमा एकै पटक धेरै कुरा व्यक्त गरेको देखाएर यहाँ चेतनप्रवाह शैलीको प्रयोग गरिएको छ । अनि रामले पनि आफ्ना समस्याका विषयमा विचार गर्दा एकै पटक धेरै कुराको आगमनले उसको मनमा अन्तर्द्वन्द्वको स्थिति देखापरेको छ ।

यस कथामा थुप्रै आलङ्कारिक वाक्यहरूको समेत प्रयोग गरिएको छ जस्तैः "आफूलाई भुङ्ग्रोमा परेको माछा भएको अनुभव गर्छु" सीताको टेप बन्द भएन" आदि । कथामा केही साङ्केतिक वाक्य पनि प्रयोग भएका छन् । जस्तै सीताले पटक-पटक तपाईंका घरको कोठा मलाई भाडामा दिनु भनेर रामप्रति यौन आशक्ति देखाएको बुझिन्छ भने हामीकहाँ एकरात सुत्दैमा ज्यान जाने होइन क्यारे भन्दै मुस्कुराउनु पनि रामलाई आज यही बसेर आफ्नो इच्छा पूरा गरिदिन सीताले आग्रह गरेको बुझ्न सकिन्छ ।

## ५.४ 'सीताहरू-चार' कथाको विश्लेषण

'सीताहरू चार' कथा परशु प्रधानको बाह्रौ कथासङ्ग्रहका रूपमा २०६४ सालमा प्रकाशित भएको **सीताहरू** कथासङ्ग्रहमा सङ्गृहीत पच्चीस ओटा कथाहरू मध्ये एक हो । यस कथामा कथाकी प्रमुख चरित्र सीताका माध्यमबाट पैसामा बाँचेको सहरिया समाज र जीवनको यथार्थलाई यहाँ आत्मालापीय शैलीमा प्रस्तुत गरिएको छ ।

### ५.४.१ कथानक

'सीताहरू चार' कथाको कथानक हवाइ जहाज दुर्घटनामा सीताको छोराको मृत्यु भएबाट सुरु हुन्छ । त्यसपछि सीताका श्रीमान्ले कान्छी श्रीमती ल्याएर सीतालाई त्यागिदिनु, सीताको छोराको मृत्युबाट प्राप्त, बीमा-रकम सीताको श्रीमान्ले एकलौटी लिएर कान्छी श्रीमतीका साथ नेपालगञ्ज गएर बस्ने योजना बनाउनु, त्यो बीमा रकमका लागि लोग्नेसँग सङ्घर्ष गर्दै सीता सहर पस्नु, सहर आफूले सोचेजस्तो नहुनु र सहरमा बेइमानी, धोका, अकर्तव्य, अन्याय त्रास, सङ्कट, संवेदनहीनता मात्रै पाउनु, अनि सीतालाई सहरका सम्पूर्ण मानिसले नगरबधूका रूपमा हेरे पनि त्यस्तो विवशतापूर्ण परिस्थितिमा पनि सङ्घर्ष गर्दै सीता बाँच्नु जस्ता घटनाले कथानकको संयोजन भएको छ । चरित्रप्रधान यस कथामा कथानक ज्यादै झिनो रहेको छ । कथा अन्त्यबाट थालिएर मध्य हुँदै सुरुतिर अगाडि बढेको छ । यहाँ सीताका माध्यमबाट आत्मालापीय शैलीमा कथा रचना गरिएको छ ।

### ५.४.२ पात्र/चरित्रविधान

यस कथामा सीता, सीताको छोरो सुरेश, वागमती नदीको किनारमा बस्ने एकजोडी बुढाबुढी, सीताको लोग्ने, सीताकी छोरी, जागिर दिने हाकिम आदि पात्रहरूको उपस्थिति रहेको छ ।

यस कथाकी सीता प्रमुख पात्रका रूपमा उपस्थित रहेकी छे अनि सीताको लोग्ने सहायक पात्रका रूपमा रहेको छ भने अन्य पात्रहरू गौण पात्रका रूपमा र केहीलाई सूच्यात्मक रूपमा पनि कथामा उल्लेख गरिएको छ ।

#### ५.४.२.१ सीता

लोग्नेद्वारा परित्यक्ता भनी उल्लेख हुनु, अनि सीता स्वयंले मेरा लागि ती दिनहरू 'म' जस्तै विधवा भइसकेका छन् भन्नुबाट सीता लिङ्गको आधारमा स्त्रीलिङ्गी पात्र हो । कथाका सम्पूर्ण घटनाहरू सीतासँग नै सम्बन्धित भएकाले ऊ कार्यका आधारमा प्रमुख पात्र हो । छोरालाई

जागिर ख्वाउन आफ्नो शरीर बेचेको र आफ्नो लोग्नेसँग पैसाका निम्ति विभिन्न सङ्घर्ष गर्नु परेको देखिए पनि त्यो कार्य उसले बाँच्नका लागि गर्नु परेको र बाँच्नका लागि यो अनिवार्य भएको हुँदा प्रवृत्तिका आधारमा सीता अनुकूल पात्रका रूपमा रहेकी छे । सुरुमा रोल्पामा रहनु अनि पैसाको लागि सङ्घर्ष गर्दै सहर पस्नु र आफ्नो लोग्नेसँग पनि मुकाबिला गर्नुले सीता स्वभावका आधारमा गतिशील पात्र हो । लोग्नेले कान्छी श्रीमती ल्याएपछि सीतालाई जस्तै परित्याग गरेको र गर्ने गरेका घटनाहरू धेरै हुने भएकाले सीता कथामा वर्गगत पात्रका रूपमा आएकी छे । कथामा सुरुदेखि अन्त्यसम्म नै सीतासँग सम्बन्धित घटना हुनु र त्यसको भोक्ता सीता स्वयं हुनुले आसन्नताका आधारमा सीता मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा उपस्थित प्रमुख नारीपात्र सीता असामान्य रूपमा रहेको पाउन सकिन्छ । उसले साह्रै संघर्ष गरी आफ्नो शरीर समेत बेचेर जागिर ख्वाएको छोराको मृत्युले विक्षिप्त हुन पुगेकी छे । अनि लोग्नेले छोराको बीमाको पैसा एकतर्फी लान खोज्दा त्यसको न्यायका लागि सहर पसे पनि न्याय भने पाउन सकेकी छैन । त्यसैले ऊ साह्रै विक्षिप्त अवस्थामा पुगेकी छे । गाउँमा अर्थात् रोल्पामा लोग्नेको व्यवहार र जङ्गली मान्छेहरूको त्रासले गर्दा बस्न नसकेर सहर पसेकी निरीह नारीका रूपमा देखा परेकी छे । "सपना भनेको मानवीय दमित कामुक अचेतनमय इच्छाको पूर्ति हो ।"[५] यही सिद्धान्त अनुरूप यस कथाकी नारी पात्र सीता लोग्नेद्वारा परित्याग गरिएकी भए पनि सपनामा आफ्नो पुरानो घर रोल्पा पुग्नु, उसमा तीव्र यौन आकांक्षा हुनु जस्ता क्रियाकलाप सीताको चरित्रमा पाउन सकिन्छ ।

यसरी विभिन्न कारणबाट असामान्य अवस्थामा पुगेकी नारी चरित्रका रूपमा सीता उपस्थित रहेकी छे अनि ऊ मुटुभरि पीडा लिएर बाँच्न विवश रहेकी छे ।

### ५.४.२.२ सीताको लोग्ने

सीताको लोग्ने लिङ्गका आधारमा पुरुष हो । सीतालाई त्यस्तो विक्षिप्त अवस्थामा पुऱ्याउन सहयोगी भूमिका निर्वाह गरेको हुँदा कार्यका आधारमा सहायक पात्रको रूपमा उपस्थित रहेको छ । एउटी श्रीमती हुँदाहुँदै पनि कान्छी श्रीमती ल्याएर जेठीलाई अपहेलना गर्नु र छोराको बीमाबाट प्राप्त रकम हात पार्न खोज्नु जस्ता कार्यले ऊ कथामा प्रतिकूल पात्रका रूपमा उपस्थित रहेको छ । सुरुमा एउटी श्रीमती विवाह गर्नु र त्यसलाई त्यागेर अर्की श्रीमती ल्याउनु जस्ता घटनाले ऊ गतिशील पात्र हो । सीताको लोग्नेजस्ता पुरुष समाजमा यत्रतत्र पाइने हुनाले ऊ जीवन चेतनाका आधारमा वर्गगत पात्रका रूपमा उपस्थित रहेको छ । साथै कथामा सीताको श्रीमान् घटनाहरूमा प्रत्यक्ष रूपमा उपस्थित भएको छ त्यसैले ऊ आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

एउटी महिलाको जीवन वर्वाद गरिदिने सीताको श्रीमान्‌ले कथामा शोषक वर्गको प्रतिनिधित्व गरेको जानकारी हुन्छ । "स्वास्नीहरू हाम्रा जुत्ता हुन्, हरेक वर्ष फेर्नै पर्छ, अथवा

---

[५] बाबुराम ओझा, "परशु प्रधानका प्रमुख कथाहरूको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, (विराटनगर : स्नातकोत्तर क्याम्पस, २०६०), पृ. २५ ।

लोग्नेमान्छेहरू भमरा, हरेक फूलको रस लिनु उसको अधिकार हो ।"[६] भन्दै महिलालाई भोग्याको साधनको रूपमा हेरेको र त्यसै अनुरूप कान्छी श्रीमती ल्याएर सीताको जीवनलाई बर्वाद पार्न उसले महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यसैले ऊ शोषक, कर्तव्यहीन, भ्रष्ट यौनपिपाशु आदि प्रवृत्ति भएको पुरुष पात्र हो ।

कथामा वर्णित अन्य पात्रहरू गौण रूपमा रहेका छन् तिनीहरूको भूमिका महत्त्वपूर्ण छैन ।

### ५.४.३ सारवस्तु

पैसामा बाँचेको सहरिया समाज र जीवनको यथार्थलाई देखाउनु नै यस कथाको मुख्य सार रहेको छ ।[७] छोराको मृत्युबाट प्राप्त रकमका निहुँमा आफ्नी श्रीमती समेत त्याग्नु साथसाथै न्याय खोज्दै सहर पसेकी सीताले न्याय पाउन नसक्नु र न्याय पाउनका लागि भ्रष्टाचार र अत्याचार रहेको कुरा सीताले प्रत्यक्ष वर्णन गरेबाट न्यायालयका विकृति, विसङ्गति देखाउनु पनि यस कथाको उद्देश्य रहेको छ । लोग्ने मान्छेले महिलावर्गलाई एउटा भोग्या वस्तुका रूपमा लिइरहेको छ र यो ज्यादै नराम्रो कुरा हो भन्ने सन्देश पनि यस कथाले दिएको छ । सामान्य मान्छेले जागिरका लागि कस्तो सङ्घर्ष गर्नुपर्छ भन्ने कुरा सीताले हाकिमलाई आफ्नो शरीर सुम्पनु परेको अवस्थाबाट स्पष्ट हुन्छ । यौन भनेको यस्तो शक्ति हो, जसले मान्छेलाई एउटा ठूलो भुँवरीमा पुऱ्याउँछ भन्ने कुरा लोग्नेबाट परित्याग भएर सहर पसेकी सीताले सपनामा रोल्पा पुगेको आदि घटनाले पुष्टि गर्दछ । यसरी विभिन्न घटनाका माध्यमबाट सीताको असामान्य अवस्थाको चित्रण गर्नु नै यस कथाको सार रहेको छ ।

### ५.४.४ दृष्टिविन्दु

यस कथामा 'म' अर्थात् सीताले आत्मालापीय शैलीमा आफूले भोगेका घटनाहरू कथामा व्यक्त गरेकी छे । कथामा प्रथम पुरुष एकवचन सर्वनाम 'म' को प्रयोग गरिएको छ । सीताकै केन्द्रीयतामा सीताका लोग्नेको चरित्रको चारित्रिक विशेषता पनि थाहा पाइन्छ । कथावाचन गर्ने समाख्याता पनि स्वयं 'म' अर्थात् सीता रहेकी हुँदा यो कथा केन्द्रीय प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ ।

### ५.४.५ परिवेश

कथामा रोल्पा, वागमती नदीको किनार, नेपालगञ्ज, राजधानी सहर आदि ठाउँको उल्लेख भए पनि कथाका मुख्य घटना रोल्पामा नै घटेका र त्यसपछि सीता काठमाडौं आएको उल्लेख छ । पछि सीतालाई म तिमीलाई लिन आएको भन्दै ट्याक्सी लिएर उसको लोग्ने गएको ठाउँचाहिँ काठमाडौं कै कुनै ठाउँ हो भन्ने अनुमान गर्न सकिन्छ । समयका हिसावले सीताले दिव्य बाह्र वर्षदेखि वागमती नदीको किनारमा छु भनेबाट कथाको घटना सुरु भएदेखि १२ वर्षपछि सीताले त्यो घटनालाई सम्भिएको थाहा हुन्छ । कथाको परिस्थिति हेर्दा लोग्नेले दुई ओटी श्रीमती ल्याउनु एउटा पुरानो परम्परा देखिन्छ भने लोग्नेसँग सङ्घर्ष गर्ने सोच भएकी सीता आधुनिक नारीकी रूपमा कथामा उपस्थित भएकी छे । लोग्नेको अत्याचारका साथै जङ्गलमा बस्नेहरूको दवाब

[६] परशु प्रधान, पूर्ववत्, पृ. २२ ।

[७] लक्षमण प्रसाद गौतम, पूर्ववत्, पृ. भ ।

बढ्न थाल्यो भनेर सीताले माओवादी जनयुद्धको समयलाई समेत सङ्केत गरेको थाहा पाउन सकिन्छ । यसरी कथामा रोल्पादेखि काठमाडौंसम्मको स्थानमा घटेका घटनाहरू देखाइएको छ । तर यी सबै घटनाहरू सीताको पूर्वस्मृतिका रूपमा आएका छन् ।

### ५.४.६ रूपपक्ष

प्रस्तुत कथा पूर्वस्मृतिमा आधारित रहेको छ । अन्त्यबाट सुरु भएर मध्य र आरम्भतिर अगाडि बढेको छ । त्यसैले यस कथाको रूपविन्यास विवृत किसिमको रहेको छ । आत्मालापीय शैलीमा लेखिएको यो कथा सीताले आफैं आत्मालापीय रूपमा सर्सर्ती बताएको देखिन्छ । जम्मा ५ पृष्ठमा संरचित कथामा छोटा-लामा गरी जम्मा २४ अनुच्छेदहरू रहेका छन् । यस कथामा आलङ्कारिक वाक्यहरू यदाकदा पाइए पनि त्यति धेरै त्यस्ता वाक्यहरूको प्रयोग गरिएको पाइँदैन । कुनै वाक्यका पछाडि (...) जस्ता विन्दु चिह्नको प्रयोग गरेर भनिएको भन्दा बढी पाठकले आफैं बुझ्न सक्ने सम्भावना देखाइएको छ । विभिन्न बिम्ब र प्रतीकको प्रयोग पनि कथामा पाउन सकिन्छ । जस्तै रामले एउटा आदर्श अर्थात् रामायणका रामको परिचय गराउँछ भने 'कृष्ण' को प्रयोगले धेरै महिलाहरूलाई मोहित बनाउने वा आफ्नो बसमा पार्दै हिड्ने मानिसलाई सङ्केत गरेको देखिन्छ । यस कथामा प्रयोग गरिएको 'नगरबधू' शब्दले नगरकी दुलही नजनाएर एउटी सहरमा बसेर यौनव्यापार गर्दै हिड्ने वेश्याको अर्थ व्यक्त गरिएको छ । यस कथामा 'लोग्नेमान्छे भमरा हरेक फूलको रस लिनु उसको अधिकार हो ।' भन्ने वाक्यले लोग्ने मान्छेले प्रत्येक नारीलाई भोग्दै हिड्न पाउनुपर्छ भन्ने कुरा सीताको श्रीमान्ले अभिव्यक्त गरेको छ ।

## ५.५ 'सीताहरू-पाँच' कथाको विश्लेषण

'सीताहरू-पाँच' कथा परशु प्रधानको बाह्रौ कथा सङ्ग्रहका रूपमा प्रकाशित **सीताहरू** (२०६४) कथासङ्ग्रहमा सङ्गृहीत पच्चीस ओटा कथाहरूमध्ये एक हो । यो कथा चरित्र प्रधान कथा हो । यस कथाकी प्रमुख नारी चरित्र सीताको यौन चरित्रलाई अतियथार्थ रूपमा प्रस्तुत गरिएको छ ।

### ५.५.१ कथानक

कथाको सुरुवात कथामा उपस्थित सीता र 'म' पात्र सानैदेखि सँगै पढेको, सँगै पढ्दा 'म' पात्रसँग सीताले स्कुल नजिकैको ढोक्ले खोल्सामा विभिन्न यौनिक क्रियाकलाप गर्नु, केही वर्षमै सीता र 'म' पात्रको स्कुल भिन्नाभिन्नै हुनु, धेरै समय सीता र 'म' पात्रको भेट नहुनु, धेरै समयपछि सीतासँग म अर्थात् रामको भेट हुनु, सीताको विवाह एउटा बूढो मानिससँग भइसकेको कुरा रामलाई सीताले बताउनु, सीताको गर्भसमेत रहनु अनि सीताले गर्भपतन गर्नु, त्यसपछि सीताले 'म' पात्रलाई अतीतका कुरा सम्झाउँदै यौन क्रियाकलाप गर्न प्रेरित गर्नु, म पात्रले वाध्यतामा परेर यौनकार्य गरेपछि उसले सीताको यौनेच्छा पूरा गर्न नसक्नु, पछि सहरमा घुम्ने क्रममा 'म' पात्रले कुनै एउटा रेष्टुराँमा सीतालाई चार जना युवाका साथमा देख्नु, ती युवाहरूले सीतालाई पालैपालो म्वाइँ खानु, स्तन माड्नु, त्यसपछि त्यो दृश्य देखेपछि 'म'पात्रलाई भित्रभित्रै दुखेको अनुभूति हुनु, केही क्षणमा सीताले 'म' पात्रलाई बाहिर काम छ भनेर बाहिर लैजानु र

आफ्नै गाडिमा राखेर एउटा उसको भव्य महलमा पुऱ्याउनु र राति खाना खाए पछि सीताले रामलाई रातभरि यौनिक क्रियाकलापहरू गर्न र गराउन उपयोग गर्नु जस्ता घटनाले कथानकको संयोजन भएको छ ।

यो कथा पूर्वस्मृतिमा नै लेखिएको छ र 'म' अर्थात् रामसँग सम्बन्धित घटनाहरू अन्त्यबाट सुरु भएको देखाइएको छ ।

### **५.५.२ पात्र/चरित्र विधान**

यस कथामा 'म' अर्थात् राम, सीता, सीताको बूढो लोग्ने, चारजना युवाहरू, सीताकी घरमा बस्ने सेविका जस्ता चरित्र रहे पनि सीता र 'म' पात्र अर्थात् 'राम' नै यस कथाका प्रमुख पात्रका रूपमा रहेका छन् ।

#### **५.५.२.१ सीता**

थिई, निमोठ्थी, गर्दिनथी जस्ता स्त्रीलिङ्गी क्रियापदहरू सीताका निम्ति प्रयोग हुनु र सीता स्वयं स्त्रीलिङ्गी नाम हुनुले लिङ्गका आधारमा सीता स्त्री पात्र हो । कथाका सम्पूर्ण घटनाहरू सीतासँग नै सम्बन्धित हुनु र कथामा आदिमध्यान्त सीताको उपस्थित हुनुले कार्यका आधारमा सीता प्रमुख पात्र हो । सीताले आफ्नो लोग्नेलाई छोड्नु अनि गर्भपतन गर्नु र 'म' पात्रलाई यौनकार्य गर्न जबर्जस्ती लगाउनु अनि रेष्टुराँमा चारजना युवाहरूसँग वियर खाँदै यौनिक क्रियाकलाप गर्नु जस्ता कार्य गरेकी हुँदा प्रवृत्तिका आधारमा सीता प्रतिकूल पात्र हो । कथामा वर्णन भएअनुसार एउटै कुरामा स्थिर हुन नसक्ने मौका पर्नासाथ आफ्नो चरित्रमा परिवर्तन गर्ने सीता स्वभावका आधारमा गतिशील पात्र हो । सहरमा बसेर सबै नेपाली महिलाले सीताको जस्तो कार्य र क्रियाकलाप नगर्ने भएकाले जीवन चेतनाका आधारमा सीता व्यक्तिगत पात्र हो । यसका साथै कथामा सुरुदेखि अन्त्यसम्मका घटना सीतासँग नै सम्बन्धित रहेका र सीता कथामा आएका घटनामा दृश्यात्मक रूपमा रहेकी हुँदा आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा उपस्थित रहेकी छे ।

बाल्यावस्थादेखि नै कामुक चरित्रका रूपमा देखिने र यौनकार्य गर्न उद्यत सीताको विवाह एउटा बूढो लोग्नेसँग भएको र त्यो बूढो लोग्नेले आफ्नो यौनतृप्ति पुरा नभएपछि घरबाट विद्रोह गरी आफूले गर्भपतन समेत गरेर माइत बसेको र उसका कुण्ठित यौन चाहनाले गर्दा ऊ यस कथामा असामान्य रूपमा उपस्थित रहेकी छे । सीताले 'म' पात्रलाई भेटेपछि यौनकार्यका लागि प्रेरित गर्नु र 'म' पात्रले पनि उसको यौन चाहनालाई पूर्ण गर्न नसकेपछि ऊ नगरकी एउटी नगरबधूका रूपमा उपस्थित भएर यौन व्यवहार गर्दै हिँडेको रेष्टुराँमा चारजना युवकसँग बसेबाट थाहा पाउन सकिन्छ । पछि रेष्टुराँमा 'म' पात्रलाई भेटेपछि आफ्नो घर लगेर समेत उसलाई एउटा बघिनी जस्तो भएर जबर्जस्ती उसमाथि खेल्नुले सीताको कुण्ठित यौन चाहनाले उसलाई असामान्य बनाएको पुष्टि हुन्छ । यस कथामा सीताको यौन चरित्रलाई देखाइएको छ ।

### ५.५.२.२ 'म' अर्थात् राम

राम पुलिङ्गी नाम हो अनि कथामा रामका लागि पुलिङ्गी क्रियापदहरूको प्रयोग गरिएको हुँदा लिङ्गका आधारमा पुरुष पात्र हो । राम सीताको असामान्य चरित्रको चित्रण गर्न र सीतालाई असामान्य अवस्थामा पुऱ्याउन उसको पनि भूमिका रहेको र कथाका घटनाहरू रामसँग नै सम्बन्धित रहेको हुनाले कार्यका आधारमा प्रमुख पात्रका रूपमा नै रहेको छ । सीताले जबर्जस्ती रूपमा आफूलाई उपयोग गर्न लगाएको र उसले यौन कार्य गरे पनि सीताले चारजना युवकसँग रेष्टुराँमा गरेको व्यवहारदेखि दुःखी हुने 'म' पात्रले कथामा कुनै पनि नकारात्मक कृयाकलाप नगरेको हुँदा प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । 'म' को जस्तो चरित्र जोसुकै मानिसमा पनि नहुने हुनाले जीवनचेतनाका आधारमा व्यक्तिगत पात्रका रूपमा उपस्थित भएको छ । अनि रामको जीवनमा कुनै गतिशीलता नदेखिएको कारण स्वभावका आधारमा गतिहीन पात्र हो । कथामा सम्पूर्ण घटनाको अनुभव गर्ने र कथाका घटनामा दृश्यात्मक रूपमा उपस्थित पात्र आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा 'म' पात्र अर्थात् रामले आफैँलाई 'म' जुनसुकै कुरा पनि ढिलो बुझ्छु भनेबाट ऊ सामान्य मानिसभन्दा फरक किसिमको पात्र रहेको भन्ने कुरा पुष्टि हुन्छ । प्राकृतिक रूपमा जो सुकै उमेर पुगेका युवायुवतीलाई यौनको चाहना हुने भए पनि यस कथाको 'म' पात्रले यौनप्रति त्यति चासो नदिएका कारण पनि ऊ एक असामान्य पात्रका रूपमा उपस्थित रहेको छ । सीताले 'म' पात्रको यौनाङ्ग खेलाउँदै यौनकार्य गर्न उत्प्रेरित गरे पनि उसमा कुनै किसिमको यौन उत्तेजना देखिएको छैन । ऊ जबर्जस्ती यौनकार्य गर्न बाध्य भएको छ र उसले आफैँ 'म' सेक्स गर्न अयोग्य छु भनौं असमर्थ छु । म कुनै सीताको यौनेच्छा पुरा गर्न सक्दिन भनेबाट कथाको 'म' पात्र सामान्य पात्रभन्दा फरक रहेको छ ।

### ५.५.३ सारवस्तु

सीताको बूढो लोग्नेसँग विवाह भएको र त्यसलाई छोडेर सीता माइतमा गएर बस्नु जस्ता घटनाले सीताको यौनेच्छा पुरा हुन नसकेको र सीताको अवस्था त्यही यौनचाहनाले गर्दा असामान्य अवस्थामा पुगेको र ऊ एक नगरबधू बनेर यौनव्यापार गर्दै हिँडेको देखाएर मान्छेभित्र रहेको एउटा शक्ति यौनशक्ति हो यौनको इच्छा परिपूर्ति हुन सकेन भने मान्छेले आफ्नो जीवनमा जस्तोसुकै निर्णय गर्न पनि सक्छ भनेर देखाउनु यस कथाको सार हो । यसका साथै 'म' पात्रका मध्यमबाट जन्मजात रूपमा असामान्य मानिसलाई कुनै कुराको इच्छा नहुँदा नहुँदै पनि जबर्जस्ती कुनै कार्य गर्नु पऱ्यो भने उसको मानसिकता झन खराब हुन्छ भन्ने देखाइएको छ । सहर बजारमा सीताजस्ता नगरबधू खुलमखुल्ला यौनव्यापार गर्दै हिँडे पनि यसको नियन्त्रण र रोकथाम हुन सकेको छैन भन्दै नेपालका यस्ता यौनिक विकृति र विसङ्गतिलाई देखाउनु पनि यस कथाको सार रहेको छ । कथामा उपस्थित सीता र 'म' पात्रको चारित्रिक विशेषता देखाएर तिनीहरूको असामान्य अवस्थाको खोतल खातल गर्नु नै यस कथाको सार रहेको छ ।

### ५.५.४ दृष्टिविन्दु

यस कथामा 'म' पात्रले कथा भने पनि यसका सम्पूर्ण घटनाहरू सीतासँग सम्बन्धित भएका र 'म' पात्रले चाहिँ सीतासँग सम्बन्धित घटनालाई अगाडि बढाउन सहयोगी भूमिका निर्वाह गरेको र 'म' पात्र कथामा तटस्थ रहेको हुँदा प्रथम पुरुष दृष्टिविन्दुको एक प्रकार परिधीय प्रथमपुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

### ५.५.५ परिवेश

कथामा वर्णित स्थानहरूमा गाउँको स्कुल, स्कुल नजिकैको ढोक्ले खोल्सा आदिको वर्णनबाट केही घटनाहरू गाउँले परिवेशमा घटेको देखाइएको छ । यसका साथै हाटबजारको उल्लेखले पनि गाउँमा लाग्ने गरेको बजारको झलक पाउन सकिन्छ भने अर्कातिर रेष्टुराँमा चारजना युवकसँग सीता बस्नु, उसले 'म' पात्रलाई देखेपछि बाहिर जाऊँ भनेर आफ्नो गाडीमा राखेर भक्तपुर तर्फको बाटो लगी भन्ने सन्दर्भले कथाले समेटेको स्थान काठमाडौंकै कुनै पनि स्थान हुन सक्ने स्वतः अनुमान गर्न सकिन्छ । यसरी यस कथाले गाउँदेखि काठमाडौं सहरसम्मको स्थानलाई समेटेको छ । समयका हिसावले सीता र 'म' पात्र ३ कक्षामा पढ्दादेखि सुरु भएको कथा सहरमा पुगेर सीताले वेश्यावृत्ति गरेर घर र गाडी किनेसम्मको समय अड्कल गर्दा यकिन समयको उल्लेख गर्न नसके पनि सीताले 'म' पात्रलाई आफ्नो घरमा हाम्रो भेट नभएको कति वर्ष भयो भनी प्रश्न गर्नु अनि २० वर्ष भयो भनी आफैं बताउनुले यस कथाले समेटेको मोटामोटी समय २०-२२ वर्षको समयावधिमा घटना घटेको अनुमान गर्न सकिन्छ । यस कथामा एकातिर बूढो लोग्नेसँग सीताको नसोधीकन विवाह गरिदिनुले परम्परावादी सामाजिक परिवेश देखिन्छ भने सीताले विद्रोह गरी घर छोड्नु, गर्भपतन गर्नु र विभिन्न वेश्यावृत्ति गरेर सम्पत्ति कमाउनु जस्ता घटनाले आधुनिक भन्दा पनि उत्तर आधुनिक नारीवादी मान्यता आइसकेको परिवेश पनि यस कथामा पाउन सकिन्छ ।

### ५.५.६ रूपपक्ष

यस कथाको कथानक विकास व्यतिक्रमिक र अभिव्यक्तिको प्रकार विशिष्ट भएकाले यस कथाको रूपयोजना पनि विवृत रहेको छ । सात पृष्ठमा संरचित यस कथामा लामा-छोटा गरेर जम्मा २९ अनुच्छेदहरू रहे पनि कथाको आयाम हेर्दा छोटो नै देखिन्छ । कथाको प्रमुख पात्र 'म' ले सम्पूर्ण घटनाहरू एउटा आत्मसंस्मरण जस्तो भयो भन्नु र सम्पूर्ण घटनाहरू पहिला घटिसकेको र पछि 'म' पात्रले सम्झिएकोबाट कथा आत्मसंस्मरणात्मक शैलीमा लेखिएको छ । कथामा सरल र जटिल दुवै किसिमका वाक्यको प्रयोग भएको छ । कथामा तत्सम, तद्भव, आगन्तुक तीनै किसिमका शब्दहरूको प्रयोग गरिएको छ । अनि नगन्य मात्रामा अनुकरणात्मक शब्दको पनि प्रयोग गरिएको छ । 'ग्वाम्लाङ्ग' अनुकरणात्मक शब्द हो यो पनि कथामा सान्दर्भिक रूपमा प्रयोग गरिएको छ । यौन विषयलाई नै प्रमुख विषय बनाइएको यस कथामा नेपाली समाजका लागि पाच्य नहुने शब्द र वाक्यहरू प्रशस्तै प्रयोग गरिएका छन् । यसले अतियथार्थलाई सङ्केत गरेको छ । जस्तैः "तिम्रो पिसाप फेर्ने मेरा भित्र राख्न सक्छौं?", ग्वाम्लाङ्ग अँगालो हाली र लिङ्गलाई सुम्सुम्याउँन थाली, ऊ मनिरै आई र लामो म्वाई खाई, मेरो सारा शरीर सुम्सुम्याएर लिङ्गमा

हात पुऱ्याई ।"[८] जस्ता अश्लील वाक्यहरू छन् । यस्तै वाक्यको प्रयोग कथाको अन्त्यसम्म पनि पाउन सकिन्छ । यस्ता अश्लील र समाजका लागि अपाच्य कुरा देखाउँदा कथा अतियथार्थवादी कथाका रूपमा पुगेको छ ।

आत्मसंस्मरणात्मक शैलीमा लेखिएको यस कथामा आलङ्कारिक वाक्यहरूको पनि प्रशस्त प्रयोग गरिएको छ । जस्तै "सीताभित्र प्रचण्ड विद्रोहको आगो रहेछ", मेरो वाक्य फुटेन के यही पहाडका डाँडामा सुन्दर फुल्ने गुराँस हो ।"[९] यस्ता थुप्रै आलङ्कारिक वाक्यहरू कथामा प्रयोग गरिएको छ । यस कथामा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग पनि भएको छ । सिसाकलमले पुरुष जातिको लिङ्गको प्रतीकात्मक अर्थ व्यक्त गरेको छ । "मेरो बाह्र वर्षको तिर्खा मेटाइदिने । होइन भने हातपात र जबर्जस्ती गऱ्यो भनेर कराइदिन्छु ।"[१०] भन्ने वाक्य सीताले 'म' पात्रलाई यौन सम्पर्कका लागि प्रतीकात्मक रूपमा आह्वान गरेकी छे । सीतालाई शिला भएकी भनेर वेश्यावृत्ति गर्ने नगरबधूका रूपमा बताउन खोजिएको छ । नगरबधू नै पनि एक प्रतीकात्मक अर्थ दिने शब्द हो । "अझ पनि तिम्रो गन्हाइरहेछ"[११] भनेर म पात्रले सीतालाई यौनकार्य नगर्ने विचार व्यक्त गरेको बुझिन्छ ।

## ५.६ 'सीताहरू-छ' कथाको विश्लेषण

सर्वप्रथम २०६० सालको श्रावणको **गरिमा** (वर्ष २१, अङ्क ८, पूर्णाङ्क २४८) मा प्रकाशित 'सीताहरू-छ' कथा **सीताहरू** कथासङ्ग्रह (२०६४) मा सङ्गृहीत पच्चीस ओटा कथाहरू मध्ये एक हो । यो कथा मनोविज्ञानमा आधारित रहेर लेखिएको छ । कथाका प्रमुख पात्रहरूको मनोवैज्ञानिक द्वन्द्व समेत उद्घाटन गर्ने प्रयास कथामा गरिएको छ ।

### ५.६.१ कथानक

'सीताहरू-छ' कथाको कथानक विकास किरण र सीता भागेर काठमाडौं गएबाट सुरु हुन्छ । काठमाडौंमा आएपछि बाहिरबाट काठमाडौंलाई जसरी हेरिन्छ, त्यो रूपमा नपाउनु, सीता र किरणले जीवन निर्वाह गर्नका लागि विभिन्न नातागोता र ठूलाबडाको चाकडी गर्नु, उनीहरूले जागिर नपाउनु र निराश हुनु, किरण र सीताको छोराछोरी जन्माउने सपना पुरा हुन नसक्नु, काठमाडौंका धेरै डाक्टरसँग र क्लिनिकमा गएर शरीर परीक्षण गराए पनि उनीहरूले सन्तान नहुने कारण पत्ता लगाउन नसक्नु, त्यसपछि सीता र किरण, किरणको साथी शङ्कर र उसकी श्रीमती वीणाका साथमा शरीर परीक्षण गर्न कलकत्ता जानु, कलकत्तामा शारीरिक परीक्षणबाट किरणको वीर्यमा वच्चा जन्माउन सक्ने शक्ति नहुनु र सीताको स्वास्थ्य एकदमै ठीक हुनु, अनि शङ्करको वीर्यको स्थिति ठीक अवस्थामा भए पनि शङ्करकी श्रीमती वीणाको पाठेघरले बच्चा लिन नसक्ने डक्टरको टिपोर्ट आउनु, त्यसपछि किरण र सीता एकदमै मुडअफ अवस्थामा हुनु, सीताले शङ्करको वीर्य धारण गर्ने सन्दर्भ देखाइए पनि शङ्करकी श्रीमती त्यसमा बाधक हुनु, सीताको

८ परशु प्रधान, पूर्ववत्, पृ. २४-३० ।

९ ऐजन, पृ. २८ ।

१० ऐजन, पृ. २७ ।

११ ऐजन, पृ. ३० ।

मानसिकतामा ठूलो आँधी देखा पर्नु, कलकत्ताबाट फर्कंदा सीताले बस दुर्घटनामा परे पनि हुन्थ्यो भन्दै घर फर्किनु, यसरी निस्सार, निरस, अभिशप्त र विवश जीवन बिताउन बाध्य भएकी सीता यौन व्यापारतिर लाग्नु र ऊ सम्पन्न हुनु आदि घटनाले यो कथाको कथानक विस्तार भएको छ ।

### ५.६.२ पात्र/चरित्र विधान

यस कथामा सीता, किरण, शङ्कर, वीणा जस्ता पात्रहरू उपस्थित रहे पनि प्रमुख पात्र सीता र किरण नै हुन् भने शङ्कर र वीणा कथालाई अगाडि बढाउने सन्दर्भमा आएका पात्रहरू हुन् । यिनीहरूको भूमिका गौण रहेको छ ।

#### ५.६.२.१ सीता

कथामा 'म' अर्थात् सीता स्त्रीलिङ्गी नाम र सीताका लागि स्त्रीलिङ्गी क्रियापदको प्रयोग गरिएको हुँदा लिङ्गका आधारमा सीता स्त्री पात्र हो । कथाका सम्पूर्ण घटनाहरू सीतासँग सम्बन्धित हुनु र कथामा आद्योपान्त उपस्थित रहनुका साथै कथाको दृष्टिविन्दुकर्ता समेत सीता नै हुनु र सीताकै केन्द्रीयतामा कथानकको विकास भएका कारण कार्यका आधारमा सीता प्रमुख पात्र हो । कथामा सीताको विवश, निस्सार, निरस, अभिशप्त अवस्था हुनु र त्यसपछि उसले पैसाका लागि यौन व्यापार गर्नुले ऊ कथामा प्रवृत्तिगत आधारमा हेर्दा प्रतिकूल पात्र हो । कथामा सीताको स्वभावमा परिवर्तन आउँछ । किरणको वीर्यबाट बच्चा जन्माउने शक्ति नभएपछि किरणकै साथीद्वारा यौनकार्य गर्न पनि ऊ अग्रसर भएकी छे भने त्यसपछि उसले विभिन्न व्यापारी लगायत धेरै व्यक्तिहरूसँग यौन व्यापार गर्दै हिंडेबाट ऊ स्वभावका आधारमा गतिशील पात्र हो । विविध कारणले निःसन्तान नारीहरू आन्तरिक रूपमा धेरै भुटभुटिने भए पनि त्यसबाट उनीहरू यौनव्यापार गर्दै हिंड्न भने नसक्ने भएकाले कथाकी नायिका जीवनचेतनाका आधारमा वर्गगत चरित्र जस्ती देखिए पनि व्यक्तिगत पात्र हो । कथामा दृश्य कार्य व्यापारमा आएकी सीता आसन्नताका आधारमा मञ्चीय र कथानकबाट उसलाई बेग्ल्याउँदा संरचना पुरै नष्ट हुने हुँदा आबद्धताका दृष्टिमा बद्ध पात्र हो ।

कथामा सीताको विभिन्न चारित्रिक विशेषताहरू प्रस्तुत गरिएको छ । सुरुमा जागिर नपाउँदा उसमा निराशाका कुण्ठा प्रशस्त मात्रामा देखिएका छन्, बेरोजगारले खट्पटिएकी सीता जीवनमूल प्रवृत्ति र मृत्युमूल प्रवृत्तिको द्वन्द्वमा परेको पुष्टि उसले कथामा व्यक्त गरेका विचारबाट थाहा पाउन सकिन्छ । सीताले नारीमा हुने गुण अर्थात् आमा हुने चाहना पनि कथामा व्यक्त गरेकी छे । आफ्नो श्रीमान् किरणमा सन्तान जन्माउने शक्ति नभएको थाहा पाएपछि किरणको साथी शङ्करबाट भए पनि आफ्नो सन्तान जन्माउने (शिशु ईश्वरको) चाहना व्यक्त गरेको देखिन्छ । डाक्टरको रिपोर्ट पाएपछि भने सीता ठूलो अन्तर्द्वन्द्वमा परेको पाइन्छ । अब के गर्ने ? किरणले अव आत्महत्या गर्ने हो कि ? म आफैं आत्महत्या गरौं कि ? भन्ने उसको मानसिकतामा द्वन्द्व देखापरेको छ । आफूले चढेको बस दुर्घटनामा परे जाति हुन्थ्यो भन्नुबाट स्पष्ट हुन्छ । यसरी जीवन र मृत्युको द्वन्द्वमा फसेकी सीताको जीवनमूल प्रवृत्तिले जित्छ र ऊ यौनव्यापार गरेर सम्पत्ति कमाउँदै रहेको देखिन्छ । यसरी सीताका माध्यमबाट मान्छेको मनस्थितिमा आइपर्ने विभिन्न द्वन्द्वहरू देखाइएको छ ।

### ५.६.२.२ किरण

कथामा किरण निदाउन लागेको छ, गम्भीर छ जस्ता पुलिङ्गी क्रियापदको प्रयोग किरणका निम्ति गरिएबाट किरण कथामा लिङ्गका आधारमा पुरुष पात्र हो । सीताको श्रीमान् किरणले कथामा घटेका घटना र सीताको क्रियाकलापलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुँदा कार्यका आधारमा प्रमुख पात्र हो । कथामा किरणले कुनै पनि नकारात्मक कार्य गरेको छैन त्यसकारण ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । सीता र किरणका बच्चा नभएपछि त्यसको सकुन्जेल उपाय खोज्ने अनि कलकत्ता गएर भए पनि आफ्नो र सीताको शरीर परीक्षण गरेको र जागिरका लागि समेत विभिन्न उपाय सोच्दै अगाडि बढेको पात्र भएका कारण ऊ कथामा गतिहीन रूपमा रहेको छैन त्यसैले स्वभावका आधारमा गतिशील पात्र हो । कथामा वर्णन भए अनुसार एउटा सङ्घर्ष गर्दै हिंड्ने युवक र आफ्नो विवश, निस्सार जीवन बिताउँन बाध्य युवकका रूपमा देखिएको हुनाले जीवन चेतनाका आधारमा किरण वर्गगत पात्रका रूपमा रहेको छ । कथामा आएका घटनामा किरण दृश्यात्मक रूपमा आएको र कथानक विकासमा किरण आवद्ध भएका कारण आसन्नताका आधारमा मञ्चीय र आवद्धताका आधारमा वद्ध पात्र हो । कथामा उपस्थित किरणको पनि मानसिक चरित्रको उद्घाटन गरिएको छ । पहिले एकदमै ठूलो महत्त्वाकांक्षा लिएर काठमाडौं आएको किरण यहाँको वातावरण र आफूले कुनै पनि रोजगार पाउन नसकेपछि ज्यादै हतोत्साहित भएको र उसका इच्छा आकांक्षा पनि कुण्ठित भएका छन् । त्यसपछि सन्तान नभएर कलकत्तामा आफ्नो र सीताको शरीर परीक्षण गर्दा आफ्नो शरीरमा देखिएको कमजोरीले गर्दा किरण एकदमै ठुलो आँधी हुरीमा परेको देखिन्छ । त्यसपछि उसलाई निद्रा नपर्नु, सीताले चिया खाने भनी प्रश्न गर्दा उसले नकारात्मक टाउको मात्र हल्लाउनुलाई उसलाई बोल्न समेत मन नलागेको र ऊ एकदमै निराश भएको पुष्टि हुन्छ । यस परिस्थितिमा ऊ एक अन्तर्मुखी स्वभावका रूपमा देखापर्दछ । अन्तर्मुखी स्वभावको चरित्रले जुनसुकै बेला जे पनि गर्न सक्छ भन्ने कुराको पुष्टि किरणले कलकत्ताबाट फर्कंदा सीतालाई “सीता सायद यो यात्रा हाम्रो अन्तिम हुन सक्छ ।”[१२] भन्नुले समेत पुष्टि गर्दछ । कथामा आएका शङ्कर र उसकी श्रीमती वीणा भने कथालाई अगाडि बढाउन बीचमा उपस्थित भएका पात्र हुन् । शङ्कर भने सीता र किरणलाई सहयोग गर्ने सहयोगी पात्रका रूपमा देखापर्छ भने वीणाले आफ्नो श्रीमान्‌बाट सीताको सन्तान जन्माउने इच्छा पुरा गर्न दिन नसक्ने कुरा बताएकी छे ।

### ५.६.३ सारवस्तु

निःसन्तान रूपमा रहेका र आफ्ना सन्तान नभएपछि श्रीमान् श्रीमतीमा कस्तो मनस्थिति हुन्छ भन्ने कुरा किरण र सीताको डाक्टरको रिपोर्ट सुनेपछि आफ्नो मानसिकतामा देखा परेको भयावह अवस्थाले सङ्केत गरेको छ । कथामा जागिरको लागि आफन्त र ठूलाबडाको चाकडी गर्नुपर्ने बाध्यात्मक परिस्थिति पनि यथार्थ रूपमा देखाइएको छ । अनि मान्छेका इच्छा आकांक्षा पुरा नभएपछि मानिसले जस्तो सुकै निर्णय गर्न र व्यवहार गर्न पनि पछि पर्दैन भन्ने कुरा सीताको यौन व्यवहार र किरणले सायद यो यात्रा अन्तिम हुन सक्छ’ भन्नुबाट पुष्टि हुन्छ ।

---

[१२] ऐजन, पृ. ३५ ।

यसका साथै कथामा विभिन्न घटनाका माध्यमबाट सीता र किरणको मानसिक अन्तर्द्वन्द्वलाई खोतल्नु यसको प्रमुख उद्देश्य रहेको छ ।

### ५.६.४ दृष्टिविन्दु

यस कथामा कथानकका सम्पूर्ण तथ्यहरूको वर्णन सीताले गरेको र उसले प्रथम पुरुष एक वचनको सर्वनाम 'म' का माध्यमले कथा प्रस्तुत गरेको हुँदा कथाको समाख्याता समेत सीता नै मानिएको हुनाले कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । सीताकै केन्द्रीयतामा सीताका साथै किरणको चरित्रको चारित्रिक मूल्यको समेत जानकारी पाइने हुनाले सीताको भूमिकालाई तटस्थ बनाइएको छैन । त्यसकारण प्रथम पुरुषमा पनि केन्द्रीय प्रथमपुरुष दृष्टिविन्दु रहेको छ ।

### ५.६.५ परिवेश

कथामा वर्णन भएका स्थानहरूमा काठमाडौं, कलकत्ता मुख्य रूपमा उल्लेख भए पनि काठमाडौंका विभिन्न ठाउँमा जागिरको सिलसिलामा किरण र सीता भौंतारिंदै हिंड्नु, काठमाडौंका क्लिनिकहरूमा शरीर परीक्षण गरेको उल्लेखले घटनाहरू काठमाडौंसँग नै बढी भए पनि कलकत्तामा गएर शरीर परीक्षण गरेको उल्लेख भएबाट नेपाल बाहिरसम्मको स्थानको उल्लेख गरिएको छ । साथै कलकत्ता जाँदाको बाटामा बसको वर्णन र कलकत्ताको बसपार्कबाट रक्सौलको टिकट लियौं भनी उल्लेख गर्नुले नेपालमा काठमाडौंका विभिन्न चिल्ला सिमेन्टका सडकदेखि लिएर नेपाल बाहिरको समेत स्थानको उल्लेख कथामा प्रस्तुत गरिएको छ । समयको बारेमा कथामा कहीं कतै उल्लेख नभए पनि किरण र सीता काठमाडौं भागेर गएदेखि उनीहरूले विभिन्न काम खोज्नु, उनीहरूको बच्चा नभएका कारण काठमाडौंदेखि कलकत्तासम्म शरीर परीक्षण गर्न जानु र फर्कनु जस्ता घटनाहरूको उल्लेखले यस कथाका घटनाहरू कम्तिमा २ वर्षदेखि ४/५ वर्षसम्म घटेका घटनाहरू हुन सक्ने अनुमान गर्न सकिन्छ ।

यस कथाको सामाजिक परिस्थितिमा निःसन्तान भएपछि मान्छेले मुक्ति पाउँदैन भन्ने र छोरा नै चाहना राख्ने रुढिवादी समाज छ । छोरीबाट वृक्ष कहाँ फस्टाउँछ र ! भन्ने जस्ता प्रसङ्गले एउटा रुढीवादी समाजको प्रतिनिधित्व गर्छ भने अर्कातर्फ आधुनिक युगका विभिन्न विधि-प्रविधिद्वारा सन्तान जन्माउन सक्ने नसक्ने शरीरको परीक्षण गरिएको छ । "मेरो संस्कार, समाज र वातावरण त्यस्तो निर्णयका विरुद्धमा पर्खाल भए पनि त्यस पर्खाललाई तोड्न म बाध्य र विवश भए ।"[१३] भनी सीताले उल्लेख गर्नुबाट त्यतिबेलाको समाजले हालसम्म पनि खुलम खुल्ला यौन व्यापार गर्न रोक लगाएको छ त्यस्तो समाजको चित्रण कथामा यथार्थ रूपमा देखिएको छ । कथामा शिक्षित समाजको नै उल्लेख गरिएको छ । वैज्ञानिक युगले ल्याएका विभिन्न विधि-प्रविधिको उल्लेखले मान्छेलाई त्यसैप्रति तानिरहेको सङ्केत पनि यस कथामा पाउन सकिन्छ ।

---

[१३] ऐजन, पृ. ३३ ।

आन्तरिक परिवेशमा सीता र किरणका मानसिक उतार चढावलाई प्रस्तुत गरिएको छ । सीता र किरणबाट बच्चा उत्पादन नहुने रिपोर्ट आएपछिको सीता र किरणको मानसिक पक्षमा आएको आँधी बेहेरी कथामा आन्तरिक परिवेशका रूपमा आएको छ ।

### ५.६.६ रूपपक्ष

कथा पूर्वस्मृतिमा रहनु, 'म' अर्थात् सीताले एकतर्फी रूपमा पहिले घटिसकेका घटनालाई आत्मालापीय शैलीमा प्रस्तुत हुनुका साथै अन्त्यबाट सुरु हुनु तथा कथा व्यतिक्रमिक र अभिव्यक्तिको प्रकार विशिष्ट हुनुले यस कथाको रूपयोजना पनि विवृत किसिमको रहेको छ । कथामा साना-ठूला गरेर जम्मा २५ अनुच्छेद रहेका छन् । पच्चीस अनुच्छेद रहे पनि यी धैरै लामा नभएका कारण कथाको आयाम छोटो रहेको छ । कथामा सरल मिश्र र संयुक्त तीनै किसिमका वाक्यहरू प्रयोग भएका छन् । कथाको प्रारम्भ नै मिश्रवाक्यबाट सुरु भएको छ । कथामा नगन्य मात्रामा भए पनि केही अंग्रेजी शब्दहरू प्रयोग भएका छन् जस्तैः रेष्टुराँ, बेट्रेस, क्लिनिक आदि । कथाको अभिव्यक्ति शैलीमा आलङ्कारिकता स्पष्ट देखिन्छ । सन्तानको चाहनालाई तिलाञ्जली दिन पाएको भए, जिन्दगी भने बासी माछा जस्तै गनाउने हुँदोरहेछ, हामी दुवैको डुङ्गा आँधी बेहेरीको बाढीमा परिसकेको थियो, आगोमा यौवनहरू सल्काइस् आदि जस्ता आलङ्कारिक वाक्यहरू कथामा प्रशस्त रहेका छन् । यस कथामा केही मात्रामा भए पनि प्रतीकहरूको प्रयोग भएको छ । जस्तै थुप्रै हात्तीहरूलाई आफ्नो कोठामा सहजै प्रवेश गराउन सक्ने स्थितिमा पुगिसकेकी थिएँ भन्ने वाक्यमा आएको 'हात्ती'ले पुरुष लिङ्गको प्रतीक र 'कोठा'ले नारी योनीको प्रतीक अनि 'प्रवेश'ले यौनकार्यको प्रतीकात्मक अर्थ प्रदान गर्दछन् ।

यसरी पूर्वस्मृतिमा कथाकी प्रमुख पात्र सीताका माध्यमबाट प्रस्तुत गरिएको यस कथामा सीता र किरणको मानसिक अन्तर्द्वन्द्वको चित्रण गरिएको छ ।

## ५.७ 'सीताहरू-सात' कथाको विश्लेषण

'सीताहरू-सात' कथा परशु प्रधानको **सीताहरू** (२०६४) कथासङ्ग्रहमा प्रकाशित पच्चीस ओटा कथाहरू मध्ये सातौं कथाका रूपमा सङ्गृहीत कथा हो । यस कथामा प्रमुख पात्र 'म' को चरित्रको चित्रण गरिनुका साथै विभिन्न चरित्रका सीताहरूको खोजी समेत गरिएको छ । यो एउटा मनोवैज्ञानिक कथा हो ।

### ५.७.१ कथानक

यस कथाको कथानक कथाको प्रमुख पात्र 'म' अर्थात् रामनाथले धारामा नुहाइरहेकी सीता 'क' लाई देखेबाट सुरु भएको छ । 'म' अर्थात् रामनाथ सीताको प्रेममा फँस्नु, रातभरि निदाउन नसक्नु, कहिले रुने, कहिले हाँस्ने पागल जस्तै हुनु, सपनामा सीताले पनि प्रेम गरेको तर त्यसलाई स्विकार्दैनन् भनेको देख्नु, एकदिन प्रेमपत्र लेखी रामनाथले सीताको अगाडि फ्याँक्नु र त्यसको जवाफको आशा राख्नु र पागल जस्तै हुनु, त्यसपछि 'म' पात्रलाई उसको रोग थाहा पाएर बाबु-आमाले तराईको कुनै सहरमा पढ्न पठाउनु, पछि सीता कुनै हवल्दारसँग पोइल जानु, त्यसपछि 'म' पात्रसँग अर्की सीता 'ख' को भेट हुनु, उनीहरू तराईको कुनै कलेजमा सँगै पढ्नु, 'म' पात्रले

सीता ''ख' मा पनि सीता 'क' कै छाया देख्न थाल्नु, पढ्दा, खाँदा, खेल्दा सीताकै छाया देख्नु, एकदिन 'म' पात्र सीता 'ख' लाई भेट्न उसको घर जानु घरमा सीता 'ख' का दाजुले किन आयौ भनेर सोध्नु, 'म' पात्रले नोटकपी लिऔं भनी आएको बताउनु, सीता 'ख' का दाजुले बनावटी कुरा नगर भन्दै बक्सिङ्ले हान्नु, त्यसपछि 'म' पात्रको सीता 'ख' सँगको सम्पर्क भारी हुँदै जानु, 'म' पात्रले पढाइमा प्रगति गर्दै जानु, त्यसपछि 'म' पात्रको सीता 'ग' सँग डिग्री क्याम्पसमा गएर भेट हुनु, सीता 'ग' बहिर्मुखी स्वभावकी हुनु, निडर हुनु, नेतृत्व लिनु, भाषण गर्दै हिंड्नु आदि विशेषताले सीता 'ग' 'म' पात्रलाई पुरुष जस्तै लाग्नु, एकदिन यस्ता विशेषता भएकी सीता 'ग' ले 'म' पात्रलाई कुनै सहरको उत्तर भागमा अर्थात्. तराईको समाप्त र पहाडको प्रारम्भ भएको ठाउँमा लानु र हामी बिहे गरौं भनी प्रस्ताव राख्नु, त्यसपछि सीता 'क' र 'ख' बाट धोका खाएको 'म' पात्रले मेरो बिहे भएको छ भनी सीता 'ग' लाई ढाँटी दिनु, सीता 'ग' ले म पात्रसँग एकदिन न एकदिन बिहे गर्ने दृढता व्यक्त गर्नु, केही दिनमा सीता 'ग' को बिहे धुमधामसँग हुनु, त्यसपछि 'म' पात्रले आफ्नो व्यक्तित्व बढाउँदै जानु, 'म' पात्रले आफ्नो अफिसमा त्यति खटेर काम नगर्नु किनभने अन्य कर्मचारी पनि त्यस्तै हुनु, अफिसमा काम गर्ने सिलसिलामा 'म' पात्रको सीता 'घ' सँग भेट हुनु, सीता 'घ' सामान्य केटीका रूपमा हुनु, मनमा लागेका कुरा सिधा बोल्नु, कहिले सीता 'घ' र 'म' पात्र मःमः खान, कहिले सिनेमा हेर्न सँगै जानु, एकदिन सीता 'घ' ले 'म' पात्रलाई उसको डेरामा लानु, सीता 'घ' को डेराको अवस्था देखेर 'म' पात्रलाई दया लाग्नु, 'म' पात्रले सीता 'घ' लाई सँगसँगै डेरामा बसौं आपसमा सहयोग हुन्छ भन्नु, सीता 'घ' ले स्थायी बस्ने कि अस्थायी भनी प्रश्न गर्नु, 'म' पात्रले नबुझ्रेझैं गर्नु सीता आक्रोसित भई हामीलाई तपाईंहरू खेलौंना बनाउनु हुन्छ किन ? भनी प्रश्न गर्नु त्यसपछि सीताको कुरा 'म' पात्रले बुझ्नु आदि घटनाहरूले 'सीताहरू-सात' कथाको कथानक संयोजन भएको छ ।

यस कथाको कथानक रैखिक नभएर वृत्ताकारीय रूपमा अगाडि बढेको छ ।

### ५.७.२ पात्र/चरित्र विधान

'सीताहरू-सात' कथामा 'म' अर्थात् रामनाथ सीता 'क', सीता 'ख', सीता 'ग', सीता 'घ', सीता 'ख' को दाजु, आदि पात्रहरू रहे पनि 'म' अर्थात् रामनाथ कथाको प्रमुख पात्र हो भने सीता 'क', 'ख', 'ग', 'घ' सहायक पात्र हुन् भने सीता 'ख' को दाजु गौण पात्रको रूपमा कथामा उपस्थित रहेको छ ।

#### ५.७.२.१ म अर्थात् रामनाथ

कथामा रामनाथका लागि 'छस्' जस्तो पुलिङ्गी क्रियापद प्रयोग हुनु र 'म' परिवर्तनको नायक हुँ .... भनी रामनाथले भनेबाट रामनाथ कथामा पुरुष पात्रका रूपमा उपस्थित भएको छ । रामनाथले सीता 'क', 'ख', 'ग', 'घ' सँग भेट भएर तिनीहरूसँग प्रेम गर्नु र प्रेममा धोका खाँदै गएपछि एउटा पागल जस्तो भएर अगाडि बढ्दै जानु र कथाको आदिमध्यान्त रामनाथकै भूमिका महत्त्वपूर्ण हुनुका साथै कथावाचक वा समाख्याता समेत 'म' अर्थात् रामनाथ हुनुबाट रामनाथ कार्यका आधारमा प्रमुख पात्रका रूपमा रहेको छ । रामनाथले सीता 'क' सँग प्रेम गर्नु अनि उसले धोका खाएबाट 'ख', 'ग', 'घ' सँग पनि प्रेम गर्नु तर कुनैमा सफल नहुनुमा उसले कुनै पनि

महिलालाई खेलौनाका रूपमा प्रयोग नगरी उनीहरूले नै धोका दिनु र अफिसमा रामनाथले कसैबाट घुस आएमात्र काम गर्ने गरेको उल्लेख गरे पनि त्यो अफिसका कर्मचारीको देखासिकी मात्र भएका कारण उसको नकारात्मक प्रवृत्ति नभएका कारण प्रवृत्तिका आधारमा ऊ अनुकूल पात्रका रूपमा उपस्थित रहेको छ । रामनाथले जस्तो जति पनि महिला भेटिन्छन् उनीहरूसँग प्रेम गर्दै धोका खाने र कुनै केटीको प्रेममा धोका खाए पनि अर्कीसँग प्रेम गर्दै एउटा असामान्य मनस्थिति लिएर हिंड्ने युवाहरू जोसुकै नहुने हुँदा ऊ कथामा वर्गगत पात्र नभई व्यक्तिगत पात्रका रूपमा रहेको छ । सीतासँग प्रेममा धोका खाएपछि अझ आफ्नो व्यक्तित्वलाई प्रेरणा मिलेको भन्दै व्यक्तित्व बनाउने गरेबाट ऊ स्वभावका आधारमा गतिहीन पात्र नभई गतिशील पात्रका रूपमा उपस्थित रहेको छ । कथामा दृश्य कार्यव्यापारमा उपस्थित भएको र कथाको केन्द्रीय पात्र बनेको साथै कथानकसँग पूर्ण सम्बद्ध पात्रका रूपमा रहेको रामनाथ आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा रामनाथ प्रेममा परेर धोका खाँदै अगाडि बढेको पात्र हो । सीतालाई धारामा नुहाइरहेको देख्ने बित्तिकै ऊसँग प्रेम गर्नु र त्यसलाई व्यक्त गर्न नसकी भित्रभित्रै प्रेमको आगोमा जल्नु जस्ता व्यवहारले उसको चरित्र अन्तर्मुखी स्वभावको रहेको छ । यसको उदाहरण सपनामा पनि त्यही सीताकै छायाँ देख्नुले पुष्टि गर्दछ । तर उसले त्यो कुरा व्यक्त गर्न नसक्नुमा उसको समाजले पर्खाल लगाएको कुरा उसको मनस्थिति अध्ययन गर्दा थाहा पाउन सकिन्छ । किनभने सीताले सपनामा 'हाम्रो समाजले ........' भनी प्रश्न गर्नु र रामनाथले समाजलाई बदल्न चाहन्छु, परम्परागत मान्यतालाई भत्काउन चाहन्छु भनी सपनामा बर्बराउनुले यसलाई पुष्टि गर्दछ । कथामा रामनाथ एक सहयोगी पात्रका रूपमा पनि देखापरेको छ । यसको उदाहरण सीता 'घ' को अवस्था देखेर सँगै डेरामा बसौं भन्नु उसमा कुनै स्वार्थ रहेको पाइँदैन । यसरी एउटा मानसिक कुण्ठा अर्थात् प्रेममा धोका खाएको व्यक्तिको मनस्थिति कस्तो हुन्छ भनी रामनाथको चरित्रबाट थाहा पाउन सकिन्छ । विभिन्न घटनाहरूको माध्यमबाट कथाको प्रमुख पात्र रामनाथको मानसिक विश्लेषण गरिएको छ । कथामा रामनाथ एक असामान्य चरित्रका रूपमा उपस्थित रहेको छ ।

यस कथामा आएका अन्य पात्रहरूमा सीता 'क', 'ख', 'ग', 'घ' र सीता 'ख' को दाजु उपस्थित भएका छन् । यिनीहरूले कथाको प्रमुख पात्र रामनाथको मानसिकतामा खलल पुऱ्याउन सहयोगी भूमिका निर्वाह गरेका छन् । सीता 'क' रामनाथलाई प्रेममा धोका दिएर हवल्दारसँग पोइल गएकी छे भने सीता 'ख' ले दाजुलाई लगाएर 'म' पात्रलाई कुटाएकी छे । अनि सीता 'ग' अत्यन्तै बहिर्मुखी स्वभावकी बोलक्कड र नेतृत्व लिन सक्ने प्रकारकी छे भने सीता 'घ' एउटी सामान्य गाउँले सोझी नारीकी रूपमा कथामा उपस्थित रहेकी छे । त्यस्तै सीता 'ख' को दाजु भने एउटा गुण्डाको व्यवहार देखाउने, बलको तुजुक देखाउने र अर्काको कुरा नसुन्ने र रिसाहा स्वभावको देखिएको छ । यसैकारण उसले 'म' पात्रका कुरा नै राम्ररी नसुनी उसलाई कुटेको छ ।

### ५.७.३ सारवस्तु

जीवनका सङ्गतिहीनतालाई देखाउनु नै यस कथाको प्रमुख सारवस्तुको रूपमा लिन सकिन्छ । त्यस्तै सस्तो र सहरिया प्रेम र नारीका स्वार्थी क्रियाकलाप देखाउनु पनि यस कथाको अर्को उद्देश्य हो । 'म' पात्रले सीता 'क' लाई प्रेम गर्नु तर ऊ हवल्दारसँग पोइल जानु, सीता 'ख' ले दाजु लाएर 'म' पात्रलाई कुटाउनु, अनि सीता 'ग' सँगको प्रेम पनि क्षणिक हुनु, त्यसपछि सीता 'घ' सँग 'म' पात्रले सँगै डेरा बसौं भन्दा स्थायी कि अस्थायी भनेर प्रतिप्रश्न गर्नुले सहरिया स्वार्थी प्रेम छर्लङ्ग रूपमा देखाइएको छ । कथामा 'म' पात्र अर्थात् रामनाथले अफिसमा काम गर्दा कसैबाट पैसा आउने भए काम गऱ्यो नत्र विभिन्न बहाना बनाएर काललाई पर साऱ्यो भन्नुबाट सरकारी कार्यालयमा घुसखोरी र कार्यालयका विसङ्गतिलाई समेत यथार्थ रूपमा देखाइएको छ । अनि 'म' पात्र विभिन्न सीतासँग प्रेम गरे पनि उसले व्यक्त गर्न नसक्नु र सपनामा समेत ऊ अर्धपागल भएर कराउनुले मान्छेका इच्छा, आकांक्षा कुण्ठित भए भने त्यसले मान्छेमा कस्तो असर पार्दछ भनी देखाउनु पनि कथाको अर्को उद्देश्य रहेको छ । सपनामा अचेतन मनका इच्छाहरू रूप बदलेर चेतनामा आउने कुरा फ्रायडले बताएका छन् त्यस्तै यस कथाको प्रमुख पात्र 'म' को सीतासँगको अव्यक्त प्रेम सपनामा समेत सीतासँगका संवाद भएर आएको देखाइएको छ । मान्छेको जीवनमा विभिन्न प्रकारका हीनताहरू हुन्छन् त्यसलाई सकारात्मक रूपमा सोचेर अगाडि बढ्यो भने त्यसले व्यक्तिको व्यक्तित्व विकास हुन्छ भन्नु पनि यस कथाको उद्देश्य रहेको छ ।

### ५.७.४ दृष्टिविन्दु

'सीताहरू-सात' कथाको कथावस्तु 'ती धेरै सीताहरू छन् जो मेरो जिन्दगीमा आए, ती सबैलाई बिर्सन पाए कस्तो हुन्थ्यो'[१४] भन्ने रामनाथको आफ्नै लागि गरिएको अभिव्यक्तिबाट आरम्भ भएको देखिन्छ । त्यसपछि कथाका सम्पूर्ण घटनाहरू रामनाथका विगतका र वर्तमानमा समेत त्यसको असर भएको र रामनाथकै माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ । कथामा उपस्थित भएका अन्य पात्रहरू समेत रामनाथले दिएको र संकेत गरेको वर्णन भित्रै आएका छन् । यसरी हेर्दा यस कथाको समाख्याता 'म' का रूपमा रामनाथ भएको हुनाले यहाँ प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथाको सम्पूर्ण कथानक रामनाथकै केन्द्रीयतामा आएको र अन्य पात्रको क्रियाकलाप समेत रामनाथकै आँखाबाट हेरिएको देखिंदा यहाँ प्रथम पुरुषमा पनि केन्द्रीय दृष्टिविन्दु विधि अँगालिएको छ ।

### ५.७.५ परिवेश

तराईको कुनै सहर, काठमाडौंका कलङ्की, सीतापाइला, अस्पताल, अफिस आदि ठाउँको उल्लेख गरिएबाट यस कथाको कार्यस्थल नेपालको तराईको कुनै ठाउँ र राजधानी काठमाडौं रहेको छ । कथाका मुख्य कार्यव्यापारहरू पनि यी नै स्थानहरूमा सम्पन्न भएको बुझिन्छ । समयका हिसाबले कथामा कहीं उल्लेख नभए पनि 'म' पात्रको सीता 'क' सँग भेट भएदेखि सुरु भएको कथानकमा 'म' पात्रले तराईका ठाउँमा पनि पढ्नु अनि अफिसमा जागिर खानु सम्मका

[१४] ऐजन, पृ. ३६ ।

घटनाहरू हेर्दा यस कथाको घटनामा खर्चिएको समय कम्तिमा पनि १० वर्षभन्दा कम रहेको जस्तो देखिँदैन । तर कथाको 'म' पात्रले पहिले घटेका घटनालाई करिब १ रातमा सम्भिएको देखाइएको छ। यस कथामा प्रस्तुत गरिएको समाज मध्यम र निम्नवर्गीय सहरिया समाजबाट पात्रपात्रा लिइएको छ । पात्रीय मानसिक परिवेशको खोजबिनमा बढी महत्त्व दिइएको यस कथामा कथाको प्रमुख पात्र 'म' को मानसिक कुण्ठाको राम्रो विश्लेषण आन्तरिक परिवेशका रूपमा आएको छ ।

### ५.७.६ रूपपक्ष

वृत्ताकारीय ढाँचामा प्रस्तुत हुनु, पूर्वस्मृतिका रूपमा कथा आउनु, कथानकको आदि, मध्य र अन्त्यको रूपमा कथा नआउनु र कथाको प्रमुख पात्र रामनाथको मनोवादजस्तो कथा रहनुले कथाको रूपविन्यास विवृत किसिमको देखिन्छ । यस कथामा साना-ठूला गरी २५ अनुच्छेद रहेका छन् । कथामा १ हरफका अनुच्छेददेखि १८ हरफ सम्मका अनुच्छेदहरूको संयोजन भएको देखिन्छ । कथामा वर्तमानकालिक क्रियाभन्दा भूतकालिक क्रियाहरूको नै बढी प्रयोग देखिन्छ । कथामा सरल, मिश्र, संयुक्त तीनै किसिमका वाक्यहरूको प्रयोग भएको छ । कथामा नेपाली वाक्यहरूको प्रयोगमा मिसाएर विभिन्न आगन्तुक अंग्रेजी शब्दहरू पनि आएका छन् जस्तै क्लास, मिस्टर, बक्सिङ, फ्रयाङ्क, 'आई लव यू' आदि जस्ता शब्दहरू आएपनि सहरिया पात्रपात्राहरूले बोलेका हुनाले ती उपयुक्त नै छन् । पात्रानुकूलको भाषा चयन गरिएको छ । कथाको सुरुमा 'म' पात्रको मनोवाद जस्तो भए पनि कथा बढी मात्रामा वर्णनात्मक नै देखिन्छ ।

यस कथामा अभिव्यक्तिमा आलङ्कारिकता प्रशस्तै पाउन सकिन्छ जस्तै 'सधैं ठुङ्गिरहन्छ कागले भैंm, सीता 'ख' को दाजु वक्र भयो, जिन्दगी कहिले तितेपातीका झ्याङ् भैंm गन्हायो'[१५] आदि । कथामा प्रशस्तै मात्रामा वाक्यात्मक विचलन गरेको देखिन्छ । जस्तै 'जसले मलाई ठुँगिरहन्छ कागले भैंm' मा कर्ता, कर्म, क्रिया अनुसार वाक्य आएको छैन । कथामा केही प्रयोगहरू पनि गरिएका छन् मनोवादात्मक कथा बनाइनु, अनि एउटै नाम गरेका सीतालाई 'क', 'ख', 'ग', 'घ' गरी तिनीहरूका फरक फरक चरित्रको उद्घाटन गर्नु, आदि यस कथाका प्रयोगहरू हुन् ।

## ५.८ 'सीताहरू–आठ' कथाको विश्लेषण

सर्वप्रथम २०६० साल फाल्गुण महिनाको मधुपर्कमा प्रकाशित भएर **सीताहरू** (२०६४) कथासङ्ग्रहमा सङ्गृहीत २५ ओटा कथाहरूमध्ये एक कथा हो । यसमा कथाकी नारी पात्र सीताको मनको विश्लेषण गरिएको छ । यसैले यो एक मनोविश्लेषणात्मक कथा हो ।

### ५.८.१ कथानक

यस कथाको कथानक ज्यादै झिनो रहेको छ । यस कथामा काठमाडौंबाट आएका पाँचजना बरिष्ठ साहित्यकारहरूलाई एन.जि.ओ. मा काम गर्ने सीताले जोगवनीतिर घुमाउन लैजानु, साहित्यकारहरूले आ-आफ्ना समानहरू किनमेल गर्नु, त्यसपछि सीतालाई उपहार स्वरूप प्रत्येकले सारी, ब्लाउज, पेटीकोट, सल, ब्रा, पेन्टी किनिदिने प्रस्ताव राख्नु, सीताले त्यसलाई

---

[१५] ऐजन, पृ. ३६-४० ।

अस्वीकार गर्दा गर्दै पनि उनीहरूले जबर्जस्ती ती सम्पूर्ण कुराहरू किनिदिनु, सीताले भय, शङ्का, त्रास आदिका बाबजुत बाध्य भएर उपहार स्वीकार गर्नु, घर पुग्दा आफ्नो श्रीमान्ले थाहा पाएर शङ्का गर्छ कि भनी ती समानहरू कतिखेर कहाँ र कतिखेर कहाँ लुकाउन खोज्नु, लोग्नेले देख्छ कि भन्ने आशङ्काले लोग्ने बाहिरबाट नआएसम्म पिरोल्लिरहनु, विशेष रूपमा किनिएका सामग्री मध्ये ब्रा र पेन्टीले सीतालाई घोचे झैं लाग्नु, त्यसपछि सम्पूर्ण समानहरू लुकाउने प्रयास गर्नु, बाहिरबाट लोग्ने आउनु, तर त्यस सम्बन्धी कुनै वास्ता नगर्नु र अन्यत्रै कुरा मोड्नु जस्ता घटनाहरूले 'सीताहरू-आठ' कथाको कथानक संयोजन गरिएको छ ।

### ५.८.२ पात्र/चरित्र विधान

'सीताहरू-आठ' कथामा सीता, काठमाडौंबाट आएका पाँचजना साहित्यकारहरू, सीताको लोग्ने पात्रका रूपमा कथामा उपस्थित भएका छन् । यस कथाकी प्रमुख पात्र सीता हो । सीताको मानसिक अवस्थाको विश्लेषण गर्न नै यो कथा केन्द्रित रहेको छ भने कथामा आएका पाँचजना साहित्यकारहरू सहायक पात्र हुन् अनि सीताको लोग्ने कथामा गौण पात्रका रूपमा आएको छ ।

### ५.८.२.१ सीता

डुबी, निस्की, खोली जस्ता स्त्रीलिङ्गी क्रियापदहरू सीताको लागि प्रयोग गरिएको हुँदा लिङ्गका आधारमा सीता स्त्रीलिङ्गी पात्र हो । कथामा सीताको मानसिक अवस्थाको चित्रण सशक्त रूपमा गरिनु र सीताकै केन्द्रीयतामा कथा सुरुदेखि अन्त्यसम्म हुनुले कार्यका आधारमा सीता प्रमुख पात्र हो । सीताले आफूले नराम्रो काम गरें भनेर श्रीमान्ले शङ्का गर्नुहुन्छ भनेर छटपटिएकी भए पनि सीताले उसको जीवनमा कुनै पनि नकारात्मक कार्य नगरेको हुँदा प्रवृत्तिका आधारमा सीता अनुकूल पात्रका रूपमा उपस्थित रहेकी छे । सीता झैं प्रत्येक नारीमा यस्तो परिस्थिति नआउने र सामान्य कुरामा पनि प्रत्येक नारीहरू सीताको जस्तो मानसिकतामा नपुग्ने हुनाले सीता कथामा वर्गगत नभएर व्यक्तिगत चरित्रका रूपमा उपस्थित रहेकी छे । सीताका क्रियाकलाप हेर्दा कथामा गतिहीन नभएर गतिशील पात्रका रूपमा रहेकी छे । कथामा सीताको भूमिका दृश्यात्मक रूपमा आएको र प्रमुख भूमिकामा आबद्ध उसलाई बेग्ल्याउँदा कथानक संरचना लथालिङ्ग बन्ने हुँदा सीता आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा उपस्थित भएकी प्रमुख नारीपात्र सीता असामान्य मनोदशाकी शिकार भएकी छे । किनभने काठमाडौंबाट आएका साहित्यकारहरूले उसलाई उपहार किनिदिनु सामान्य वा साधारण कुरा हो तर सीता भने त्यही उपहारका कारण असामान्य अवस्थामा पुगी के गर्ने र कसो गर्ने अवस्थामा पुगेकी छे । ती उपहारहरू मध्ये ब्रा र पेन्टीले गर्दा उसलाई असामान्य अवस्थामा पुऱ्याएको हो । सीता भित्रभित्रै भुट्भुटिनु र अनावश्यक रूपमा डराउनुले उसको मानसिकता अत्यन्तै कमजोर देखिन्छ र ऊ एक अन्तर्मुखी पात्रका रूपमा उपस्थित रहेकी छे । सीताको मनस्थितिमा चेतन र अचेतनको द्वन्द्व सशक्त रूपमा आएको छ । यसको मूल कारण पेन्टी र ब्रा नै उपस्थित रहेका छन् । उसमा साहित्यकारहरूले उपहार दिंदा लिने वा नलिने के गर्ने भन्ने कुरामा सशक्त द्वन्द्व आएको छ । सीताले ती उपहार लिंदा अर्थात् ब्रा र पेन्टी स्वीकार गर्दा आफू

महाभारतकी द्रौपदी भएको अनुभव गरेकी छे । यसरी कथामा सीताको सामान्य परिस्थितिमा असामान्य मनोदशाको चित्रण गरेर सीताको मानसिक अवस्थाको चित्रण गरिएको छ ।

कथामा आएका अन्य पात्रहरूमा काठमाडौंबाट आएका पाँचजना साहित्यकारहरू सहायक पात्रका रूपमा रहेका छन् । तिनीहरूको चरित्र पनि सामान्य नभएर असामान्य रूपमा नै चित्रण गरिएको छ । किनभने उनीहरूले सीतालाई उपहार दिने बहानामा ब्रा र पेन्टी समेत किनिदिएर महिलालाई नङ्ग्याउने प्रवृत्ति देखाएका छन् । साहित्यकारहरूले सीताको मानसिकतामा मनोदशा र अन्तर्द्वन्द्व ल्याउन सहयोगीको काम गरेका हुनाले कथामा साहित्यकारहरू सहायक पात्रका रूपमा उपस्थित भएका छन् । कथामा आएको सीताको लोग्ने गौण चरित्रका रूपमा रहेको छ । सीताको मानसिकता लोग्नेसँगको शंकाले विचलित भए पनि उसले केही नभनेर सामान्य व्यवहार गरेको देखाइएको छ ।

### ५.८.३ सारवस्तु

सीतामा आएको मानसिक अन्तर्द्वन्द्व, शंका, डर, भय, त्रास आदिका माध्यमद्वारा यस कथाकी प्रमुख नारी पात्र सीताको असामान्य चरित्रको उद्घाटन गर्नु नै यस कथाको सारवस्तु रहेको छ । हाम्रो जस्तो समाजमा कुनै पनि लोग्नेमान्छेसँग स्वास्नीमान्छे हिँडेको सहज रूपमा लिने गरेको पाइँदैन त्यही कारण साहित्यकारहरूसँग घुम्न गएकी सीता हड्बडाएकी र आफ्नो लोग्नेले शंका गर्छ भन्ने भयले पीडित देखिएकी छे । नेपालमा पुरुष जातिले महिलाहरूलाई कसरी नङ्ग्याउँछन् भन्ने कुरा एउटी महिलालाई जबर्जस्ती पेन्टी र ब्रा किनिदिएबाट पुष्टि हुन्छ ।

नेपालका साहित्यकारहरूले जति साहित्य सिर्जना गरे पनि उनीहरूले उचित सम्मान र पुरस्कार प्राप्त गर्न नसक्नु र उनीहरूको जीवन दयनीय रूपमा रहेको यथार्थ समेत सीताका मानसिक द्वन्द्वमा आएका श्रीमान्ले भन्न सक्ने कुरा "आफूले माग्यौ होला । अनि किनिदिए नि बिचरा कवि-लेखकहरूले । नत्र तीसँग केको पैसा हुन्छ र किनिदिन्छन् । आइमाईको जात ! लुगा गहनामा लोभ भइहाल्छ नि ।"[१६] ले पुष्टि गर्छ ।कुनै पनि मान्छेको मानसिकतामा कुनै शंका, भय, त्रास आदि रहेको छ भने उसले अन्य कुनै कुरा सोच्न सक्दैन भन्ने कुरा पनि सीताको चरित्रमा देखिएको व्यवहारले पुष्टि गरेको छ ।

### ५.८.४ दृष्टिविन्दु

कथामा सीताका व्यवहारमा आएका सम्पूर्ण घटनाहरू वर्णनात्मक शैलीमा तृतीय पुरुषवाचक कथनका माध्यमबाट कथाकारद्वारा नै प्रस्तुत गरिएको देखिन्छ । यहाँ प्रयुक्त संवादसमेत नामका माध्यमबाट प्रस्तुत गरिएको हुनाले यस कथाको समाख्याता कथाकार स्वयम् भएको हुँदा कथामा तृतीय पुरुष वा अन्य पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कथाकारले यहाँ सीताको मानसिकताको विश्लेषण गर्ने मात्र ध्येय राखेको र पाँचजना साहित्यकारको चरित्र समेत सीताको माध्यमबाट ल्याइएको हुनाले यहाँ तृतीय पुरुषमा पनि सर्वदर्शी नभएर सीमित दृष्टिविन्दु अँगालिएको छ ।

---

[१६] ऐजन, पृ. ४२ ।

### ५.८.५ परिवेश

यस कथाले ओगटेको कार्यपीठिका सीताले कपडाको पोको दराजमा लग्नु, भान्छातिर लग्नु, आदि घटनाले सीताको घरको कोठा, जोगवनीका विभिन्न पसलहरूको उल्लेख भएको छ । कथामा वर्णन भएका गाडी र रिक्साको उल्लेखले तराईको स्थानमा नै घटनाहरू घटेको थाहा पाउन सकिन्छ ।

समयका हिसावले निश्चित समय उल्लेख नगरिएको भए पनि सामान्यतः साहित्यकारहरू आएर जोगवनी घुम्न गएको र त्यसले सीतालाई असहज बनाएको घटना एकदिनमा घटेको देखाइएबाट यस कथाका घटनाहरू एक दिनमा घटेका देखिन्छन् । यस कथामा शिक्षित समाजको नै उल्लेख गरिएको पाइन्छ । किनभने सीता पनि एन.जी.ओ. मा काम गर्नुका साथै साहित्यकारहरू पनि स्वतः शिक्षित रहेकाले यहाँका पात्रहरू शिक्षित वर्गमा नै पर्दछन् । यस कथामा आएको समाज परम्परावादी सोच भएको संकुचित समाज भएका कारण नै सीतालाई बढी शंका र त्रास उत्पन्न भएको बुझिन्छ । यस कथामा बाह्य परिवेशभन्दा आन्तरिक परिवेश सशक्त रूपमा आएको देखिन्छ । कथामा सीतालाई पाँचजना साहित्यकारले पेन्टी र ब्रा सहित विभिन्न उपहार किनिदिन खोज्दा देखिएको सीताको मानसिक द्वन्द्वले आन्तरिक परिवेशले महत्त्वपूर्ण स्थान पाएको पाउन सकिन्छ ।

### ५.८.६ रूपपक्ष

कथा अन्त्यदेखि थालिएर सुरुतिर अगाडि बढेको र बीचबीचमा क्रमिक रूपमा कथा अगाडि नबढी व्यतिक्रमिक रूपमा अगाडि बढेको हुनाले कथा विशिष्टतातिर अगाडि बढेको छ । त्यसकारण यस कथाको रूपविन्यास विवृत किसिमको रहेको छ । पाँच पृष्ठमा संरचित यस कथामा साना-छोटा गरेर ३५ अनुच्छेदहरू रहेपनि कथाको आयाम छोटो नै रहेको मान्नुपर्ने हुन्छ । कथामा वर्तमानकालिक क्रियाभन्दा भूतकालिक क्रियाको नै बढी प्रयोग गरिएको छ । कथामा मिश्रवाक्य ज्यादै कम, संयुक्त वाक्य मिश्रभन्दा केही बढी प्रयोग गरिएपनि धेरै जसो वाक्य भने सरल वाक्यमा नै प्रयोग गरिएका छन् । नेपाली भाषाका तत्सम, तद्भव, शब्दहरूका साथै प्रशस्त मात्रामा अङ्ग्रेजी शब्दहरूको उल्लेख गरिएको छ । जस्तैः ब्रा, पेन्टी, ब्लाउज आदि ।

शैलीका हिसावले कथामा प्रशस्तै आलङ्कारिक वाक्यहरूको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीमा नै कथालाई अगाडि बढाइएको छ । कथाका केही वाक्यहरूका अन्त्यमा तीन ओटा विन्दु (. . .) प्रयोग गरेर त्यसपछि पाठकलाई नै बुझ्ने स्वतन्त्रता प्रदान गरिएको छ । यो प्रयोगवादको एउटा प्रवृत्ति पनि हो । कथामा समाजमा उल्लेख नगरिने, अश्लील मानिने गोप्य कुराको समेत उल्लेख गरेर कथालाई अतियथार्थ रूपमा प्रस्तुत गरिएको छ । प्रशस्त मात्रामा विम्ब र प्रतीकहरूको प्रयोग गरिएको छ । यसमा आएका द्रौपदी, लक्ष्मण रेखा आदि बिम्बका रूपमा आएका छन् भने यहाँ प्रशस्त मात्रामा प्रतीकहरूको समेत प्रयोग गरिएको छ । पेन्टी र ब्रा यौनका प्रतीकका रूपमा आएक छन् भने यसमा आएको लुगाको पोको मानसिक रूपमा कुण्ठित भएका सीताका अव्यक्त भावहरूको प्रतीकका रूपमा आएको छ । यसरी वर्णनात्मक शैलीमा विभिन्न आलङ्कारिक भाषाका माध्यमबाट सरल भाषामा प्रस्तुत गरिए पनि विभिन्न बिम्ब र

प्रतीकहरूको प्रयोग गर्दै अतियथार्थवादी कथाका रूपमा प्रस्तुत गरिएको 'सीताहरू-आठ' एक उत्कृष्ट मनोवैज्ञानिक कथा हो ।

## ५.९ 'सीताहरू नौ' कथाको विश्लेषण

'सीताहरू-नौ' कथा परशु प्रधानको बाह्रौ कथा सङ्ग्रहका रूपमा प्रकाशित **सीताहरू** ( २०६४) भित्र सङ्गृहीत पच्चीस ओटा कथाहरू मध्ये एक हो । यस कथालाई एउटा नारीवादी मान्यतामा आधारित भएर लेखिएको र पात्रको मानसिक द्वन्द्वको विश्लेषण गरिएको कथाका रूपमा लिन सकिन्छ ।

### ५.९.१ कथानक

यस कथाको कथानक सीतालाई पढ्दै गर्दा घरबाट विवाहको प्रस्ताव आउनुबाट सुरु हुन्छ । सीता उच्चताग्रन्थीले युक्त र नारीवादी भएका कारण उसले विवाहको प्रस्ताव अस्वीकार गर्नु, सीताले नदुखेको टाउको को दुखाइरहोस् भनेर प्रेम प्रस्ताव समेत अस्वीकार गर्दै जानु, उसले पहिले बी.ए. पास गरेपछि विवाह गर्छु भन्नु त्यसपछि एम.ए. अनि पी.एच.डी. सकेर विवाह गर्ने कुरा बताउँदै जानु, विदेशमा बस्ने दिनेशको प्रस्ताव आउँदा सीताले दिनेशले विदेशमा नै अर्की कुनै केटी राखेको छ अरे भनी त्यसलाई समेत टार्नु, सीताले आई.एन.जी.ओ. मा जागिर खानु, अनि उसले विभिन्न देशको भ्रमण गर्नु, यस्तैमा पाँच सात वर्षपछि सीतालाई आकस्मिक रूपमा विवाह बन्धनको आवश्यकता बोध हुनु र मातृत्वको तीव्र चाहना हुनु, उसले विवाह गर्ने वा नगर्ने द्वन्द्वमा पर्दै विवाह गर्ने योजना बनाउनु उसका लागि धेरै केटाहरू आएपनि कोही श्रीमती मरेका, कोही नपुङ्सक भए पनि अन्त्यमा सीताको बिहे तराईको ठूलो जमिनदार 'भीम' का साथ धुमधामसँग हुनु, 'भीम' सीताले सोचेजस्तो नहुनु, सीताले सोचेभन्दा ठीक उल्टो व्यवहार आफ्नो श्रीमान्ले गर्नु, सीता अफिस गएको र घरमा ढिलो आएको उसका श्रीमान्लाई चित्त नबुझ्नु, लोग्नेको कुरूपता र स्वाँठ प्रवृत्ति सीतालाई मन नपर्नु यति हुँदाहुँदै पनि पुरुषसँग सम्झौता गर्न विवश हुनु र आफ्नो जीवन व्यथित गरिरहनु जस्ता घटनाहरूले 'सीताहरू-नौ' कथाको कथानक संयोजन भएको छ ।

यो कथा व्यतिक्रमिक ढाँचामा अगाडि बढेको छ । आदि, मध्य र अन्त्यको शृङ्खलामा कथा नरहेकोले यसको अभिव्यक्ति विशिष्ट किसिमको रहेको छ ।

### ५.९.२ पात्र/चरित्र विधान

कथामा सीता, सीताको श्रीमान् 'भीम', सीताका बा-आमा आदि मञ्चीय रूपमा आएका छन् भने सूच्यात्मक रूपमा सीतालाई विवाह र प्रेम प्रस्ताव राख्ने दिनेश लगायतका अन्य पुरुषहरूको पनि उल्लेख गरिएको छ । 'सीताहरू-नौ' मा उपस्थित यी विविध पात्रहरूमध्ये सीता कथाकी प्रमुख पात्र हो भने सीताको श्रीमान् 'भीम' सहायक पात्र अनि अन्य सम्पूर्ण पात्रहरू गौण पात्रका रूपमा उपस्थित भएका छन् ।

### ५.९.२.१ सीता

पाई, लिई, जान्थी जस्ता स्त्रीलिङ्गी क्रियापदहरू सीताको निमित्त प्रयोग हुनुले सीता लिङ्गका आधारमा स्त्रीलिङ्गी पात्र हो । कथामा सीताकै चरित्रको उद्घाटन हुनु सीताले नै कथामा घटेका घटनासँग सहभागी हुनु र कथाको आदिदेखि अन्त्यसम्म सीताको बारेमा नै कथा रहनुले कार्यका आधारमा सीता प्रमुख पात्रका रूपमा उपस्थित रहेकी छे । सीता पहिले स्वतन्त्र रूपमा रहनु विवाहका लागि विभिन्न प्रस्ताव आए पनि त्यसलाई अस्वीकार गर्नु र अन्त्यमा एउटा राक्षसी व्यवहार भएको पुरुषसँग विवाह भए पनि त्यसको शोषण दमन सहेर बसेकी र उसले जीवनमा कुनै किसिमको नकारात्मक व्यवहार नगरेको हुँदा प्रवृत्तिका आधारमा सीता अनुकूल पात्रका रूपमा उपस्थित रहेकी छे । सुरुमा विवाह गरेर कसैको बन्धनमा र नियन्त्रणमा नबस्ने भन्नु र पछि परिवारको, श्रीमान्को, यौनको, बच्चाको आवश्यकता बोध गरेर विवाह गर्नु जस्ता कार्यले सीता कथामा स्वभावका आधारमा गतिशील पात्र हो । विवाह गरेपछि आफ्नो लोग्नेको दमन र अत्याचार सहेर बस्नुपर्ने धेरै नेपाली नारीहरूको प्रतिनिधित्त्व सीताले गरेकी हुँदा जीवन चेतनाका आधारमा वर्गगत पात्रका रूपमा उपस्थित छे । सीता कथामा सुरुदेखि अन्त्यसम्मका घटनामा दृश्यात्मक रूपमा उपस्थित रहनु र कथाबाट सीतालाई झिकिदिंदा कथाको संरचना नै विग्रन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा आएकी छे ।

कथामा उपस्थित भएकी सीता असामान्य नारी चरित्रका रूपमा रहेकी छे । किनभने विवाह गर्ने उमेर पुगेपछि विवाह गर्ने प्रस्ताव आउँदा उसले अर्काको बन्धनमा, नियन्त्रणमा नबस्ने र आफ्नो शरीरको अधिकार आफैसँग राख्ने र कसैको यौनको शिकार नहुने विचार व्यक्त गरेबाट सीता कथामा एक स्वतन्त्र रूपमा बाँच्न चाहने सशक्त नारीका रूपमा उपस्थित रहेकी छे । पुरुषको आश्रयलाई हाँक दिनु उसको नारीवादी स्वर हो । कथाको मध्य भागमा गएर सीतालाई विवाह बन्धनको, छोराछोरीको, यौनको आवश्यकता बोध भएपछि उसको मानसिकतामा एउटा ठूलो द्वन्द्वको उपस्थिति भएको छ । विवाह गरेर पारिवारिक बन्धनमा रहने कि स्वतन्त्र रूपमा जीवन व्यथित गर्ने भन्ने मनमा आएको दुई विचार मध्ये अन्ततः पारिवारिक आवश्यकताले नै जितेको र सीताको विवाह भएको छ । अन्ततः सीताको लोग्ने सीताले सोचेजस्तो नभएको र सीताले त्यस्तो कुरूप र आफूलाई दमन गर्ने पुरुषसँग सम्झौता गर्न विवश भएर सीताको उच्च नारी अहम् चरित्रको तिरोहण भएको छ ।

### ५.९.२.२ भीम

कथामा सीताको श्रीमान् भनी उल्लेख हुनुले लिङ्गका आधारमा पुरुष पात्र हो । कथालाई अघि बढाउन सहयोग गरेको र सीताको नारी अहम्लाई तिरोहण गर्न सहयोग भीमले गरेको हुँदा कार्यका आधारमा सहायक पात्र हो । त्यस्तै आफ्नी श्रीमतीको उन्नति र प्रगति देख्न नचाहने र दारु र चुरोट खाँदै आफ्नो जीवन बर्बाद गर्ने हुनाले प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । आफ्नो व्यवहारमा कुनै पनि परिवर्तन नदेखाउने हुनाले स्वभावका आधारमा गतिहीन पात्र हो । भीमले पुरुषहरूले महिलाहरूलाई अधिनमा राख्ने एउटा हैकमवादी प्रवृत्तिको प्रतिनिधित्त्व गरेको हुँदा ऊ

जीवन चेतनाका आधारमा वर्गगत पात्र हो ।कथामा भीमको भूमिका दृश्यात्मक रूपमा रहनु र उसलाई कथाबाट झिक्दा संरचना विग्रिन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो । कथामा उपस्थित भीम एउटा तराईको जमिनदार मालिकका रूपमा उपस्थित रहेको छ । आफ्नो सम्पत्ति भने प्रशस्त रहेको तर बुद्धि भने रत्तिभर नभएको स्वाँठ पात्रका रूपमा कथामा उपस्थित रहेको छ । यही सम्पत्तिका कारण उसले आफ्नी श्रीमती सीतालाई आफ्नो अधिनमा राख्न खोजेको छ । धेरै नबोल्ने, बोल्दा पनि रिसाएर बोल्ने ऊ अन्तर्मुखी स्वभावको रहेको छ । कथामा आएको भीम शोषक, इर्ष्यालु, यौनपिपाशु, बुद्धिहीन, स्वाँठ चरित्रका रूपमा उपस्थित भएको छ ।

अन्य पात्रमा सीताका बुबा-आमाको गौण भूमिका रहेको चर्चा छ भने अन्य सीतालाई विवाहका लागि प्रस्तावित केटाहरू रामे, दिनेश आदि पात्रहरू कथामा सूच्य पात्रका रूपमा आएका छन् ।

### ५.९.३ सारवस्तु

कथामा सीताका व्यवहारहरूको अध्ययन गर्दा कथाकारले यस कथामा नारी स्वतन्त्रता, नारी अधिकारको माग गरेको देखिन्छ । यद्यपि जस्तो सुकै स्वतन्त्रता चाहे पनि उनीहरूको एउटा गुण भनेको नारी नै आमा हो त्यसकारण उसले जतिसुकै स्वतन्त्रताका नाराहरू लाए पनि नारीले आफ्नो मातृत्त्वपनलाई त्याग्न नसक्ने अवस्था रहेको कुरा सीताले विवाह गर्ने कि नगर्ने भन्ने द्वन्द्वमा परेर पनि विवाह गर्नुपर्ने तर्कको जितले पुष्टि गर्दछ । यसरी नै हाम्रो समाजमा अझै महिलालाई स्वतन्त्रता प्रदान गरिएको छैन । पुरुषहरूले महिलालाई नियन्त्रणमा राख्ने गरेको यथार्थ समेत भीमको चरित्रबाट पुष्टि हुन्छ । नेपालमा सीता जस्ता थुप्रै नारीहरूले आफूलाई मन नपरेको लोग्नेसँग आफू निरीह भएर बस्नु परेको सामाजिक यथार्थलाई समेत कथाले उद्घाटन गरेको छ ।

### ५.९.४ दृष्टिविन्दु

कथामा सीताको जीवनमा घटेका घटनाहरू वर्णनात्मक शैलीमा तृतीय पुरुषवाचक कथनका माध्यमबाट कथाकारद्वारा नै प्रस्तुत गरिएको देखिन्छ । कथाकारले आफू नेपथ्यमा बसेर सीता र भीम भन्ने पात्रका भावनाको संसारलाई कथामा प्रतिबिम्बित गरेको देखिन्छ । कथामा प्रयुक्त संवाद समेत नामका माध्यमबाट प्रस्तुत गरिएको हुनाले यस कथाको कथा प्रस्तुत कर्ता कथाकार नै भएको हुँदा कथामा तृतीय पुरुष वा अन्य पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कथाकारको यहाँ सीताको मानसिकता र क्रियाकलापको विश्लेषण गर्ने उद्देश्य रहेको र भीमको चरित्र समेत सीताको माध्यमबाट प्रस्तुत भएको हुनाले यहाँ तृतीय पुरुषमा पनि सर्वदर्शी नभएर सीमित दृष्टिविन्दु अँगालिएको छ ।

### ५.९.५ परिवेश

यस कथामा घटेका घटनाहरू मुख्य रूपमा सीताको घरमा नै रहेको छ । सीता अफिसबाट फर्केपछि उसको श्रीमान्ले मलाई यति राति घर आएको मन पर्दैन भन्नुले यस कथाका घटनाको सुरुवात सीताको घरबाट नै भएको छ । अन्य स्थानहरूको पनि सूच्य रूपमा उल्लेख भएको छ । नेपालको तराईक्षेत्र, सीताको कलेज, सीताले विदेश भ्रमण गरेका ठाउँहरू पनि

यस कथामा उल्लेख भएका छन् । समयका हिसावले यहाँ कुनै पनि निश्चित समयको उल्लेख भएको छैन । सीताको विवाह गर्ने प्रस्ताव आउनु र उसले एम.ए., पीएच.डी. सकेर विवाह गर्ने भन्नु त्यसपछि आई.एन.जी.ओ. मा काम गरिसकेपछि मात्र विवाह गर्ने भन्नु र ती कार्य पूरा भएपछि पनि केही समय विवाह गर्ने कि नगर्ने भन्ने द्वन्द्वमा परिसकेपछि मात्र विवाह गर्ने निर्णय भएको हुनाले यस कथाको घटनाको समयावधि करिब १२-१५ वर्षको रहेको अनुमान गर्न सकिन्छ । यहाँ आएको समाज र पात्र-पात्राहरू शिक्षित देखिन्छन् । सीताले पीएच.डी. पास गरेर आफ्नै खुट्टामा उभिन जागिर खानु पर्ने महसुस गर्नु र त्यो काम पुरा हुनुले यसको पुष्टि गर्दछ । यहाँ प्रस्तुत भएको समाजमा निम्न वर्ग र उच्च वर्ग नै रहेका छन् । सीताले घरमा राखेको रामेले भात पकाएकै होला भनी भन्नुले रामे निम्नवर्ग, श्रमिक वर्ग अन्तर्गत पर्दछ भने यसमा आएकी सीता र उल्लेख भएका सीताका दाजुहरू, सीताको श्रीमान् उच्चवर्ग अन्तर्गत पर्दछन् । यसका साथै यस कथामा उपस्थित भएको भीमले शोषक वर्ग र हैकमवादी व्यवहार प्रस्तुत गर्ने समाजको प्रतिनिधित्व गरेको छ ।

आन्तरिक वातावरणमा सीताको मानसिकतामा आएको द्वन्द्वलाई यस कथामा उद्घाटन गरिएको छ । विवाह गर्ने कि नगर्ने भन्ने कुराले सीतालाई एउटा ठूलो द्वन्द्वमा पारेको छ । आफूले विवाह गरेको श्रीमान् आफूले सोचेजस्तो नभएको हुँदा त्यसलाई त्याग्ने वा नत्याग्ने भन्ने द्वन्द्वले समेत सीताको मनस्थितिमा उथल-पुथल ल्याए पनि सीताले आफ्नो श्रीमान्लाई निरीह भएर स्वीकार गरी बस्नु परेको छ । सीताको श्रीमान् भीमको भने अन्तर्मुखी स्वभाव उद्घाटन गरिएको छ ।

### ५.९.६ रूपपक्ष

व्यतिक्रमिक ढाँचामा विकसित भएको र कथानकको सुरुवात अन्त्यबाट भएको हुनाले यसको रूपविन्यास विवृत किसिमको रहेको छ । पाँच पृष्ठमा विस्तारित भएको यस कथामा २९ ओटा अनुच्छेद रहे पनि अनुच्छेद विभाजनमा सन्तुलन पाइँदैन । कुनै अनुच्छेद २ हरफसम्म खुम्चिएका छन् भने कुनै ११ हरफ सम्म पनि फैलिएका छन् । वाक्यगठनमा सरल र संयुक्त वाक्यहरू रहेका छन् भने ज्यादै न्यून मात्रामा मिश्रवाक्यको प्रयोग भएको देखिन्छ । शब्द प्रयोगका हिसावले तत्सम, तद्भव र आगन्तुक तीनै किसिमका शब्दहरू प्रयोग गरिएको छ । आगन्तुकमा पनि अंग्रेजी शब्दहरू नै बढी मात्रामा प्रयोग गरिएको छ । जस्तै सेक्स, वायोडाटा, डलर, पाउण्ड, वैङ्क व्यालेन्स आदि । कथामा थुप्रै आलङ्कारिक वाक्यहरूको समेत प्रयोग गरिएको छ । जस्तै "सीता सानो मनोरम फूलबारीमा उड्ने रङ्गिन पुतली थिई"[१७] "सीता यो संसार धेरै व्यापक छ, अनन्त छ, तिमीलाई रामपनि चाहिन्छ, तिमीलाई लक्ष्मण पनि आवश्यक छ, तिमीले लव र कुश प्राप्त गर्न ढिला भई सक्यो । कैकयी र रावणहरू संसारमा जहीं तहीँ छन्, तीसँग लड्न तयार होऊ ।"[१८] आदि । यस कथामा प्रशस्त मात्रामा बिम्ब र प्रतीकको पनि प्रयोग गरिएको छ । जस्तै लाटोबुङ्गो, रावण, कैकयी, लक्षण, लव, कुश आदि बिम्बका रूपमा आएका छन् । प्रतीक प्रयोगमा

---

[१७] ऐजन, पृ. ४६ ।

[१८] ऐजन, पृ. ४८ ।

समेत कथा उल्लेख्य रूपमा अगाडि आउँछ । जस्तै 'गुफा' नारीको योनीको प्रतीकका रूपमा आएको छ । शिवको प्रवेशमा आएको 'शिव'ले पुरुष जातिको लिङ्गको प्रतीकको काम गरेको छ । छातीका टाकुरामा आएको टाकुराले नारीका स्तनलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको छ । कथाका कतिपय वाक्यमा (...) विन्दु चिह्नको प्रयोग गरेर कथामा प्रयोगवादी मान्यताको समेत पालना गरिएको छ । यसको अर्थ पाठकले कथाको विश्लेषण आफैं गरुन् भन्नु नै हो । भाषामा कतै कतै सङ्गतिमा पनि विचलन गरिएको छ तर पनि यो साहित्यको भाषाको लागि उपयुक्त नै देखिन्छ ।

यसरी सीताको उच्चअहम् र नारीवादी सोचलाई सामन्ती पुरुषवादी हैकमताले गर्दा निरीह जीवन व्यथित गर्न विवश भएको तीतो यथार्थ यहाँ प्रस्तुत गरिएको छ । यस कथामा बढी मात्रामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ भने कतै कतै मनोवाद र संवादहरूको छनक समेत पाउन सकिन्छ । यसैले यो कथा एक नारीवादी र प्रयोगवादी कथाका रूपमा लिन सकिन्छ ।

### ५.१० 'सीताहरू–दस' कथाको विश्लेषण

२०६१ सालको मङ्सिर महिनामा प्रकाशित 'गरिमा' (वर्ष ३६, अङ्क १०) मा सर्वप्रथम प्रकाशित 'सीताहरू-दस' कथा परशु प्रधानको बाह्रौं कथा सङ्ग्रहका रूपमा प्रकाशित **सीताहरू** (२०६४) मा सङ्गृहीत पच्चीस ओटा कथासङ्ग्रहहरू मध्ये एक हो । यो कथा मनोवैज्ञानिक कथा हो । यस कथाको कथानक मानसिक र यौन असन्तुष्टि जन्य कुण्ठाले आक्रान्त नारी मनोदशामा आधारित रहेको छ ।

#### ५.१०.१ कथानक

व्यतिक्रमिक ढाँचामा लेखिएको यस कथाको कथानक सीताले रावण जस्तो पतिसँग नोकर्नी जस्तो जीवन बिताइरहेकी अनि उसको लोग्ने विरामी हुनुबाट सुरु हुन्छ । सीताको श्रीमान्लाई उपचार गर्न डाक्टर सीताको घरमा आउनु, सीताको डाक्टरसँग आँखा जुध्नु, पहिले सीताले लोग्नेमान्छेलाई र प्रेमलाई घृणा गरे पनि डाक्टरसँग उसको प्रेम रहनु, डाक्टर उपचार गरी घर फर्किएपछि सीताले आफ्नो घर नै खाली जस्तो देख्नु, लोग्नेलाई ठीक नभएको भन्दै सीताले डाक्टरलाई नजर लगाउन भए पनि भोलिपल्टै बोलाइहाल्नु, सीताको श्रीमान्को उपचारका क्रममा मृत्यु हुनु, सीताको मनस्थितिमा डाक्टरको प्रेमले ज्यादै असर परिरहेका बेला लोग्नेको मृत्युले झन भयावह स्थिति ल्याउनु, सीतालाई निद्रा नलाग्नु, टेन्सन हुनु, सीता पागलजस्ती हुनु, यस्तै क्रममा सीता मानसिक रोगी हुनु र त्यसको उपचार गर्न डाक्टर कहाँ जाँदा डाक्टरलाई सीताले छाँद हालेर रुनु अनि सीता बेहोस् भई अस्पतालको इमरजेन्सी कक्षमा हुनु जस्ता घटनाले कथानकको संयोजन भएको छ ।

'रावण' जस्तो लोग्नेसँग नोकर्नीजस्तो जीवन विताइरहेकी सीताले लोग्नेको मृत्युको दस वर्षपछि आफ्नो जीवनको सम्पूर्ण इतिवृत्ति आरोह-अवरोह र डाक्टरप्रतिको प्रेमाकर्षणका कुराहरू पत्रात्मक शैलीमा लेखिएको छ ।

### ५.१०.२ पात्र/चरित्र विधान

'सीताहरू-दस' कथामा प्रमुख पात्रका रूपमा सीता नै रहेकी छे । उसले आफ्ना जीवनका सम्पूर्ण इतिवृत्ति, आरोह-अवरोहलाई चिठीमा व्यक्त गर्दै डाक्टरलाई पठाएकी छे । डाक्टर सहायक पात्रका रूपमा रहेको छ साथै यस कथाका सीताको श्रीमान्, सीताकी सासू, सीताका छोरीहरू आदि गौण पात्रका रूपमा कथामा उपस्थित भएका छन् ।

### ५.१०.२.१ सीता

कथामा सीताले आफ्नो श्रीमान् रावण जस्तो भएको र सासू कुटुनी बूढी जस्ती भएकी र 'म' घरमा नोकर्नीको रूपमा रहेको उल्लेख गर्नुले लिङ्गका आधारमा सीता 'स्त्री' पात्र हो । सीताको जीवनमा घटेका घटनाहरू, आरोह-अवरोह, उतार-चढावलाई नै कथाको विषयवस्तु बनाइनु र कथामा आदिदेखि अन्त्यसम्म नै सीताको भूमिका रहनुले सीता कथामा कार्यका आधारमा प्रमुख पात्रका रूपमा उपस्थित रहेकी छे । सीताको श्रीमान् रावण जस्तो हुनु र सासू कुटुनी जस्ती भएर सीतालाई ज्यादै सताए पनि सीताले त्यसमा कुनै प्रतिवाद नगर्नु, भित्रभित्रै घृणा गरे पनि बाहिर व्यक्त नगर्नु अनि कथाभरिनै सीताले गरेका कार्यहरू खलपात्रीय प्रकारका नदेखिएकाले प्रवृत्तिगत चरित्र चित्रणमा सीता अनुकूल पात्र हो । सीताको स्वभाव कथामा नबदलिएको बरु कुण्ठा र वेदनामा रहेकी हुनाले सीता स्वभावका आधारमा गतिहीन पात्र हो । सीताका स्वभाव, कार्य र उसँग सम्बद्ध घटना परिघटनाहरू उसका नितान्त व्यक्तिगत भएका कारण जीवनचेतनाको हिसावमा ऊ वर्गगत नभएर व्यक्तिगत चरित्रका रूपमा देखा परेकी छे । कथामा सीताको भूमिका दृश्यात्मक रूपमा आएको  र प्रमुख भूमिकामा आबद्ध सीतालाई कथाबाट झिकिदिंदा कथाको संरचना नै नहुने हुँदा सीता आसन्नताका कसीमा मञ्चीय र आबद्धताका दृष्टिले बद्ध पात्र हो ।

कथामा यौन असन्तुष्टिजन्य कुण्ठाले आक्रान्त सीताको मानसिक अवस्था विचलित भएको देखाइएको छ । डाक्टरसँग प्रेमाकर्षण भएपछि सीतालाई निद्रा नपर्नु, बेहोस हुनु, उपचारका लागि डाक्टर कहाँ जाँदा डाक्टरलाई समेत छाँद हालेर रुनु जस्ता घटनाले यसको पुष्टि भएको छ । सीताको विवाह भए पनि लोग्ने रावण जस्तो हुनु र उसलाई कुनै पनि कार्यमा सहयोग नगर्नु, सीताको श्रीमान् रहँदा पनि उसँग यौनसन्तुष्टि प्राप्त गर्न नसक्नु र श्रीमान्को मृत्यु भएपछि झन त्यसले मौलाउने अवसर प्राप्त गरेको देखिन्छ । सीतालाई आफ्ना इच्छा, आकांक्षा पूर्ति गर्ने अवसर घरमा नभएको पुष्टि समेत सीताले कथामा 'म' नोकर्नी जस्नी भएकी थिएँ भनेर उल्लेख गर्नुले पुष्टि हुन्छ । सीता कथामा अन्तर्मुखी चरित्रका रूपमा देखापरेकी छे । आफ्ना इच्छा, आकांक्षा पुरा नभएपछि भित्रभित्रै त्यसको ज्वालाले सल्किएकी सीताले आफ्ना कुरा कतै व्यक्त नगरी लोग्ने मरेपछि पनि १० वर्षसम्म त्यतिकै बस्नु, पागलजस्तो हुनु र त्यसपछि आफ्नो व्यक्तित्वलाई प्रभाव पार्ने डाक्टरसँग गोप्य रूपमा चिठी लेखेर पठाउनुले यसको पुष्टि गर्दछ । सीतामा आन्तरिक द्वन्द्व पनि प्रशस्त मात्रामा देखिन्छ । श्रीमान् मरेपछि सासूले घरबाट निकाल्न खोज्दा आत्महत्या गरौं वा नगरौं भन्दै सीता जीवनमूल प्रवृत्ति र मृत्युमूल प्रवृत्तिको ठूलो द्वन्द्वमा परेपनि अन्त्यमा जीवनमूल प्रवृत्तिले नै जितेको देखिन्छ । उसलाई जीवनमूल प्रवृत्ति रोज्ने कारण छोरीहरूको भविष्य देखिएको

छ । त्यसपछि 'जीवनमा सङ्घर्ष गर्नुपर्छ पलायन होइन' भन्दै सीताले विसङ्गतिका बीचमा पनि अस्तित्वबोध गरेको सङ्केत मिल्छ । महिलाको एक मूल विशेषता स्त्रीत्त्व र नारीत्त्वलाई तपाईंले स्वीकार गरिदिनु भयो भन्दै सीताले डाक्टरलाई पत्र लेखेबाट सीता भित्र स्त्रीत्त्व र नारीत्त्वको प्रबल इच्छा रहेको पुष्टि हुन्छ । यसरी विभिन्न घटनाहरूका माध्यमबाट सीताको मानसिक द्वन्द्व, छटपटी, पीडा, वेदना उल्लेख गर्दै सीताको असामान्य मनोदशाको चित्रण गरिएको छ ।

### ५.१०.२.२ डाक्टर

लिङ्गका आधारमा पुलिङ्ग पात्र डाक्टरको सीताको जीवनमा उतार चढाव ल्याउन सहयोगी भूमिका रहेकाले कार्यका आधारमा सहायक पात्र हो । डाक्टरले सीता र सीताको श्रीमान्लाई उपचार गर्नु, अनि कथाभरि कुनै किसिमका नकारात्मक कार्य गरेको नदेखिनुले डाक्टर प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । डाक्टरको व्यवहारमा कहीं कतै परिवर्तन नभएको हुँदा ऊ गतिहीन पात्र हो । बिरामीको सेवा गर्ने डाक्टरको भूमिका निर्वाह गरेको हुनाले ऊ व्यक्तिगत नभएर वर्गगत पात्र हो । कथामा आएका घटनामा डाक्टर दृश्यात्मक रूपमा आउनु र कथाबाट डाक्टरलाई हटाउदा कथाको संरचना विग्रिन जाने हुँदा आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा डाक्टर एक सहयोगी पात्रका रूपमा देखा परेको छ । सीताको श्रीमान् विरामी हुने बित्तिकै उपचार गर्न आउनु र नर्सिङ्ग होममा आएका मान्छेहरूलाई पूर्ण रूपमा उपचार गर्नुले यसको पुष्टि गर्दछ । कथामा डाक्टरले सीताको जीवनमा देखिएको विचलनमा, बलिरहेको आगोमा तेल थप्ने काम भने गरेको छ । सीतालाई तपाईंलाई उहाँको धेरै माया लाग्छ हगि ? भनेर प्रश्न गर्नु जस्ता उदाहरणले यसको पुष्टि गर्दछ ।

कथामा अन्य पात्रहरू गौण रूपमा आएका छन् । तिनीहरूको भूमिका कथामा खासै रहेको पाइँदैन तर सीताको श्रीमान्को भने तिनीहरूको मध्ये पनि केही बढी भूमिका देखिन्छ ।

### ५.१०.३ सारवस्तु

'सीताहरू-दस' कथाको मुख्य सारवस्तु एउटा कुण्ठाग्रस्त मानिसको जीवन कस्तो परिस्थितिमा पुग्दो रहेछ भनेर देखाउनु नै रहेको छ । अन्यन्त भावुक, कुण्ठाग्रस्त प्रेममा अनुरक्त र संवेदनशील महिला सीताको जीवन यौनकुण्ठाले बर्बाद बनाएको देखाएर यौनकुण्ठा एउटा शक्तिशाली कुरा हो यसले उचित निकास पाउन सकेन भने व्यक्तिको जीवन नै बर्बाद गरिदिन्छ भन्ने कुरा सीताको चरित्रबाट पुष्टि हुन्छ । यसका साथै नेपाली समाजमा रहेको बुहारीलाई हेर्ने दृष्टिकोण र आफ्नो निर्णय गर्न नसक्ने आफ्नी श्रीमतीको जीवनमा खेलवाड गरिरहेको यथार्थ पनि देखाइएको छ । सीताले जीवनमूल प्रवृत्तिलाई रोज्नु र जीवन सङ्घर्ष हो पलायन होइन भन्नुबाट नारी जातिमा स्त्रीत्त्व र नारीत्त्व शक्ति पनि प्रबल रहेको हुन्छ भन्ने कुरा देखाइएको छ । यसरी यौन असन्तुष्टिले मानसिक कुण्ठाग्रस्त रहेकी सीताको एकतर्फी प्रेमले सीतालाई कस्तो अवस्थामा पुऱ्याएको छ भन्दै सीताको असामान्य मानसिकताको चित्रण गर्नु नै यस कथाको सारवस्तु रहेको छ ।

### ५.१०.४ दृष्टिविन्दु

यस कथाको कथानक पत्रात्मक शैलीमा सीताले आफ्ना जीवनमा आएका घटना-परिघटनाहरू श्रीमान् मरेको १० वर्षपछि डाक्टरलाई लेखेको पत्रबाट व्यक्त गरिएको छ । यस भित्रका कथानकका सम्पूर्ण घटनाक्रम प्रमुख चरित्र सीताका केन्द्रीयतामा घटित भएका र कथाकारले कथावाचक सीताकै माध्यम लिएर कथानकको नियोजन गरेको र कथावाचनको सम्पूर्ण जिम्मा सीतालाई प्रदान गरेका छन् । यसरी अध्ययन गर्दा यस कथाको समाख्याता 'म' पात्रका नामबाट सीता नै रहेकी हुनाले कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यसरी केन्द्रीय चरित्र सीता मियो बनेर रहेकी देखिनुले उसको भूमिकालाई यहाँ तटस्थ राख्न सकिंदैन। कथानकका सम्पूर्ण घटित घटनाहरू उसकै बमोजिम प्रस्तुत गरिएका हुँदा प्रथम पुरुषभित्र पनि यहाँ केन्द्रीय दृष्टिविन्दु विधि अँगालिएको पाइन्छ ।

### ५.१०.५ परिवेश

सीताले एउटा सानो सहरकी 'म' र ऊ ठूलो सहरको राजधानीको रावण रहेछ भनेबाट कथाको कार्यस्थल काठमाडौं सहर नै हो भन्ने बुझ्न सकिन्छ । काठमाडौंको पनि सीताको घर अनि नर्सिङ्गहोममा नै कथाका घटनाहरू सम्पन्न भएको देखाइएको छ । समयका दृष्टिले सीताले नै करिब १० वर्षपछि यो पत्र लेख्दै छु भन्नुले कथाको घटनाको समय सीमा १० वर्षको रहेको छ । १० वर्ष अगाडि आफ्नो श्रीमान्को उपचार गर्न आएको डाक्टरसँग सीताको प्रेमाकर्षण रहेको र त्यसले सीताको मानसिकतामा नै विचलन पारेको उल्लेख छ । १० वर्षपछि सीताले डाक्टरलाई आफ्नो मनको प्रेममय भावको आजदेखि अन्त्य गरिदिनु होला भनेर लेखेको हुनाले यस कथाका घटनाहरू करिब १० वर्षका रहेका छन् ।

यस कथामा प्रस्तुत भएको समाज परम्परावादी र आधुनिक दुबै किसिमको रहेको छ । बुहारीलाई एउटा नोकर्नीको रूपमा हेर्नु र एउटा छोराछोरी जन्माउने साधनका रूपमा प्रयोग गर्ने समाजको प्रतिनिधित्त्व सीताका श्रीमान् र सासूले गरेका छन् । फेरि डाक्टरको उपचारको उल्लेख र नर्सिङ्गहोमको समेत उल्लेख भएबाट आधुनिक युगको समाजको पनि झलक कथामा पाइन्छ ।

आन्तरिक परिवेशमा सीताका मानसिक कुण्ठा, मनोदशा, वेदना आदि सशक्त रूपमा ल्याएर कथाकारले कथाकी प्रमुख पात्र सीताको आन्तरिक परिवेशको समेत उद्घाटन गरेका छन् ।

### ५.१०.६ रूपपक्ष

'सर्वप्रथम मेरो हार्दिक अनुरोध"बाट सुरु गरिएको यस कथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा नरहेको र यही कारणले कथानक जटिल प्रकृतिको हुनु यसका साथै कथा पत्रात्मक शैलीमा रहनु अनि कहीं कहीं सीताका अन्तर्वेदना मनोवाद जस्तो भएर आएका हुनाले यो कथा व्यतिक्रमिक रूपमा रहेको छ । यसकारण कथाको रूपविन्यास विवृत किसिमको रहेको छ । पाँच पृष्ठमा समापन गरिएको यस कथामा जम्मा ३० अनुच्छेद भए पनि अनुच्छेद विभाजनमा सन्तुलन भने देखिंदैन कुनै अनुच्छेद दुई हरफ सम्मका छोटा छन् भने कुनै १४ हरफ सम्म पनि फैलिएका छन् । यति भए पनि कथाको आकार छोटो नै रहेको छ । कथामा सरल र

संयुक्त वाक्यहरूको नै प्रधानता रहेको पाइन्छ । नेपाली भाषाका शब्दहरू बाहेक ठाउँ-ठाउँमा अङ्ग्रेजी शब्दहरूको प्रयोग भए पनि ती शब्दहरूको दूर्बोध्यता भने पटक्कै पाइँदैन । कथाकारले 'लाटोबुङ्गो' जस्ता ठेट नेपाली शब्दहरूको समेत प्रयोग गरेका छन् । सम्बोधनात्मक शैलीबाट सुरु भएको कथा सीताले डाक्टरलाई लेखेको पत्रमा नै सम्पूर्ण घटनाहरू आएका हुनाले यस कथाको शैली पत्रात्मक नै रहेको भए पनि कहीं कहीं सीताको बढी भावनात्मकता र आत्मलापीयताले गर्दा मनोवादको आभाष समेत पाउन सकिन्छ । कथामा वाक्यात्मक सङ्गतिको ख्याल गरिएको छैन । त्यसैले कथा विशिष्ट र आलङ्कारिक भएको छ । जस्तै "यो मेरो नितान्त व्यक्तिगत कुरा हो अतिगोप्य र संवेदनशील"[१९] श्रद्धा र सद्भावको गहिरो पोखरीरिभत्र म डुबें, "कतिपटक निर्णय गरे आत्महत्या गर्ने"[२०] आदि अनि के भयो ? खै के भयो ? म भन्न सक्दिन । हजारौं वाटको करेन्ट लागेजस्तो भयो । जस्ता अभिव्यक्ति कथामा प्रशस्त मात्रामा प्रयोग गरिएका छन् । बिच्छी, रावण, कुटुनी, लाटोबुङ्गो जस्ता विभिन्न प्रतीकात्मक शब्दहरूको प्रयोग कथामा प्रशस्त पाउन सकिन्छ । वाक्यका अन्त्यमा ठाउँठाउँमा (...) विन्दु प्रयोग गरेर त्यसपछि पाठकलाई नै बुझ्ने स्वतन्त्रता दिएर कथालाई प्रयोगवादितातिर अगाडि बढाइएको छ ।

यसरी विवृत शैलीमा लेखिएको यस कथाको शैली पत्रात्मक किसिमको रहेको छ । छोटो आकारमा रहेको यस कथामा सरल र संयुक्त वाक्यहरूको नै आधिक्यता रहेको छ भने नेपाली इतर भाषाका विशेष गरी अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग गरिएको छ । विभिन्न बिम्ब र प्रतीकहरूको उचित प्रयोग गरी लेखिएको एक मनोविश्लेषणात्मक कथा हो ।

## ५.११ 'सीताहरू-एघार' कथाको विश्लेषण

'सीताहरू-एघार' २०६१ सालको असोज महिनामा प्रकाशित मधुपर्कमा सर्वप्रथम प्रकाशित कथा हो भने सङ्ग्रहमा सङ्गृहीत भने परशु प्रधानको **सीताहरू** (२०६४) कथासङ्ग्रहमा सङ्गृहीत पच्चीस ओटा कथाहरू मध्ये एउटा कथा हो ।

### ५.११.१ कथानक

व्यतिक्रमिक ढाँचामा प्रस्तुत भएको यस कथाको घटना कथामा उपस्थित 'म' पात्रले सीताको मृत्युको समवेदना पढ्नु र सीताको बारेमा पूर्वस्मृतिका घटनाहरू सम्झिनुबाट अगाडि बढेको छ । 'म' पात्रलाई कुनै दिन बिहान सीताले उसको घरमा बोलाउँनु, 'म' पात्र कुनै एक जना साथी लिएर सीताको घरमा पुग्नु, सीताले उसको भव्य वैठक कोठामा 'म' पात्र र उसको साथीलाई राख्नु, सीता केही छिनपछि मुस्कुराउँदै कोठामा पस्नु, त्यसपछि सीताको नोकर केटाले विभिन्न प्रकारका मादक पदार्थका साथै विभिन्न परिकारहरू ल्याउनु, सीताले 'म'पात्र र उसको साथीलाई रक्सी खान प्रेरित गर्नु, 'म' पात्र र उसको साथीले रक्सी नखाने बताउँनु, सीताले भने रक्सी खानु, सीता बाहिर निस्केको बेला 'म' पात्र र उसको साथी भाग्नु, अर्को दिन कुनै बिहेको भोज खाएर आउँदा 'म' पात्र उसको साथीका साथै कुनै काम लिएर सहरमा आएको एकजना युवकसँग सीताको भेट हुनु, सीताले उनीहरूलाई आफ्नो गाडीमा राखेर एउटा रेष्टुराँमा लग्नु,

[१९] ऐजन, पृ. ५१ ।

[२०] ऐजन, पृ. ५४ ।

त्यसपछि सीताले रक्सी मगाउँनु र 'म' पात्र लगायत अन्य दुईलाई रक्सी खान लगाउँदै आफूले पनि खानु, 'म' पात्र लगायत अन्य पनि ह्वीस्की पिउँन बाध्य हुनु, रक्सी लागेर सीता टेबल ठोक्दै कराउन थाल्नु, बाहिरबाट ड्राइभर आउनु, ड्राइभरले समेत 'म' पात्र लगायत अन्यलाई थर्काउनु, 'म' पात्र लगायत अन्यको सातोपुत्लो उड्नु, 'म' पात्रसँग भेटिएको युवा साथीलाई सीताले आफ्नो घरमा लान खोज्नु, ऊ जान नमान्नु, 'म' पात्रले अनेक उपाय लगाएर युवा साथीलाई सीताबाट छुटाउनु, सीताले 'म' पात्र र उसको साथीलाई गाडीले किचेर मार्ने अनि पैसा तिर्ने चेनावनी दिनु, अन्त्यमा सीता आफैं गाडी दूर्घटनामा मर्नु जस्ता घटनाले कथानकको संयोजन भएको छ । जुन कुरा सीताको समवेदना पढेपछि 'म' पात्रले पूर्वस्मृतिमा घटनाहरूलाई अगाडि बढाएको छ । बीच-बीचमा कथामा क्रमभङ्गता समेत भेट्टाउन सकिन्छ ।

## ५.११.२ पात्र/चरित्र विधान

यस कथामा उपस्थित भएका पात्रहरूमा 'म' पात्र, सीता, 'म' पात्रको साथी, सहरमा काममा आएको युवक, ड्राइभर, सीताको नोकर, सीताको लोग्ने, छोराछोरी आदि पात्रहरू रहे पनि यस कथाको प्रमुख पात्रका रूपमा सीता नै रहेकी छे भने 'म' पात्र सहायक पात्र हो अनि सहरमा काममा आएको युवक, ड्राइभर 'म' पात्रको साथी, सीताको नोकर बेयरा गौण पात्र हुन् भने सीताको श्रीमान् राम, छोराछोरी सूच्य पात्रका रूपमा कथामा रहेका छन् ।

### ५.११.२.१ सीता

बोलाएकी थिई, बाहिर निस्की, रहस्यमय मुस्काई, आदेश दिई जस्ता स्त्रीलिङ्गी क्रियापदहरूको प्रयोगले सीता लिङ्गका आधारमा स्त्रीलिङ्गी पात्र हो । सीताले 'म' पात्रलाई आफ्नो घरमा चियाखान बोलाउँनुबाट कथानकको सुरुवात हुनु र कथाको अन्त्यसम्म नै सीताका व्यवहार, क्रियाकलाप, घटनाहरूले प्रमुख स्थान पाउनुले कार्यका आधारमा सीता प्रमुख पात्रका रूपमा कथामा उपस्थित रहेकी छे । कथामा उच्च अहम् पालेकी स्वच्छन्द र छाडा प्रवृत्ति भएकी नारी सीताले रक्सी खाँदै र अरूलाई पनि रक्सी खान दवाव दिंदै हिड्नु र एउटा कुलतमा लागेर वेश्यावृत्ति गर्दै हिड्नु अनि आफ्नो जीवनलाई समेत बर्बाद गर्नु जस्ता घटनाहरूले गर्दा प्रवृत्तिका आधारमा प्रतिकूल पात्रका रूपमा कथामा उपस्थित रहेकी छे । कथामा सीताको स्वभावमा परिवर्तनशीलता पाउन सकिन्छ, उमेरमा विवाह गरेपछि सजिलै आफ्नो लोग्नेलाई छाड्नु, अनि अर्को अमेरिकन लाहुरेसँग पोइल जानु, जस्ता कार्यहरू सीताले गरेको हुँदा स्वभावका आधारमा गतिशील पात्रका रूपमा उपस्थित रहेकी छे । सीताका व्यवहार आनी-बानी नितान्त बेग्लै रहेका छन् । जस्तै रेष्टुराँमा जानु, रक्सी खानु,अरूलाई पनि रक्सी खान बाध्य बनाउनु, वेश्यावृत्ति गरेर सम्पत्ति कमाउनु, जस्ता कार्यहरू सीताको व्यक्तिगत विशेषता भएका हुनाले जीवन चेतनाका आधारमा सीता व्यक्तिगत पात्रका रूपमा उपस्थित रहेकी छे । कथामा सीता दृश्यात्मक रूपमा आदिमध्यान्त नै रहेकी र कथाबाट सीतालाई झिकिदिने हो भने कथाको संरचना नै नबन्ने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा कथामा उपस्थित रहेकी छे ।

सीता कथामा उच्च अहम् पालेकी छाडा नारीको चरित्र लिएर देखापरेकी छे । ऊ कथामा बहिर्मुखी स्वभावकी पात्रका रूपमा देखापर्छे । कथामा सीता विद्रोही स्वभावका रूपमा पनि रहेकी छे । आफ्ना श्रीमान्लाई छाडेर अन्य कोहीसँग पोइल जानु, त्यसलाई पनि छाडिदिनु जस्ता घटनाले उसको स्वभाव स्वच्छन्द र विद्रोही रहेको थाहा पाउन सकिन्छ । आफ्नो श्रीमान्लाई छोडेपछि असामान्य चरित्रका रूपमा रहेकी सीताले सहरमा यौनव्यापार गरेर गाडी किन्नु र भव्य महलको निर्माण गर्नु जस्ता कार्यहरू गरेको पुष्टि 'म' पात्र र उसको साथी सीता कहाँ जाँदा सीता कुनै सङ्केत गर्दै मुस्कुराउँनु अनि बाहिर अरू कुनै मानिसहरू तत्कालै आउनु जस्ता घटनाले पुष्टि गर्दछ । फेरि सीताले 'म' पात्र लगायत अरूहरूलाई रेष्टुराँमा लानु र मजा गरौं भन्नुले उसले आफ्नो यौन तिर्खा मेटाउने प्रयास गरेको पुष्टि हुन्छ । यसका साथै 'म' पात्रसँग भेटिएको एउटा युवकलाई सीताले घर लान खोज्नुको मूल कारण पनि उसबाट यौनतृप्ति लिनु नै रहेको सहजै थाहा पाउन सकिन्छ । उसले त्यो युवकलाई लान नसकेपछि 'म' पात्र लगायत साथीहरूलाई मार्ने चेतावनी दिनु यौन तृप्ति नगरिदिएको क्षतिपूर्ति उसले अरूलाई चेतावनी दिएर व्यक्त गरेको पाइन्छ । यसरी कथामा सीतालाई एउटी सहरिया स्वच्छन्द नगरबधूका रूपमा कथामा चित्रण गरिएको छ । सीताको क्रियाकलाप असामान्य रहेको छ ।

### ५.११.२.२ 'म' पात्र

कथामा उपस्थित 'म' पात्र लिङ्गका आधारमा पुलिङ्गी पात्र हो भने सीताको व्यवहार, दमनमा फेला परेको र सीताको कथालाई अगाडि बढाउन सहयोगी भूमिका निर्वाह गरेको हुनाले कार्यका आधारमा सहायक पात्रका रूपमा उपस्थित रहेको छ । कथाभरि नै 'म' पात्रले त्यस्ता कुनै खलनायकीय कार्य नगरेको हुँदा प्रवृत्तिका आधारमा 'म' अनुकूल पात्र हो । अर्काको दवावमा परेर मादक पदार्थसेवन गरे पनि आफ्नो विचारमा परिवर्तन नगर्ने 'म' स्वभावका आधारमा गतिहीन पात्र हो । 'म' पात्रको क्रियाकलाप कथामा आफ्नै किसिमको रहेको हुनाले ऊ कथामा व्यक्तिगत पात्रका रूपमा उपस्थित रहेको छ । कथाका आएका घटनामा दृश्यात्मक रूपमा रहनु र कथाबाट 'म' पात्रलाई झिक्दा कथाको संरचनामा असर पर्न जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा 'म' पात्र असामान्य चरित्र भएकी नारी सीताको अहम्ताको शिकार हुन पुगेको र 'म' पात्रको पनि मनस्थिति असामान्य नै देखिन्छ । सीताको दवावमा परेपछि मानसिक रूपमानै त्रासद अवस्थामा रहेको 'म' पात्र सीताले 'तिमीहरूलाई गाडीले किच्याएर मार्छु भनेबाट ज्यादै कमजोर मानसिकता भएको देखाइएको अनि बाहिर जाँदा पनि त्यही कुरा सम्झनामा आएको र सीताको मृत्युको खबरले 'म' पात्रमा उसभित्र रहेको त्यो अचेतन बाहिर प्रकट भएको देखाइएको छ । यसका साथै कथामा 'म' पात्रको आन्तरिक मनस्थितिको विश्लेषण गरिएको छ ।

कथाका अन्य पात्रहरूमध्ये युवकको भूमिका केही उल्लेखनीय छ । उसको कारण गाडी भित्र र बाहिर युवकलाई तानातान गरिएको छ । कथामा अरू पात्रहरू गौण रूपमा रहेका छन् ।

### ५.११.३ सारवस्तु

सीताहरू-एघार कथाको मुख्य सारवस्तुका रूपमा यौन असन्तुष्टि, यौनकुण्ठाले युक्त स्वच्छन्द, विद्रोही नारी चरित्रको चरित्र चित्रण गर्नु नै रहेको छ । यसका साथै सहरमा नारीहरूले आफ्नो इच्छा पूर्ति नभएपछि यौनव्यापार गर्दै हिडेको देखाएर सहरिया यौन विकृतिको समेत पर्दाफास गरेका छन् । सीताको चरित्रको माध्यमबाट अहम्‌वादी विद्रोही महिलाहरूले आफ्नो इच्छापूर्ति गराउनका लागि पुरषहरूलाई कतिसम्म दबाब दिंदा रहेछन् भनेर पनि हेर्ने प्रयास गरिएको छ । अनि 'म' पात्रले सीताको दवावमा परेर के गर्ने ? के नगर्ने ? अवस्थामा पुग्नुले कसैले आफ्नो इच्छा विपरीत कुनै कुरामा दबाब दियो भने त्यसले जीवनको धेरै समयसम्म पनि असर गर्दछ भनेर देखाइएको छ । त्यसर्थ यस कथाको मुख्य सारवस्तु असामान्य नारी चरित्रकी सीताको व्यवहारको अध्यन गर्नु नै रहेको छ ।

### ५.११.४ दृष्टिविन्दु

यस कथामा 'म' पात्रले कथालाई अगाडि बढाएको छ । प्रथम पुरुष, एकवचन सर्वनाम 'म' को प्रयोग गरिएको हुनाले यस कथाको दृष्टिविन्दु आन्तरिक दृष्टिविन्दु रहेको छ । तर म पात्र मुख्य कथाभित्र नपसी कथाको परिधी बाहिर बसेको छ । यस कथामा 'म' पात्रले कथामा उपस्थित प्रमुख पात्रलाई सञ्चालन गरेको छ ।यस कथामा 'म' माध्यम मात्र बनेको र सीताको कथाको प्रस्तुतीमा प्रेरक मात्र बनेको हुनाले आन्तरिक दृष्टिविन्दुमा पनि केन्द्रीय दृष्टिविन्दु नभई परिधीय दृष्टिविन्दु रहेको छ ।

### ५.११.५ परिवेश

कथामा वर्णन भएको सीताको घर, भव्य र सजिसजावट भएको कोठाको उल्लेख हुनुले कुनै सहर नै यस कथाको कार्यपीठिका रहेको थाहा पाउन सकिन्छ । रेष्टुराँमा जानु, रक्सी खानु अनि सीताले म काठमाडौं जान सक्छु भन्नु अनि गाडीको उल्लेख हुनु जस्ता कुराले यस कथाले समेटेको क्षेत्र भनेको काठमाडौं बाहिरको कुनै पनि सहर हो भनेर सहजै अनुमान गर्न सक्छौं । समयका हिसावले कथामा खासै उल्लेख नै गरिएको छैन । सीता कहाँ एकदिन 'म' पात्र र उसको साथी जानु अनि सीतालाई झुक्याएर भागेको घटनासम्म एकदिनको कथाको घटना देखिन्छ भने बिहेको भोज खाएर फेरि सीताको तिनै 'म' पात्र लगायत अन्यसँग अर्को दिन भेट भएको देखिएबाट कथाको समयावधि छोटो नै रहेको देखिन्छ । कथामा वर्णित समाजमा शिक्षित समाज नै रहेको देखिन्छ । 'म' पात्रले प्रत्येक दिन कान्तिपुर पढ्नु, सीता पनि विद्रोह गरेर आफ्नो लोग्नेलाई छोडी अर्कोसँग जानुले कुनै पनि अशिक्षित महिलाले विद्रोह गरेर घरलाई नै त्याग्न सक्तैनन् । त्यसकारण यहाँको समाज शिक्षित नै रहेको छ । कथामा उपस्थित पात्रहरूमध्ये उच्चवर्ग र निम्नवर्ग दुवै रहेको पाउन सकिन्छ । सीताले घरमा सुसारे राख्नुले सीता उच्चवर्गकी नारी पात्र हो भने सीताकोमा बस्ने नोकरले निम्नवर्गको प्रतिनिधित्व गरृेको छ ।

### ५.११.६ रूपपक्ष

व्यतिक्रमिक ढाँचामा लेखिएको यो कथा 'म' पात्रको पूर्वस्मृतिमा आधारित कथा हो ।कथा आदिबाट सुरु नभई अन्त्यबाट सुरु भएको छ र कथाको बीच बीचमा समेत कथाको गतिशीलता नभएको हुँदा कथा विशिष्ट किसिमको रहेको हुनाले यस कथाको रूपविन्यास विकृत किसिमको रहेको छ । सात पृष्ठमा रचित यो कथामा वर्तमानकालीक क्रियाहरू प्रयोग गरिएपनि आधिक्यता भने भूतकालीक क्रियाहरूको नै रहेको छ । केही मिश्रवाक्यहरूको प्रयोग गरिए पनि सरल र संयुक्त वाक्यको नै आधिक्यता रहेको छ । नेपाली वाक्यहरूमा प्रशस्त मात्रामा अंग्रेजी शब्दहरूको प्रयोग भएको छ । कथामा आएका वियरका नामसमेत सर्वसाधारण नेपाली पाठकले नबुझ्ने किसिमका आएका छन् । यस कथामा अङ्ग्रेजी शब्दहरूलाई चाहिने भन्दा बढी नै प्रयोग गरिएको छ ।

वर्णनात्मक शैलीमा लेखिएको यो कथामा सीतासँग 'म' पात्रका कुराकानीमा भने केही न्युन रूपमा संवादहरूको पनि आभाष पाउन सकिन्छ । कथामा विशिष्टता ल्याउन आलङ्कारिक वाक्यहरूको समेत प्रयोग गरिएको छ । जस्तै 'हामी बाहिर छौं, असमर्थ निरीह र काँतर दुई पुरुष'[२१] हेरेपटक षड्यन्त्रको गहिरो पोखरीमा डुब्यौ -उत्र्यौं उत्र्यौं-डुब्यौ"[२२] जस्ता कवितात्मक वाक्यहरू पनि कथामा पाउन सकिन्छ । कथालाई विशिष्ट बनाउनका लागि केही क्रियाहीन वाक्यहरूको समेत प्रयोग गरिएको छ । जस्तै "भव्य र लजकदार सोफा आरामदायी कुर्सीहरू"[२३] कथामा विभिन्न बिम्ब र प्रतीकहरूको समेत प्रयोग गरिएको छ । बाहिर कुकुर भुकेको आवाज आयो भनेर कुकुरले डुल्दै हिड्ने, नारीको यौनचाहना राख्दै हिड्ने मान्छेलाई सङ्केत गरेको छ । लजका ढोका बन्द होला हामीहरू बाहिर छौं असमर्थ, निरीह र काँतर दुई पुरुषमा आएको असमर्थ-काँतर शब्दले सीताको इच्छा पूरा गर्न नसक्ने भनी सङ्केत गरेको छ । कथामा आएका केही वाक्यहरूमा बीच-बीचमा (...) विन्दु दिएर त्यसपछि पाठकले नै बुझ्नुपर्ने स्वतन्त्रता पनि कथाकारले दिएर कथामा प्रयोगवादीतालाई समेत प्रस्तुत गरेका छन् ।

## ५.१२ 'सीताहरू-बाह्र' कथाको विश्लेषण

कथाकार परशु प्रधानको **सीताहरू** (२०६४) कथासङ्ग्रहमा सङ्गृहीत पच्चीस कथाहरूमध्ये एक कथा 'सीताहरू-बाह्र' हो । यसमा द्वन्द्वजन्य पीडाभोगी र पीडाबोधी नारी चरित्र सीताको चरित्रलाई चित्रण गर्ने काम गरिएको छ ।

### ५.१२.१ कथानक

'सीताहरू-बाह्र' कथाको कथानक एउटा शिशु काँधमा बोकेकी र अर्को शिशुलाई डोहोऱ्याएर विराटनगर विमानस्थलमा घुमिरहेकी एक महिला वा सीताको घटनाबाट अगाडि बढेको छ । घुम्ने क्रममा सीता 'म' पात्रको छेउमा आउँनु तर केही बोल्न नसकी त्यहाँबाट जानु,

---

[२१] ऐजन, पृ. ६१ ।

[२२] ऐजन, पृ. ६० ।

[२३] ऐजन, पृ. ५७ ।

सीताको श्रीमान्‌लाई माओवादीले मारेको हुनाले ऊ भोजपुर श्रीमान्‌को मृत शरीर हेर्न जान टिकट खोज्न यहाँ भौंतारिनु, उसँग पैसा नहुनु, काउन्टरका मान्छेले भोजपुरलाई एक महिनासम्म प्याक छ त्यहाँमाथि तपाईंसँग पैसा छैन भन्दै हप्काउनु, सीताले मेरो श्रीमान् पुलिस हो, उसलाई माओवादीले मारे त्यसैले उसको काजक्रिया गरौं भनेर जान लागेकी भनी बताएपनि कसैले उसका कुरा नसुन्नु, त्यहाँ उपस्थित एक युवकले आफू पनि भोजपुरकै भएको बताउँदै तपाईको श्रीमान्‌को अनुहार तपाईले हेर्न पाउनु हुन्न जे भयो भयो हुन्दिनुहोस् भनेर सम्झाउनु तर सीता भोजपुरमा लोग्ने, माइतीहरू कोही नभए पनि सिद्धकालीदेवी भएको र उनको दर्शन गरेर भए पनि आउने अठोट गर्नु, यी सबै कुराहरूलाई 'म' पात्रले दृष्टिगत गरिरहनु र त्यो पीडाभोगी सीता 'म' पात्रकै बहिनी हुनु, तर 'म' पात्रले उसलाई नचिनाउनु, म पात्रले एउटा रेष्टुराँमा लगेर सीता र उसका बच्चाहरूलाई केही खानेकुरा खुवाउनु, सीताले 'म' पात्रलाई घर कहाँ हो भनेर सोध्दा 'म' पात्रले ढाँटिदिनु, भोजपुरको प्लेन जान लाग्दा 'म' पात्रले सीतालाई ज्यादै निरीह देख्नु, प्लेन उडेपछि सीता एक्कासी कहाली कहाली रुनु, अनि उसले "आउ मलाई ... पनि गोली हानेर मारिदेऊ । अब म बाँच्नुको के अर्थ छ र ? यी मेरा लालाबालालाई पनि मारिदेऊः यहाँ जन्मनु नै पाप भयो, यहाँ जागिर खानु नै अपराध भयो ।"[२४] भन्दै आफ्ना पीडाहरू पोख्नु अनि म पात्रले मन थाम्न नसकी गएर सीतालाई सीता ? भनी बोलाएर चिनाउनु सीताले 'म' पात्रलाई चिनेर अँगालो हालेर रुन थाल्नु, 'म' पात्रलाई सम्झाउने कुनै शब्द नै नआउँनु, सीताले आफ्ना पीडाहरू सुनाउँदै रुनु, त्यतिकैमा 'म' पात्रको काठमाडौं जाने प्लेन उड्न आँट्नु र 'म' पात्र केही नबोली त्यहाँबाट उडेर आउनु, त्यही कुराले 'म' पात्रलाई बाटोभरि सताइरहनु जस्ता घटनाहरू आएर 'सीताहरू-बाढ' कथाको कथानक निर्माण भएको छ ।

पूर्वस्मृतिमा लेखिएको यस कथाका घटनामा 'म' पात्रले प्रत्यक्ष रूपमा देखेको र ती घटनाहरू अगाडि नै घटिसकेका छन् । 'म' पात्रले पछि आएर ती घटनाहरूलाई सम्झिएको देखाइएको छ । त्यही घटनाले काठमाडौंमा आएपछि पनि 'म' पात्रको मनस्थितिमा विचलन पैदा गरेको छ ।

### ५.१२.२ पात्र/चरित्र विधान

'सीताहरू-बाढ' कथामा 'म', सीता, सीताका दुईजना शिशुहरू, काउण्टरमा बस्ने मानिस, एउटा युवक प्रत्यक्ष रूपमा आएका छन् भने सूच्य रूपमा सीताको श्रीमान्, सीताका माइतीहरू, माओवादी आदि पात्रहरू पनि कथामा उल्लेख गरिएका छन् । यति भए पनि यस कथाको प्रमुख पात्र सीता हो भने 'म' पात्र सहायक पात्रका रूपमा उपस्थित भएको छ भने अन्य पात्रहरू गौण पात्रका रूपमा कथामा उपस्थित रहेका छन् ।

### ५.१२.२.१ सीता

आई, रुन्छे, साटिन्छे जस्ता स्त्रीलिङ्गी क्रियापद सीताका लागि कथामा प्रयोग गरिएको हुँदा लिङ्गका आधारमा सीता स्त्री पात्र हो । कथाका सम्पूर्ण घटनाहरू सीतासँग सम्बन्धित छन् र

[२४] ऐजन, पृ. ६६ ।

सीताद्वारा नै कथाको सुरुवात भएर मध्य हुँदै अन्त्यसम्म पुग्दा समेत सीताको भूमिका महत्त्वपूर्ण भएको हुँदा कार्यका आधारमा सीता प्रमुख पात्रका रूपमा कथामा उपस्थित रहेकी छे । कथामा सीताले कुनै पनि नकारात्मक व्यवहार नगरेको र आफ्नो लोग्ने मरेपछि आफ्ना पीडा र वेदना सुनाउँदै हिँडे पनि कसैले उसका कुरा सुनेको छैन । जीवनको कुनै पनि समयमा खलनायकीय काम नगरेको हुनाले सीता कथामा प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । सीताको व्यवहारमा कुनै पनि परिवर्तन भएको पाउन सकिँदैन त्यसैले सीता स्वभावका आधारमा गतिहीन पात्रका रूपमा उपस्थित भएकी छे । सीताले जस्तैं कयौं नारीहरूले यस्ता पीडा भोग्नु परेको र भोग्नुपर्ने एउटी गरिब र द्वन्द्वपीडित नारीहरूको प्रतिनिधित्त्व गर्ने भएकाले जीवन चेतनाका आधारमा सीता वर्गगत पात्र हो । कथाका दृश्य व्यापारमा प्रत्यक्ष रूपमा आएकी सीता आसन्नताका हिसावले मञ्चीय र कथानकसँग बाँधिएकी उसलाई बेग्ल्याउँदा कथानकको संरचना पुरै नष्ट हुने हुनाले आबद्धताका हेराइमा उसको भूमिका बद्ध रहेको छ ।

यस कथामा आएकी प्रमुख नारी चरित्र सीता एक द्वन्द्वजन्य पीडाभोगी र पीडाबोधी चरित्रका रूपमा उपस्थित रहेकी छे । माओवादीले उसको श्रीमान्लाई मारेको र उसलाई भोजपुर जान पैसा नभएको देखाएर कथामा माओवादी द्वन्द्वका समयमा नेपालीले के कस्तो द्वन्द्वको सामना गर्नुपर्‍यो र आफ्नो श्रीमान् वा आफन्तलाई कतिले गुमाउनु पर्‍यो भन्ने देखाउने माओवादी द्वन्द्वको सिकार सीतालाई देखाइएको छ । आफ्नो सहयात्री श्रीमान्को हत्या गरिएपछि सीताको मनस्थितिमा गहिरो चोट परेको छ । ऊ विक्षिप्त अवस्थामा पुगेकी छे । दुई छोराछोरीकी आमा बनिसकेकी सीतालाई ठूलो द्वन्द्वले सताएको छ । मर्ने कि बाँच्ने भन्ने दोसाँधमा उसले जीवन बिताइरहेकी छे । सीता कथामा आशाभोगी चरित्रका रूपमा उपस्थित रहेकी छे । कसैले केही सहयोग गर्लान् भनेर उसको भित्री मनले आशाको हात लम्काइरहेको छ । भोजपुर जाने प्लेन उडेपछि उसका आशाका पर्खालहरू एक्कासी भत्कन्छन् र उसका भित्री आवाजहरू उसले व्यक्त गरेकी छे । अन्त्यमा सीताले व्यक्त गरेका "मलाई प्लेनको टिकट चाहियो..... मलाई लोग्ने चाहियो .... यी केटाकेटीको बाबा चाहियो .... म अब कसरी बाँचू ? ..."[२५] जस्ता वाक्यहरूले सीतामा केही मात्रामा भए पनि यौन तृप्तिको चाहनाले समेत सताएको बुझ्न सकिन्छ । यसरी 'सीताहरू-बाह्र' कथाकी सीता एक द्वन्द्वजन्य पीडाभोगी नारीका रूपमा उपस्थित रहेकी छे । यहाँ उसको कारुणिक र संवेदनात्मक चरित्र देखाइएको छ ।

### ५.१२.२.२ 'म' पात्र

कथामा आएकी प्रमुख पात्र सीताले दाइ भनी सम्बोधन गर्नुले 'म' पात्र लिङ्गका आधारमा पुलिङ्गी पात्र हो । कथाको प्रमुख पात्रका क्रियाकलापलाई प्रत्यक्ष रूपमा दृश्यावलोकन गर्ने र सीतालाई केही सहयोग गर्ने अनि प्रमुख नभए पनि कथाको आदिदेखि अन्त्यसम्म नै कथामा उपस्थित भएको 'म' पात्र कार्यका आधारमा सहायक पात्र हो । सीतालाई तिम्रो दाजु भनेर नचिनाउनु उसलाई सम्झाउन नसक्ने आँटले हो अनि सीताका विभिन्न समस्याले गर्दा ज्यादै दुःखी हुनु अनि सीता र सीताका छोराछोरीलाई केही किनेर ख्वाउनु जस्ता कार्यहरू कथामा 'म'

---

[२५] ऐजन, पृ. ६६ ।

पात्रले गरेको हुँदा प्रवृत्तिका आधारमा अनुकूल पात्रका रूपमा उपस्थित रहेको छ । सुरुदेखि नै अर्काको पीडा देख्न नसक्ने कमलो हृदय भएको 'म' पात्रका स्वभावमा कुनै पनि परिवर्तन नआएका कारण स्वभावका आधारमा गतिहीन पात्र हो । उसका बानी व्यवहार एउटा असल व्यक्तिले गर्ने जस्ता देखिएकाले जीवन चेतनाका आधारमा व्यक्तिगत नभई वर्गगत पात्र हो । कथामा दृश्य कार्यव्यापारमा प्रत्यक्ष आएको 'म' पात्र आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा उपस्थित भएको 'म' पात्र ज्यादै सहयोगी पात्रका रूपमा कथामा उपस्थित रहेको छ । सीताको पीडा आफ्नो पीडा हो भनी सीतालाई काउण्टरमा बस्ने मान्छेले हप्काउँदा उसले त्यसलाई सहन नसकी ऊ एउटा विमूढ अवस्थामा देखिएको छ । ऊ ज्यादै भावुक र अन्तर्मुखी पात्रका रूपमा कथामा उपस्थित भएको छ । एउटालाई परेको दुःख सकुन्जेल अरूले पनि बाँड्नुपर्छ भन्ने मान्यता लिने 'म' पात्रले सीता र उसका छोराछोरी भोकभोकै हुँदा केही खाजा समेत ख्वाएको छ । कथामा आएको 'म' पात्र पनि द्वन्द्वले प्रभावित पात्रका रूपमा उपस्थित भएको छ । माओवादी द्वन्द्वले गर्दा घरमा बस्न नसकी विदेश अर्थात् मलेसिया जान हिडेको पात्र हो । सीताको पीडालाई देखेर 'म' पात्रको मानसिकतामा पनि प्रभाव परेको कथामा देखाइएको छ ।

### ५.१२.३ सारवस्तु

'सीताहरू बाह्र' कथाको सारवस्तुका रूपमा द्वन्द्वको समयको नेपालको परिस्थितिलाई यथार्थ रूपमा देखाउनु नै हो । माओवादी जनयुद्धका बेला कति आमा बाबुले छोराछोरी गुमाउनु पर्‍यो, कति महिलाहरूको सिंदुर पुछियो, कति बालबालिकाहरू टुहुरा भए भनेर देखाउनु नै यस कथाको प्रमुख सारवस्तुका रूपमा लिन सकिन्छ । आफ्नो श्रीमान् मरेपछि महिलाको अवस्था कस्तो दर्दनाक रहन्छ भन्ने कुरा पनि सीताको अवस्थाबाट पुष्टि हुन्छ । यस्तो परिस्थितिमा कसैले पनि अर्थात् त्यस्ता द्वन्द्वपीडितलाई सरकारले हेर्न नसकेको कुरा पनि काउन्टरमा बस्ने मानिसले व्यक्त गरेका शब्दबाट पुष्टि हुन्छ । यस्ता पीडाहरू भोगेर पनि महिलाले जीवन निर्वाह गर्नु परेको यथार्थ समेत सीताको चरित्रबाट उद्घाटन गरिएको छ ।

### ५.१२.४ दृष्टिविन्दु

'सीताहरू-बाह्र' कथाको कथावस्तु विराटनगरबाट लगभग आधा घण्टामा काठमाडौं विमानस्थल आइपुगें भन्ने 'म' पात्र अर्थात् रामको आफ्नै लागि गरिएको अभिव्यक्तिबाट आरम्भ भएको छ । त्यसपछिका कथानकका सम्पूर्ण घटनाहरू 'म' पात्रले वर्तमान निकट भएर आफ्नै माध्यमबाट प्रस्तुत गरेको र प्रथम पुरुष एक वचन सर्वनाम 'म' को प्रयोग गरिएको साथै सम्पूर्ण कथानकको समाख्याता 'म' पात्र नै भएको हुनाले यहाँ प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथाको 'म' पात्र मुख्य कथाभित्र नबसी कथाको परिधिबाहिर बसेको छ । यसमा 'म' पात्रले कथामा उपस्थित प्रमुख पात्रलाई सञ्चालन गरेको छ । यस कथामा 'म' पात्र माध्यम मात्र बनेको र सीताको कथाको प्रस्तुतीमा प्रेरक मात्र भएको हुनाले आन्तरिक दृष्टिविन्दुमा पनि केन्द्रीय दृष्टिविन्दु नभई परिधीय दृष्टिविन्दु प्रयोग भएको छ ।

### ५.१२.५ परिवेश

काठमाडौं विमानस्थल आइपुगें भनेर कथाको 'म' पात्रले उल्लेख गरे पनि यस कथाका सम्पूर्ण घटनाहरू विराटनगरको विमानस्थलमा नै घटेका देखिएका छन् । कथाकी प्रमुख पात्रले विराटनगर विमानस्थलमा भोजपुर जानका लागि टिकट माग गरिरहनु, काउन्टरको मान्छेले सीतालाई उल्टै हप्काएर पठाउनु, 'म' पात्रले सीता र उसका छोराछोरीलाई रेष्टुराँमा लागेर खाजा ख्वाउनु जस्ता सम्पूर्ण घटनाहरू विराटनगर विमानस्थलमा नै घटेका छन् । त्यसकारण कथाको प्रमुख कार्यपीठिका विराटनगर विमानस्थल नै हो भने कथाको 'म' पात्रले संस्मरणका रूपमा भोजपुरको आफ्नो घरको समेत उल्लेख गरेको छ ।

समयका हिसावले यस कथामा कुनै उल्लेख नभए पनि कथाकी प्रमुख पात्र सीताले आफू नौ कक्षामा पढ्दा कुनै रावणको बन्धनमा बाँधिए भनेर विवाह गरेको सङ्केत गर्नु र उसका छोराछोरी समेत टुकुटुकु हिड्ने हुनुजस्ता घटनाहरूले यस कथाका घटनाहरूको समय कम्तिमा ५/६ वर्ष रहेको अनुमान गर्न सकिन्छ । यस कथामा 'म' पात्रको पारिवारिक आर्थिक अवस्था ज्यादै कमजोर रहेको उल्लेख गरिएको छ । एक छाक खाए अर्को छाक भोकै रहनुपर्ने अवस्था देखिनु, अनि सीताले खान नपाइकन टिकटका लागि अरूहरूसँग आग्रह गर्नु जस्ता घटनाहरूले प्रस्तुत भएको समाजको आर्थिक अवस्था ज्यादै कमजोर रहेको देखिन्छ । यस कथामा द्वन्द्वकालीन नेपालको चित्रण गरिएको छ । माओवादीले युद्ध गरिरहेको अवस्थामा नेपाली जनताहरूले भोग्नुपरेको भयावह, त्रासद, स्थिति अनि प्रहरीको जागिरमा प्रवेश गरेका मान्छेको ज्यानको समेत असुरक्षा रहेको अवस्था देखाइएको छ । यसरी जनयुद्धकालको नेपालको यथार्थ चित्रण कथामा प्रस्तुत गरिएको छ ।

### ५.१.२.६ रूपपक्ष

कथामा 'म' पात्रले पूर्वस्मृतिमा घटनाहरू सम्झिएको छ । यस कथाको कथानक अन्त्यबाट सुरु भएर अगाडि बढेको छ । यस कथामा सीताको आत्मलापलाई नै बढी स्थान दिइएको छ । व्यतिक्रमिक ढाँचाको कथानक विकासले कथानक जटिल भएको यस कथाको रूपविन्यास विवृत प्रकारको देखिन्छ । चार पृष्ठमा संरचित यस कथामा साना-ठूला गरेर जम्मा ९ अनुच्छेद रहेका छन् । यस हिसाबले हेर्दा कथाको आयाम छोटो देखिन्छ । यस कथामा पूर्वस्मृतिका रूपमा घटनाहरू वर्णन गर्दा भूतकालीन क्रियाहरूको प्रयोग भए पनि 'म' पात्रले प्रत्यक्ष देखेको वर्णन गर्दा वर्तमान कालीन क्रियाहरूको नै बढी प्रयोग देखिन्छ । मिश्र वाक्यहरूको प्रयोग ज्यादै कम गरिएको र सरल र संयुक्त वाक्यहरूको प्रयोग नै कथामा आधिक्य पाउन सकिन्छ । यस कथामा सङ्गति, पति जस्ता तत्सम शब्दका साथै तद्भव शब्द अनि आगन्तुक शब्दको पनि प्रयोग गरिएको छ । अङ्ग्रेजी भाषाका शब्दहरू पनि यस कथामा प्रशस्त पाउन सकिन्छ । जस्तैः प्लाटुन, काउन्टर, रेष्टुराँ, प्लेन जस्ता थुप्रै अंग्रेजी शब्दहरूको प्रयोग गरिएको भए पनि यिनले सम्प्रेषणमा त्यति बाधा भने पारेका छैनन् । वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको यस कथामा प्रशस्तै मात्रामा आलङ्कारिक वाक्यहरूको प्रयोग भएको छ । जस्तैः दुई याचनापूर्ण आँखाले मलाई पछ्याइरहे, यो चिहानडाँडामा आएदेखि कहिल्यै सुखको सास फेर्न पाइएन, म भित्र एउटा आगोको

ज्वाला उठ्छ, उठिरहन्छ, आदि । प्रशस्त मात्रामा बिम्ब र प्रतीकहरूको प्रयोगले कथालाई विशिष्ट बनाएको छ । जस्तै चिहानडाँडा भनेर एउटा उब्जाउ नहुने जमिनको बिम्बात्मकता प्रस्तुत गरिएको छ भने यहाँ आएका रावण, सीता, राम जस्ता पात्रहरूको प्रयोग गरी विभिन्न प्रतीकात्मक अर्थहरू प्रदान गरेर कथालाई विशिष्ट बनाइएको छ । कथामा आएका केही वाक्यहरूमा (...) विन्दु चिह्न दिएर त्यसपछि पाठकले नै बुझ्ने स्वतन्त्रता कथाकारले प्रदान गरेका छन् । यसले पनि कथालाई विशिष्ट बनाएको छ ।

### ५.१३ 'सीताहरू-तेह्र' कथाको विश्लेषण

परशु प्रधानको बाह्रौं कथासङ्ग्रहका रूपमा आएको **सीताहरू** (२०६४), कथासङ्ग्रह पच्चीस ओटा कथाहरूको सङ्ग्रह हो । यसभित्र पर्ने 'सीताहरू तेह्र' एक हो । यस कथामा नारीको सतीत्त्व अहम् भएकी सीताको चरित्र चित्रण गरिनुका साथै स्वास्नीको सतीत्त्व बेचेर खाने निम्नस्तरका कर्मचारीको विवशता र हाकिमद्वारा तिनमाथि हुने यौन शोषणको यथार्थ चित्रण पनि कथामा रहेको छ ।

#### ५.१३.१ कथानक

'आखिर म गोविन्दसँग आए' भन्ने आखिरीबाट सुरु भएको यो कथा अन्त्यबाट सुरु भएर अगाडि बढेको छ । 'म' अर्थात् सीताको विवाह चन्द्रवीर भन्ने पियनसँग भएबाट कथाको सुरुवात हुन्छ । चन्द्रवीरको हाकिम राक्षसी प्रवृत्तिको हुनु, चन्द्रवीरलाई स्थायी गरिदिने र चन्द्रवीरको अस्थायी कोटामा उसकी श्रीमतीलाई जागिर हाकिमले मिलाइदिनु, सीताको नियमित प्रक्रिया बिहानदेखि साँझसम्म हाकिमको क्वार्टरमा रहनु, हाकिमको सेवा, टहल मध्यरातसम्म हुनु, यतिकैमा सीता त्यही क्वार्टरमा सुत्न बाध्य हुनु, त्यही मौका पारी त्यहाँका हाकिमहरूले सीताको शरीरमा खेल्नु, सीताले आफ्नो श्रीमान्सँग गुनासो गर्नु तर चन्द्रवीर त्यस्ता कुरामा पनि मुस्कुराएर आफ्नो बाध्यता प्रकट गर्नु अनि सीताले चन्द्रवीरको स्वास्नी बेची खाने नामर्द, लाछी पनबाट वाक्क भएर चन्द्रवीरलाई झापड हानी चन्द्रवीरको साथी गोविन्दसँग पोइल जानु, चन्द्रवीर र सीताको काम गर्ने अफिस अझसम्म पनि एउटै हुनु, अफिसका मान्छेहरूले विभिन्न प्रतिक्रिया जनाउनु आदि जस्ता घटनाहरूले यस कथाको कथानक संयोजन भएको छ ।

अन्त्यबाट सुरु भएको यस कथामा बीच-बीचमा व्यतिक्रमिकता समेत पाउन सकिन्छ । आदि, मध्य र अन्त्यको क्रमिकतामा नरहेको यो कथा विशिष्ट किसिमको भएकाले यसको रूपविन्यास विवृत किसिमको रहेको छ ।

#### ५.१३.२ पात्र/चरित्र विधान

'सीताहरू-तेह्र' कथामा सीता, चन्द्रवीर, गोविन्द, हाकिम, सीताकी आमा, अफिसका मान्छेहरू आदि पात्रहरू रहेका छन् । सीता यस कथाकी प्रमुख पात्र हो भने चन्द्रवीर सहायक पात्रका रूपमा कथामा उपस्थित रहेको छ । गोविन्द, हाकिम, सीताकी आमा, अफिसका मान्छेहरू गौण पात्रका रूपमा कथामा उपस्थित भएका छन् ।

### ५.१३.२.१ सीता

कथामा कथावाचक 'म' भएर उपस्थित भएकी सीतालाई पाउँदिनस्, बोल्दिनस् जस्ता स्त्रीलिङ्गी क्रिया प्रयोग गरिएको छ र चन्द्रवीरको श्रीमती भनेर बताइनु अनि गोविन्दसँग पोइल गएको उल्लेख गर्नुले लिङ्गका आधारमा सीता स्त्री पात्र हो । कथाका सम्पूर्ण घटनाहरूसँग सीता जोडिएकी छे, चन्द्रवीरसँग सीताको बिहे हुनु, हाकिमले सीताको शरीरमाथि खेल्नु, सीताले श्रीमान्सँग गुनासो गर्दा श्रीमान्ले वास्ता नगरेपछि गोविन्दसँग पोइल जानु जस्ता सम्पूर्ण घटनाहरू सीतासँग सम्बन्धित रहनु र आदि मध्यान्त सीताको भूमिका नै महत्त्वपूर्ण हुनुले कार्यका आधारमा सीता प्रमुख पात्रका रूपमा उपस्थित भएकी छे । विवाह गरेको श्रीमान्लाई झापड हानेर श्रीमान्कै साथी गोविन्दसँग पोइल जानुले सीताको प्रवृत्ति नकारात्मक जस्तो देखिएपनि आफ्नो सतीत्त्व अहम् रक्षाका लागि उसले निर्णय गरेको हुनाले प्रवृत्तिका आधारमा सीता अनुकूल पात्रका रूपमा कथामा उपस्थित रहेकी छे । सुरुमा चन्द्रवीरसँग विवाह गरे पनि चन्द्रवीरबाट यौन सन्तुष्टि प्राप्त गर्न नसक्नु र चन्द्रवीरको लाछी व्यवहार देखेर गोविन्दसँग पोइल जानु जस्ता घटनाले स्वभावका आधारमा सीता गतिशील पात्र हो । सीताको व्यवहार नितान्त व्यक्तिगत भएका कारण सीता जीवनचेतनाका आधारमा वर्गगत नभई व्यक्तिगत पात्र हो । कथामा दृश्य कार्यव्यापारमा प्रत्यक्ष आएकी सीता आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा हाकिमद्वारा यौन शोषण भोग्न विवश नारी चरित्रका रूपमा सीता रहेकी छे । त्यसका साथसाथै सीताको श्रीमान्द्वारा यौन सन्तुष्टि प्राप्त गर्न नसकेका कारण सीताले आफ्नो श्रीमान्कै साथी गोविन्दलाई घरमा आउँदादेखि मन पराउँन थालेकी छे । यही कारणले भित्रभित्रै सीता पिल्सिएको कुरा "आफैलाई भारी लाग्न थाल्यो- हाड मासुले बनेको आफ्नो शरीर"[२६] भन्नुले स्पष्ट गर्दछ । अनि "बिचरा ती कर्मचारी साथीहरूलाई के थाहा ? म सीताभित्रको ज्वालामुखी ! म सीताभित्रको आगो ‼ एउटा सीताभित्रको विद्रोह"[२७] भन्नुले सीताभित्र रहेको यौन तृप्तिको आकांक्षा कति रहेछ भन्ने कुरा थाहा पाउन सकिन्छ । यति भए पनि सीता आफ्नो सतीत्वको रक्षाका निम्ति भने आफ्नो श्रीमान्लाई झापट हानेर भए पनि पुरुषोचित गुण भएको गोविन्दसँग गएर विद्रोह गरेको देखिन्छ । सीताको श्रीमान्मा पुरुषोचित गुण नभएकै कारण उसले हाकिमले सीतामाथि गरेको व्यवहारमा कुनै प्रतिक्रिया नदेखाएको थाहा हुन्छ । यसरी सीता आफ्नो आर्थिक कमजोरीले गर्दा हाकिमद्वारा यौन शोषण भएकी विवश नारीरुका रूपमा कथामा उपस्थित रहेकी छे ।

### ५.१३.२.२ चन्द्रवीर

कथाकी प्रमुख नारीपात्र सीताको श्रीमान्का रूपमा उपस्थित चन्द्रवीर लिङ्गका आधारमा पुलिङ्ग पात्र हो । सीताका मनस्थितिमा विचलन ल्याउने र कथालाई अगाडि बढाउन सहयोगी भूमिका निर्वाह गरेका कारण चन्द्रवीर कार्यका आधारमा सहायक पात्र हो । आफू पियन पदमा

---

[२६] ऐजन, पृ. ६८ ।

[२७] ऐजन, पृ. ७१ ।

बसेर बढुवाको लोभले गर्दा आफ्नी श्रीमतीको शरीर बेच्न पछि नपर्ने र श्रीमतीले आफूसँग गुनासो गर्दा समेत त्यसको ख्याल नगर्ने प्रवृत्ति देखिएको र यो एउटा नकारात्मक कुरा भएको हुँदा प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । चन्द्रवीरको स्वभावमा कथाभरि कुनै पनि परिवर्तन नदेखिएको हुँदा स्वभावका आधारमा ऊ गतिहीन पात्रका रूपमा उपस्थित रहेको छ । चन्द्रवीरले गरे जस्तो कार्य जो कोहीले नगर्ने भएकाले उसको व्यवहार नितान्त बेग्लै किसिमको भएका कारण जीवनचेतनाका आधारमा चन्द्रवीर व्यक्तिगत चरित्रका रूपमा उपस्थित रहेको छ । कथामा दृश्य कार्यव्यापारमा प्रत्यक्ष रूपमा चन्द्रवीर आएको हुँदा आसन्नताका आधारमा मञ्चीय र कथाबाट चन्द्रबीरलाई हटाइदिने हो भने कथाको संरचना नै बिग्रिन जाने हुनाले आबद्धताका आधारमा बद्ध पात्र हो ।

चन्द्रवीर कथामा सक्रिय रूपमा देखा नपरे पनि उसका क्रियाकलापहरू खलपात्रीय स्वभावका रहेका छन् । आफ्नी श्रीमतीको सतीत्त्व बेचेर बढुवाको आश गर्ने चन्द्रवीर द्रव्यपिशाचका रूपमा कथामा उपस्थित रहेको छ । चन्द्रवीर कथामा पुरुषोचित गुण नभएको र लाछी चरित्रका रूपमा रहेको र यही कारणले गर्दा हाकिमद्वारा म लुटिएँ भनेर आफ्नी श्रीमतीले गुनासो गर्दा समेत ऊ मुसुमुसु हाँसी मात्रै रहेको छ । यसका साथै पुरुषोचित गुण नभएका कारणले नै सीता गोविन्दसँग गएको उल्लेख सीताले स्वयं मभित्रको ज्वालामुखी कसलाई थाहा छ भन्नुले पुष्टि गर्दछ । चन्द्रवीर एउटा अन्तर्मुखी स्वभावको पात्रका रूपमा कथामा उपस्थित रहेको छ । हाकिमद्वारा श्रीमती शोषण हुँदा केही नबोल्नु, आफ्नै साथी गोविन्दले श्रीमती लगिदिंदा समेत त्यसमा कुनै प्रतिक्रिया नजनाउनु जस्ता घटनाले चन्द्रवीर एक अन्तर्मुखी पात्रका रूपमा रहेको थाहा पाउन सकिन्छ । तर यति हुँदाहुँदै पनि स्वास्नीको सतीत्त्व बेचेर खानुपर्ने निम्नस्तरका कर्मचारीको बाध्यात्मकतामा परेको पात्रका रूपमा चन्द्रवीर कथामा उपस्थित भएको छ ।

अन्य पात्रहरूमा गोविन्द आफ्नै घनिष्ट साथीकी श्रीमतीलाई नै लाने भएका कारण प्रतिकूल पात्र जस्तो देखिएपनि सीताले गरेको आग्रह मानेर सीतालाई सहयोग गरेको छ । अनि हाकिम एउटा सामन्ती सोच भएको यौन पिपाशु चरित्रका रूपमा कथामा उपस्थित भएको छ । यस्ता हाकिमजस्ता थुप्रै टाउकेहरूले नेपाली नारीहरूको यौनशोषण गर्ने गरेको पाइन्छ । अन्य पात्रमा सीताकी आमा, अफिसका मान्छेहरूको भूमिका कथामा गौण रूपमा रहेको छ ।

### ५.१३.३ सारवस्तु

'सीताहरू-तेह्र' कथाको सारवस्तुका रूपमा तल्ला, निम्नस्तरका कर्मचारीले हाकिमद्वारा कति शोषण खेप्नु परेको छ भनेर देखाउनु नै रहेको छ । ती कर्मचारीले आफ्नो इच्छा नहुँदा नहुँदै पनि आफ्नो शरीर सुम्पनुपर्ने बाध्यात्मक परिस्थितिको उद्घाटन गर्नु पनि अर्को उद्देश्यका रूपमा लिन सकिन्छ । मान्छेमा पूर्ण रूपमा यौन सन्तुष्टि पुरा हुन सकेन भने तिनीहरूले के कस्तो व्यवहार गर्छन् र उनीहरूको मनस्थिति नै एकोहोरो हुने गर्दछ भन्ने कुराको पुष्टि सीता चन्द्रवीरसँग विवाह गरेपछि एकोहोरो हुनु र पछि विद्रोह गरेर आफ्नै श्रीमान्को साथी गोविन्दसँग पोइल जानु अनि सीताले मभित्रको ज्वालामुखी, मभित्रको आगो कसैलाई थाहा छैन भनेर बताउनुले पनि त्यस कुराको पुष्टि गर्दछ । त्यस्तै चन्द्रवीरजस्ता निम्नस्तरका कर्मचारीले आफ्नी

श्रीमती लुटिएको पनि टुलुटुलु हेर्नुपर्ने अवस्था देखाएर प्रशासनका ठूला-ठूला हाकिमले गरेको शोषण देखाएर समाजका विकृति विसङ्गतिलाई देखाउनु नै यस कथाको सारका रूपमा लिन सकिन्छ ।

### ५.१३.४ दृष्टिविन्दु

यस कथाका सम्पूर्ण घटनाक्रम कथाकी प्रमुख चरित्र सीताका केन्द्रीयतामा घटित भएका र कथाकारले कथावाचक सीताकै माध्यम लिएर कथानकको नियोजन गरेको र कथावाचनको सम्पूर्ण जिम्मा सीतालाई प्रदान गरेको बुझिन्छ । यसरी अध्ययन गर्दा यस कथाको समाख्याता 'म' पात्रका नामबाट सीता नै रहेकी हुनाले कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ । कथाकी केन्द्रीय चरित्र सीता कथानकको मियो बनेर रहेकी देखिनुले उसको भूमिकालाई यहाँ तटस्थ राख्न सकिँदैन कथानकका सम्पूर्ण घटित घटनाहरू उसकै बमोजिम प्रस्तुत गरिएका हुँदा प्रथमपुरुष भित्र पनि यहाँ केन्द्रीय दृष्टिविन्दु विधि अँगालिएको छ ।

### ५.१३.५ परिवेश

यस कथामा कुनै स्थानको उल्लेख नभए पनि चन्द्रवीरको अफिस, अफिसमा रहने हाकिम र अन्य कर्मचारीको उल्लेखले गर्दा यस कथाको कार्यपीठिका नेपालको कुनै सहरी क्षेत्र नै हो भन्ने थाहा हुन्छ । सीताले म कुनै तराईको सहरमा थिएँ भनी उल्लेख गर्नुले यस कथाको परिवेश तराईको कुनै सहरनै भएको थाहा पाउन सकिन्छ । समयका हिसावले सीताको विवाह हुनुदेखि लिएर सीताका दुई छोराछोरी समेत भएको उल्लेख हुनुले यस कथाका घटनाहरू कम्तिमा पनि ८/१० वर्षको रहेको अनुमान सहजै गर्न सकिन्छ । यसमा आएको समाज निम्नवर्गीय शोषित समाज र उच्चवर्गीय शोषक समाज दुवै आएका छन् । सीता र चन्द्रवीरले शोषितको प्रतिनिधित्व गरेका छन् भने हाकिमले शोषकको । आन्तरिक परिवेशमा सीताको विचलित मनस्थितिको चित्रण पाइनुका साथै चन्द्रवीरको समेत निरीह मानसिकताको उल्लेख गरिएको छ ।

### ५.१३.६ रूपपक्ष

यस कथाको कथानक विकास व्यतिक्रमिक र अभिव्यक्तिको प्रकार विशिष्ट खालको छ । कथाको अन्त्यबाट सुरुवात भएको र सुरुतिर अगाडि बढेको हुनाले यस कथाको रूप योजना विवृत किसिमको रहेको छ । जम्मा ५ पृष्ठमा संरचित यस कथामा साना ठूला गरेर २१ ओटा अनुच्छेद रहेका छन् । यसमा चन्द्रवीर मुस्कुराइरह्यो । जस्तो दुई शब्दे अनुच्छेद देखि लिएर १५ हरफ सम्मका अनुच्छेदहरू रहेका छन् । यस आधारमा कथाको आयाम छोटो रहेको छ । कथामा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको नै प्रयोग भएको देखिन्छ । मिश्रवाक्यहरूको प्रयोग ज्यादै कम भए पनि सरल र संयुक्त वाक्यहरूकै आधिक्यता रहेको पाउन सकिन्छ ।

पूर्वस्मृतिमा आएको यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ । यस कथामा प्रशस्त मात्रामा आलङ्कारिकता पाउन सकिन्छ जस्तै खोलाको लहरजस्तै थिएँ, उदाउँदो र अस्ताउँदो सूर्यले मात्र मलाई पुगेन, शारीरिक भोकले मलाई छोडेन आदि । कथामा प्रशस्त मात्रामा बिम्ब र प्रतीकहरूको प्रयोग गरिएको छ । राक्षस भनेर शोषण गर्ने मानव प्रवृत्तिको बिम्बका रूपमा आएको छ । जस्तैः "कस्तो असती समय हो - बलिया बाङ्गा र सोझा बाँसहरू मात्र खोज्ने ।

पोखरीमा पौडन सक्ने, पहाडहरूमा उक्लन सक्ने कुनै बलवान् पुरुष प्राप्तिको अभीष्ट इच्छा यस कलिलो मनले राख्ने ।"[२८] वाक्यमा आएका बाँसले पुरुष लिङ्गको प्रतीकको काम गरेको छ भने पोखरीले महिलाको योनीलाई अनि पहाडले महिलाका स्तनहरूलाई प्रतीकात्मक रूपमा सङ्केत गरेको पाइन्छ । वाक्यहरू पनि सङ्गतिविहीन रूपमा आएका छन् । वाक्यका बीचबीचमा (...) विन्दु प्रयोग गरी पाठकलाई स्वतन्त्र रूपमा विचार गर्ने अवसर पनि कथाकारले दिएका छन् । अनि कथामा विभिन्न चिह्नहरूको पनि प्रशस्त प्रयोग गरिएको छ ।

### ५.१४ 'सीताहरू–चौध' कथाको विश्लेषण

सर्वप्रथम २०६४ सालको भदौ महिनामा प्रकाशित 'गरिमा' पत्रिकामा प्रकाशित भएको यो 'सीताहरू-चौध' कथा **सीताहरू** (२०६४) कथासङ्ग्रहमा सङ्गृहीत पच्चीस कथाहरूमध्ये एउटा कथाका रूपमा रहेको छ । यस कथामा आएकी सीताको मानसिक अवस्थाको विश्लेषण गरिएको छ । यो कथासङ्ग्रह नै मनोवैज्ञानिक कथाहरू सङ्गृहीत सङ्ग्रह भएको हुनाले यो कथा पनि मनोवैज्ञानिक कथा हो ।

#### ५.१४.१ कथानक

यस कथाको कथानक 'म' पात्र धेरै समयपछि आफ्नो पुरानो साथी रमेश कहाँ पुग्नुबाट सुरु हुन्छ । 'म' पात्रको साथीको मृत्यु भइसकेको हुनु, 'म' पात्र रमेशका घरमा पस्नासाथ कुनै पनि दुर्घटना भएको आभाष हुनु, 'म' पात्र रमेशकहाँ पुग्दा कुनै स्वास्नी मान्छे देखा पर्नु, 'म' पात्रले स्वागत पाउने आश गर्नु तर परिणाम विलकुल फरक हुनु, त्यो स्वास्नीमान्छे आएर 'म' पात्रलाई अँगालो हालेर रुनु, अनि आफ्नै सुरमा 'मेरो रमेश मर्‍यो भनेर मलाई छलेको रहेछ कहाँ मेरो रमेश मर्न सक्छ' भन्दै बर्बराउँदै, चिच्याउँदै गर्नु, 'म' पात्रले उसलाई आफू रमेश होइन रमेशको साथी भएको भनी सम्झाए पनि त्यो स्वास्नीमान्छे अर्थात् सीताले हठ नछाड्नु, 'म' पात्रले आफ्नो साथी मरेको र त्यसको कारणले उसकी स्वास्नी सीता यसरी विक्षिप्त अवस्थामा पुगेको सहजै अनुमान गर्नु, एकछिनपछि सीताका छोराछोरी बाहिरबाट आउनु, म पात्रले सबै यथार्थ थाहा पाउनु, अनि 'म' पात्रले सीताको छोरालाई भोलि आउँछु भनेर अर्को साथी प्रदीपको जन्मदिनको पार्टी खान जानु, त्यहाँ उसलाई नमजा लाग्नु, घरमा गएपछि 'म' पात्रलाई सीता र उसका छोराछोरीको दृश्यले निद्रा नलाग्नु, मनमा विविध कुराहरू खेलिरहनु, भोलिपल्ट 'म' पात्र आफ्नो बाचा अनुसार सीताकहाँ पुग्नु, सीताले जानेवित्तिकै हिजो किन भाग्नु भएको, म बौलाही हो भनेर कसले भनेको भन्दै आदि, इत्यादि कुराहरू बर्बराउनु, सीतालाई उपचार गरेर औषधि ख्वाउँदा समेत ठीक नहुनु, 'म' पात्र सीताको रोग निको हुन्छ भने आफू सीताको बनावटी लोग्ने हुन तयार हुनु र लोग्नेको अभिनय गर्न थाल्नु, 'म' पात्र प्रत्येक दिन सीता कहाँ पुग्नु, अनि 'म' पात्रको सामीप्यले सीता स्वस्थ हुँदै जानु, 'म' पात्रले सीताको यौनको भोकलाई समेत पुरा गरिदिन थाल्नु, सीता पूर्ण रूपमा निको हुनु, गाउँलेहरूले सीता र 'म' पात्रको कुरा काट्न थाल्नु जस्ता घटनाहरूको 'सीताहरू-चौध' कथाको कथानक संयोजन भएको छ । पूर्वस्मृतिमा लेखिएको यो

[२८] ऐजन, पृ. ६८ ।

कथा कथाको पात्र 'म' अर्थात् श्रीरामले आफ्नो जीवनमा घटेका घटनाहरूलाई नचाहेरै भए पनि सम्झना गरेर कथालाई अगाडि बढाएको देखिन्छ ।

### ५.१४.२ पात्र/चरित्रविधान

यस कथामा 'म' अर्थात् श्रीराम, सीता, प्रदीप, प्रदीपकी श्रीमती, सीताका छोराछोरी कथामा प्रत्यक्ष रूपमा आएका छन् भने कथामा सूच्य रूपमा सीताको श्रीमान् रमेशको पनि उल्लेख गरिएको छ । कथामा आएका यी पात्रहरू मध्ये सीता र 'म' अर्थात् श्रीराम प्रमुख पात्र हुन् भने कथामा उपस्थित भएका अन्य पात्रहरू गौण पात्रका रूपमा उपस्थित रहेका छन् ।

#### ५.१४.२.१ सीता

जबर्जस्ती अँगालो हाली र कराई, पागल भएकी रहिछे जस्ता स्त्रीलिङ्गी क्रियापदहरू सीताको लागि कथामा प्रयोग भएका हुनाले लिङ्गका आधारमा सीता स्त्रीलिङ्गी पात्र हो । सीताको श्रीमान् मर्नु र सीता एउटा असामान्य, विक्षिप्त अवस्थामा पुग्नु अनि सम्पूर्ण घटनाहरू नै सीताका क्रियाकलापमा हुनु जस्ता घटनाले सीता कार्यका आधारमा प्रमुख पात्रका रूपमा उपस्थित रहेकी छे । सीताको लोग्ने मरेपछि मानसिक रूपमा विक्षिप्त बनेकी र आफ्नो श्रीमान्को साथी श्रीरामबाट लोग्नेको तिर्सना मेट्नु जस्ता कार्यले प्रतिकूल जस्ती देखिए पनि मानिसमा रहेको यौनिक कुण्ठाले गर्दा त्यस्तो अवस्थामा पुगेकी र त्यसको इच्छा पूरा भएपछि पूर्णस्वस्थ भएका कारण प्रवृत्तिका आधारमा अनुकूल पात्र नै हो । सीताको जीवनमा विभिन्न मोडहरू आएका छन् । सुरुमा स्वस्थ सीता केही समय मानसिक रोगी भएकी र पछि आफ्ना इच्छा पुरा भएपछि पुनः स्वस्थ भएकी छे । उसले जानीजानी यस्ता मोडहरू पार नगरे पनि उसको जीवनमा परिवर्तन आएकाले स्वभावका आधारमा सीता गतिशील पात्रका रूपमा उपस्थित रहेकी छे । सीताका व्यवहार नितान्त व्यक्तिगत र उसको असामान्य चरित्रका कारण जीवन चेतनाका आधारमा सीता वर्गगत नभएर व्यक्तिगत पात्र हो । कथामा दृश्यात्मक रूपमा उपस्थित हुनु र कथाबाट सीतालाई झिकिदिने हो भने कथाको संरचना नै नरहने हुनाले सीता आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा आएकी प्रमुख पात्र सीताको असामान्य मानसिक अवस्थाको यहाँ चित्रण गरिएको छ । आफ्नो मस्त बैंसको अवस्थामा नै अचानक सीताका श्रीमान्को मृत्यु भएपछि सीतामा गहिरो मानसिक आघात परेको छ । उसका दुईजना छोराछोरी भए पनि उसले तिनीहरूलाई सम्हाल्न सक्ने स्थिति नै छैन । ऊ बौलाही भएर चिच्याउने, कराउँने, उफ्रने अनि आफ्नो श्रीमान्को साथी श्रीराम उस कहाँ जाँदा अँगालो हालेर मेरो श्रीमान् भन्नु जस्ता घटनाले सीताको विक्षिप्त मानसिक अवस्थाको जानकारी दिएको छ । कथामा आएको 'म' पात्रले प्रत्येक दिन सीतासँग गएर सीताको लोग्नेको तिर्सना मेटिदिन र यौनको तिर्खा पनि मेटिदिन थालेपछि सीता स्वस्थ भएको देखिनुले सीतामा यौनकुण्ठा कति रहेछ भनेर सहजै अनुमान गर्न सकिन्छ । यसरी यौन कुण्ठाले मान्छेलाई कस्तो अवस्थामा पुऱ्याउँछ भन्ने कुरा कथामा उपस्थित विक्षिप्त, असामान्य नारी चरित्र सीताबाट थाहा पाउन सकिन्छ । त्यसकारण सीता कथाकी विक्षिप्त र असामान्य मनोदशाले युक्त नारी चरित्रका रूपमा रहेकी छे ।

### ५.१४.२.२ 'म' अर्थात् श्रीराम्

सीताको श्रीमान् रमेशको साथी श्रीरामलाई सीताले मेरो लोग्ने हो भनेर सम्बोधन गर्नुले श्रीराम कथामा लिङ्गका आधारमा पुलिङ्गी पात्र हो । सीताका श्रीमान्को साथी श्रीराम कथाकी प्रमुख नारी चरित्र सीताको विक्षिप्त मनस्थितिलाई सन्तुलनमा ल्याउन प्रमुख भूमिका निर्वाह गरेको र कथाको आदिमध्यान्त उपस्थित रहेकाले कार्यका आधारमा प्रमुख पात्र हो । अर्काकी श्रीमतीलाई गएर आफ्नी भन्नु र यौन कार्य समेत गर्नु जस्ता घटनाले उसका क्रियाकलापहरू नकारात्मक जस्ता देखिए पनि यी कार्य सीताको भविष्य निर्माण गर्न आवश्यक कार्य भएको र परिस्थिति हेरी श्रीरामले यस्ता कार्य गरेको हुँदा प्रवृत्तिका आधारमा श्रीराम प्रतिकूल पात्र नभएर अनुकूल पात्रका रूपमा रहेको छ । श्रीरामको सोचाइमा परिवर्तन आएको हुँदा स्वसभावका आधारमा गतिशील पात्र हो । श्रीरामका कार्यहरू नितान्त व्यक्तिगत भएका हुँदा जीवनचेतनाका आधारमा श्रीराम वर्गगत नभएर व्यक्तिगत पात्रका रूपमा कथामा उपस्थित रहेको छ । कथामा दृश्यात्मक रूपमा उपस्थित हुनु र कथाबाट श्रीरामलाई हटाइदिने हो भने कथाको संरचना नै बिग्रिन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताको आधारमा बद्ध पात्रका रूपमा कथामा उपस्थित रहेको छ ।

कथामा उपस्थित श्रीराम एक मनोवैज्ञानिक ज्ञान भएको बौद्धिक पात्रका रूपमा उपस्थित रहेको छ । सीतालाई के कारणले गर्दा यस्तो रोग लागेको र यसको उपचार कुन रूपमा गर्दा राम्रो हुन्छ भनेर सोच्न सक्ने एक बौद्धिक व्यक्तिका रूपमा कथामा उपस्थित रहेको छ । गाउँलेहरूले उसका बारेमा विभिन्न कुरा गरे पनि त्यसलाई सहेर सीताको मानसिक रोग निको पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोले कथामा ऊ सहयोगी पात्रका रूपमा देखापरेको छ । कमलो हृदय भएको श्रीराम सीता र उसका छोराछोरीको अवस्था देखेर आएपछि रातभरि निदाउँन सकेको छैन । उसलाई ज्यादै खट्पटी भएको छ । श्रीरामको मानसिकतामा पनि द्वन्द्व देखिएको छ । सीताले आफ्नो श्रीमान् भन्दा उसलाई श्रीमान् भएर नै सहयोग गर्ने वा नगर्ने भन्ने द्वन्द्वले सताए पनि नक्कली लोग्ने बनेर सीताको चाहना पुरा गरिदिनु नै उसको बुद्धिले उचित ठहऱ्याएको छ । यसरी श्रीराम कथाको बौद्धिक, मनोवैज्ञानिक, सहयोगी पात्रका रूपमा रहेको छ ।

अन्य पात्रहरूमा सूच्य पात्रका रूपमा आएको सीताको श्रीमान् पनि उल्लेख गर्न योग्य पात्र हो । उसले गर्दा नै सीताको अवस्था यहाँसम्म पुगेको हो । सीताका छोराछोरीले आफ्नो बाबुको मृत्युपछि आमाको अवस्था यस्तो भएको भनी 'म' अर्थात् श्रीरामलाई जानकारी दिएका छन् । प्रदीप र उसकी श्रीमतीको ज्यादै गौण भूमिका रहेको छ ।

### ५.१४.३ सारवस्तु

यस कथाको सारवस्तुका रूपमा कथाकी प्रमुख नारीपात्र सीताको मनोविश्लेषण गर्नु नै रहेको छ । आफ्नो चढ्दो उमेरमा श्रीमान्को मृत्यु भएपछि सीता कस्तो अवस्थामा पुगेकी छे भनेर देखाउनु नै यस कथाको सारवस्तुका रूपमा रहेको छ । कुनै पनि मान्छेले आकस्मिक रूपमा नसोचेको घटना भोग्नु पऱ्यो भने त्यसको मस्तिष्कमा नराम्रो चोट पुग्न सक्तछ र ऊ विक्षिप्त बन्न सक्तछ भन्ने कुराको पुष्टि सीताको चरित्रबाट थाहा पाउन सकिन्छ । मनोरोगीको उपचार

गर्न औषधी भन्दा पनि उसका इच्छा, आकांक्षा बुझेर तिनीहरूको समाधान गरिदिन सक्यो भने राम्रो हुन्छ भन्ने कुरा पनि कथामा प्रस्तुत गरिएको छ । यदि अर्काको भलाइ र उन्नति हुन्छ भने जस्तोसुकै कार्य गर्न पनि पछि पर्नु हुँदैन यो नै सबैभन्दा ठूलो धर्म हो भन्ने कुरा 'म' अर्थात् श्रीरामले सीताको बनावटी लोग्ने भएबाट थाहा हुन्छ । यौन शक्ति यस्तो शक्ति हो यसको पूर्ति हुन सकेन भने मान्छेको जीन्दगी नै विचलित बनाइदिन सक्छ भन्नु कथाको अर्को उद्देश्य रहेको छ ।

### ५.१४.४ दृष्टिविन्दु

यस कथाको सुरुवात मेरा लागि त्यो दिन दुःखान्त रहेछ भनेर सुरु गरिएको छ । यो 'म' अर्थात् श्रीरामको आफ्नै लागि गरिएको अभिव्यक्तिबाट प्रारम्भ भएको छ । त्यसपछिका कथाका सम्पूर्ण घटनाहरू 'म' पात्रले वर्तमान निकट भएर आफ्नै माध्यमबाट प्रस्तुत गरेको छ । प्रथम पुरुष, एकवचन सर्वनाम 'म' को प्रयोग गरिएको अनि सम्पूर्ण कथानकको समाख्याता 'म' पात्र नै भएको हुनाले यहाँ प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथाको 'म' अर्थात् श्रीराम मुख्य कथाभित्र नबसी कथाको परिधी बाहिर रहेको छ । यसमा 'म' पात्रले कथामा उपस्थित प्रमुख पात्र सीतालाई सञ्चालन गरेको छ । यस कथामा 'म' पात्र माध्यममात्र बनेको छ । सीताको कथाको प्रस्तुतीमा प्रेरक मात्र भएको हुनाले आन्तरिक दृष्टिविन्दुमा पनि केन्द्रीय दृष्टिविन्दु नभई परिधीय आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ५.१४.५ परिवेश

कथामा 'म' पात्रले हामी एउटै सहरको कुनै दुई सीमारेखामा बस्थ्यौं भनेर उल्लेख गरेको हुनाले यस कथाको परिवेश कुनै सहर नै रहेको सहजै अनुमान गर्न सकिन्छ । 'म' पात्रको घर, प्रदीपको घर, आदिको उल्लेख भए पनि कथाका प्रायःजसो सबै घटनाहरू सीताको घरमा नै घटेका छन् । समयका हिसावले कथामा उल्लेख नभए पनि 'म' पात्र सीताकहाँ पुग्नु, अनि भोलि आउँछु भनी आएर भोलपल्ट पनि सीताकहाँ जानुले प्रमुख घटनाहरू २ दिनमा सकिएका जस्ता देखिए पनि 'म' अर्थात् श्रीरामले दैनिक सीताकहाँ गएर सीताको रोग समेत निको बनाएको उल्लेख हुनुले समय केही महिनासम्मको हुने अनुमान गर्न सकिन्छ । यस कथामा उपस्थित समाज बौद्धिक र शिक्षित देखिन्छ । प्रदीपले 'वर्थ डे' मनाउनु, 'म' पात्रले सीताको मानसिक विश्लेषण गरी उचित उपचार गर्नु जस्ता घटनाहरूले यसको पुष्टि गर्दछ । फेरि सीताको श्रीमान् पनि क्याम्पसमा पढाउन जाँदा बेहोस् भएर मरेको उल्लेख गरिएको छ ।

आन्तरिक परिवेशमा सीताको मानसिक अवस्थाको राम्रो विश्लेषण गरिएको छ । 'म' अर्थात् श्रीरामको पनि सीता र उसका छोराछोरीको अवस्था देखेर मानसिक विचलन आएको कुरा कथामा पाउन सकिन्छ ।

### ५.१४.६ रूपपक्ष

पूर्वस्मृतिमा कथा रहनु, कथाको अन्त्यबाट सुरु हुनु, कथा बीचबीचमा पनि व्यतिक्रमिक रूपमा रहनु अनि कुनै कुनै ठाउँमा मनोवादका रूपमा पनि कथा देखिनु जस्ता कुराले कथा

विशिष्टि किसिमको रहेको छ । यस कारणले यस कथाको रूपविन्यास विवृत किसिमको रहेको छ । जम्मा ६ पृष्ठमा रहेको यो कथामा छोटा लामा गरेर ३८ अनुच्छेद रहेका छन् । तर कथामा अनुच्छेद वितरणमा समानता भने पाउन सकिंदैन । कथामा सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्यहरूको प्रयोग भए पनि मिश्रवाक्य ज्यादै कम प्रयोग भएको देखिन्छ । सरल वाक्यहरू पनि प्रशस्त आलङ्कारिक रूपमा प्रयोग गरिएको छ । शब्दप्रयोगका हिसावले तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । अंग्रेजी शब्दहरूको प्रयोग गरिएको भए पनि त्यसले अर्थ सम्प्रेषणमा बाधा भने पारेको देखिंदैन । जस्तैः गुड फ्राइडे, डिस्टर्ब, अफिस आदि । यस कथामा वाक्यहरूको तारतम्य मिलाउन व्याकरणिक नियमहरूको विचलन प्रशस्त मात्रामा गरिएको छ ।

वर्णनात्मक शैली प्रयोग गरिएको यस कथामा पूर्वस्मृतिका कुरा गर्दा 'म' पात्रद्वारा ठाउँठाउँमा मनोवादको छनक समेत पाउन सकिन्छ । कथामा थुप्रै आलङ्कारिक वाक्यहरूले कथालाई विशिष्ट बनाएको छ । जस्तैः 'हाम्रा पेटहरूमा गिट्टा, भ्याकुर र सिस्नोहरू मात्र छन्', तस्बिरले अहिले गिज्याइरहे जस्तो लाग्यो आदि । यस्ता वाक्यहरू कथामा धेरै रहेका छन् । बोटविरुवा, वसन्त जस्ता बिम्बहरूको प्रयोगले गर्दा कथालाई विशिष्ट बनाएको छ । कथामा धेरै प्रश्नात्मक चिह्नहरूको समेत प्रयोग गरिएको छ । त्यो प्रत्यक्ष दुईजनाको भेटघाटका क्रममा प्रयोग गरिएको हुनाले सान्दर्भिक नै देखिन्छ । अनि विस्मयादिबोधक चिह्नको प्रयोग पनि कथामा पाउन सकिन्छ । केही वाक्यहरूमा (...) विन्दु चिह्नहरूको प्रयोग गरेर त्यसपछिका अर्थहरू पाठक स्वयम्ले अर्थ्याउनु पर्ने स्वतन्त्रता समेत कथाकारले दिएका छन् ।

### ५.१५ 'सीताहरू पन्ध्र' कथाको विश्लेषण

'सीताहरू पन्ध्र' कथा **सीताहरू** (२०६४) कथासङ्ग्रहमा सङ्गृहीत पच्चीस ओटा कथाहरूमध्ये एक हो । यस कथामा द्वन्द्वपीडित नारी सीताको चरित्र चित्रण गरिएको छ ।

#### ५.१५.१ कथानक

यो कथा पूर्वस्मृतिमा लेखिएको छ । अन्त्यबाट अगाडि बढेको यो कथाको कथानक विकास व्यतिक्रमिक ढाँचामा अगाडि बढेको छ । माओवादीबाट अपहरण भएर कथाकी पात्र सीताले जबर्जस्ती सैन्य जीवन विताउन थालेपछि कथानकको सुरु हुन्छ । सीताले आफ्नो एस.एल.सी.को परीक्षा छ भनेर त्यहाँबाट छुट्कारा माग्नु, तर माओवादीले यस कुराको स्वीकार नगर्नु, सीताले सैन्य तालिम गर्नु, सीताका मनमिल्ने साथीहरू कोही नहुनु, सीताले त्यहाँबाट भाग्ने प्रयास गर्नु, माओवादीकै छापामार किरणको सहयोगले सीता त्यहाँबाट भाग्नु, त्यहाँबाट भौंतारिएर कुनै गन्तव्यहीन भएर बसमा चढेर हिड्नु, अनि बसको अन्तिम स्टेसनमा पुगेर पैसा नभएको र कहाँ जाने समेत उसलाई थाहा नहुनु, बसको खलाँसीले एउटा होटलमा लगेर खाना खुवाउनुका साथै त्यहीं काम गर्ने बन्दोबस्त मिलाईदिनु, उसले त्यस रेष्टुराँमा देह व्यापार गरेर जीविका चलाउन थाल्नु, यसरी जीवन चलाइरहेका बेला देहव्यापार गरेको भन्दै प्रहरीद्वारा रेष्टुराँ बन्द गरिदिनु, सीताको जीवन गन्तव्यहीन र गतिहीन हुनु, जस्ता घटनाहरूले यस कथाको संयोजन भएको छ । कथानकमा कहीं सीताले सम्झिएका घटनाहरू प्रस्तुत गरिएको छ भने कहीं

लेखकद्वारा सीताका क्रियाकलापहरूको वर्णन गरिएको छ । कथा व्यतिक्रमिक ढाँचामा अगाडि बढेको छ । यो कथा घटनाप्रधान नभएर चरित्रप्रधान कथा हो ।

### ५.१५.२ पात्र/चरित्र विधान

यस कथामा सीता, किरण, गाडीको कन्डक्टर, पसलकी दिदी, पुलिस आदि पात्रहरू रहेका छन् । यहाँ उपस्थित भएका पात्रहरूमध्ये सीता प्रमुख पात्रका रूपमा उपस्थित भएकी छे भने किरण सहायक पात्रका रूपमा कथामा आएको छ । अन्य पात्रहरूको भूमिका कथामा गौण रूपमा रहेको छ ।

### ५.१५.२.१ सीता

सीता यन्त्रवत् थिई, तँ कस्ती अभागी छेस् जस्ता वाक्यका क्रियापद हेर्दा र सीता भन्ने नाम नारी जातिको भएका कारण लिङ्गका आधारमा सीता स्त्री पात्र हो । सीताका जीवनमा घटेका घटनाले नै कथाको स्वरूप तयार भएको छ । सीताको जीवनमा घटेका घटनाहरू नै कथा बनेर आएका हुँदा अनि सीता कथाको आदिमध्यान्त उपस्थित रहेकी हुँदा कार्यका आधारमा सीता प्रमुख पात्र हो । सीताले रेष्टुराँ खोलेर आफ्नो देहव्यापार गर्दा सीताको चरित्र नकारात्मक जस्तो देखिए पनि 'मर्नुभन्दा बहुलाउनु बेस' भनेजस्तो असहाय नारी चरित्र सीताले यस्तो कार्य बाँच्नका लागि गरेको हुँदा प्रवृत्तिका आधारमा सीतालाई अनुकूल पात्रका रूपमा लिन सकिन्छ । माओवादी कब्जामा परे पनि त्यसबाट उम्किनका लागि प्रयत्न गर्नु अनि भागेर भए पनि निस्किएपछि एउटा रेष्टुरेन्ट खोलेर बस्नु जस्ता व्यवहारले सीताको सोचाइमा परिवर्तन भएको पाइन्छ । त्यसैले सीता स्वभावका आधारमा गतिशील पात्र हो । सीताले गरेका व्यवहारले कसैको पनि प्रतिनिधित्त्व नगर्ने केवल उसका व्यक्तिगत कुरा भएका हुँदा जीवनचेतनाका आधारमा सीता व्यक्तिगत पात्र हो । कथामा सीताद्वारा सम्पन्न कार्यव्यापारहरू दृश्य रूपमा आएको र कथाबाट सीतालाई हटाईदिने हो भने कथाको संरचना नै नरहने अवस्था भएकाले सीता आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा रहेकी छे ।

सीता द्वन्द्वपीडाले आक्रान्त भएकी नारी चरित्रका रूपमा कथामा उपस्थित रहेकी छे । माओवादीले जबर्जस्ती अपहरण गरेपछि सीताको मनस्थिति असामान्य अवस्थामा पुगेको छ । उसले सम्पूर्ण संसार नै अन्धकार देख्न थालेकी छे भने उसले एउटा ठूलो द्वन्द्वको सामना गर्नु परेको छ । जीवन र मृत्युको द्वन्द्वमा माओवादीको कब्जामा परेपछि त्यहाँका राक्षसी व्यवहारले गर्दा ज्यादै सताइएकी छे । यस्तो द्वन्द्वात्मक अवस्थामा पनि सीताले सङ्घर्ष भने गरी नै रहेकी छे । घरमा जाउँ भने फेरि तिनै जङ्गलीहरूको शिकार हुन पुगिन्छ त्यसकारण घर नजाने निर्णय गरेपछि उसले जीवन निर्वाहका लागि के गर्ने भनेर सोच्दा रेष्टुरेन्ट खोलेर देहव्यापार गर्न थालेपनि प्रहरीद्वारा रेष्टुरेन्ट बन्द गराएपछि गन्तव्यहीन र दिशाहीन जीवन बिताउँन विवश नारीका रूपमा कथामा उपस्थित रहेकी छे । सीताले कुनै वैदेशिक रोजगारीमा जाने सोच लिए पनि त्यसलाई आवश्यक रकम मिलाइदिने र सहयोग गर्ने मानिसको समेत अभाव देखाइएको छ । यसरी यस कथाकी प्रमुख पात्र सीताको अवस्था द्वन्द्वको पीडाले आक्रान्त भएकी नारी चरित्रका रूपमा देख्न सकिन्छ ।

### ५.१५.२.२ किरण

छापामार केटो भनेर सीताले किरणलाई भनेको हुनाले लिङ्गका आधारमा किरण पुरुष पात्र हो । सीतालाई माओवादीको कब्जाबाट छुटाउन सहयोग गरेको र सीताको जीवनमा अर्को मोड ल्याउन सहयोगी भूमिका निर्वाह गरेको हुनाले कार्यका आधारमा किरणलाई सहायक पात्रका रूपमा लिन सकिन्छ । प्रवृत्तिका आधारमा हेर्दा किरणले सीतालाई उसको इच्छा अनुसार माओवादी सैन्य अवस्थाबाट भगाउन सहयोग गर्नु र कथामा किरणले गरेका कार्यहरू नकारात्मक नदेखिनुबाट प्रवृत्तिका आधारमा किरण अनुकूल पात्र हो । माओवादी छापामारका रूपमा रहेको किरणले सीतालाई त्यहाँबाट निकाल्न सहयोग गरे पनि सीताले हामी भागेर झापा अर्थात् सुर्खेत जाऔं भन्दा माओवादी छापामार छोड्न नसक्नुले स्वसभावका आधारमा किरण गतिहीन पात्रका रूपमा रहेको छ । माओवादी जनसेनामा रहेर आफ्नो कार्य अगाडि बढाउने किरण माओवादी सेनाको एक प्रतिनिधित्व गरेको हुँदा जीवन चेतनाका आधारमा वर्गगत पात्र हो । किरणको कार्यव्यापार दृश्यात्मक रूपमा रहनु र किरण नभए सीताको जीवनको मोड कुन अवस्थामा रहने थियो त्यो अज्ञात रहने हुनाले आसन्नताका आधारमा किरण मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

किरण कथामा एक सहयोगी पात्रका रूपमा उपस्थित रहेको छ । सीतालाई माओवादी सैन्य जीवनमा एक्लो महसुस हुँदा उसलाई म तिमीलाई परेको समस्याको समाधान गर्छु भन्नु तर सीताले आफ्नो मनसाय त्यहाँबाट छुट्ने भएको बताएपछि उसलाई सहयोग गर्नु जस्ता कार्यले ऊ सहयोगी पात्रका रूपमा उपस्थित रहेको छ । यदि सीतालाई उसले नराम्रो दृष्टिले यहीं बस भनेको भए सीताले भागेर झापा अर्थात् सुर्खेत जाऔँ भन्दा ऊ सहजै जानु पर्थ्यो । नेपाललाई एक समुन्नत राष्ट्र बनाउन नेपाल सरकारका विरुद्ध डटेर लडेका माओवादीको छापामारले गर्नुपर्ने कार्य पूर्णरूपमा गर्न सफल पात्रका रूपमा कथामा उपस्थित रहेको छ ।

अन्य पात्रहरूमा पसल्नी दिदी, प्रहरी, कण्डक्टर आदि रहेका छन् । कन्डक्टरको केही बढी भूमिका रहेको छ । असहाय सीतालाई होटलमा लगेर खाना खुवाउनु र काम खोजिदिनु जस्ता कार्यले ऊ पनि कथामा सहयोगी पात्रका रूपमा उपस्थित रहेको छ । अन्य पात्रहरूको भूमिका कथामा ज्यादै गौण रूपमा रहेको छ ।

### ५.१५.३ सारवस्तु

सशस्त्र द्वन्द्वका कारण मानवीय जीवनमूल्यको क्षय भईरहेको छ र त्यो द्वन्द्वजन्य पीडा सबैभन्दा बढी नारीहरूले भोग्नुपरेको युगीन यथार्थलाई देखाउनु नै यस कथाको सारवस्तुका रूपमा लिन सकिन्छ । यसका साथै द्वन्द्वजन्य पीडाले आक्रान्त भएकी सीताको मानसिक अवस्थाको चित्रण गर्नु पनि यस कथाको उद्देश्य रहेको छ । अनि गरिब, दुःखी, असहाय मान्छेलाई कसैले सहायता नगरेपछि बाँच्नका लागि मान्छेले जस्तो सुकै कार्य पनि गर्नु परेको यथार्थ सीताले काँचो मासु बेच्नु जस्ता घटनाले पुष्टि गर्दछ । माओवादी जनयुद्धका समयको भयावह अवस्था देखाउनु नै यस कथाको सार वस्तुका रूपमा लिन सकिन्छ ।

### ५.१५.४ दृष्टिविन्दु

फेरि सीता सडकमा थिई भनेर कथा सुरु गरिएको र यसको समख्याता 'म' पात्र समेत नरहेका कारण सुरुमा यस कथाको दृष्टिविन्दु बाह्य दृष्टिविन्दु जस्तो देखिए पनि कथाको बीचमा पुगेपछि सीताले आफ्नै जीवनमा घटेका सम्पूर्ण घटनाहरू आफूले स्वयं बताएकी हुँदा कथाको दृष्टिविन्दु आन्तरिक दृष्टिविन्दु नै रहेको भन्न सकिन्छ । यस कथामा सीताको भूमिकालाई तटस्थ राख्न सकिंदैन त्यसकारण यस कथाको दृष्टिविन्दु आन्तरिक दृष्टिविन्दुमा पनि केन्द्रीय आन्तरिक दृष्टिविन्दु रहेको छ ।

### ५.१५.५ परिवेश

कथामा माओवादीले गाउँबाट सीतालाई अपहरण गरेको र अब सीता फेरि गाउँमा नजाने किनभने फेरि माओवादीले लैजान्छन् भनेबाट अनि माओवादीहरू युद्धका समयमा गाउँकै जङ्गलमा विभिन्न तालिमहरू गर्ने गरेको यथार्थबाट यस कथाको परिवेश ग्रामीण परिवेश हो भने सीताले अब गाउँ नजाने भन्नु अनि रेष्टुरेन्ट खोलेर देहव्यापार गर्दै बस्नु अनि बसको उल्लेख हुनुले कथाका घटनाहरू सहरमा पनि घटेको सहजै अनुमान गर्न सकिन्छ । त्यसकारण यस कथाको परिवेश नेपालको कुनै गाउँदेखि सहरसम्मको परिवेश पाउन सकिन्छ ।

समयका हिसावले माओवादी जनयुद्धको समय अर्थात् २०५२ देखि २०६२ सालसम्मका बीचको समयमा घटेका घटनाहरू नै हुन् भन्न सकिन्छ । यहाँ उपस्थित भएको समाज द्वन्द्व ग्रस्त समाजका रूपमा आएको छ । सीताको आर्थिक अवस्था ज्यादै कमजोर देखाइएको छ । उसले २/३ दिन सम्म केही खान नपाएको उल्लेख र खानका लागि देहव्यापार गरेको घटनाले पनि सीताको अवस्था ज्यादै नाजुक देखिन्छ ।

आन्तरिक परिवेशमा द्वन्द्वले आक्रान्त सीताको मनमा आएका उतार चढाव, त्रास, वितृष्णा, द्वन्द्व, आक्रोश आदि कथामा देखाएर सीताको मानसिक अवस्थाको विश्लेषण गरिएको छ ।

### ५.१५.६ रूपपक्ष

व्यतिक्रमिक ढाँचामा लेखिएको यस कथाको आदि, मध्य र अन्त्य कहाँबाट हुन्छ त्यो छुट्याउन नै गाह्रो हुन्छ । सामान्य पाठकले कथा पढेर कथाका घटनाहरूलाई जोड्न नै निकै गाह्रो पर्ने देखिन्छ । त्यसैले यस कथाको रूपविन्यास विवृत किसिमको रहेको छ । पाँच पृष्ठमा संरचित यस कथामा ३९ अनुच्छेदहरू रहे पनि अनुच्छेद वितरणमा समानता भने पटक्कै पाईंदैन । कथामा सरल र संयुक्त वाक्यहरूको नै आधिक्यता रहेको पाइन्छ । कथामा विशिष्टता ल्याउन वाक्यात्मक सङ्गतिमा प्रशस्तै मात्रामा विचलन पाउन सकिन्छ । शब्द प्रयोगका हिसावले तत्सम, तद्भव र आगन्तुक शब्दहरूको नै प्रयोग गरिएको छ । आगन्तुक शब्दहरूमा पनि अंग्रेजी शब्दहरू नै बढी पाउन सकिन्छ । जस्तैः रेष्टुराँ, लेक्चर, क्लास, हाइवे, कण्डक्टर, म्यानपावर आदि ।

वर्णनात्मक शैलीमा कथा अगाडि बढेको भए पनि सीताका अन्तर्वेदना व्यक्तगर्ने क्रममा केही मात्रामा आत्मालाप जस्तो शैलीको पनि आभाष पाउन सकिन्छ । कथामा थुप्रै आलङ्कारिक

वाक्यहरूले कथालाई विशिष्ट बनाएका छन् । कथामा बिम्ब र प्रतीकहरूको प्रयोग पनि आवश्यक मात्रामा पाउन सकिन्छ । राक्षस, बाघ, नरक, किरण, काँचोमासु, द्रौपदी आदि शब्दहरू प्रतीकात्मक अर्थ प्रदान गर्न प्रयोग गरिएका छन् । वाक्यमा ठाउँठाउँमा (...) विन्दु प्रयोग गरेर पाठकलाई आफैं अर्थ लगाउन स्वतन्त्रता समेत कथामा प्रदान गरिएको छ ।

### ५.१६ 'सीताहरू सोह्र' कथाको विश्लेषण

सर्वप्रथम २०६२ सालको कार्तिक महिनाको 'मधुपर्क' पत्रिकामा प्रकाशित भएर सङ्ग्रहका रूपमा प्रकाशित **सीताहरू** (२०६४) सङ्ग्रहमा सङ्गृहीत पच्चीस ओटा कथाहरूमध्ये 'सीताहरू तेह्र' हो । यस कथामा पुरुषका राक्षसीपनबाट पीडित नारीको जीवनको कथा व्यथालाई विषयवस्तु बनाइएको छ ।

### ५.१६.१ कथानक

अरबबाट आएको लाहुरेसँग सम्पत्तिको लोभले सीताले विवाह गर्नुबाट यस कथाको कथानक सुरु भएको छ । विवाह गरेपछि लाहुरे विदेश जानु, धेरै लामो वर्षसम्म लाहुरे विदेश नै बस्नु, वर्षमा १-२ ओटा चिठी पठाउनु, सीताका बाबु-आमा खस्नु, दाजुहरूले भाउजुका पछि लागेर सीताको वास्ता नगर्नु धेरै वर्षपछि सीताको लोग्ने फर्केर धरान आई बस्नु, उसले बिदेशबाटै अर्की श्रीमती ल्याएर राख्नु, सीताले धरान पुगेर आफ्नो जीवन किन बर्बाद पारेको भनी प्रश्न गर्दा तिमी आफ्नो बाटो लाग्न सक्छौ म रोडा हुन्न भनेर जवाफ दिनु, अनि सीतालाई केही रूपैंयाँ दिएर पठाउनु, त्यही रूपैंयाँ बोकेर सीता रुँदै काठमाडौं आउनु, त्यसपछि साहरा विहीन सीताको राम भन्ने पात्रसँग भेट भएको, सहाराविहीन सीतालाई रामसँग भेट हुँदा देवता भेटिएको अनुभव हुनु, राम भन्ने पात्रले भाञ्जी भन्दै सीतालाई आफ्नो कोठामा लैजानु, सीताले रामलाई आफ्नो पतिका रूपमा स्वीकार्नु, सीताले भेट्टाएको श्रीमान् राम जड्याहा हुनु, प्रत्येक दिन ऊ अफिसबाट आउँदा मातेर आउनु, कुनै दिन उसले डेरामा खाना नखानु, रामले सम्पत्ति र पारिवारिक खानदानको घमण्ड देखाउनु, उसले सीतालाई प्रत्येक दिन हप्काउनु, यातना दिनु, सीतालाई मसँग तेरो केही नाता छैन भन्दै घरबाट निस्केर जान दबाब दिनु, सीतालाई साँझ पर्ने बित्तिकै अत्यन्त डर र असहज अन्धकारले छोप्नु, सीतालाई रामले दूर्वाच्य बोल्दै गाली गर्नु, एकदिन खाना ढिलो पकाई भनेर खाना नखाई अफिस जानु, बेलुका आएपछि खाना दिनस् भन्दै सीतालाई पुनः गाली गर्नु, सीतालाई जबर्जस्ती खुट्टा मिच्न लगाउनु, सीतालाई अफिसबाट ल्याएका सयका नोट देखाउँदै उसले अफिसमा एउटा घाइतेलाई ठगेकोमा गर्व गर्नु, एकदिन आवेशमा आएर रामले सीतालाई जबर्जस्ती बलात्कार गर्न खोज्नु, सीताले त्यसको प्रतिकार गर्न नसक्नु, सीता निरीह हुनु, रामले राक्षसी प्रवृत्तिबाट सीतासँग खेलबाड गर्नु जस्ता घटनाहरूले कथाको कथानक संयोजन भएको छ ।

पूर्वस्मृतिमा लेखिएको यस कथामा सीताले आफ्ना श्रीमान्का सुरुदेखिका घटनाहरू विहान डायरी शैलीमा व्यक्त गरेकी छे । कथानकको मूल कथावस्तु भने कथाको बीच भागबाट सुरु भएको छ । अनि अन्त्यतिर अगाडि बढेर सुरुमा आएर कथा टुङ्गिएको छ ।

### ५.१६.२ पात्र/चरित्र विधान

यस कथामा सीता, राम, सीताको पहिलाको लाहुरे श्रीमान्, लाहुरेले विदेशबाट बिहे गरेर ल्याएकी केटी, रामका बुटवलमा बस्ने चार छोराछोरी र उनीहरूकी आमा, आदि पात्रहरू रहे पनि यस कथामा प्रमुख पात्रका रूपमा सीता र राम रहेका छन् भने अन्य केही पात्र गौण रहेका छन् भने रामकी बुटवलकी श्रीमती र छोराछोरीहरू सूच्य पात्रका रूपमा रहेका छन् ।

#### ५.१६.२.१ सीता

कथामा 'म' भनेर उपस्थित भएकी सीतालाई नबोलेकी, यस्तै ढुङ्गा रहिछे जस्ता वाक्यमा स्त्रीलिङ्गी क्रिया प्रयोग गरिएका हुँदा लिङ्गका आधारमा सीता स्त्रीलिङ्गी पात्र हो । कथाका सम्पूर्ण घटनाहरू सीताको जीवनसँग सम्बन्धित भएका अनि सीताको भूमिका आदिमध्यान्त महत्त्वपूर्ण भएकाले कार्यका आधारमा सीता प्रमुख पात्रका रूपमा कथामा उपस्थित छे । सम्पत्तिको लोभले गर्दा लाहुरेसँग विवाह गर्नु, त्यसपछि लाहुरेले सीतालाई छोड्नु, सीता गन्तव्यहीन भएर भौंतारिदै काठमाडौं गएपछि एउटा अपरिचित व्यक्तिसँग साथ लाग्नु उसको सहारा मात्रै थियो त्यसकारण उसले जीवनमा कुनै पनि नकारात्मक कार्य गरेको देखिंदैन त्यसकारण प्रवृत्तिका आधारमा सीता अनुकूल पात्र हो । सुरुमा विवाह गरेको लोग्नेले छोडेर हिडेपछि सहारा खोज्दै काठमाडौं आउँनु र अर्को लोग्ने छनोट गर्नु उसको सोचाइमा परिवर्तन र जीवनमा नै परिवर्तन देखिएको छ । त्यसकारण सीता स्वभावका आधारमा गतिशील पात्र हो । सीतालाई जस्तै छोडेर कतिपय लोग्नेमान्छेले अर्की श्रीमती ल्याउँछन् तर आकस्मिक रूपमा भेटिएको मान्छेलाई श्रीमान्का रूपमा स्वीकार्नु सीताको व्यक्तिगत विशेषता भएका कारण सीता जीवनचेतनाका आधारमा वर्गगत नभई व्यक्तिगत पात्रका रूपमा उपस्थित रहेकी छे । कथाका घटनाहरूमा सीता दृश्यात्मक रूपमा उपस्थित हुनु र कथाबाट सीतालाई हटाउँदा कथाको संरचना नै नरहने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

सुरुमा सीताले धन र सम्पत्तिका लोभमा परेर आफैं स्वतन्त्र रूपमा विवाह गरेकी छे अनि त्यस पछाडि लोग्नेले छोडेर अर्की श्रीमती ल्याएपछि उसका जीवनमा ठूलो सङ्कट पैदा भएको छ । सीता निरुद्देश्य र गन्तव्यहीन जीवन बाँच्न विवश भएकी छे । पुरुषहरूको नारीहरूलाई खेलौनाको रूपमा हेर्ने व्यवहारको शिकार भएकी छे । आफूलाई सहयोग गर्ने मान्छे कोही नभएपछि रामको जस्तो कठोर यातना, डर, त्रास, भोगेर पनि निरीह जीवन बिताउन बाध्य भएकी छे । लोग्नेले छोडेर जानुमा सीताको बच्चाबच्ची उत्पादन गर्न नसकेका कारण हो कि ? भनेर अनुमान गर्न सकिन्छ । पछि रामले यसको मन ढुङ्गाको जस्तो रहेछ र पो लोग्नेले छाडेको रहेछ' भनेर गाली गरेपछि सीताको मनमा ज्यादै नरमाइलो भएको छ । सीताले लोग्नेको राक्षसी प्रवृत्तिलाई पनि सहन बाध्य भएको देखाइएको छ । यस कथाकी पात्र सीता नारी पीडाबोध सहेर बाँच्न विवश नारीका रूपमा कथामा उपस्थित रहेकी छे ।

#### ५.१६.२.२ राम

उठ्यो, खोक्यो, गयो जस्ता क्रियापदको प्रयोग रामका लागि गरिएकोले राम पुरुष पात्र हो । सुरुदेखि अन्त्यसम्म नै रामको भूमिका रहेको र सीतालाई अनेक त्रास र यातना दिएर

सीताको जीवन बर्बाद पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुँदा कार्यका आधारमा राम प्रमुख पात्र हो । सीतालाई काठमाडौंको कलंकीमा भेट्टाएपछि फकाएर आफ्नो कोठामा लाने र उसलाई जीवनभर नै यातना, पीडा दिएर सीताको जीवन बर्बाद पारिदिने, सीताको जीवनमा कहिल्यै पनि घाम झुल्कन नदिने कार्य गरेको हुँदा प्रंवृत्तिका आधारमा राम प्रतिकूल पात्रका रूपमा उपस्थित भएको छ । सुरुमा सीतालाई फकाई-फुल्याई आफ्नी श्रीमती बनाउने र त्यसपछि व्यवहारमा परिवर्तन गर्ने बानी देखिएको हुँदा स्वभावका आधारमा राम गतिशील पात्र हो । एउटी महिलालाई भोग्या सामग्रीको रूपमा लिने र त्यसलाई शोषण गर्ने एउटा गुन्डाको व्यवहार गर्ने यस्ता व्यक्तिहरू सहर बजारमा प्रशस्त पाइने हुनाले जीवन चेतनाका आधारमा राम व्यक्तिगत नभई वर्गगत पात्र हो । कथामा रामका क्रियाकलापहरू प्रत्यक्ष रूपमा देख्न सकिने र कथाबाट रामलाई हटाईदिने हो भने कथाको संरचना नै भत्किन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा लिन सकिन्छ ।

राम कथामा सुरुमा सीतालाई जालमा पार्नका लागि तिम्रो मामा हुँ भन्दै धेरै सहयोगी जस्तो भएर देखापरेको छ । सीतालाई आफ्नो बसमा पारिसकेपछि राक्षसको जस्तो व्यवहार गर्न थालेको छ । प्रत्येक दिन जाँड खाएर आउँनु, सीतालाई तथानाम गाली गर्दै मानसिक यातना दिनु, उसका दैनिक क्रियाकलाप हुन् । एउटा साधारण महिलालाई भोग्या वस्तुको रूपमा लिनु रामको खलनायकीय चरित्र हो । उसले शोषक र यौन पिपाशुको जस्तो व्यवहार गरेको छ । कथामा रामलाई एउटा भ्रष्टाचारी चरित्रका रूपमा पनि प्रस्तुत गरिएको छ । उसले सय सयका नोट ल्याउनु र आज अफिसमा एउटा घाइतेलाई फसाएँ भन्दै घमण्ड गर्नुले ऊ एक भ्रष्टाचारी चरित्र हो भन्न सकिन्छ । राम कथामा उत्तरदायित्वहीन चरित्रका रूपमा पनि देखिन्छ । आफ्नी जेठी श्रीमतीलाई छोराछोरी सहित छोडेर सीतालाई श्रीमती बनाउनु अनि सीतालाई पनि विविध यातना दिंदै यौन शोषण गर्नु जस्ता घटनाले राम कथाको प्रतिकूल उत्तरदायित्वहीन, यौनपिपाशु, बलत्कारी, ठगी, भ्रष्टाचारी, खलनायकीय पात्रका रूपमा कथामा प्रस्तुत गरिएको छ ।

अन्य पात्रमा सीताको लाहुरे श्रीमान्को पनि कथामा भूमिका देख्न सकिन्छ । आफ्नी श्रीमतीलाई छोडेर अर्की श्रीमती ल्याई धरानमा बस्नु अनि उसको वास्ता नगर्नुल सीताको जीवनमा आँधी आएको हुनाले उसको पनि कथामा केही भूमिका रहेको छ । कथामा भएका अन्य जति पनि पात्र रहेका छन् तिनीहरूको भूमिका भने ज्यादै गौण रूपमा रहेको छ ।

### ५.१६.३ सारवस्तु

'सीताहरू - सोह्र' कथा पुरुषका राक्षसीपनबाट पीडित नारीको जीवनको तिक्त भोगाइ र पीडाका कथा व्यथालाई देखाउनु नै यस कथाको सारवस्तुका रूपमा लिन सकिन्छ । कथामा आएकी प्रमुख नारीपात्र सीताको लाहुरे लोग्नेले सीतालाई केही समय उपयोग गरी अर्की स्वास्नी ल्याएर बस्नु अनि कथाको खलनायकीय व्यवहार गर्ने रामले सीतालाई श्रीमती बनाएपछि विभिन्न यातना दिंदै यौन शोषण गर्नु र त्यो बाहेक सीताका इच्छा, आवश्यकतामा कुनै ख्याल नगर्नुले पुरुषवादी समाजमा पुरुषहरूले महिलाहरूलाई कस्तो व्यवहार गर्छन् भनेर देखाउनु नै यस कथाको सारवस्तुका रूपमा लिन सकिन्छ । महिलालाई यौनतृप्ति गर्ने साधनका रूपमा हेर्ने

पुरुषवादी समाजको यथार्थलाई देखाइएको छ । पुरुषहरूले जे-जस्तो व्यवहार गरे पनि महिलाहरूले उसको प्रतिकार गर्न नसकी निरीह भई जीवन बिताउनुपर्ने विवशता अझै नेपालमा कायमै रहेको देखाउनु नै यस कथाको सारवस्तु रहेको छ । यसका साथै नेपालको प्रशासनिक क्षेत्रमा देखिएको भ्रष्टाचारलाई यथार्थ रूपमा देखाउनु पनि यस कथाको अर्को उद्देश्य रहेको छ ।

### ५.१६.४ दृष्टिविन्दु

आज फेरि ऊ ढिला उठ्यो भनेर सुरु गरिएको यस कथाको समाख्याता कथाकी प्रमुख नारीपात्र 'म' अर्थात् सीता नै रहनु, अनि यस कथाका सम्पूर्ण घटना कथाकी प्रमुख चरित्र सीताकै केन्द्रीयतामा घटित भएका र कथावाचनको सम्पूर्ण जिम्मा सीतालाई प्रदान गरेको बुझिन्छ । यसरी यस कथाको समाख्याता 'म' पात्रका नामबाट सीता नै रहेकी हुनाले यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ । कथाकी केन्द्रीय चरित्र सीता कथानकको मियो बनेर रहेकी देखिनुले उसको भूमिकालाई यहाँ तटस्थ राख्न सकिँदैन । कथाका सम्पूर्ण घटित घटनाहरू उसकै बमोजिम प्रस्तुत गरिएका हुँदा प्रथम पुरुष अन्तर्गत पनि यहाँ केन्द्रीय दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.१६.५ परिवेश

कथामा लोग्नेबाट अपहेलित सीता काठमाडौं आएको र कलंकीमा राम भन्ने पात्रले भेटेर आफ्नो कोठामा लगेको अनि उसका कोठामा नै कथाका घटनाहरू घटेको देखाइएको छ । सीताको पहिलो श्रीमानले धरानमा अर्की श्रीमती ल्याएर राखेको र सीता त्यहाँ पुगेर उसँग गुनासो गरेको समेत उल्लेख गरिएको हुँदा यस कथाको मुख्य कार्यपीठिका काठमाडौंकै कुनै एक ठाउँ हो भने अन्य ठाउँहरूमा पूर्वको धरानमा केही घटनाहरू सम्पन्न भएका छन् । अनि सूच्य स्थानहरूमा नेपालकै पश्चिमी क्षेत्र बुटवलको उल्लेख गरिएको छ अनि गुल्मीको उल्लेख पनि रामले गरेको छ । नेपालबाहिर अरबको समेत कथामा उल्लेख गरिएको छ । यसकारण यस कथाको परिवेश सहरिया परिवेश नै रहेको छ ।

समयका हिसावले मुख्य घटनाहरू एक दिनमा नै घटेका छन् तर सीताको विवाह भएको केही वर्षसम्म उसको लोग्ने बिदेश नै बसेको र अर्की श्रीमती ल्याएर धरानमा बसेको उल्लेखले यस कथाले समेटेको समय कम्तिमा ३/४ वर्षको रहे पनि मुख्य घटना रामले सीतालाई गरेको व्यवहार र सीताका मनस्थितिमा आएका घटना परिघटनाहरू भने जम्मा बिहानदेखि बेलुका सम्म नै घटेको देखाइएको छ । यस कथामा आएको समाज पुरुषवादी हैकमवादी शोषक समाज रहेको छ । सीतालाई खेलौनाको रूपमा उसका दुबै लोग्नेले प्रयोग गर्नुले यहाँको समाज हैकमवादी रहेको छ । सीताको निरीहताको उल्लेखले नेपाली समाजका नारीहरूको यथार्थिक समाज समेत कथामा पाउन सकिन्छ । पैसा कमाउन अरब जाने, अनि पैसाको लोभमा परेर विवाह गरिहाल्नुले यस कथामा आएका पात्रपात्राहरू सामान्य शिक्षित भए पनि शिक्षाको महत्त्व नबुझेका देखिन्छन् । नेपालमा बेरोजगारी समस्याको महामारी रहेको सङ्केत समेत पात्रहरूका माध्यमबाट थाहा पाउन सकिन्छ ।

### ५.१६.६ रूपपक्ष

व्यतिक्रमिक ढाँचामा लेखिएको यो कथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा नहुनु, पूर्वस्मृतिमा लेखिनु, अनि बीचमा क्रमभङ्गता हुनु जस्ता विशेषताहरूले गर्दा कथा विवृत किसिमको रहेको छ । जम्मा ६ पृष्ठमा फैलिएको यो कथामा अनुच्छेद योजना स्पष्ट रूपमा पाउन सकिँदैन एक हरफ वा प्रश्न र उत्तरलाई समेत अनुच्छेदमा छुट्याएर कथालाई संवाद जस्तो बनाइएको छ । कथामा मिश्रवाक्यको प्रयोग गरे पनि सरल र संयुक्त वाक्यको नै आधिक्य प्रयोग गरिएको छ । वाक्यात्मक सङ्गतिमा विचलन गरेर कथालाई आलङ्कारिक र विशिष्ट बनाइएको छ । तत्सम, तद्भव र आगन्तुक गरी तीनै प्रकारका शब्दहरूको प्रयोग गरिएको छ । आगन्तुकमा पनि अंग्रेजी शब्दहरूको नै बढी प्रयोग पाउन सकिन्छ । जस्तैः ब्लाउज, ड्यूटी, पाकेट आदि ।

वर्णनात्मक शैलीमा लेखिएको यो कथा राम र सीताका कुराकानीले छोटाछोटा वाक्यहरूको संवाद जस्तो पनि पाउन सकिन्छ । यस कथामा प्रशस्त मात्रामा आलङ्कारिक वाक्यहरूको पनि प्रयोग गरिएको छ । जस्तै “कति बाङ्गाटिङ्गा छन्-मेरा गोरेटाहरू”, “सिनेमा हेर्न जाउँला भनेको दन्त्यकथा झैं भयो”[२९] आदिजस्ता वाक्यहरू कथामा प्रयोग गरिएका छन् । कथामा बिम्ब र प्रतीकहरूको पनि प्रयोग गरिएको छ । जस्तै ‘भित्र कतै अन्धकार छ’ भनेर सीताले भन्नु उसको जीवनको गन्तव्यहीनताको रूपमा आएको छ । साँझपर्न लाग्योमा आएको साँझले सीताको यातनाको समय भएको संकेत गरिएको छ । राक्षसीपन, द्रौपदी दुशासन आदि जस्ता शब्द प्रतीकात्मक अर्थ व्यक्त गर्न आएका छन् । यस कथामा साना भन्दा साना कुरा र अश्लील कुराहरूको पनि उल्लेख गरेर अतियथार्थता पनि देखाउन खोजिएको छ । जस्तै खोक्तै ट्वाइलेट गयो, ट्वाइलेटमा उसले निकै समय लगायो, तेरो ब्लाउज खोज, किन सारी खोल्ने ? आदि । वाक्यमा ठाउँ ठाउँमा (...) बिन्दु प्रयोग गरेर स्वतन्त्र रूपमा पाठकलाई विचार गर्ने अवसर पनि दिइएको छ ।

## ५.१७ ‘सीताहरू सत्र’ कथाको विश्लेषण

‘सीताहरू सत्र’ कथा परशु प्रधानको बाह्रौं कथा सङ्ग्रह **सीताहरू** (२०६४) मा सङ्गृहीत पच्चीस ओटा कथाहरूमध्ये एक हो । यस कथामा नहरमा भेटिएको कुनै मानिसको लासको सनाखत हुन नसकेको देखाएर वर्तमान नेपालमा मानिसको मृत्यु एउटा कुकुर बिरालो मरेजस्तो सामान्य भईसकेको देखाइएको छ ।

### ५.१७.१ कथानक

सीताको लास नहरको पानीमा भेटियो भन्ने सुनेपछि ‘म’ शून्य भएँ ! भन्ने वाक्यबाट यस कथाको सुरुवात भएको छ । अन्त्यबाट सुरु भएको यस कथाका घटनाक्रमहरू यसरी अगाडि बढेका छन् । कुनै चियापसलमा ‘म’ पात्र र सीताको चिया खाँदा प्रत्येक दिन भेट हुनु, सीता अन्य महिला भन्दा निश्चय नै फरक हुनु, सीताका साथमा सधैं पुरानो, फ्याङ्ग्लो झोला हुनु, त्यसमा सीताले सम्पूर्ण आवश्यक सामग्रीहरू बोक्नु, सीता र ‘म’ पात्रले चिया खाने होटल समय अनुसार

[२९] ऐजन, पृ. ८६ ।

परिवर्तन भइरहन्छ, बिहान चिया पसल, दिउँसो खाजा पसल, अनि बेलुका भट्टि पसलमा परिवर्तन हुनु, एकदिन गर्मिको महिनामा बिहान सीता एउटा कवाडीको झुप्रोबाट निस्कदै गर्नु, उसको कपाल, सारी-चोलो सबै अस्तव्यस्त जस्तो देखिनु, सीतालाई देख्ने जतिले सहजै सीतालाई वेश्या भनेर अनुमान गर्न सक्नु, एकदिन चिया खाँदा-खाँदै पसल्नीसँग सीताको भनाभन हुनु, पसल्नीले सीतालाई सुरुमै पैसा माग्नु, सीताले त्यस कुरालाई अस्वीकार गर्नु, सीतालाई पसल्नीले चिर्पट देखाएपछि अब झगडा हुने भयो भनेर 'म' पात्रले सीताको पैसा पाँच रूपैयाँ पसल्नीलाई तिरीदिनु, सीताले रुँदै त्यस पसल्नीको हातबाट पैसा खोसेर च्यातिदिनु, अनि लोग्नेमान्छेको दयामाया हामीलाई चाहिँदैन बडो ठूलो हुनुपरेको भन्दै सीताले गाली गर्नु, आखिर दुई छोराछोरीकी आमा भइसकेकी सीतालाई आफ्नो श्रीमानले छोडेको हुनु, त्यही कारण सीता जताततै बौलाही जस्तै भएर विक्षिप्त भएर सडकमा हिड्नु, यस्ती सीताको मृत्यु कुनै नहरमा भएको देखिनु, उसको सनाखत भइसकेको नहुनु, 'म' पात्रले सीताका बारेमा सोध्ने कुरा अधुरै रहनु, अनि सीताको मृत्यु र सनाखत नहुनुले 'म' पात्रको मानसिकतामा गहिरो प्रभाव परेको देखिनु जस्ता घटनाहरूले यस कथाको कथानक संयोजन भएको छ ।

पूर्वस्मृतिमा लेखिएको यो कथा अन्त्यबाट सुरु भएर मध्य र सुरुतिर अगाडि बढेको छ । कथाका बीच बीचमा पनि कतिपय कुराहरू व्यतिक्रमिक ढाँचामा अगाडि बढेको हुनाले यस कथाको कथानक विशिष्ट किसिमको रहेको छ ।

### ५.१७.२ पात्र/चरित्र विधान

यस कथामा 'सीता', 'म' पात्र, पसल्नी आदि रहे पनि यस कथाकी प्रमुख पात्र सीता हो भने 'म'पात्र चाहिँ सहायक पात्रका रूपमा कथामा उपस्थित भएको छ । कथामा उपस्थित पसल्नी गौण पात्रका रूपमा रहेकी छे । साथै कथामा केही सूच्य पात्रको समेत उल्लेख रहेको छ ।

### ५.१७.२.१ सीता

थिई, निस्कन्थी, हिड्थी जस्ता स्त्रीलिङ्गी क्रियापदहरू सीताको लागि प्रयोग गरिएको र सीता स्वयम् पनि स्त्रीलिङ्गी नाम भएको हुँदा लिङ्गका आधारमा सीता स्त्री पात्र हो । यस कथाको घटना सीताको जीवनावस्था र मृत्यु भएपछि पनि सीताको बारेमा नै रहनु, सीताका चारित्रिक क्रियाकलापको उल्लेख हुनु अनि सीता कथाको आदिमध्यान्त उपस्थित हुनुले कार्यका आधारमा सीता प्रमुख पात्रका रूपमा उपस्थित भएकी छे । लोग्नेबाट छोडिएकी भए पनि सीताले गाउँमा सडक-सडकमा यौनव्यापार गर्दै हिड्नु अनि सीता मरिसकेपछि कसैले पैसा नतिरी हिड्ने सीता मरी, कसैले "धेरै केटाहरू बिगारेकी थिई टोलबजारमा राम्रै भयो, एउटी कुहिएकी मछली हटाउनु पर्ने थियो, बढारी पठाउनुपर्ने हावाले उडायो ।"[३०] भन्ने विभिन्न मान्छेहरूको प्रतिक्रिया समेत अध्ययन गर्दा प्रवृत्तिका आधारमा सीता प्रतिकूल चरित्रका रूपमा रहेकी छे । सीता आफ्नो लोग्नेले त्यागेपछि विक्षिप्त अवस्थामा हुनु, पुरुषहरूलाई नै घृणा गर्न थाल्नु, जस्ता घटनाले सीताको जीवनमा नै परिवर्तन आएको हुँदा स्वभावका आधारमा सीता गतिशील पात्रका रूपमा

---

[३०] ऐजन,पृ. ९३ ।

रहेकी छे । लोग्नेबाट त्यागिनु नारीको एउटा दुर्भाग्यता भए पनि त्यसबाट विक्षिप्त बनेकी सीताका व्यवहार नितान्त व्यक्तिगत भएका कारण जीवन चेतनाका आधारमा सीता व्यक्तिगत पात्र हो । कथामा सीता दृश्यात्मक घटनामा रहनु अनि कथाबाट सीतालाई हटाईदिंदा कथाको स्वरूप नै बन्न नसक्नु जस्ता कारणले सीता आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

लोग्नेबाट छोडिएकी दुई छोराछोरीकी आमा सीता यस कथामा एक असामान्य नारी चरित्रका रूपमा उपस्थित भएकी छे । एउटा चिया पसलमा 'म' पात्रसँग प्रत्येक दिन भेट हुँदा र उसका क्रियाकलाप देख्दा सीता एउटा थोत्रो झोलामा सम्पूर्ण चाहिने नचाहिने सामग्री बोकेर हिड्नु अनि आफ्नो शरीरको ख्याल नगरी अस्तव्यस्त रूपमा सडकमा यौन व्यापार गर्दै हिड्नुजस्ता घटनाले सीता एक असामान्य नारी चरित्रका रूपमा देखापरेकी छे । सीता असामान्य हुनुमा उसको लोग्नेको महत्त्वपूर्ण हात रहेको देखाइएको छ । किनभने सीताको चढ्दो उमेरमा लोग्नेले छोडिदिएपछि सीतामा ठूलो चोट परेको र ऊ विक्षिप्त र पागलजस्ती भएको अवस्था देखाइएको छ । त्यसकारण ऊ सम्पूर्ण लोग्नेमान्छेलाई आफ्नो पुरुष जस्तो ठान्छे र तिनीहरूलाई घृणाको दृष्टिले हेर्छे अनि कुनै पनि पुरुष पात्रको सहयोग आफूलाई नचाहिने उद्घोष समेत 'म' पात्रले सीताको चियाको पैसा तिरीदिंदा पसल्नीका हातबाट खोसेर च्यातिदिंदै गरेबाट स्पष्ट हुन्छ । सीतालाई विक्षिप्त अवस्थामा पुऱ्याउने सबैभन्दा ठूलो शक्तिका रूपमा यौन शक्ति नै रहेको अनुमान गर्न सकिन्छ । किनभने उसले यौन तृप्तिका लागि एउटा सामान्य कवाडीको पसलमा गएर यौनको पसल नै खोलेको सङ्केत पनि कथामा पाउन सकिन्छ । सीतालाई कुनै पनि मानिसले मारेर नहरमा फ्याँकिदिनु, त्यसपछाडि सीताको सनाखत समेत नहुनुले सीताको जीवन मूल्यहीन देखाइएको छ ।

### ५.१७.२.२ 'म' पात्र

कथामा 'म' पात्रले सर्सर्ती सीतासँग सम्बन्धित घटनालाई वर्णन गरेको र कतै 'म' पात्रका लागि क्रियापदहरूको प्रयोग नदेखिए तापनि पसलमा सीताको चियाको पैसा 'म' पात्रले तिरीदिंदा सीताले कुनै लोग्नेमान्छेको सहयोग लिनु छैन भनेबाट लिङ्गका आधारमा 'म' पुरुष पात्र हो । सीताको घटना प्रत्यक्ष देखेको र केही घटनाहरूमा सहभागी समेत रहेको त्यसपछि सीताको मृत्युले उसलाई गम्भीर सोचनीय अवस्थामा पुऱ्याउनुले कार्यका आधारमा 'म' पात्र सहायक पात्र हो । सीताको मृत्युमा किन कसैले पनि चासो दिंदैन भनेर उल्लेख गर्नु र म पात्रले कथामा त्यस्तो कुनै नकारात्मक कार्य गरेको नदेखिनुले प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । 'म' पात्रको जीवनका क्रममा त्यस्तो कुनै उतार चढाव नदेखिनुले स्वभावका आधारमा गतिहीन पात्र हो । एउटा मान्छेको मृत्युमा कसैले चासो नदेखाएकोमा चिन्तित 'म' पात्रले एउटा शिक्षित युवावर्गको प्रतिनिधित्व गरेको हुँदा जीवन चेतनाका आधारमा 'म' वर्गगत पात्र हो । कथामा 'म' पात्र दृश्यात्मक घटनामा नै रहेको र कथाबाट 'म' पात्रलाई झिकिदिंदा कथाको संरचना नै बिग्रिन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

सीताको बेवारिसे लास रहेको सुनेपछि बिचलित भएको र पहिलेका घटनाहरलाई सम्भिmएको अनि सीताका व्यवहारको समेत विश्लेषण गर्न सक्ने एउटा बौद्धिक पात्रका रूपमा कथामा उपस्थित रहेको छ । सीताको मृत्यु पछि सनाखत नभएकोमा बाँचुञ्जेल सीतालाई उपभोग गर्ने मरेपछि वास्ता नगर्ने समाजका मान्छेको व्यवहारदेखि दिक्क भएको 'म' पात्रलाई एक मानवीय गुण भएको पात्रका रूपमा लिन सकिन्छ । चियाको पैसा नतिरेपछि पसल्नीले सीतालाई कुट्न खोजेपछि सीताको पैसा तिरीदिने एक सहयोगी पात्रका रूपमा समेत 'म' पात्रलाई लिन सकिन्छ ।

अन्य पात्रमा पसल्नी बुढीको थोरै भूमिका रहेको छ । चियाको पैसा सीताले तिरिन भनेर उसले सीतालाई आक्रमण गर्ने प्रयास गरेको देखाइएको छ । अनि अन्य केही पात्रहरू सूच्य रूपमा आएका छन् ।

### ५.१७.३ सारवस्तु

'सीताहरू-सत्र' कथाको सार वस्तुका रूपमा विक्षिप्त अवस्थामा रहेकी नारी चरित्र सीताको असामान्य चरित्रको विश्लेषण गर्नु रहेको छ । लोग्नेबाट त्यागिएपछि यौन आकांक्षाले सीतालाई कुन अवस्थामा पुऱ्याएको छ भनेर देखाउनु यस कथाको मुख्य सारवस्तु रहेको छ । यस्ती विक्षिप्त पागल अवस्थामा पुगेकी स्वास्नीमान्छेलाई समेत समाजका पुरुषहरूले भोग्ने गरेकोमा समाजमा रहेका पुरुष जातिहरूलाई दह्रो व्यङ्ग्य प्रहार गरिएको छ । यसका साथै जिउँदो हुँदा सबैले भोग्ने, उपयोग गर्ने अनि मरेपछि कसैले नचिन्ने जस्ता कुरा देखाएर समाजको स्वार्थी व्यवहारलाई समेत व्यङ्ग्य गरिएको छ । सीताको मृत्यु हुनु तर सनाखत नहुनु जस्ता घटनाले "आजका मान्छेको मूल्यहीन जीवनलाई देखाउँदै मान्छेको मृत्युलाई पनि कसैले गम्भीर रूपमा लिने नगरेको संवेदनाशून्य स्थितिलाई देखाएर क्षयोन्मुख मानवसभ्यता प्रति नै प्रश्न पनि गरिएको छ ।"[३१] यसरी सीताजस्तै धेरै मान्छेहरू नेपालमा मरिरहेका छन् तिनीहरूको वास्ता कसैले गर्दैन, मानिसको मृत्यु एउटा कुकुर समान रहेको वर्तमान नेपाली समाजलाई देखाइएको छ ।

### ५.१७.४ दृष्टिविन्दु

कथामा 'म' पात्रका माध्यमबाट कथाका सम्पूर्ण घटनाहरू बताइएको र कथाको समाख्याता प्रथम पुरुष एक वचन सर्वनाम 'म' नै कथावाचक रहेको हुँदा कथामा आन्तरिक दृष्टिविन्दु रहेको छ । 'म' पात्र समाख्याता भए पनि कथाका घटनाहरू चाहिँ तृतीय पुरुष सीतासँग सम्बन्धित रहनु र 'म' चाहिं माध्यम भएर सीताका घटनाहरूलाई कथामा अगाडि बढाउनुले 'म' पात्रलाई कथामा तटस्थ बनाइएको छ । त्यसकारण यस कथामा आन्तरिक दृष्टिविन्दुमा पनि केन्द्रीय दृष्टिविन्दु नभई परिधीय आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.१७.५ परिवेश

कथामा एउटा निश्चित स्थानको उल्लेख नभए पनि 'म' पात्र र सीताले चिया खाने पसल अनि त्यही पसल दिउँसो खाजापसलमा परिवर्तन, बेलुका भट्टिपसल हुनु, साथै पसलमा पसल्नी र

---

[३१] लक्ष्मण प्रसाद गौतम, पूर्ववत्, पृ. क ।

सीताको विवाद हुँदा पसल्नीले दाउराको चिर्पट उचालेकी भनेर उल्लेख गरिनुले यो कथाको कार्यपीठिका नेपालको कुनै ग्रामीण क्षेत्र भएको अनुमान गर्न सकिन्छ । फेरि अर्को ठाउँमा सीताको राम्रै चलेको पानपसलको चर्चा हुन्थ्यो भनेर उल्लेख हुनु अनि सहरको एउटा अति चलेको पान पसलले सहरको छनक समेत पाउन सकिन्छ । कथामा मधिसे बोल्नुले पहाडमा यस्ता मधेशी मूलका मान्छे पुगेर आफ्नो भाषा नबोल्ने हुनाले तराईकै कुनै पनि ठाउँ रहेको अनुमान गर्न सकिन्छ । समयका हिसावले पनि खासै उल्लेख नभए पनि सीताको मृत्यु भएको खबर एफ.एम. बाट प्रसारण गर्दा केही दिन भएको बताउनुले यस कथाको प्रत्यक्ष घटना समय लगभग ४/५ दिन देखिन्छ भने 'म' पात्र र सीताको चिया खाने पसलमा भेट भने केही लामो समय देखि नै भएको उल्लेख गरिएको छ ।

यस कथामा देखिएको समाज सहरिया समाज नभई गाउँले समाज रहेको छ । गाउँका मान्छेहरू चिया वा रक्सी पसलमा जाने अनि मातेर बाझ्न सुरु गर्ने जस्ता घटनाहरू पनि यहाँ आएका छन् । कथामा आएको 'म'पात्र भने नागरिक समाजको सदस्य पनि भएकाले ऊ यहाँ केही बौद्धिक जस्तो देखिएको छ ।

आन्तरिक परिवेशमा सीताका मनस्थितिमा आएको विक्षिप्त, पागलपन, बर्बराहटलाई कथामा प्रस्तुत गरिएको छ भने 'म' पात्रले सीताको मृत्युको खबर सुनेपछि उसको मनस्थितिमा आएको विचलन देखाएर मान्छेको आन्तरिक परिवेश समेत यहाँ देखाइएको छ ।

**५.१७.६ रूपपक्ष**

सीताको लास नहरको पानीमा भेटियोबाट सुरु गरिएको यो कथा कथानकको अन्त्यबाट सुरु गरेर अगाडि बढ्नु, पूर्वस्मृतिमा 'म'पात्रले घटनाहरू सम्झिनु, अनि कथाको आदि, मध्य र अन्त्यको शृङ्खला नहुनु तथा व्यतिक्रमिक ढाँचामा हुनु जस्ता विशेषताले कथालाई विशिष्ट बनाएको छ । यसकारण यस कथाको रूपविन्यास विवृत रहेको छ । पाँच पृष्ठमा फैलिएको यो कथा साना-ठूला गरेर जम्मा २९ अनुच्छेद रहे पनि अनुच्छेद वितरणमा एकरूपता छैन । एक वाक्यलाई समेत एउटा अनुच्छेद मानेर अनुच्छेद परिवर्तन गरिएको छ । कथा छोटो आकारमा रहेको छ । छोटा सरल वाक्यहरूको साथै लामा मिश्र र संयुक्त वाक्यहरूको पनि प्रयोग रहेको छ तर मिश्रवाक्यहरूको प्रयोग ज्यादै न्यून रूपमा पाउन सकिन्छ । भाषा प्रयोगमा अन्य कथाहरूमा झैं तत्सम, तद्भव, आगन्तुक शब्दहरूका साथै फ्याङ्लो, झुत्रो जस्ता ठेट नेपाली शब्दहरूको पनि प्रयोग पाउन सकिन्छ । अङ्ग्रेजी भाषाका शब्दहरू यस कथामा पनि प्रयोग गरिएका छन् । यसका साथै यस कथामा हिन्दी भाषाको समेत प्रयोग गरिएको छ । जस्तैः '-तु मधेसिया क्या बुझेछी । पहाडिया न हो तो तु सब भोकले मर्छौ"[३२] भट्टिपसलमा रक्सी खाएपछि हिन्दी र नेपाली मिसाएर गफ गरेको देखाइए पनि त्यसको प्रयोग कथामा त्यति आवश्यक देखिंदैन तै पनि कथाकारले यथार्थता देखाउन संवादहरू जस्ताको तस्तै ल्याएको हुनुपर्छ ।

---

[३२] परशु प्रधान, पूर्ववत्, पृ. ९० ।

कथाको अभिव्यक्ति शैली वर्णनात्मक किसिमको रहे पनि कहीं कहीँ नाटकीय शैली समेत पाउन सकिन्छ । कथामा अभिव्यक्ति शैलीमा देखिएको आलङ्कारिकता पनि स्पष्टै पाउन सकिन्छ । उसको साथमा सधैं एउटा फ्याङ्लो पुरानो फाटेको झोला हुन्थ्यो मा आएको फ्याङ्लो, पुरानो, फाटेको जस्ता शब्दले विशेष अर्थको संकेत गर्न खोजेका छन् । "हामी अथूर्पर्ण मुस्काउँछौं र त्यस मुस्कानभित्र हाम्रा आ-आफ्ना सङ्केत र सम्भावना छन् ।"[३३] भनी म पात्रले सीतालाई यौन सम्पर्कका लागि आह्वान् गरेको सङ्केत मिल्छ । सीताको ओठलाई पानसँग तुलना गरिएको छ अनि सीताको व्यवहारलाई पानको स्वाद चाखेजस्तो भनी तुलना गरिएको छ । कथामा आएका केही वाक्यहरूमा (...) विन्दु चिह्न प्रयोग गरेर पाठकलाई स्वतन्त्र रूपमा अर्थ लगाउने जिम्मा पनि दिइएको छ ।

### ५.१८ 'सीताहरू अठार' कथाको विश्लेषण

सर्वप्रथम २०६३ साल वैशाख महिनामा प्रकाशित 'गरिमा' पत्रिकामा प्रकाशित कथा 'सीताहरू अठार' परशु प्रधानको एक महत्त्वपूर्ण कथा हो । २०६४ सालमा प्रकाशित **सीताहरू** कथासङ्ग्रहमा सङ्गृहीत २५ ओटा कथाहरू मध्ये एक कथाका रूपमा 'सीताहरू अठार' कथालाई लिन सकिन्छ । यस कथामा नारीको भावना बुझ्न नसक्ने पुरुष प्रधान समाजप्रतिको आक्रोस कथाकी पात्र सीताद्वारा व्यक्त गरिएको छ ।

#### ५.१८.१ कथानक

'सीताहरू अठार' कथाको घटनाक्रम साहित्यिक कार्यक्रममा सीता र 'म' पात्रको भेट भएपछि सुरु हुन्छ । साहित्यिक कार्यक्रममा सीता र 'म' पात्रले कथा सुनाउनु, सीताको कथाको टिप्पणी 'म' पात्रले गर्नु, सीताको कथाको सार नारीले आफ्नै पतिको करबलमा परेर बरोबर गर्भपतन गर्न बाध्य हुनुपरेको यथार्थ भएको टिप्पणी 'म' पात्रले गरेपछि सीताले स्वीकार गर्नु र त्यसको पात्र स्वयम् आफू भएको बताउँनु, त्यसपछि सीताले "के तपाईंहरूमध्ये कोही मसँग विवाह गर्न चाहनुहुन्छ ?"[३४] भनेर हाँक दिनु, त्यसपछिका 'म' पात्रसँगका प्रत्येक भेटहरूमा सीता उग्रनारीवादी भएर प्रस्तुत हुनु, 'म' पात्रले उमेर नमिले पनि 'म' तिम्रो भावनालाई प्रेम गर्छु भनेर भन्नु तर सीताले त्यसको कुनै जवाफ नदिनु, सोच्नुपर्छ भनेर छुट्नु, 'म' पात्रले पटक पटक सोधे पनि सीताले त्यसको जवाफ नदिनु, 'म' पात्र भने सीतालाई प्रत्येक दिन फोन गरेर भए पनि सताइरहनु आफ्नो प्रश्नको जवाफ चाहनु, दिनको एकपटक सीतासँग भेट हुने भएकाले 'म' पात्रसँग सीता रुख झैं झाँगिएको अनुभव 'म' पात्रले गर्नु, एकदिन कफी खाँदै होटलमा 'म' पात्रले सीताका बारेमा जानकारी लिंदा स्वास्नीमान्छे सृष्टिकालदेखि नै लोग्नेमान्छेको शोषणमा परेको र स्वास्नी मान्छेले त्यसको बदला लिइ छाड्ने बताउँनु, सीताले लोग्नेमान्छेलाई ज्यादै घृणा गर्छु भनी बताउँनु, सीता नारीशोषण विरुद्धका जुलुसहरूमा पनि अग्रपंक्तिमा अगाडि हुनु, आफ्नो विचारमा सीता जति पक्का र दृढ थिई व्यवहारमा पनि उत्तिकै सक्रिय हुनु, एकदिन 'म' पात्रले सीतालाई फोन गर्दा सीताले मेरा बाबुआमा दाजुभाइ, दिदीबहिनीले मलाई बुझ्न सकेनन्, मलाई

---

[३३] ऐजन, पृ. ९१ ।

[३४] ऐजन, पृ. ९७ ।

सबैले खेलौना मात्र बनाए त्यसकारण म फ्रस्ट्रेड छु भनी बताउँनु, 'म' पात्रले गरेका कुराकानीमा सीताले तपाईंका छोराले बोल्ने कुरो भनेर बूढाले आफ्नो आवश्यकता पुरा गर्न नसक्ने सङ्केत गर्नु आदि घटनाले अगाडि बढेको यस कथाको अन्त्य भने प्रहरीको मुठभेडमा सीताको मृत्यु हुनु, सीता शिक्षिका र पत्रकारका साथै आतङ्ककारी गतिविधिमा रहेको कुरा 'म' पात्रले पत्रिकामा पढ्नु अनि आफूले पनि गोली खाने दिन कहिले आउँछ भनेर आफैसँग प्रश्न गर्दै कथाको अन्त्य भएको छ ।

पूर्वस्मृतिमा लेखिएको यस कथामा सीताको प्रहरीसँगको मुठभेडमा मृत्यु भएपछि 'म' पात्रले अगाडि भएका घटनाहरूलाई सम्झनाको रूपमा अगाडि बढाएको छ । कथाको उत्कर्ष यस्तो रह्यो भनेर उत्कर्षबाट सुरु गरिएको अनि मुख्य कथा भने बीचबाट सुरु भएको छ । कथाको आदि, मध्य र अन्त्यलाई स्पष्ट छुट्याउन कठिन रहेको छ ।

### ५.१८.२ पात्र/चरित्र विधान

यस कथामा उपस्थित पात्रहरू सीता र 'म' अर्थात् रामचन्द्र मात्र दृश्यात्मक रूपमा रहेका छन् भने सूच्यपात्रमा होटेलका युवायुवती, साहित्यगोष्ठीका अन्य पात्रहरू, सीताका बाबु-आमा, दाजुभाइ, दिदीबहिनी आदि रहेका छन् । कथामा आएका दुई दृश्य पात्रहरू सीता र 'म' अर्थात् रामचन्द्र प्रमुख पात्र हुन् ।

#### ५.१८.२.१ सीता

छ्यौ, टाउको हल्लाई, रिसाउनेछे जस्ता स्त्रीलिङ्गी क्रियापदहरू सीताका लागि प्रयोग भएका हुनाले लिङ्गका आधारमा सीता स्त्री पात्र हो । सम्पूर्ण कथाका घटनाहरू नै सीतासँग सम्बन्धित भएका र सीताको उपस्थिति कथामा आदिमध्यान्त भएको हुनाले र कथाकारको मूल उद्देश्य सीताको चरित्र चित्रण गर्ने भएकाले कार्यका आधारमा प्रमुख पात्र हो । लोग्नेमान्छेको शोषण, दमन र जबर्जस्ती गर्भपतन गर्नुपर्ने बाध्यताको शिकार भएकी सीताले लोग्नेमान्छेलाई घृणा गर्छु भनेपछि लोग्नेमान्छेको राक्षसी व्यवहारलाई घृणा गरेको बुझिन्छ । त्यसकारण कथामा सीताले कुनै पनि नकारात्मक कार्य गरेको नदेखिनुले प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । आफ्नो विचारमा सुरुदेखि अन्त्यसम्म परिवर्तन नगर्ने स्वभावका आधारमा गतिहीन पात्र हो । सीताजस्ता नेपाली नारीहरूलाई कयौं नेपालका शोषक पुरुषले यौन शोषण गरेको भए पनि यस कथाकी सीताका जस्ता क्रियाकलाप जुनसुकै नारीले नगर्ने भएकाले जीवन चेतनाका आधारमा सीता व्यक्तिगत पात्र हो । कथाका घटनाहरूमा सीता दृश्यात्मक रूपमा रहनु र सीतालाई कथाबाट हटाइदिने हो भने कथाको संरचना नै नबन्ने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

यस कथाकी सीता लोग्नेमान्छेले स्वास्नीमान्छेलाई शोषण गरेको भन्दै लोग्ने मान्छेलाई आफू घृणा गर्ने र त्यसको फाइदा समेत लिएर छाड्ने बाचा सहित एकदमै आक्रोसित अवस्थामा कथामा उपस्थित रहेकी छे । आफूलाई बिहे गर्ने कोही छ ? भनेर हाँक दिनु एउटी नारीको साहसिक कदम नै हो किनभने जो कोही महिलाले पुरुषसँग खुल्ला रूपमा यस्तो कुरा बोल्न सक्तैनन् । त्यसपछि कोही नबोलेपछि सीताले उपस्थित सबै जनालाई डरछेरुवाहरू, नपुङ्सकहरू भनी हिड्नुले उसको चाहना पुरा गरिदिने मान्छे कोही नभएर उसका अतृप्त चाहनाहरू कुण्ठित

भएर आएको आक्रोसका रूपमा लिन सकिन्छ । यस कथाकी सीता एकदमै बहिर्मुखी स्वभावकी छे । आफूलाई लागेको कुरा सहजै व्यक्तगर्न सक्नु उसको एउटा विशेषता नै रहेको छ । उसका इच्छा, आकांक्षा, चाहनालाई घरपरिवार, बाबुआमा, दाजुभाइ, दिदीबहिनी आदिले बुझ्न नसकेका कारण उसमा हीनताग्रन्थीले ठाउँ पाएको स्वयं सीताले गरेका विचारबाट थाहा पाउन सकिन्छ । सीतामा कुण्ठित यौन इच्छा रहेको र त्यसले सीतालाई असामान्य बनाएको कुरा 'म' पात्रले बोलेका कुरामा चालीस वर्ष अगाडि बोल्नुपर्ने भनेर बीस वर्षे तन्नेरीको प्रतिक्षामा रहेको र बूढाले आफ्ना चाहना पुरा गर्न नसक्ने सङ्केत सीताले गरेको बुझिन्छ । अन्त्यमा सीताको मृत्यु प्रहरीको मुठभेडमा गोली लागि भएको छ ।

यसरी यस कथामा आएकी सीताले लोग्नेमान्छेलाई घृणा गर्नु र आक्रामक हुनु, 'म' पात्रलाई जति पटक भेटे पनि आफ्ना आक्रोसहरू पोख्नु अनि नारीको भावना बुझ्न नसक्ने पुरुषप्रधान समाजप्रति आक्रोस व्यक्त गर्ने एक सशक्त नारीवादी सोच लिएर अगाडि बढेकी नारी पात्रका रूपमा कथामा प्रस्तुत गरिएको छ ।

### ५.१८.२.२ 'म' अर्थात् रामचन्द्र

कथामा सीताले 'सर' भनेर सम्बोधन गर्नु अनि रामचन्द्र पुरुष पात्रको नै नाम हुनुले लिङ्गका आधारमा रामचन्द्र पुरुष पात्र हो । सीताको व्यवहार र स्वभावबाट प्रभावित भएको र सीतालाई देखेपछि उसको दिमागमा हरपल सीता नै आइरहनु अनि उसको मानसिक विचलन हुनुका साथै सीताको मृत्यु भएको खबर पढेपछि मृत्युको पर्खाइमा रहनु जस्ता घटना अनि कथामा आदिमध्यान्त 'म' पात्र रहेको हुँदा कार्यका आधारमा रामचन्द्र प्रमुख पात्र हो । सीतालाई देखेपछि आकस्मिक रूपमा सीताको प्रेममा एकतर्फी रूपमा लाग्नु अनि सीतालाई पाउनका लागि धेरै प्रयत्न गरे पनि असफल भएको छ । सीतालाई भोग्या सामग्रीको रूपमा नभई आत्मिक प्रेम गरेको उल्लेख हुनुले प्रवृत्तिका आधारमा रामचन्द्र अनुकूल पात्रका रूपमा रहेको छ । रामचन्द्रको स्वसभावमा कहीं कतै परिवर्तन भएको देखिएको छैन ऊ सुरुदेखि नै सीतालाई आत्मिक प्रेम गर्छ र त्यो अन्त्यसम्म नै रहेको हुँदा रामचन्द्र स्वसभावका आधारमा गतिहीन पात्रका रूपमा रहेको छ । ६० वर्षको भएर पनि एउटी महिलाको निम्ति मरिमेट्ने रामचन्द्रको स्वभाव नितान्त व्यक्तिगत भएको हुँदा रामचन्द्र जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । कथाका घटनाहरूमा दृश्यात्मक रूपमा उपस्थित भएको र कथाबाट रामचन्द्रलई झिकिदिने हो भने कथाको संरचना नै भत्कन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा उपस्थित भएको 'म' अर्थात् रामचन्द्र पनि असामान्य चरित्रका रूपमा चित्रित रहेको छ । सामान्य भेटघाटमा नै सीतालाई प्रेम गर्नु अनि उसलाई पाउन दिनरात प्रयासरत रहनु उसको असामान्य चरित्रकै रूपमा लिन सकिन्छ । ६० वर्षे वृद्ध अवस्थामा पनि २०/२५ वर्षे युवाजस्तो कुरा गर्नु र सीतालाई चाहनुले उसमा रहेको पुरुषत्त्व अझै निस्क्रिय भई नसकेको अनुमान सहजै गर्न सकिन्छ । सीताको जस्तोसुकै वचनबाट पनि पछि नहट्ने रामचन्द्र एक निडर पात्रका रूपमा रहेको छ । यस्तो सीतासँगको एकतर्फी प्रेममा डुबेको रामचन्द्र सीताको मृत्युको

खबरले आहत भएको छ । कथामा आएको रामचन्द्र एउटा शिक्षित वर्गको व्यक्तिका रूपमा रहेको छ । सीतालाई सम्झाउने क्रममा रामचन्द्रका यी वाक्यले यस कुराको पुष्टि गर्छ "हामी भ्रममा जन्मन्छौं, भ्रममा जीन्दगी भोग्छौं, भ्रममा नै मर्छौं सीता ।"[३५]

यसरी कथामा आएको रामचन्द्रको समेत असामान्य मनोदशाको चित्रण कथामा गरिएको छ भने कथाका अन्य पात्रहरू सूच्यात्मक रूपमा आएका छन् । उनीहरूको भूमिका कथामा देखिँदैन ।

### ५.१८.३ सारवस्तु

'सीताहरू अठार' कथाको सारवस्तुका रूपमा पुरुषप्रधान नेपाली समाजले महिलालाई गर्ने गरेको शोषणलाई देखाउनुका साथै यस समाजमा आजको विसङ्गत अवस्थामा नारीहरूले भोग्नुपरेको असह्य पीडालाई देखाउनु कथाको मुख्य सारवस्तुका रूपमा रहेको छ । एउटा परिवारका आमाबाबुले सीताको इच्छा, आकांक्षा नबुझिदिंदा सीताको जिन्दगी नै बर्बाद भएको देखाइएको छ । नेपालमा पुरुषवादी मान्यताको विरोधमा नारीहरू सशक्त भएर आउँदै गरेको सङ्केत पनि यहाँ पाउन सकिन्छ । आफ्ना इच्छा, आकांक्षा पुरा नभएपछि सीताले लोग्नेमान्छेलाई घृणा गरेर परपीडन प्रवृत्ति अँगाली आत्मसन्तुष्टि लिन खोजेकी छे । यसका साथै कुनै पनि कुराले आफ्नो मनमा प्रवेश गर्‍यो भने त्यसले आफ्नो मानसिक अवस्थामा नै विचलन ल्याउँछ भन्ने कुराको पुष्टि रामचन्द्रको चरित्रबाट गर्न सकिन्छ । यसका साथै तत्कालीन समयको द्वन्द्वात्मक नेपाली समाजको यथार्थता समेत कथामा सीताको मृत्यु प्रहरीको गोली लागी भएबाट नेपालको द्वन्द्वात्मक परिस्थिति पनि कथामा प्रस्तुत गरिएको छ ।

### ५.१८.४ दृष्टिविन्दु

कथामा आएका घटनाहरू कथाको पात्र रामचन्द्रले व्यक्त गरेको र यसका लागि प्रथमपुरुष एकवचन सर्वनाम 'म' को प्रयोग गरिएको र कथाको समाख्याता समेत 'म' नै रहेको हुँदा कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथामा आएका घटनाहरू 'म' अर्थात् रामचन्द्रले बताए पनि मुख्य रूपमा कथाको प्रमुख पात्र सीताको चरित्र चित्रण गर्न नै कथा केन्द्रित रहेको र 'म' पात्रले खाली एउटा पुलको काम मात्र गरेको र यसमा 'म' पात्रको भूमिका तटस्थ रहेको हुँदा आन्तरिक दृष्टिविन्दुमा पनि केन्द्रीय नभई परिधीय आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.१८.५ परिवेश

सहरको कुनै कोठे साहित्यिक गोष्ठीमा 'म' र सीताको परिचय हुनु, 'म' पात्र र सीताले कुनै कफी हाउसमा गएर कफी खानु, त्यहाँ जाँदा त्यहाँका युवायुवती सीता र 'म' पात्रलाई देखेर हाँस्नु, टेलिफोनको उल्लेख हुनु र दैनिक पत्रिका पढ्नु जस्ता कुराहरू कथामा आएका हुनाले यस कथाको कार्यपीठिका नेपालको कुनै सहरी क्षेत्र नै हो भन्न सकिन्छ । समयको उल्लेख नभए पनि विभिन्न आधुनिक कुराहरू टेलिफोन, हाई ड्रिङ्क जस्ता कुराको उल्लेख र यस्ता कुराको प्रयोग

---

[३५] ऐजन, पृ. ९६

कथाका पात्रहरूले गरेका हुँदा यस कथाको लेखन समय पनि भर्खरै जस्तो लाग्छ । सीताको मृत्यु प्रहरीको मुठभेडमा भएको भनेर उल्लेख हुनुले माओवादी द्वन्द्वको समय नै यस कथाको लेखन समय भएको अनुमान गर्न सकिन्छ । यहाँ प्रत्यक्ष रूपमा आएका दुवै पात्रहरू शिक्षित रहेका छन् । रामचन्द्र पत्रकारिताको प्रशिक्षण दिन जानु र सीताले पुरुषले नारीमाथि गरेको शोषण थाहा पाएर त्यसको विद्रोह गर्नुले यहाँ आएका दुबै पात्रहरू शिक्षित रहेका छन् भन्न सकिन्छ । सीताका बाबुआमा, दाजुभाइले सीताका इच्छा आकांक्षा बुझ्न नसक्नुले उनीहरू भने अशिक्षित थिए कि ? भनेर अड्कल काट्न सकिन्छ । यहाँ आएको समाज उत्तरआधुनिक रहेको छ । उत्तर आधुनिक समयले ल्याएको नारीवादी मान्यता सशक्त रूपमा देख्न सकिन्छ । यस कथामा तत्कालीन समयको द्वन्द्वात्मक परिस्थितिको उल्लेख गरिएको छ ।

### ५.१८.६ रूपपक्ष

कथाको उत्कर्ष यस्तो रह्यो भनेर सुरु गरिएको यो कथा उत्कर्षबाट सुरु हुनु, कथामा आदि, मध्य र अन्त्य क्रमिक रूपमा अगाडि नबढ्नु, अनि कथामा जम्मा २ जना मात्र पात्र रहनु साथै बढी मात्रामा 'म' पात्रको मनोवाद जस्तो कथा रहनु जस्ता प्रवृत्तिले यो कथा विशिष्ट किसिमको रहेको छ र रूपविन्यासका आधारमा विवृत रहेको छ । ६ पृष्ठमा संरचित यस कथामा अनुच्छेद योजनामा ध्यान दिइएको छैन । प्रत्येक संवादहरूका एक-एक वाक्यलाई पनि अनुच्छेद जसरी व्यक्त गरिएको छ । सरल, संयुक्त र मिश्र तीनओटै किसिमका वाक्यहरूको प्रयोग गरिएको छ ।

पूर्वस्मृतिमा लेखिएको यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिए पनि धेरैजसो ठाउँमा संवादले गर्दा नाटकीय शैलीको समेत अनुभव गर्न सकिन्छ । तत्सम, तद्भव, आगन्तुक शब्दको प्रयोग गरिएको यस कथामा अंग्रेजी शब्दहरूको प्रयोग प्रशस्त मात्रामा पाउन सकिन्छ । जस्तैः क्लाइमेक्स, मुड, भेज ममः, हार्डड्रिङक आदि । तर यस्ता शब्दको प्रयोगले सम्प्रेषणमा बाधा भने पारेको पाईंदैन । कथामा थुप्रै आलङ्कारिक वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । अनि वाक्यात्मक सङ्गतिको पनि विचलन गरिएको छ ।

कथामा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग गरेर कथालाई विशिष्ट बनाइएको छ । जस्तैः "तिम्रा आँखाहरू मृगका झैं कति राम्रा, कति बाटुला र गहिरा । त्यस गहिराइमा म डुब्न चाहन्छु ।"[३६] भन्ने वाक्य प्रतीकात्मक अर्थ प्रदान गर्न आएको छ । "तिम्रा हिमाली टाकुरामा म चढ्न चाहन्छु ।"[३७] मा आएको हिमाली टाकुराले सीताका स्तनलाई सङ्केत गरिएको छ । "तिमी मेरो घामको पहिलो किरण हौ, म तिमीबाट पहिलो गर्मी चाहन्छु ।"[३८] मा आएका किरण, गर्मी बिम्बात्मक रूपमा आएका छन् । यसरी कथामा विभिन्न बिम्ब र प्रतीक प्रयोग गरेर कथालाई कलात्मक बनाइएको छ । कथामा परम्परागत रुढीवादी मान्यतालाई समेत स्थान दिइएको छ ।

---

[३६] ऐजन, पृ. ९८ ।

[३७] ऐजन, पृ. ९८ ।

[३८] ऐजन पृ. ९९ ।

जस्तै "बाहिर बगैंचामा अनिष्ट सूचक काग करायो"[३९] भनेर सीताको मृत्यु र आफूमा आएको सङ्कटको सङ्केत समेत कथाको 'म' अर्थात् रामचन्द्रले गरेको छ ।

## ५.१९ 'सीताहरू उन्नाईस' कथाको विश्लेषण

'सीताहरू उन्नाईस' कथा परशु प्रधानको बाह्रौं कथा सङ्ग्रहका रूपमा प्रकाशित **सीताहरू** (२०६४) मा सङ्कलित पच्चीस ओटा कथाहरूमध्ये एक हो । यस कथामा कथाको 'म' पात्रले पौराणिक युगकी सत्य, आदर्श र नैतिकताकी प्रतिमूर्ति सीता खोजेको र द्वन्द्वका कारणले यस्ती सीता कहीं नभेटिएको भाव प्रस्तुत गरिएको छ ।

### ५.१९.१ कथानक

पौराणिक आख्यानमा आधारित कथालाई आधार बनाएर मिथकीय र प्रतीकात्मक रूपमा अभिव्यक्त गरिएको कथाको 'म' पात्र नेपालमा पौराणिक युगकी आदर्श सीता खोज्दै हिडेको र भनेजस्ती सीता पाउन सकेको छैन । यस कथाको मुख्य कथावस्तु 'म' पात्र सीताको खोजीका क्रममा धरान बजार पुग्नुबाट सुरु भएको छ । त्यहाँ पुग्दा एउटी महिलाको नाङ्गो लास पोस्टमार्टमका निमित्त स्थानीय अस्पतालमा ल्याइएको हुनु, ती महिलालाई राति छाप्री पसलमा बसीरहेको अवस्थामा केही उच्छृङ्खल केटाहरूले खहरे खोलाको कल्भर्ट मुनि लगेर सामूहिक बलत्कार गर्दा तिनको मृत्यु भएको हुनु, ती महिलाका स-साना केटाकेटी लासछेउ बसेर भोक लाग्यो भन्दै रोईरहे पनि तिनीहरूका पिताको पत्तो नहुनु, त्यसपछि 'म' पात्र सीताको खोजीमा झापा पुग्नु त्यहाँ एउटा पत्रकार सम्मेलन भइरहेको हुनु, एउटी युवती रुँदै आफ्ना पीडा पोखिरहेकी हुनु, त्यो युवती पनि गुण्डाहरूले आफ्नै कोठामा पशुवत जे मन लाग्यो त्यही गर्दै बलात्कृत भएकी हुनु, त्यो युवती विदेशबाट फर्किएको भर्खर महिनादिन हुनु, विदेशमा उसले पन्ध्र-बीस जनाको परिवारलाई खाना बनाउने, लुगा कपडा धुने, चारतले घर सफा गर्ने जस्ता कार्य गर्ने गरेको र राति एघार बजेसम्म काम गरेर सुत्न खाटमा जाने बित्तिकै भुसतिघ्रेहरूले उसलाई जे मन लाग्यो त्यही गरेर उसको यौन शोषण गर्ने गरेको हुनु, त्यस्तै पीडा भोग्दै गरेकी अर्की युवतीले रगत मुछेल भएको पछ्यौरा घरको लागि पठाउनु र त्यो आजसम्म कमाएको सम्पत्ति भनेर घरमा खबर पठाएको उल्लेख त्यो युवतीले व्यक्त गर्नु । त्यसपछि 'म' पात्र राजविराज पुग्नु, त्यहाँ पुग्दा पच्चीस वर्षको युवकले चौध वर्षकी बालिकालाई जबर्जस्ती बलत्कार गरेकोमा विरोध जुलुस भइरहनु, 'म' पात्रले त्यहाँ उपस्थित एकजना बूढालाई सोध्नु, ती बूढाले हाम्रो गाउँले सधैं डकैति र बलत्कारको शिकार हुनुपरेको उल्लेख गर्नु, बलात्कृत बालिकासँग 'म' पात्रले कुरा गर्न चाहे पनि त्यो बोल्न सक्ने स्थितिमा नहुनु । फेरि 'म' पात्र डडेलधुरामा पुग्नु त्यहाँ एक पुरुष र एक महिलाको लास लडिरहेको पाउनु, ती लास नातामा देवर-भाउजूका हुनु, दाजु कामको सिलसिलामा विदेश गएको र विदेश गएपछि आफ्नो देवरसँग प्रेम गरी भाउजूले आफ्ना चाहना पूरा गर्ने गरेको थाहा हुनु । यस्ता घटनाहरू 'म' पात्रले सीताको खोजीमा देखेका घटनाहरू हुन् । अनि 'म' पात्रको मनमा अर्को छायाँ देखा पर्नु पूर्वको सुन्दर पहाडी सहर इलाममा

---

[३९] ऐजन, पृ. ९० ।

आगो र धुँवाका मुस्लाहरू 'म' पात्रले देख्नु बम विस्फोटनको आवाजले 'म' आत्तिनु, छायाँमा क्रमबद्ध केही महिला र युवती कम्ब्याट ड्रेसमा देखेर 'म' पात्रको सातोपुत्लो जानु जस्ता घटनाहरूले यस कथाको कथानक संयोजन भएको छ ।

यस कथामा आएका घटनाहरूलाई प्रतीकात्मक, मिथकीय र शादृश्य रूपमा अभिव्यक्ति गरिएको छ । 'म' पात्रले सम्झनाका रूपमा पुग्ने भन्ने बित्तिकै त्यहाँ पुगेर घटनामा सहभागी भएको देखाइएको छ । पूर्वस्मृतिमा कथा अगाडि बढेको छ । यस कथामा आएका घटनाहरू यथार्थ हुन् विभिन्न पत्रिकामा निस्किएका घटनाहरूलाई साहित्यिक रूप दिएर कथाको कथानकलाई अगाडि बढाइएको छ ।

### ५.१९.२ पात्र/चरित्र विधान

यस कथामा धेरै पात्रहरू प्रत्यक्ष, अप्रत्यक्ष रूपमा आएका छन् । 'म' पात्र यस कथाको प्रमुख पात्रका रूपमा आएको छ भने 'म' पात्रले सीताको खोजीका क्रममा भेटेका नेपालका विभिन्न ठाउँका महिलाहरू, तीसँग सम्बन्धित रहेका गुण्डाहरू, पत्रकार सम्मेलनमा सहभागी भएका सहभागीहरू धेरै पात्रहरूको उल्लेख गरिएको छ । यति भए पनि यहाँ आएका 'म' देखि बाहेकका सम्पूर्ण पात्रहरूको भूमिका गौण रहेको छ ।

### ५.१९२.१ 'म' पात्र

सुनेको थिएँ, पढेको थिएँ जस्ता क्रियापदहरू 'म' पात्रको निम्ति प्रयोग गरिनुले लिङ्गका आधारमा पुरुष पात्र हो । 'म' पात्र पौराणिक युगकी सीताको खोजीमा नेपालका विभिन्न ठाउँहरू पुग्नु र त्यहाँ उसले खोजेका भन्दा बिलकुल फरक किसिमका सीताहरू भेट्नु, जहाँ-जहाँ घटनाहरू भएका छन् त्यसमा प्रत्यक्ष सहभागी भएर 'म' पात्र नै पुग्नु अनि कथाको आदिमध्यान्त रहनुजस्ता कारणले कार्यका आधारमा प्रमुख पात्र हो । आदर्श, पतिव्रता, कर्तव्यपरायण सीताको खोजीमा हिडेको 'म'पात्रले आफूले खोजेकी सीताभन्दा बिलकुल फरक प्रवृत्तिका सीताहरू पाएर उसलाई नरमाइलो लागेको अनि कथामा उसले गरेका कार्यहरू नकारात्मक नदेखिएका हुँदा प्रवृत्तिका आधारमा अनुकूल पात्रका रूपमा रहेको छ । कथाको सुरुदेखि सीताको खोजीमा हिडेको पात्र अन्त्यसम्म पनि आफूले खोजेका जस्ता सीताहरू खोज्न मै क्रियाशील रहेको र यस्ता सीताहरू खोजेर नथाकेको देख्दा 'म' पात्रको जीवनमा कुनै किसिमको उतार-चढाव नआउनुले स्वभावका आधारमा गतिहीन पात्रका रूपमा रहेको छ । 'म' पात्र सीताको खोजीमा निरन्तर एक ठाउँबाट अर्को ठाउँमा पुग्नु अनि त्यहाँका घटनामा आफू सहभागी हुनु उसका व्यक्तिगत चारित्रिक विशेषता भएका हुँदा जीवन चेतनाका आधारमा व्यक्तिगत पात्र हो । कथाका घटनामा दृश्यात्मक रूपमा उपस्थित हुनु र कथाबाट 'म' पात्रलाई हटाइदिने हो भने कथाको संरचना नै विग्रिन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा आएको 'म' पात्र एक परिश्रमी, लगनशील पात्रका रूपमा उपस्थित भएको छ । आफ्नो जीवनमा आदर्श, पतिव्रता नारी खोज्न लाग्नु र त्यस्ता सीताहरू द्वन्द्वले गर्दा कहीं कतै नपाउँदा 'म' पात्र हाम्रो देश सीताहरूको देश भएको तर पौराणिक सीता कहीं नपाएको जताततै युद्ध, ध्वंश, विद्रोह देखेर देशको चिन्ता र यहाँका विकृति विसङ्गति देखेर चिन्तित भएको छ ।

अन्य पात्रमा घटनामा संलग्न भएका विभिन्न ठाउँका युवतीहरू र तीसँग सम्बन्धित युवक, गुण्डाहरू रहेपनि कथामा तिनीहरूको चरित्रचित्रण गर्ने भन्दा पनि नेपालमा कस्ता चरित्र रहेका छन् र नेपालको द्वन्द्वात्मक अवस्थालाई देखाउनु नै कथाकारको प्रमुख उद्देश्य रहेको हुँदा ती पात्रहरू गौण रहेका छन् ।

### ५.१९.३ सारवस्तु

यस कथाको सारवस्तुका रूपमा पौराणिक, आदर्श, पतिव्रता, त्यागको उदाहरणीय, निर्दयता, शान्ति र क्षमाको पर्यायवाची, सौहार्द, लगनशील र धर्मपरायणको प्रतीक सीताको खोजी गर्नु नै रहेको छ । 'म' पात्रले यस्ती सीताको खोजी गरे पनि समाजका विकृति विसङ्गतिले अनि द्वन्द्वका कारणले यस्ती सीताहरू नपाएको यथार्थ कथामा देखिएका विभिन्न घटनाले पुष्टि गर्दछ । समाजमा महिलाले भोग्नु परेका पीडा, शोषण, दमनलाई देखाउनु कथाको सार रहेको छ । नेपालको द्वन्द्वात्मक समय र त्यसले निम्त्याएको बेरोजगारी समस्यालाई पनि कथाले देखाउने काम गरेको छ । यसका साथै कथामा यौनले गर्दा मान्छेलाई कस्तो नीच व्यवहार गराउँछ भनेर पनि देखाइएको छ । द्वन्द्वले गर्दा जीवन मूल्यको क्षय भइरहेको यथार्थता समेत कथामा प्रस्तुत गरिएको छ ।

### ५.१९.४ दृष्टिविन्दु

कथामा आएका सम्पूर्ण घटनाहरू कथाको प्रमुख पात्र 'म' ले उल्लेख गरेको र त्यसको समाख्याता समेत प्रथम पुरुष एकवचन सर्वनाम 'म' को प्रयोग गरिएको हुँदा यस कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । यसमा उपस्थित 'म' पात्र कथाका सम्पूर्ण घटनामा सहभागी भएको र उसका माध्यमबाट कथा अगाडि बढेको हुनाले 'म' पात्रको भूमिका कथामा महत्त्वपूर्ण रहेको हुँदा उसलाई तटस्थ राख्न मिल्दैन यसकारण आन्तरिक दृष्टिविन्दुमा पनि परिधीय नभई केन्द्रीय आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.१९.५ परिवेश

कथाको सुरुमा नै 'म' स्वर्ग, मर्त्य र पाताल त्रिलोकको चक्करमा थिए भनेर कथाले एउटा विशाल परिवेशलाई सङ्केत गरेको छ । पौराणिक मिथकलाई आधार बनाएर हेर्दा यस कथाको परिवेश व्यापक भए पनि यस कथामा उल्लेख भएका मुख्य स्थानहरूमा धरान, झापा, राजविराज, डडेलधुरा, इलाम आदि ठाउँहरूमा घटना घटेको देखाएर पूर्वदेखि पश्चिम सम्मको परिवेश कथामा प्रस्तुत गरिएको छ । यसका साथै सूच्य रूपमा युवतीले विदेशमा यौन शोषणको शिकार हुनुपरेको उल्लेख गरी विदेश सम्म परिवेश फैलिएको छ । माओवादी जनयुद्धको समयलाई यस कथाले सङ्केत गरेको छ । नेपाली समाजको यथार्थ चित्रण गर्नु यस कथाको उद्देश्य रहेको हुँदा जुन ठाउँमा जस्तो किसिमको समाज रहेको छ त्यही यथार्थता कथामा पाउन सकिन्छ ।

आन्तरिक परिवेशमा यसमा आएको प्रमुख पात्र अनि पीडित युवतीका पीडा, रोदन, छटपटी, बाध्यता विवशतालाई देखाइएको छ ।

### ५.१९.६ रूपपक्ष

अन्त्यबाट सुरु गरिएको यस कथामा मिथकीय शैली प्रयोग गरिएको छ । यसमा आदि, मध्य र अन्त्यको शृङ्खला रहेको छैन । प्रत्येक ठाउँका घटनाहरू छुट्टाछुट्टै जस्ता देखिन्छन् । कथाका घटनाहरू पनि व्यतिक्रमिक ढाँचामा अगाडि बढेका छन् । पौराणिक आख्यानलाई आधार बनाएर सुरु गरिएको कथा विशिष्ट किसिमको रहेकाले यस कथाको रूपविन्यास विवृत किसिमको रहेको छ । पाँच पृष्ठमा संरचित यस कथामा २४ ओटा अनुच्छेद रहे पनि अनुच्छेद विभाजनमा समानता भने छैन । मिश्रवाक्यको ज्यादै कम प्रयोग र सरल र संयुक्त वाक्यको नै प्रयोग बढी गरिएको छ । तत्सम, तद्भव र आगन्तुक तीनै किसिमका शब्दहरूको प्रयोग गरिएको छ । पौराणिक आख्यानलाई आधार बनाएर लेखिएको हुँदा यसमा संस्कृतका श्लोकको समेत प्रयोग गरिएको छ । छोटा र आलङ्कारिक वाक्यहरूको प्रयोग बढी गरिएको यस कथामा वाक्यको तारतम्य मिलाउँन व्याकरणका नियममा बिचलन समेत गरिएको छ ।

वर्णनात्मक शैलीको प्रयोग गरिएको यस कथामा अत्याधिक मात्रामा बिम्ब र प्रतीकहरूको प्रयोग गरिएको पाइन्छ । त्यसैले गर्दा यो कथा कठिन जस्तो देखिएको छ । पौराणिक कथामा आधारित भएर त्यसलाई रूपान्तरण गरी त्यसको प्रतीकात्मक अर्थका रूपमा यो कथालाई अगाडि बढाइएको छ । जस्तैः हावा भएर आकाशमा कावा लगाएँ, ढोका बन्द गर्थे र मेरो अस्मितामा लुछाचूँडी गर्थे आदि । यहाँ आएका बिम्ब र प्रतीकले कथालाई विशिष्ट बनाएका छन् । स्वर्ग, मर्त्य, पाताल, पार्वती, लक्ष्मी, महादेव, विष्णु, आदि शब्दहरू पौराणिक बिम्बका रूपमा आएका छन् । विदेशबाट रगतै रगत भएको पछ्यौरा पठाएको उल्लेख गर्नुले त्यो सम्पत्तिको पोकोका रूपमा व्यक्त गरेर ठूलो व्यङ्ग्य प्रहार गरिएको छ । अन्त्यमा 'म' पात्रले यो सीताहरूको देश के हुँदैछ ? रामहरूको राष्ट्र, कुल दिशातर्फ जाँदैछ भनेर पौराणिक मान्यता अनुसारका सीता, राम नरहेको र देश नै अर्कै मोडमा पुगेको व्यङ्ग्य समेत कथाकारले प्रस्तुत गरेका छन् । यस्तो भयानक र विसङ्गत देशमा आउँने पुस्ताले कसरी बाँच्ने र के को साहरा लिएर बाँच्ने भन्ने चिन्ता समेत कथाकारले यहाँ प्रस्तुत गरेका विचारबाट थाहा पाउन सकिन्छ ।कथाका वाक्यहरूमा ठाउँ ठाउँमा (...) विन्दु चिह्नको समेत प्रयोग गरेर स्वतन्त्र रूपमा पाठकलाई विचार गर्ने, सोच्ने छुट समेत कथाकारले यस कथामा दिएका छन् ।

## ५.२० 'सीताहरू-बीस' कथाको विश्लेषण

'सीताहरू-बीस' कथा परशु प्रधानको बाह्रौं कथा सङ्ग्रहका रूपमा २०६४ सालमा प्रकाशित **सीताहरू** कथासङ्ग्रह भित्र सङ्कलित पच्चीस ओटा कथाहरूमध्ये एक हो । यस कथामा आफ्नै लोग्नेद्वारा बेचित विवश नारीलाई सीताको माध्यमद्वारा प्रस्तुत गरिएको छ ।

### ५.२०.१ कथानक

यस कथामा हराएकी सीतालाई खोज्न राम र लक्ष्मण मिलेर गएको मिथकीय सन्दर्भ रहेको छ । यस कथाको कथानक सीता हराउनुबाट सुरु भएको छ । सीता हराएपछि विभिन्न शङ्का उपशङ्का हुनु, बिहानै सीताले चिनेजानेका ठाउँमा सीताको खोजी हुनु, गाउँघर, उकाली-

ओराली, पानीपँधेरो, सम्पूर्ण ठाउँमा सीताको खोजी भए पनि सीताको नाक, मुख कहीँ नपाउनु, त्यस्तैमा एउटा शङ्का आउनु सीताको अपहरण भयो कि, सीता कुनै जङ्गलमा कवाज खेलिरहेकी छे कि, गाउँलेहरूले पुलिस चौकीमा रिपोर्ट लेखाऊँ भनेर सल्लाह दिएपनि कथाको 'म' पात्र अर्थात् रामले भाइ लक्ष्मणसँग सल्लाह गर्नु, लक्ष्मणले कुकुरजस्तो मान्छे हराइरहेका बेला कसैले पनि हाम्री भाउजूलाई खोजिदिंदैन त्यसकारण आफूले सकेसम्म अझै कोशिस गरौं भनी सल्लाह दिनु, राम र लक्ष्मण सीता खोज्नका लागि जङ्गलतिर लाग्नु, सीतालाई खोज्दा दाजुभाइको प्राण जालाजस्तो हुनु, एकसाँझ दाजुभाइले खोयो बिर्के खाएर थकाइ मेट्ने योजना बनाउनु, खोयो बिर्के खाएपछि लक्ष्मणले दाजुलाई भाउजू हराउनुपर्ने कारण सोध्नु, रामले सहजै आफूलाई थाहा नभएको बताएपछि लक्ष्मणले आफ्नो मुख टाल्न सके पनि गाउँलेको मुख टाल्न सकिंदैन भन्दै भाउजू हराउनु पर्ने कारण छिटो बताउन दाजुसँग माग गर्नु, लक्ष्मण धेरै आवेशमा आउनु, रामले भाउजू हराउनमा मेरो के दोष छ भन् भनेपछि लक्ष्मणले क्रमशः दाजुका कमजोरी पहिल्याउँदै जानु, रामले सीतालाई लाउँ-लाउँ र खाउँ-खाउँको समयमा सधैं पुगेस .... पुगेस भनेर गाउँघरमात्र चाहारेको, रामले स्वास्नीको कमाइ खानुजस्ता कार्य गरेको लक्ष्मणले बताउनु, रामलाई आफूले गरेको गल्ती अनुभव बोध हुनु, यस्ता थुप्रै कमजोरी देखाएर लक्ष्मणले सीताका छोराछोरी समेत तपाईंका नभएको भनी बताएपछि रामले आफ्ना कमजोरी नलुक्ने भएपछि सीतालाई ठूलो रकम लिएर मुम्बईमा लगी बेचेको र गाउँलेलाई जङ्गलीले लगेको भनेर हल्ला फैलाएको र त्यो कुरा लक्ष्मणलाई गोप्य राख्न भन्दै अर्की भाउजू खोज्न लक्ष्मणलाई अह्राएपछि कथाका घटनाहरू समाप्त भएका छन् ।

यसरी पौराणिक मिथकलाई आधार बनाएर यस कथामा अभावहरूले विसङ्गत जीवन बाँच्नुपर्ने नियति र आफ्नै लोग्नेद्वारा बेचिन विवश नारी यथार्थलाई प्रस्तुत गरी महिला बेचविखनको भयावह परिदृश्यलाई मिथकीय शैलीमा देखाइएको छ ।

### ५.२०.२ पात्र/चरित्र विधान

'सीताहरू-बीस' कथामा राम र लक्ष्मण दृश्यात्मक रूपमा कथामा छन् भने सीता, गाउँलेहरू सूच्य पात्रका रूपमा रहेका छन् ।

#### ५.२०.२.१ 'म' अर्थात् राम

कथामा लक्ष्मणले दाजु भनी सम्बोधन गरेबाट राम लिङ्गका आधारमा पुरुष पात्र हो । रामले सीतालाई मुम्बई लगेर बेचेको र यो कुरा गोप्य राख्दा राख्दै लक्ष्मणले ज्यादै केरकार गरेपछि लक्ष्मणलाई जानकारी दिएकोले कथाको मूख्य विषयवस्तुमा रामको महत्त्वपूर्ण भूमिका रहेको अनि राम कथाको आदिदेखि अन्त्यसम्म रहेको हुँदा कार्यका आधारमा प्रमुख पात्र हो । कथामा रामले सीतालाई श्रीमतीका रूपमा ल्याएपछि सीतालाई मायाँ ममता नगर्नु, पैसाको बिटो लिएर गाउँगाउँमा तरुनीहरू चाख्दै हिड्नु, अनि ठूलो धनराशी लिएर आफ्नी श्रीमतीलाई मुम्बईमा लागेर बेच्नु जस्ता घटनाले राम प्रवृत्तिका आधारमा प्रतिकूल पात्रका रूपमा उपस्थित भएको छ । सुरुदेखि महिलाहरूलाई खेलौनाको रूपमा व्यवहार गर्ने र आफ्नी श्रीमतीलाई बेच्न समेत पछि नपर्ने रामको स्वभावमा परिवर्तन नदेखिएको हुँदा स्वभावका आधारमा राम गतिहीन पात्र हो ।

महिलालाई खेलौनाको रूपमा प्रयोग गर्ने, गाउँगाउँमा डुल्दै गाउँले सोझा सादा महिलाहरूको यौन शोषण गर्ने अनि महिलालाई मुम्बई लगेर बेच्ने एउटा ठगी दलालको काम गरेको हुँदा राम जीवनचेतनाका आधारा व्यक्तिगत नभई वर्गगत पात्रका रूपमा कथामा उपस्थित रहेको छ । कथाका घटनाहरूमा दृश्यात्मक रूपमा उपस्थित हुनु अनि रामलाई हटाइदिने हो भने कथाको संरचना नै नबन्ने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

यस कथामा प्रमुख पुरुष पात्रका रूपमा आएको राम एउटा ठगी, दलाल, शोषक, यौनपिपाशु, खलनायकीय पात्रका रूपमा उपस्थित रहेको छ । सुरुमा सीतालाई धनको लोभमा बिहे गर्ने अनि सीतालाई दिनुपर्ने, माया, ममता, प्रेम आदि नदिने यसका साथै गाउँगाउँमा पैसा लिएर राम्रा राम्रा केटीहरू चाख्दै हिड्नुले उसको चरित्र खराब रहेको पुष्टि हुन्छ । आफ्नी श्रीमतीलाई धनको लोभमा विक्री गर्ने एक मानवताविहीन पात्रका रूपमा उपस्थित भएको छ । उसले आफ्नी श्रीमतीलाई बेचेर कसैलाई नभनी रहनु अनि गाउँलेहरूले कुरा काटेपछि मात्र सीतालाई खोजेको नाटकीयता प्रस्तुत गर्नुले राम अन्तर्मुखी पात्रका रूपमा रहेको छ । यहाँ उपस्थित राममा पुरुषत्त्व शक्ति नभएको अनि सीताका दुई बच्चाहरू पनि अर्कैका भएको भनी लक्ष्मणले भनेपछि राम स्वयम्ले ती कुरा स्वीकारेको हुँदा राम कथामा असामान्य चरित्रका रूपमा देखिन्छ ।

### ५.२०.२.२ लक्ष्मण

के भन्छस् .... ? किन बोल्दैनस् ? जस्ता पुलिङ्गी क्रियापद लक्ष्मणको निम्ति प्रयोग हुनु अनि रामले भाइ भनी बोलाएबाट लिङ्गका आधारमा पुरुष पात्र हो । सीता हराएपछि सीताको खोज तलास गर्न सक्रिय रहनु अनि खोयोबिर्के खाएपछि यथार्थकुरा मान्छेले गर्छ भन्दै सीता हराउनुको कारण दाजुलाई केरकार गरेपछि दाजुले नै सीतालाई बेचेको कुरा पत्ता लगाएको हुनाले लक्ष्मण कार्यका आधारमा प्रमुख पात्र हो । खोयोबिर्के खाएर माते पनि त्यो एउटा लतका रूपमा नलिई थकान मेट्नलाई खाएको अनि खाए पनि कुनै अभद्र व्यवहार नगरी झन सत्यतथ्य कुरा थाहा पाउन सहयोग गरेको छ । कथाभरि लक्ष्मणले कुनै नकारात्मक कार्य गरेको नदेखिनुले प्रवृत्तिका आधारमा अनुकूल पात्र रहेको छ । लक्ष्मणको विचारमा सुरुदेखि अन्त्यसम्म कुनै परिवर्तन नआएको हुनाले स्वभावका आधारमा लक्ष्मण गतिहीन पात्र हो । आफ्ना दाजुलाई त्यस्तो संवेदनशील कुरा केरकार बनाएर सत्य कुरा थाहा पाउने अनि आफ्नो विचारमा परिवर्तन नगर्ने लक्ष्मण जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हो । कथामा दृश्यात्मक घटनामा उपस्थित रहनु अनि कथाबाट लक्ष्मणलाई झिकिदिने हो भने कथाको संरचना नै नबन्ने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा प्रमुख पात्रका रूपमा उपस्थित लक्ष्मण विचारमा अडिग पात्र हो । सत्यतथ्य कुरा आउनुपर्छ भनेर आफ्नो दाजुसँग सुरुदेखि अन्त्यसम्म नै केरकार गर्न सक्नुले यसको पुष्टि गर्दछ । कथामा उपस्थित लक्ष्मण देखेका कुरा मनमा नराख्ने गाउँलेहरूले सीता र राममाथि गरेको टिप्पणी पनि दाजुलाई सुनाइहाल्ने बहिर्मुखी स्वभावको पात्रका रूपमा उपस्थित रहेको छ । विभिन्न

तर्क प्रस्तुत गर्दै भाउजू हराउनमा दाजुको भूमिका रहेको भनी पुष्टि गर्नुले ऊ एक बौद्धिक र तार्किक चरित्रका रूपमा कथामा उपस्थित रहेको छ ।

अन्य पात्रहरूमा सूच्य पात्रका रूपमा रहेकी सीताको पनि कथामा महत्त्वपूर्ण भूमिका रहेको छ । सीता नभइदिएकी र नहराएकी भए कथाको कथानक नै अगाडि बढ्ने थिएन । अन्य पात्रहरूको ज्यादै गौण भूमिका रहेको छ ।

### ५.२०.३ सारवस्तु

अभावहरूले विसङ्गत जीवन बाँच्नुपर्ने नियति र आफ्नै लोग्नेद्वारा बेचिन विवश नारी यथार्थलाई प्रस्तुत गरी चेलीबेटी बेचबिखनको भयावह परिदृश्यलाई देखाउनु नै यस कथाको मुख्य सारवस्तु रहेको छ । यसका साथै पुरुषले महिलालाई खेलौनाका रूपमा प्रयोग गर्ने गरेको यथार्थ समेत कथामा प्रस्तुत गरिएको छ । सम्पत्तिका लागि मान्छेले ज्यादै नीच व्यवहार गर्ने गरेको कुरा देखाउन पनि कथा पछि परेको छैन ।गलत कुरा जसरी पनि खुल्छ भन्ने कुरा आफ्नै दाजुको गल्ती भाइ लक्ष्मणले देखाएबाट स्पष्ट हुन्छ । यसका साथै नेपालमा भएको द्वन्द्वात्मक समयको अपहरण, डर, त्रास आदिलाई प्रस्तुत गर्नु पनि यस कथाको उद्देश्य रहेको छ ।

### ५.२०.४ दृष्टिविन्दु

यस कथाका घटनाहरू रामले प्रस्तुत गरेको छ । रामका लागि प्रथम पुरुष, एकवचन, सर्वनाम 'म' को प्रयोग गरिएको र यस कथाको समाख्याता समेत 'म' रहेको हुँदा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथामा आएको विषयवस्तु सीताको भए पनि रामका व्यवहार, आनीबानी प्रस्तुत गर्न खोजिएको त्यसका लागि सीता र लक्ष्मण माध्यममात्र भएका हुँदा रामको भूमिका तटस्थ नभई सक्रिय भएको हुँदा केन्द्रीय आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.२०.५ परिवेश

यस कथामा कुनै स्थानको उल्लेख नगरिए पनि गाउँले साधारण पाठशाला, गाउँघर, पानी-पधेरो, उकाली-ओराली वनजङ्गल आदि ठाउँमा सीताको खोजी गरिनु अनि सदरमुकाम पुग्न ३ दिन लाग्नु जस्ता कुराको उल्लेख गरिनुले यस कथाको घटना गाउँले परिवेशको नै रहेको छ । समयका हिसावले सीता हराएको सात दिन भइसक्यो भनेर उल्लेख भए पनि सीताका बारेमा दाजु-भाइका संवादहरू एउटा रातको पनि पुरै समय नलगाई सकिएको छ । त्यसकारण यस कथाले लिएको समय छोटै छ । युद्धको उल्लेख अनि जङ्गलीको अपहरणको चर्चाले माओवादी जनयुद्धको काललाई सङ्केत गरेको छ । यहाँ आएका राम लक्ष्मण पौराणिक युगका छैनन् पौराणिक आदर्श पुरुष हुनुपर्नेमा यहाँको रामले केटीहरू चाँख्दै छोड्दै हिडेको र आफ्नै श्रीमतीलाई समेत बेचेको प्रसङ्ग छ भने लक्ष्मण आदर्श भाइ हुनुपर्नेमा दाजुसँग मुख मुखै लागेर बाँझेको प्रसङ्ग यहाँ आएको छ ।

आन्तरिक परिवेशमा लक्ष्मणले रामका यथार्थ कुरा भन्न थालेपछि रामको मानसिकतामा बिचलन आएको छ । यसको उदाहरण रामले "म भने एउटा हिले पोखरीमा डुब्छु-उत्रन्छु, उत्रन्छु-डुब्छु । एउटा अजङ्गको पहाड चढ्छु- ओर्लन्छु । फेरि उक्लन्छु-ओर्लन्छु । जीउभरि काँडा उम्रन्छन् । धेरै अनर्थले एक्कासी आक्रमण गरेजस्तो हुन्छ ।"[४०] भन्नुले पुष्टि गर्दछ ।

---

[४०] ऐजन, पृ. १०८ ।

#### ५.२०.६ रूपपक्ष

सीता हराएर खोज्न हिंडेका राम र लक्ष्मण थाकेर खोयोबिर्के खाँदै गफ गर्नु र तिनीहरूले सीता आफैं राम स्वयम्ले बेचेको यथार्थ प्रस्तुत गर्नु जस्ता घटना आदि, मध्य र अन्त्यको शृङ्खलामा कथामा आएका छन् । कथामा आएका घटनाक्रमहरू व्यतिक्रमिक देखिएका छैनन् । त्यसकारण यस कथाको रूपविन्यास विवृत नभएर संवृत रहेको छ । यद्यपि यहाँ आएको संवादले नाटकीयता प्रस्तुत गरेको छ । पाँच पृष्ठमा संरचित यस कथामा संवादहरू प्रशस्त भएका हुनाले अनुच्छेद विभाजनमा त्यति ख्याल गरिएको छैन । कथामा सरल र संयुक्त वाक्यहरूको प्रयोग गरिएको छ । यहाँ तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिए पनि अन्य कथामा जस्तो अंग्रेजी शब्दहरू कथामा धेरै नभएर नगन्य मात्रामा रहेका छन् ।

यो कथा संवादात्मक शैलीमा नै बढी केन्द्रित रहेको र केही मात्रामा वर्णनात्मकता पाइन्छ । पौराणिक आख्यानलाई आधार बनाएर लेखिएको हुँदा पुराणका प्रसङ्गहरू पनि यस कथामा प्रशस्त आएका छन् । कथामा थुप्रै आलङ्कारिक वाक्यहरू प्रयोग गरिएको छ । जस्तैः बिचरी भाउजूको लाउँ लाउँ र खाउँ खाउँको उमेर तपाईको भने सधैं पुगेस् ..... पुगेस् ।[४१] लक्ष्मणका आँखा सर्प झैं बलेका छन् आदि । कथामा प्रसङ्गलाई तारतम्य मिलाउन वाक्यात्मक विचलन पनि गरेको पाइछ । यस कथामा नेपाली उखानको समेत प्रयोग गरिएको छ । जस्तै "स्वास्नीको कमाई नामर्दले मात्र खान्छ ।" कथामा बिम्ब र प्रतीकहरूको समेत प्रयोग गरिएको छ । 'रावण' लाई एउटा प्रतीकात्मक अर्थका रूपमा प्रस्तुत गरिएको छ । तपाईलाई गाउँघर चाहार्दा नै ठीक भयो भन्ने वाक्यमा आएको 'गाउँघर चाहार्नु' प्रतीकात्मक अर्थका रूपमा आएको छ । सीतालाई एउटा पोखरी जस्तो लाग्यो भनेर लक्ष्मणले उल्लेख गर्नुले पोखरी भनेको महिलाको योनीको प्रतीकात्मक अर्थका रुपमा व्यक्त गरिएको छ । जहाँ राम पौडी खेल्ने गरेको हुन्छ । जङ्गली भनेर नेपालका माओवादीलाई सङ्केत गरिएको छ । सीता, सावित्री आदि बिम्बात्मक रूपमा आएका छन् । यहाँ राम र लक्ष्मण समेत बिम्बात्मक रूपमा आएका छन् । कथाका वाक्यहरूका बीच-बीचमा (...) विन्दु चिह्नको प्रयोग गरेर पाठकलाई स्वतन्त्र रूपले बुझ्ने अवसर समेत कथाकारले प्रस्तुत गरेका छन् ।

### ५.२१ 'सीताहरू एक्काईस' कथाको विश्लेषण

सीताहरू एक्काईस कथा सर्वप्रथम २०६३ साल पुष महिनाको 'गरिमा' पत्रिकामा प्रकाशित कथा हो । यो कथा परशु प्रधानको बाह्रौ कथासङ्ग्रहका रूपमा प्रकाशित **सीताहरू** (२०६४) कथासङ्ग्रहमा सङ्गृहीत पच्चीस ओटा कथाहरू मध्ये एक प्रतिनिधि कथा हो । यस कथामा कथाकी पात्र सीताको उच्च अहम्लाई देखाउने काम गरिएको छ ।

#### ५.२१.१ कथानक

यस कथाको कथानक सीता 'क' र 'म' पात्रको लामो प्रेमपछि विवाह भएबाट सुरु हुन्छ । सीता 'क' ठूलो घर-घरानियाँकी हुनु, 'म' पात्रले विवाह गरेर ल्याएपछि 'म' पात्रकी आमाले ठूलो

[४१] ऐजन, पृ. १०८ ।

घरानियाँकी छोरी हाम्रा घरमा बस्दिन भनेर 'म' पात्रलाई भन्नु, 'म' पात्रले लामो प्रेम भएर विवाह भएको हुँदा अवश्य बस्ने कुरामा आमालाई आश्वस्त पार्नु, एकदिन सीता 'क' ले तिम्रो घरमा एउटा सुत्ने पलङ पनि छैन भनेर 'म' पात्रलाई भन्नु, हुँदाहुँदै राति लगाउने झुल, घरमा चर्पी नभएकोमा सीता 'क' ले 'म' पात्रलाई यस्तो गरिब छौ भनेर मलाई लागेको थिएन भनेर आक्रोश पोख्नु, 'म' पात्रले मेरो अवस्था थाहा थिएन ? भनेर सीता 'क' लाई प्रश्न गर्दा तिमीले कहिल्यै यस्तो नभनेको भनी आफू माइत जाने निर्णय गर्नु, अनि माइततिरै गएर बस्नु, समय बित्दै जाँदा साथीहरूको करकाप र आफन्तहरूको दवावमा परेर 'म' पात्र सीता 'ख' लाई विवाहका निम्ति हेर्न जानु, सीता 'ख' ले नानाथरीका अन्तर्वार्ता लिनु, अनि 'म' पात्रलाई हुतिहारा देखेर नोकरको संज्ञा दिनु र आफूले नोकर चाहिएको बेला खबर गर्ने भन्दै 'म' पात्रलाई पठाइदिनु, त्यसपछि 'म' पात्र चुपचाप त्यहाँबाट निस्कनु, उसले चारैतिर अन्धकारै अन्धकार देख्नु, अनि सारा लोग्नेमान्छेहरू यसरी नै युग-युग देखि नै अपमानित भएको सोच्दै रहनु जस्ता घटनाहरूले कथानकको संयोजन भएको छ ।

पूर्वस्मृतिमा लेखिएको यस कथाको कथानक ज्यादै झिनो रहेको छ । मनोवैज्ञानिक कथामा झिनो आख्यान हुने हुनाले यस्तो हुनु स्वाभाविक मान्नु पर्दछ ।

## ५.२१.२ पात्र/चरित्र विधान

'सीताहरू एक्काईस' कथामा उपस्थित पात्रहरूमा म अर्थात् रामचन्द्र, सीता 'क', सीता 'ख', सीता 'क' की आमा, 'म' पात्रको साथी, सीता 'ख' कहाँ भएको चिया दिने केटो आदि दृश्यात्मक रूपमा रहेका छन् भने 'म' पात्रको मामा, म पात्रका बा, अर्की आमा, भाइबहिनीहरू आदि सूच्य पात्रका रूपमा रहेका छन् । यस कथामा आएका पात्रहरूमध्ये 'म' पात्र प्रमुख पात्र हो भने सीता 'क' र 'ख' सहायक पात्रका रूपमा आएका छन् । अन्य 'म' पात्रकी आमा लगायत जतिपनि पात्रहरूको उल्लेख कथामा गरिएको छ, तिनीहरूको भूमिका गौण रूपमा देखिन्छ ।

### ५.२१.२.१ 'म' अर्थात् रामचन्द्र

खोजेको थिएँ, नाङ्गिएको थिएँ जस्ता पुलिङ्गी क्रियापदको प्रयोग हुनु, सीता 'क' को श्रीमान्को रूपमा रहनु अनि सीता 'क' माइत गएर बसेपछि सीता 'ख' लाई विवाह गर्नका लागि माग्न जानु जस्ता घटनाले लिङ्गका आधारमा रामचन्द्र पुरुष पात्र हो । कथाका घटनाहरू नै रामचन्द्रका पेरिफेरीमा घुमेको र सीता 'क' र सीता 'ख' को क्रियाकलाप रामचन्द्रसँगै गाँसिनु अनि रामचन्द्र कथाको आदिमध्यान्त रहनुले कार्यका आधारमा प्रमुख पात्र हो । रामचन्द्रले सीता 'क' सँग लामो प्रेम गरेको र विवाह गरेको हुँदा आदर्श प्रेम गरेको थाहा हुन्छ । सीता 'क' ले छोडेपछि आफ्नो पारिवारिक आवश्यकताले गर्दा सीता 'ख' सँग विवाह गर्न जाँदा अपमानित हुनुपरेको छ । यस कथामा रामचन्द्रले कुनै नकारात्मक काम गरेको नदेखिएकाले प्रवृत्तिका आधारमा अनुकूल पात्रका रूपमा उपस्थित रहेको छ । सीता 'क' ले छोडेर गएपछि विवाह नगर्ने मनस्थितिमा रहे पनि आफन्तको करले गर्दा विवाह गर्ने सोच बनाउनुले उसको विचारमा आएको परिवर्तनले स्वभावका आधारमा गतिशील पात्र हो । रामचन्द्रले आफ्नी श्रीमती र स्वास्नीमान्छेबाट अपमानित हुनुपर्ने पुरुषवर्गको प्रतिनिधित्व गरेको हुँदा जीवन चेतनाका आधारमा रामचन्द्र वर्गगत

पात्रका रूपमा आएको छ । कथाको घटनामा दृश्यात्मक रूपमा रहनु अनि कथाबाट रामचन्द्रलाई हटाइदिने हो भने कथाको संरचना नै विग्रिन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा रहेको छ ।

कथामा उपस्थित पुरुषपात्र रामचन्द्र एक आदर्श प्रेम गर्ने गरिब परिवारको व्यक्तिका रूपमा रहेको छ । सीता 'क' सँग प्रेम गरेर विवाह गरेपछि सकेसम्म सीताका इच्छा, आकांक्षा पुरा गर्न प्रयासरत रहे पनि आफ्नो गरिबीका कारण उसलाई सीता 'क' ले छोडेर गएकी छे । आफ्नो धन नभएकोमा कमजोर मानसिकता लिएर हिडेको पात्रका रूपमा उसलाई लिन सकिन्छ । सीता 'क' लाई प्रेम गर्दा आफ्नो आर्थिक र पारिवारिक अवस्थाको जानकारी नदिनुको मूल कारण पनि उसको गरिबी नै हो । यदि आफ्नो कमजोर आर्थिक अवस्था थाहा पाई भने यसले मलाई छोड्छे भनेर नै उसले यस्ता कुरा नगरेको हुनुपर्छ । यस्तै सीता 'ख' ले अन्तर्वार्ता लिंदा समेत आफ्नो कमजोर मानसिकताले उसको मनस्थिति नै बिचलित भएको छ । आकस्मिक रूपमा एउटी नारीले यस्ता प्रश्न गरेपछि मलाई 'कृष्ण' ले कुरा गऱ्यो र म आएको केही जान्दिन भन्नुले पनि उसको कमजोर मानसिकता नै रहेको थाहा हुन आउँछ । सम्पत्ति नभएपछि लोग्ने मान्छेले के कस्तो अपमान भोग्नु पर्ने रहेछ भनेर महिलाद्वारा अपमानित पात्रका रूपमा रामचन्द्र कथामा उपस्थित रहेको छ ।

### ५.२१.२.२ सीता 'क'

सीता 'क' लाई 'म' पात्रकी आमाले घर घरानियाँकी छोरी भन्नुले लिङ्गका आधारमा स्त्री पात्र हो । 'म' पात्रको मनस्थितिमा बिचलन ल्याउन सहयोग गर्ने अनि धनका लागि प्रेम गरेर कथाको सुरुमा उपस्थित भए पनि बीचैमा उसको भूमिका सकिने हुनाले कार्यका आधारमा सीता 'क' सहायक पात्र हो । धनका लागि प्रेम गर्ने, गरिब देखेर पेटमा भएको बच्चा फ्याँकेर आफ्नो लोग्नेलाई छोडेर सम्पत्तिका लागि अर्कोसँग विवाह गरेकी छे । त्यसैले प्रवृत्तिका आधारमा प्रतिकूल र स्वभावका आधारमा गतिशील पात्र हो । सम्पत्तिलाई महत्त्व दिने आधुनिक नारीको प्रतिनिधित्व गरेकी हुनाले जीवन चेतनाका आधारमा वर्गगत पात्र हो । कथाका घटनामा दृश्यात्मक रूपमा आउनु र कथाबाट सीता 'क' लाई हटाइदिंदा संरचना नै बिग्रिन जाने हुनाले मञ्चीय र बद्ध पात्र हो ।

सीता 'क' उच्च अहम् भएकी नारी चरित्रका रूपमा रहेकी छे । 'म' पात्रसँग प्रेम विवाह गरिसकेपछि 'म' पात्रका घरमा सम्पत्ति नभएपछि उसलाई त्यागी अर्कै सम्पत्ति भएको केटोसँग विवाह गर्नु जस्ता घटनाले सीता 'क' द्रव्यपिशाचका रूपमा कथामा उपस्थित भएकी छे । सीता 'क' सुखसयलमा हुर्किएकी दुःखको अनुभव नभएकी नारी पात्रका रूपमा उपस्थित भएकी छे । अनि ऊ ज्यादै घमण्डी पात्रका रूपमा रहेको पुष्टि उसले व्यक्त गरेका यी शब्दहरूबाट स्पष्ट हुन्छ । 'अनि मुखमा के हाल्छौ नि ? कि टालेर बस्छौ ?"[४२]

[४२] ऐजन, पृ. १११ ।

### ५.२१.२.३ सीता 'ख'

बसी, सोधी जस्ता क्रिया सीता 'ख' को लागि प्रयोग हुनुले लिङ्गका आधारमा स्त्री पात्र हो । कथाको बीचमा उपस्थित भएर 'म' पात्रको अन्तर्वार्ता लिई मानसिकतामा विचलन ल्याउन सहयोगी भूमिका निर्वाह गर्ने कार्यका आधारमा सीता 'ख' सहायक पात्र हो । 'म' पात्रलाई घरमा बोलाउने अनि निर्दोष 'म' पात्रलाई नोकरको संज्ञा दिंदै हप्काएर पठाउने क्रियाकलाप गरेकी हुनाले प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । सीता 'ख' को विचारमा कतै परिवर्तन भएको नदेखिनुले स्वभावका आधारमा गतिहीन पात्र हो । सम्पत्तिलाई महत्त्व दिई गरिबलाई मान्छेका रूपमा नहेर्ने एउटी घमण्डी नारी स्वभावको प्रतिनिधित्व गरेकी हुँदा जीवन चेतनाका आधारमा सीता 'ख' वर्गगत पात्र हो । कथाका घटनामा दृश्यात्मक रूपमा रहनु अनि कथाबाट हटाइदिंदा कथाको संरचनामा असर पुग्ने हुनाले मञ्चीय र बद्ध पात्र हो ।

कथामा उपस्थित भएकी सहायक नारी चरित्र सीता 'ख' उच्च अहम् भएकी नारी हो । ऊ अत्यन्तै बहिर्मुखी पात्रका रूपमा उपस्थित भएकी छे । आफ्नो सम्पत्ति छ भन्दैमा अर्कालाई मान्छेका रूपमा नहेर्ने उसको स्वभाव देखिन्छ । "मैले लोग्ने खोजेको, कुनै नोकर होइन ।"[४३] भनेर 'म' पात्रलाई भन्नुले 'म' पात्रको कमजोर मनस्थिति देखेर उसले आफ्नो शारीरिक इच्छा पुरा गर्न नसक्ने हो कि भन्ने शङ्का गरेर भनेको हुन सक्ने अनुमान गर्न सकिन्छ । आफ्नो घरमा नोकर राख्ने एउटी सम्पन्न नारी चरित्रका रूपमा कथामा सीता 'ख' उपस्थित रहेकी छे

### ५.२१.३ सारवस्तु

यस कथामा सीता 'क' र सीता 'ख' का क्रियाकलापद्वारा नारीहरू प्रेमलाई भन्दा धनलाई बढी महत्त्व दिन्छन् भन्ने कुरा देखाइएको छ । सीता 'क' र सीता 'ख' को प्रेम स्वार्थी रहेको छ । सम्पत्ति नभएपछि नारीद्वारा अपमानित र तिरस्कृत हुनुपरेको पुरुषहरूको यथार्थतालाई समेत कथामा देखाउन खोजिएको छ । कमजोर आर्थिक अवस्थाका कारण 'म' पात्रको मनस्थिति नै कमजोर भएको कुरा 'म' पात्रको चरित्रबाट स्पष्ट्याउन खोजिएको छ ।

### ५.२१.४ दृष्टिविन्दु

कथामा आएका सम्पूर्ण घटनाहरू रामचन्द्रले उल्लेख गरेको र उसका लागि प्रथम पुरुष, एकवचन सर्वनाम 'म' को प्रयोग गरिएको छ । अनि कथाको समाख्याता समेत 'म' पात्र नै रहेको हुँदा कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथामा आएको 'म' कथाका सम्पूर्ण घटनामा सहभागी भएको र उसकै माध्यमद्वारा कथा अगाडि बढ्नु अनि कथामा आएका सीता 'क' र सीता 'ख' 'म' पात्रको मानसिक विश्लेषण गर्नका लागि माध्यमका रूपमा मात्र आएका छन् । यसकारण 'म' पात्रको भूमिकालाई तटस्थ राख्न मिल्दैन त्यसैले आन्तरिक दृष्टिविन्दुमा पनि केन्द्रीय आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

[४३] ऐजन, पृ. ११५ ।

### ५.२१.५ परिवेश

कुनै खास स्थानको उल्लेख नगरिए पनि सीता 'क' ले पलङ, झुल, ट्वाइलेट नभएको भनेर 'म' पात्रलाई असन्तोष व्यक्त गर्नु अनि प्रेम गर्दा आफ्नो बाबु अर्की आमा लिएर काठमाडौं गएको छ भन्नु, सीता 'ख' ले चारकोठे पक्की घर बनाएको उल्लेखले काठमाडौं बाहिर नेपालको कुनै तराई भेगलाई सङ्केत गरेको छ ।

समयका दृष्टिले 'म' पात्रले प्रेम गरेर विवाह गर्नु सीता 'क' ले छोडेर जानु अनि सीता 'ख' लाई माग्न जानुजस्ता घटनाहरू घटेका कारण यस कथाले ओगटेको समय ८/१० वर्षको हुन सक्ने अनुमान गर्न सकिन्छ । तर कथामा खास समय कुनै उल्लेख गरिएको छैन।

यस कथामा देखिएको समाज उच्च र निम्न दुवै किसिमको रहेको छ । सीता 'क' उच्च घरानियाँकी छोरी उल्लेख हुनु अनि सीता 'ख' ले घरमा नोकर राख्नुले उच्च वर्गको प्रतिनिधित्व गरेका छन् । अनि 'म' अर्थात रामचन्द्र निम्न वर्गको पात्रका रूपमा आएको छ । यहाँ आएको समाज शिक्षित समाज रहेको छ ।

आन्तरिक परिवेशका रूपमा कथाको 'म' पात्रको मानसिक कमजोरी र त्यसले ल्याएको मानसिक विचलनको यथार्थता समेत कथामा प्रस्तुत गरिएको छ ।

### ५.२१.६ रूपपक्ष

पूर्वस्मृतिमा लेखिएको यो कथाको आरम्भ मध्यबाट सुरु भएर अन्त्य हुँदै शुरुतिर अगाडि बढेको छ । कथा क्रमिक रूपमा अगाडि नबढी व्यतिक्रमिक रूपमा अगाडि बढेको छ । कथामा वर्णनात्मक शैली अँगालिए पनि वर्णनात्मकतालाई संवादले छायाँ पारेको छ । यसकारण कथाको रूपविन्यास विवृत किसिमको रहेको छ । ६ पृष्ठमा संरचित यस कथामा अनुच्छेद वितरणमा ख्याल गरिएको छैन किनभने यसमा प्रशस्त मात्रामा संवाद प्रयोग गरिएको छ । वाक्यप्रयोगका दृष्टिले तीनै किसिमका वाक्यहरूको प्रयोग कथामा भए पनि मिश्रवाक्य भने ज्यादै कम प्रयोग भएका छन् । संवादको आधिक्यता रहेको र विगतका घटनालाई आन्तरिक दृष्टिविन्दु युक्त 'म' पात्रले प्रस्तुत गरेको छ । शब्दप्रयोगका दृष्टिले तत्सम, तद्भव र आगन्तुक तीनै किसिमका शब्दहरू कथामा प्रयोग गरिएका छन् । आगन्तुकमा पनि अंग्रेजी भाषाका शब्दहरूलाई नै प्राथमिकता दिइएको छ । जस्तैः मूड, ट्वाइलेट, एप्वाइन्टमेन्ट, फ्र्याङ्क आदि । कथामा थुप्रै आलङ्कारिक वाक्यहरूको प्रयोग गरिएको छ । जस्तैः अगाडिका बाटाहरू सबै नागवेली सर्पमा 'साटिए', 'म नराम्ररी नाङ्गिगएको थिएँ' - 'नुन खाएको कुखुरा जस्ती भएकी छ्यौं', उमेरका अङ्कहरू थप्दै गए आदि । यस्ता वाक्यहरूले कथालाई विशिष्ट बनाएका छन् । कथामा केही बिम्ब र प्रतीकहरूको पनि प्रयोग गरिएको छ । 'खाली खोलाको किनारमा एउटा ठिङ्गो रुख सारें ।' भन्ने वाक्यमा आएको 'एउटा ठिङ्गो' ले एक्लिएको अर्थ प्रदान गरेको छ । 'सीता देखापरी- एउटी परीजस्ती भनेर सीताको सौन्दर्यलाई सङ्केत गरिएको छ । प्रियङ्का, मल्लिका, कृष्ण जस्ता शब्द पनि बिम्ब र प्रतीकका रूपमा आएका छन् । कथामा प्रशस्त मात्रामा प्रश्नात्मक चिह्न प्रयोग गरिएको छ । कथा संवादात्मक भएको हुँदा यो सामान्य नै हो । केही वाक्यमा विन्दु (...)

चिह्न प्रयोग गरी पाठकलाई स्वतन्त्र रूपमा बुझ्ने र विश्लेषण गर्ने स्वतन्त्रता समेत कथामा कथाकारले दिएका छन् ।

## ५.२२ 'सीताहरू-बाईस' कथाको विश्लेषण

'सीताहरू बाईस' कथा परशु प्रधानको बाह्रौं कथा सङ्ग्रहका रूपमा प्रकाशित **सीताहरू** (२०६४) कथा सङ्ग्रहमा सङ्गृहीत पच्चीस ओटा कथाहरू मध्ये एक प्रतिनिधि कथा हो । यस कथामा लोग्नेद्वारा अपहेलित सीता र प्रणयप्रार्थी सीताका माध्यमद्वारा नारीका विविध चरित्रलाई देखाएर नारीका पीडाबोधी चरित्रको सङ्केत गरिएको छ ।

### ५.२२.१ कथानक

पूर्वस्मृतिमा लेखिएको यस कथाको कथानक 'म' पात्र सीताका छोराछोरीलाई ट्युसन पढाउन सीताकहाँ पुगेपछि सुरु हुन्छ । म पात्रले सीताका छोराछोरीलाई पढाउन थाल्नु, रामायणका कथाको प्रसङ्ग आउँनु, सीताकी छोरी ठूलीले आफूलाई सीता मन नपर्ने कुरा गर्नु अनि 'म' पात्रले किन ? भनी प्रश्न गर्दा सीतालाई हरण गर्दा रावणसँग नलडेको कारण भनी बताउनु र आफू भए रावणलाई मारिदिने कुरा बताउँनु, यस्तो सुनेपछि 'म' पात्रलाई केटाकेटीमा यस्तो विद्रोह आईसकेछ, समय धेरै अगाडि बढिसकेछ भनेर केटाकेटीसँग बोल्दा धेरै सोच्नुपर्ने रहेछ भन्ने लाग्नु, सीताले कुनै पत्र पढ्न 'म' पात्रलाई, दिनु 'म' पात्रले चिठी पढ्न सुरु गर्नु, त्यो पत्र सीताको श्रीमानका लागि कुनै केटीले पठाएको हुनु, 'म' पात्रले चिठी पढ्दै जाँदा बीच-बीचमा तिम्रो लोग्नेलाई सौताले पठाएको चिठी पढदा नराम्रो लाग्दैन ? भनी प्रश्न गर्दा मेरा सारा आँशु सकिइसके मलाई कहीं दुख्दैन भनी सीताले भन्नु, त्यस चिठीमा प्रेम गरेको देखि लिएर विदेश गएर धेरै पैसा कमाएर ल्याउने अनि काठमाडौंमा राम्रो घर किनेर आरामसँग बस्ने सम्मका योजना हुनु, यस्तो चिठी पढ्दै जाँदा 'म' पात्रले पत्रमाथि प्रतिक्रिया व्यक्त गर्न खोज्दा सीताको छोरो बन्दुक लिएर सिपाही जसरी आउँनु र बन्दुकले आफ्नो बाबालाई मार्ने किनभने हाम्री आमालाई सधैं कुट्छ, पैसा चोर्छ, चामल चोर्छ, राति रक्सी खान्छ भनेर बताउनु, चिठी पढिसकेपछि 'म' पात्रले सीतालाई पत्र लेख्ने केटी धेरै बाठी तिमी लाटी रहिछौ भन्दा सीताले आफूलाई लाटोको आवश्यकता परेको छ भनी 'म' पात्रलाई सहारा माग्नु, 'म' पात्रले त्यो लाटो स्वयम् 'म' हुन सक्दिन ? भनी प्रश्न गर्नु, सीताले 'म' पात्रलाई आश्चर्यले भरिएका आँखाले हेर्नु, विश्वास-अविश्वास, आशा-निराशा दुबै ती आँखामा हुनु, 'म' पात्र स्कुल हिड्नु, सीताले फूर्सद भए भरे आउँनु भनी 'म' लाई बोलाउँनु, केही काम छ ? भनी 'म' पात्रले सोध्दा छ भनी बताउँनु 'म' पात्र त्यहाँबाट हिड्नु, बाटामा हिड्दा अनेक किसिमका सीताहरू मस्तिष्कमा आउँनु, आफ्नी घरकी सीता, ड्राइभर लोग्नेद्वारा परित्याग गरिएकी सीता, पत्र पठाउने सीता आदि-आदि । बाटोमा छट्पटिदै गइरहेको 'म' पात्रले परबाट सीताको ड्राइभर लोग्नेलाई सारा सडक नै आफ्नो बनाउँदै आइरहेको देख्नु, उसलाई भ्रम जस्तो लाग्नु तर त्यो साँच्चिकै पत्रको नायक सीताको लोग्ने नै हुनु, 'म' पात्र स्कुल पुगेर कक्षा लिंदा सम्म मानसमा विद्रोह रहिरहनु मेरो सुन्दर देशका सीताहरू ...... भन्दै कथाको अन्त्य हुनु यस्ता घटनाहरूलाई पत्रात्मक शैलीमा व्यक्त गरेर कथाको कथानक संयोजन गरिएको छ ।

### ५.२२.२ पात्र/चरित्र विधान

'सीताहरू बाईस' कथामा सीता, 'म' पात्र, सीताका छोराछोरी, सीताको श्रीमान् ड्राइभर, सीताको लोग्नेकी प्रेमिका आदि पात्रहरू रहेका छन् ।यस कथामा आएका सीता र 'म' प्रमुख पात्रका रूपमा आएका छन् भने सीताको श्रीमान् सहायक पात्र अनि अन्य सबै गौण पात्रका रूपमा कथामा आएका छन् ।

### ५.२२.२.१ सीता

सीतालाई 'म' पात्रले चरित्रहीन केटी हो भनेर सोच्नु, गम्भीर भई भन्ने- स्त्रीलिङ्गी क्रिया सीताका लागि प्रयोग गरिएको हुँदा लिङ्गका आधारमा स्त्री पात्र हो । यस कथाको मुख्य उद्देश्य सीताको मनस्थितिको विश्लेषण गर्नु भएको र सीता कथामा सुरुदेखि अन्त्यसम्म उपस्थित हुनु अनि कथामा घटेका घटनाहरूको प्रत्यक्ष शिकार सीता नै भएकी हुँदा कार्यका आधारमा प्रमुख पात्र हो । सीताले आफ्नो लोग्नेले दुर्व्यवहार गर्दा पनि त्यसको प्रतिकार गरेकी छैन । सीताले कथामा त्यस्तो कुनै नकारात्मक कार्य गरेको नदेखिएबाट प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । सीताको सोचाइ र व्यवहारमा कुनै किसिमको परिवर्तन नदेखिएको हुनाले स्वभावका आधारमा सीता गतिहीन पात्र हो । लोग्नेद्वारा बिनाकारण अपहेलित र तिरस्कृत भएकी महिलाहरूको प्रतिनिधित्त्व गरेकी सीता जीवन चेतनाका आधारमा वर्गगत पात्र हो । कथाको दृश्यात्मक घटनामा प्रत्यक्ष उपस्थित हुनु अनि कथाबाट सीतालाई हटाइदिने हो भने कथाको संरचना नै विग्रिन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा लोग्नेद्वारा अपहेलित सीता एक पीडाभोगी नारी चरित्रका रूपमा उपस्थित भएकी छे । लोग्नेले प्रत्येक दिन आएर कुट्ने, पैसा चोर्ने अनि चामलसमेत चोरेर लगी रक्सी खाएर आउँदा समेत त्यससँग प्रतिकार गर्न सकेकी छैन । जीवनमा जस्तोसुकै समस्या आइपरे पनि त्यसलाई समाधान गर्दै जानुपर्छ भनी चियापसल चलाएर भए पनि छोराछोरीलाई पढाएकी छे । त्यसैले ऊ संघर्षशील नारीका रूपमा कथामा उपस्थित रहेकी छे । लोग्नेलाई धेरै प्रेमिकाहरूले चिठी लेख्ने गरेको अनि लोग्नेद्वारा धेरै दुःख, कष्ठ, पीडा, यातना भोगीसकेकी हुनाले उसका आँखा पनि रसाउन छाडेका छन् । मनको कुनै पनि भागमा चोट नभएको सीता स्वयम्ले बताएकी छे । आफ्नो लोग्नेले त्यागेपछि 'म' पात्रतर्फ आकर्षित हुन थालेको सङ्केत "सरसँग विश्वास गरेर आफ्नो मान्छे भनेर देखाएकी मलाई सरको मुखबाट सुन्न रहर छ ।" भन्नुले पुष्टि गर्दछ । यसरी यस कथामा आएकी सीता पुरुषद्वारा अपहेलित भएकी दुःखी, पीडाभोगी, संघर्षशील, आशावादी नारी चरित्रका रूपमा उपस्थित भएकी छे ।

### ५.२२.२.२ 'म' पात्र

कथामा आएको 'म' पात्रलाई सीताले 'सर' भनी सम्बोधन गरेबाट 'म' कथाको पुरुष पात्र हो । सीताको घरमा गएर केटाकेटीलाई पढाउने कथामा आएको 'म' प्रमुख पात्र हो । सहयोगी भावना आएको 'म' पात्रले नराम्रा कार्य केही नगर्नु र सहयोगी काम गरेको देखिनुले प्रवृत्तिका आधारमा अनुकूल पात्र रहेको छ । 'म' पात्रको विचारमा परिवर्तन भएको नदेखिएकाले स्वभावका आधारमा गतिहीन पात्र हो । एउटा सामान्य मास्टरी काम गरेर आफ्नो जीवन निर्वाह गर्ने 'म'

पात्र जीवन चेतनाका आधारमा वर्गगत पात्रका रूपमा आएको छ । कथाका घटनामा दृश्यात्मक रूपमा उपस्थित हुनु र कथाबाट 'म' पात्रलाई हटाईदिने हो भने कथाको संरचना नै विग्रिन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

यस कथामा उपस्थित प्रमुख पुरुष पात्र 'म' एक बौद्धिक, सहयोगी पात्रका रूपमा कथामा उपस्थित भएको छ । सीताको घरमा गई उसका छोराछोरीलाई ट्युसन पढाएको छ । पुरुषद्वारा अपहेलित सीता र उसकी सौता सीतालाई सम्भिएर देशका सीताहरूको यस्तो दुर्दशा रहेकोमा 'म' पात्र चिन्तित रहेको छ । नारीका दुःख, पीडा देख्न नसक्ने पात्रका रूपमा कथामा उपस्थित भएको छ । सीताले आफूलाई एउटा लाटो चाहिएको छ भन्दा उसलाई उपेक्षा गर्न नचाहेर 'म' नै लाटो हुन सक्दिन र ? भनेर उसले सहयोगको भावना दोएको छ ।

### ५.२२.२.३ किरण

कथामा सीताको श्रीमान्को रूपमा र एउटी केटीको प्रेमीका रूपमा उपस्थित किरण ड्राइभर पेशामा काम गर्ने पात्र हो । उसका चरित्र ज्यादै खलनायकीय रहेका छन् । प्रत्येक दिन जाँड खाएर श्रीमतीलाई कुट्ने, घरमा भएका पैसा, चामल चोर्ने, एउटी श्रीमतीलाई घरमा ल्याएर त्यसको वास्ता नगर्ने, अर्की प्रेमिकालाई पनि बेला-बेलामा गई भोग्ने र त्यसलाई पनि तड्पाएर हिड्ने कार्य गरेको हुँदा ऊ कथामा उत्तरदायित्वहीन पुरुष चरित्रका रूपमा रहेको छ । सीताको मनस्थितिमा बिचलन ल्याउँनु अनि उसकी प्रेमिकालाई एउटा पागलको रूपमा पुऱ्याउने काम गरेको हुँदा उसका सम्पूर्ण क्रियाकलाप खलनायकीय रहेका छन् । कथाभरि नेपथ्यका रूपमा रहेपनि कथाको अन्त्यमा मञ्चीय हुन देखा परेको छ । कथाबाट उसलाई भिकिदिने हो भने कथाको संरचना नै विग्रिन जाने हुनाले कथामा बद्ध पात्रका रूपमा उपस्थित छ।

### ५.२२.२.४ किरणकी प्रेमिका

आई.ए. पढ्दा पढ्दै पढ्न मन नलागेर भट्टिपसल खोलेर बसेकी किरणकी प्रेमिका किरणका प्रेममा परेर असामान्य अवस्थामा पुगेकी छे । किरणको पहिलो देखादेखमा नै प्रेम बस्नु अनि रातमा निद्रा नलाग्ने उसका असामान्य व्यवहार हुन् । किरणले कहिलेकाँही गएर सर्वश्व लुटेर हिडेपछि उसमा छट्पटी भएको छ । ऊ पानी विनाको माछा जस्तै भएकी छे । कथामा नेपथ्यका रूपमा रहेकी र कथाबाट भिकिदिंदा कथाको संरचना विग्रिन जाने हुँदा आवद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा आएका सीताका छोराछोरीको भूमिका गौण नै देख्न सकिन्छ ।

### ५.२२.३ सारवस्तु

लोग्ने मान्छेले स्वास्नी मान्छेलाई कसरी खेलौनाको रूपमा प्रयोग गरेका छन् भनेर देखाउनु नै यस कथाको सार वस्तुका रूपमा रहेको छ । लोग्नेमान्छेले महिलाहरूलाई प्रयोग गर्दै हिड्ने र उनीहरूको समस्या ख्याल नगर्ने यथार्थता कथामा प्रस्तुत गरिएको छ । यस्तै बालबालिकाको बालमनस्थितिमा नराम्रो छाप पऱ्यो भने तिनीहरूको स्वभाव पनि विद्रोही भएर जाने कुरा सीताका छोराछोरीको चरित्रबाट उद्घाटन गरिएको छ । आफ्ना इच्छा, आवश्यकता पुरा

भएनन् भने मान्छे विक्षिप्त अवस्थामा पुग्न सक्ने मनोवैज्ञानिक यथार्थता समेत यस कथामा देखाइएको छ ।

### ५.२२.४ दृष्टिविन्दु

यस कथाका घटनाहरू 'म' पात्रले अगाडि बढाएको छ । यस कथामा प्रथमपुरुष, एकवचन, सर्वनाम 'म' को प्रयोग गरिएको हुँदा यस कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्रका माध्यमद्वारा सीता र किरणकी प्रेमिकाको मानसिकताको विश्लेषण गर्न खोजिएको छ । त्यसैले आन्तरिक दृष्टिविन्दुमा पनि परिधीय आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.२२.५ परिवेश

किरण र उसकी प्रेमिका एकदिन मूलघाटबाट तमारेसम्म गएको र पौडी खेलेको प्रसङ्ग कथामा आएको छ । ड्राइभर इलाम, भद्रपुर, ताप्लेजुङ्ग, पाँचथर, वसन्तपुर जानुजस्ता घटनाले यस कथाको घटनास्थल पूर्वाञ्चलको तराई जिल्ला हुन सक्ने अनुमान गर्न सकिन्छ तर मुख्य घटनास्थलको उल्लेख गरिएको छैन ।

यस कथाका मुख्य घटनाहरू बिहानदेखि बेलुकासम्ममा नै सकिएका छन् । किरणले प्रत्येक दिन जाँड खाएर सीतालाई कुट्नु, किरणकी प्रेमिकाले पत्रमा तपाईको मोहनीले नछाडेको एक वर्ष भयो भनी उल्लेख गर्नुले यस कथाका घटनाहरू एक-डेढ वर्ष अघिदेखि शुरु भएको मान्न सकिन्छ ।

कथामा आएको समाज निम्न वर्गीय समाज नै रहेको छ । किरणले ड्राइभरको काम गर्नु, सीताले सानो चियापसल खोलेर बस्नु, अनि किरणकी प्रेमिकाले भट्टिपसल खोलेर बसेका छन् । यसका साथै 'म' पात्रले एउटा शिक्षकको जागिरले खान नपुगेर ट्युसन पढाएको छ । यहाँ उपस्थित भएका पात्रपात्राहरू शिक्षित नै रहेका छन् । सीताका छोराछोरीले ट्युसन पढ्नु, किरणकी प्रेमिकाले आई.ए. पढ्नु अनि 'म' पात्र स्वयं शिक्षक हुनुले शिक्षित पात्रपात्राको पुष्टि गर्दछ । आन्तरिक परिवेशमा कथामा आएका सीता, किरणकी प्रेमिका, 'म' पात्रको मानसिक विचलन, खट्पटी, निराशा आदिको चित्रण गरिएको छ ।

### ५.२२.६ रूपपक्ष

पूवृस्मृतिमा लेखिएको यो कथामा कथानकको सुरुवात मध्यबाट भएको छ । कथाका घटनाहरू पनि व्यतिक्रमिक रूपमा अगाडि बढेका छन् । पत्रात्मक शैलीमा लेखिनुले यो कथा विशिष्ट बनेको छ । यसैले यो कथाको रूपविन्यास विवृत किसिमको रहेको छ । जम्मा ५ पृष्ठमा फैलिएको यस कथामा अनुच्छेद विभाजनमा ख्याल गरिएको छैन । पत्रात्मक शैली हुनु अनि बीच-बीचमा 'म' पात्र र सीताका संवाद आएका छन् । सीताका छोराछोरीका कुराकानी जस्ताको तस्तै राख्दा अनुच्छेद वितरणमा ख्याल नगरिएको हुनुपर्छ । कथामा सरल, मिश्र र संयुक्त वाक्यको प्रयोग गरिए पनि मिश्र वाक्यको प्रयोग ज्यादै कम रहेको छ । कथामा आलङ्कारिक वाक्यको प्रयोग थुप्रै पाउन सकिन्छ । जस्तैः 'तिम्रा लागि मेरो हृदयमा प्रेमको फूल फुलिसक्यो' यसलाई ओइलाउन

नदिने जिम्मा तिम्रो, खाली तिम्रो मात्र .... ।'[४४] म त पानी बिनाको माछा जस्ती भएँ, मलाई एउटा अर्को लाटो खोजिदिनुहोस् आदि जस्ता वाक्यहरू कथामा प्रयोग गरी कथालाई विशिष्ट बनाएका छन् । पत्रात्मक शैलीमा लेखिएको यो कथा किरणकी प्रेमीका बढी भावनामा बहकिएर पत्र लेख्दा यहाँ आएका वाक्यहरूले कवितात्मक संकेत पनि दिने गर्दछन् । धेरै ठाउँमा सम्बोधनात्मक शब्द प्रयोग गरिएको छ । एउटै व्यक्तिलाई किरण, मेरो राजा, मेरो प्राण, कृष्ण भनी सम्बोधन गरिएको छ । कथामा बिम्ब र प्रतीक प्रतीकात्मक अर्थ प्रदान गर्न आएका छन् । बोक्सा-बोक्सी आदि शब्दले पनि विशिष्ट अर्थ प्रस्तुत गरेको पाइन्छ । यहाँ आएको कृष्ण शब्दले धेरै महिलाहरूलाई जालमा पार्न सक्ने किरणलाई संकेत गरिएको छ । 'राधा' शब्दले कृष्ण अर्थात् किरणले आफ्नो बसमा पार्ने महिलालाई सङ्केत गरिएको छ । यहाँ सीताले एउटा लाटो चाहिएको छ भनेर आफ्नो इच्छा चाहना पुरा गर्ने श्रीमान्को अपेक्षा गरेको देख्न सकिन्छ । कथामा आएका कतिपय वाक्यहरूमा (...) विन्दु चिह्नको प्रयोग गरेर पाठक स्वतन्त्रता समेत प्रदान गरिएको छ ।

## ५.२३ 'सीताहरू-तेईस' कथाको विश्लेषण

'सीताहरू तेईस' कथा सर्वप्रथम २०६३ सालको फाल्गुण महिनामा प्रकाशित पत्रिका 'मधुपर्क' मा प्रकाशित भएको हो । पछि परशु प्रधानको **सीताहरू** (२०६४) कथासङ्ग्रहमा सङ्गृहीत पच्चीस ओटा कथाहरू मध्ये एक हो । यो कथा फ्रायडको स्वप्न सिद्धान्त अनुसार यथार्थ जीवनका भोगाईको प्रतिकृति नै स्वप्न हो भन्ने यथार्थता कथाकी नारी चरित्र सीताको चरित्रबाट प्रस्तुत गरिएको छ ।

### ५.२३.१ कथानक

'म' पात्रले केही समयदेखि सीताको खोजी गरेको भनी जतततै होटल, रेष्टुरेण्ट, डान्सबार र स-साना भट्टिसम्म सीताको खोजी गर्नु, म्यानपावर कम्पनी, एजेन्ट, दिउँसो चल्ने लजहरूमा पनि जतातत‌ै सीता देख्नु, सपनामा समेत सीता नै देख्नु जस्ता घटना सुरुमा आएका छन् । एकदिन 'म' पात्रले सपनामा एउटी महिला देख्नु उसको नाम सीता भण्डारी हुनु, त्यो सीताले 'म' पात्रलाई आफ्ना कथा र व्यथा सुनाउन थाल्नु, सीताको श्रीमान् पुलिस भएको, केही मान्छेले श्रीमान्लाई अपहरण गरेको, सीता र उसका छोराछोरीले रोएर रात काटेको, सीताको श्रीमान्लाई जतातत‌ै खोजेको, पत्ता नलागेको, त्यसैले सीतालाई पीडाले ज्यादै सताएको, बाबु नभएकोले छोरो कुलतमा फसेको, छोरीले पढाइ छोडेर रेष्टुराँमा शरीर बेचेर पैसा कमाउन थालेको, यस्ता घटनाले असह्य भएर सीता आत्महत्या गर्न हिडे पनि परिवारको उत्तरदायित्त्व बोधले उसलाई फर्काएको, एक किसिमले सीता बौलाही जस्ती भएर जसलाई भेटे पनि आफ्नो श्रीमान्को बारेमा सोधेको, देशका नेताहरूले लोकतन्त्र, प्रजातन्त्र र गणतन्त्र ल्याउने कुरा गरे पनि आफ्नो लोग्ने खोजी दिन नसकेकोमा आक्रोस व्यक्त गरेको, यस्तो अवस्थामा छिमेकीहरूले सीतालाई नचिने जस्तो गरेको, नातागोता सहयोग गर्नु पर्ला भनी परपर सरेको, सपनामा नै सीताले लोग्ने खोज्न भौंतारिएको, बर्बराएको, लोग्नेको अनुहार सर्पमा बदलिएको त्यो सर्पले सीतालाई डस्न खोजेको, सीता

---

[४४] ऐजन, पृ. ११७ ।

बिउँझेको अनि डरलोग्दो अन्धकारले ढाकेको, आदि । सीताले यतिका कुरा बताएपछि 'म' पात्रलाई बोल्न अनुरोध गर्नु, 'म' पात्रको मुखमा बलियो पट्टि बाँधिएको हुनु, हातमा नेल र हत्कडी हुनु, सीता जोडले कराउँनु अनि 'म' पात्र पनि आत्तिएर बिउँझिनु जस्ता घटनाले यस कथाको संयोजन भएको छ ।

म पात्रले देखेको सपनामा सीताले आफ्नो सबै जीवन वृत्ति भन्नु र सीताले पनि सपनामा नै 'म' पात्रलाई कथा भनेको अनुभूति गर्नु जस्तो नवीन शैलीको प्रयोग यस कथामा गरिएको छ । यहाँ युगीनद्वन्द्व, पीडाको यथार्थलाई स्वैरकल्पनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ५.२३.२ पात्र/चरित्र विधान

यस कथामा सीता, 'म' अर्थात् राम, सीताका छोराछोरी, सीताको श्रीमान्, अपहरणकारीहरू पात्रका रूपमा आएका छन् । यहाँ आएकी सीता प्रमुख पात्र हो भने 'म' सहायक पात्रका रूपमा आएको छ । अन्य सबै पात्रहरू गौण रूपमा रहेका छन् ।

#### ५.२३.२.१ सीता

महिला देखापरी, परिचय दिई जस्ता स्त्रीलिङ्गी क्रियापद सीताको लागि प्रयोग गरिएको हुँदा लिङ्गका आधारमा सीता स्त्री पात्र हो । सीताको जीवनवृत्ति नै कथामा आएको छ र सीता कथाको आदिमध्यान्त उपस्थित भएकी हुनाले कार्यका आधारमा प्रमुख पात्र हो । सीताले कुनै त्यस्तो खराब कार्य गरेको नदेखिएको हुँदा प्रवृत्तिका आधारमा सीतालाई अनुकूल पात्रका रूपमा लिन सकिन्छ । सुरुकी विक्षिप्त अवस्थाकी सीता अन्त्यसम्म नै त्यही रूपमा रहनु र उसको जीवनमा कुनै परिवर्तन नआएको हुँदा स्वभावका आधारमा गतिहीन पात्रका रूपमा लिन सकिन्छ । द्वन्द्वमा लोग्ने अपहरण परेर द्वन्द्वको पीडा भोग्न विवश नारीको प्रतिनिधित्व गरेकी हुँदा जीवन चेतनाका आधारमा वर्गगत पात्रका रूपमा लिन सकिन्छ । कथामा प्रत्यक्ष घटनामा सहभागी हुनु अनि कथाबाट सीतालाई हटाइदिंदा कथाको संरचना नै नबन्ने हुँदा आसन्नताका आधरामा मञ्चीय र आबद्धताका आधारमा बद्धपात्र हो ।

कथाकी प्रमुख नारी चरित्र सीता एक विक्षिप्त, असामान्य नारी चरित्रका रूपमा उपस्थित भएकी छे । आफ्नो लोग्ने अपहरण भएपछि उसको मनस्थिति विचलित भएको अनि ऊ विक्षिप्त अवस्थामा पुगेकी छे । सपनामा लोग्नेको अनुहार देख्नु, कराउनु, बर्बराउनु अनि त्यो लोग्नेको अनुहार सर्पमा बदलिनु अनि त्यसले उसलाई डस्न खोज्नु, सीता भागेर पोखरीमा डुब्नु अनि सर्प हराउनु जस्ता घटनाले सीतामा अतृप्त अवस्थामा रहेको यौनकुण्ठा र त्यसको पूर्तिको चाहना रहेको पाउन सकिन्छ । यस्तो द्वन्द्वको पीडा भोग्ने विक्षिप्त नारी चरित्र सीता आत्महत्या गर्न जान खोज्दा पारिवारिक उत्तरदायित्त्व बोधले गर्दा मर्न नसकी फर्किएकी छे । त्यसैले उसमा जीवनमूल प्रवृत्ति र मृत्युमूल प्रवृत्तिको द्वन्द्व भए पनि जीवनमूल प्रवृत्तिले नै जितेको देख्न सकिन्छ । यसरी यस कथामा आएकी सीता द्वन्द्वजन्य पीडा, सन्त्रास भोग्न विवश नारी चरित्र हो । फ्रायडको स्वप्न सिद्धान्त अनुसार यथार्थ जीवनका भोगाइको प्रतिकृति नै स्वप्न हो भन्ने पुष्टि सीताले देखेको सपनाबाट स्पष्ट हुन्छ ।

अन्य पात्रहरूमा यस कथामा आएको 'म' अर्थात् रामको भूमिका पनि उल्लेखनीय छ। 'म' पात्रले देखेको सपनामा नै सम्पूर्ण घटना आएका छन्। 'म' पात्र सीताको खोजीमा हिड्नु, जताततै सीता नै देख्नु अनि सपनामा समेत एउटी सीता आएर आफ्ना पीडा व्यथाका कथा पोख्नुजस्ता घटनाहरू 'म' पात्रसँग सम्बन्धित भएका छन्। सीताका कथा, व्यथालाई 'म' पात्रले सुनी मात्रै रहेको अनि अन्त्यमा केही बोल्न सीताले आग्रह गरेपछि बोल्न खोज्दा आफ्नो मुखमा पट्टि बाँधिएको हुनु अनि 'म' पात्र बिउँझिनासाथ कथाको अन्त्य भएको छ। त्यसैले मञ्चीय आबद्धतामा बद्ध पात्र हो।

सीताका छोराछोरीको भूमिका गौण रहेको छ। उनीहरू कथाको बीचमा उपस्थित भएर बीचमा नै हराए पनि एउटा एउटा उद्देश्य व्यक्त गर्न कथामा उपस्थित भएका छन्।

### ५.२३.३ सारवस्तु

यस कथाको सारवस्तु कथाकी प्रमुख नारी चरित्र सीताको असामान्य चरित्रको विश्लेषण गर्नु नै हो। यसका साथै नेपालको द्वन्द्वपूर्ण स्थितिलाई यथार्थरूपमा देखाउनु पनि यस कथाको सार रहेको छ। आफ्नो यौवन अवस्थामा लोग्नेको अपहरण भएपछि श्रीमतीको इच्छा, आकांक्षा कुण्ठित भएर सीता असामान्य अवस्थामा पुगेको यथार्थता सपनामा आफ्नो श्रीमान्‌को अनुहार सर्पमा परिणत हुनुले सीताको यौन चाहना तीव्र रहेको थाहा हुन्छ। बाबु आमाको राम्रो रेखदेख हुन सकेन भने छोराछोरी नराम्रो कुलतमा लाग्छन् भन्ने कुराको पुष्टि सीताका छोराछोरीको क्रियाकलापबाट थाहा हुन्छ। समाजका विकृति, विसङ्गति, छाडातन्त्र, द्वन्द्व, त्रास, भयावह आदिलाई स्वैरकल्पनात्मक रूपमा प्रस्तुत गर्नु नै यस कथाको सार रहेको छ।

### ५.२३.४ दृष्टिविन्दु

यस कथामा 'म' पात्रले सपनामा देखेका घटनालाई कथाको कथानक बनाइएको यसका लागि प्रथम पुरुष, एकवचन, सर्वनाम 'म' नै प्रयोग गरिएको हुँदा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ। यस कथाको समाख्याता भने सीता रहनु अनि सीताको मानसिक चरित्रको विश्लेषण गर्ने यस कथाको मुख्य उद्देश्य रहेको हुँदा कथामा 'म' पात्रको भूमिका तटस्थ रहेको छ। त्यसैले आन्तरिक दृष्टिविन्दुमा पनि परिधीय आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ।

### ५.२३.५ परिवेश

'म' पात्रले सीताको खोजीका क्रममा ठमेल, बानेश्वर, कलंकी, आदि ठाउँ पुगेको साथसाथै होटेल, रेस्टुरेन्ट, डान्सघर, कम्पनी, एजेन्ट आदिको उल्लेख हुनुले यस कथाको मुख्य कार्यपीठिका काठमाडौं रहेको छ। 'म' पात्रले सीताको खोजीका क्रममा पोखराको फेवाताल वरिपरी घुमेको उल्लेख गरिएको छ। त्यसैले कथामा सहरिया परिवेश रहेको छ। समयका दृष्टिले 'म' पात्रले सपनामा देखेका घटना एकरातमा सकिएका तर सपनामा आएकी सीताका घटना भने लामो समयदेखि घटेका देखाइएको छ। यस कथाले माओवादी जनयुद्धको समय र त्यसले निम्त्याएको सङ्कटकाललाई संकेत गरेको छ। सीताका विक्षिप्त, पीडा, व्यथा, बर्बराहट, देखाएर सीताको असामान्य मनस्थितिको उद्‌घाटन गर्न खोज्नु यसमा आएको आन्तरिक परिवेश हो।

### ५.२३.६ रूपपक्ष

'म' पात्रले देखेको सपनामा सीताले आफ्नो सबै जीवनवृत्ति भन्नु र सीताले पनि सपनामा नै 'म' पात्रलाई भनेको अनुभूति गर्नु जस्तो नवीन शैलीका कारण यो कथा स्वैरकल्पनात्मक रूपमा अगाडि बढेको छ । कथामा सीताको आत्मलाप नै सबै रहेको र कथा आत्मलाप जस्तो देखिएको छ । त्यसैले कथाको रूपविन्यास पनि विवृत किसिमको रहेको छ । ५ पृष्ठमा संरचित यस कथामा लामा छोटा गरेर बीस अनुच्छेद रहेका छन् तर अनुच्छेद वितरणमा समानता देखिँदैन । कथामा सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्यहरूको प्रयोग गरिएको छ । यति भए पनि मिश्रवाक्यको प्रयोग ज्यादै कम रहेको पाउन सकिन्छ । कथामा तत्सम, तद्भव, आगन्तुक तीनै किसिमका शब्दको प्रयोग गरिएको छ । आगन्तुकमा पनि अंग्रेजी भाषाका शब्दले विशेष स्थान पाएका छन् । जस्तैः म्यानपावर, एजेन्ट, पर्स, इन्सपेक्टर आदि । स्वैरकल्पनात्मक शैलीको प्रयोग गरिएको यस कथामा सीताका आत्मलापहरू समेटिएको हुँदा आत्मलापीय शैली पनि पाउन सकिन्छ । यस कथामा आलङ्कारिक वाक्यहरू प्रयोग गरेर कथालाई विशिष्ट बनाउने काम गरिएको छ । जस्तैः 'आमा ! म हात्तीहरूलाई आफ्नो पर्समा राख्ने काम गर्छु ।'[४५] भित्तामा रहेको बिहेको फोटोले गिज्याइरहेझैं लाग्यो आदि । कथामा थुप्रै प्रतीकहरूको प्रयोग गरिएको छ । जस्तै माथिको "आमा ! ..... काम गर्छु" मा आएको हात्तीले लोग्नेमान्छेको लिङ्गलाई अनि पर्सले स्त्री जातिको योनीलाई सङ्केत गरेको छ र सीताकी छोरीले आफ्नो देहव्यापार गरेको कुरा प्रतीकात्मक अर्थमा व्यक्त गरिएको छ । त्यस्तै सर्प, मुखमा पट्टि, हातमा हत्कडी, जङ्गली आदि शब्दले पनि प्रतीकात्मक अर्थ प्रदान गरेका छन् । यस्ता प्रतीकात्मक शब्द र वाक्यको प्रयोग गरी कथालाई कलात्मक बनाइएको छ । कथाका केही वाक्यहरूमा (...) बिन्दु चिह्न प्रयोग गरेर पाठकलाई स्वतन्त्र रूपमा सोच्ने स्वतन्त्रता प्रदान गरिएको छ ।

## ५.२४ 'सीताहरू – चौवीस' कथाको विश्लेषण

सीताहरू-चौवीस कथा परशु प्रधानको बाह्रौं कथा सङ्ग्रहका रूपम प्रकाशित **सीताहरू** (२०६४) मा सङ्गृहीत पच्चीस ओटा कथाहरू मध्ये एक हो । यस कथामा कथाकी पात्र सीताको मानसिक सन्तापमा बाँच्न विवश नारीको यथार्थ भोगाइलाई प्रस्तुत गरिएको छ ।

### ५.२४.१ कथानक

सीताको दैनिकी 'म' पात्रले भेटेर पढेको सन्दर्भबाट यो कथाको कथानक अगाडि बढेको छ । सीता बिहान उठ्नु दैनिक क्रियाकलाप गर्नु, सीताले बिगत सम्झिनु, सीताका दुई छोरीहरू हुनु, तराईमा आएपछि पेट र पाउको सङ्कट समाप्त भए पनि मन र मस्तिष्कको आन्दोलन भईरहनु, सीताले लोग्नेबाट कहिल्यै पनि लोग्नेको मायाँ र मीठो बोली नपाउनु, सीताको विवाह गर्ने इच्छा नहुँदा नहुँदै हजुरबुवाको नातिको मुख हेर्ने रहरले गर्दा विवाह गर्नुपरेको लोग्नेलाई बताउनु, सीताको लोग्नेको रक्सी खाने बानी हुनु, सीताका लेख-रचनाहरू पत्रपत्रिकामा छापिनु, त्यो देखेपछि सीताको श्रीमान्‌को इर्ष्याग्रन्थि प्रबल भएर आउनु, छोरीको रिजल्ट नराम्रो आउँदा

---

[४५] ऐजन, पृ. १२३ ।

पनि श्रीमान्ले सीतालाई गाली गर्नु, अमेरिकामा सीताको कुनै कथा पत्रिकामा छापिनु, सीतालाई अमेरिकाबाट एउटा इमेल आउनु, यसले गर्दा श्रीमान्-श्रीमतीको महिनादिनसम्म बोलचाल नहुनु, सीताको श्रीमान्लाई एउटा भ्रम हुनु, त्यो भ्रम सीताकी काकाकी छोरी बहिनीलाई देखाएर सीताको विवाह गरिदिएको तर यथार्थ त्यो नहुनु, यस्तो अवस्थामा पनि सीता आफ्नो गोरेटोमा हिडिरहनु जस्ता घटनाहरूले यस कथाको कथानक संयोजन भएको छ ।

दैनिकी भरि सीताका कथा, व्यथा र मानसिक सन्तापहरू मात्र छन् र असन्तुष्टिका धेरै अभिव्यक्तिहरू छन् । यसरी यहाँ एउटी शिक्षित नारीको मानसिक पीडाबोध र मनोदशा देखाइएको छ ।

### ५.२४.२ पात्र/चरित्र विधान

'सीताहरू-चौवीस' कथामा सीता र 'म' पात्र प्रत्यक्ष रूपमा आएका छन् भने सूच्यात्मक रूपमा सीताको श्रीमान्, छोरीहरू, सीताको हजुरबा आदि पात्रहरू रहेका छन् ।

### ५.२४.२.१ सीता

सीताको श्रीमान्को चर्चा हुनु अनि चालीस बर्षकी भएँ भन्ने स्त्रीलिङ्गी क्रियाको प्रयोग सीताका लागि गरिएको हुँदा सीता स्त्री पात्र हो । सीताका पीडा, संवेदना, आक्रोस, कथा, व्यथा नै यस कथाका लागि सामग्री भएका हुँदा कार्यका आधारमा प्रमुख पात्र हो । कथामा सीताले कुनै नकारात्मक कार्य गरेको नदेखिनुले प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । सीताको व्यवहारमा कुनै परिवर्तन आएको छैन, लोग्नेको त्यस्तो व्यवहारमा पनि विद्रोह गरेकी छैन र मनभित्रै आफ्ना पीडा, व्यथा राखेर साहित्यको माध्यमबाट व्यक्त गरेकी हुँदा स्वभावका आधारमा गतिहीन पात्र हो । पुरुषद्वारा पीडित मानसिक सन्तापमा बाँचेकी विवश नारीको प्रतिनिधित्व गरेकी हुँदा जीवनचेतनाका आधारमा वर्गगत पात्र हो । कथामा प्रत्यक्ष घटनामा उपस्थित हुनु अनि कथाबाट सीतालाई हटाउँदा कथाको संरचना नै बिग्रिन जाने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा आएकी नारीपात्र सीता एक साहित्यकारका रूपमा उपस्थित छे । विवाह गरेदेखि नै श्रीमान्को मायाँ र मीठो बोली नपाएकी सीता मानसिक सन्तापमा बाँच्न विवश रहेकी छे । लोग्नेले बाझ्ने हिसावमा अमेरिका कहिले जाने ? जाँदा हुन्छ भन्दा बाह्य रूपमा द्वन्द्व ल्याउन उचित होइन भनेर मुख बाँध्नुले उसभित्र आन्तरिक रूपमा प्रशस्त द्वन्द्व रहेको थाहा पाउन सकिन्छ । जस्तोसुकै कार्य गर्दा पनि नकारात्मक प्रतिक्रिया पाएपछि आत्महत्या गर्ने सोच लिए पनि छोरीहरूको उत्तरदायित्त्वबोधले गर्दा उसले आत्महत्या गरेकी छैन । आफ्ना साहित्यिक रचना प्रकाशित हुँदा श्रीमान्बाट प्रशंसा पाउनुको साटो झन पीडा पाएकी छे । यस्तो श्रीमान्को व्यवहारमा पनि सीताले 'मेरा अर्थपूर्ण पाइलाहरू हिँडिरहनेछन् ... अगाडि बढिरहने छन् ...।'[४६] जस्ता वाक्य प्रयोग गर्नुले ऊ एक संघर्षशील नारी हो भन्न सकिन्छ । लोग्नेको प्रताडना भोगेकी सीता बाहिर त्यसको विरोध नगरी भित्रभित्रै जलेकी छे । अनि साहित्यका माध्यमबाट त्यसको

[४६] ऐजन, पृ. १३०।

प्रस्फुटन गरेकी हुँदा ऊ अन्तर्मुखी स्वभाव भएकी नारी पात्रका रूपमा उपस्थित छे । सीता लोग्नेद्वारा इर्ष्या गरिएकी, माया, ममता र सहयोग नपाएकी अनि मानसिक सन्तापको शिकार भएकी नारी चरित्रका रूपमा कथामा उपस्थित छे ।

### ५.२४.२.२ सीताको श्रीमान्

सीताको श्रीमान् सहायक पुरुष पात्र हो । कथामा आफ्नी श्रीमतीलाई माया ममता दिन नसक्ने अनि आफ्नी श्रीमती सीताको इर्ष्या गर्ने कार्य उसले गरेको छ । इर्ष्याले गर्दा सीतासँग महिनौ महिना नबोलेको कारण कथामा प्रतिकूल रूपमा उपस्थित भएको छ । आफ्नो स्वभावमा कहीं कतै परिवर्तन नगर्ने ऊ गतिहीन पात्र हो । आफ्ना मनभित्रै कुरा राख्ने र आफ्नी श्रीमतीको प्रगतिमा रमाउन नसक्ने व्यक्तिगत पात्र हो । उसको स्वभाव अन्तर्मुखी रहेको छ । आसन्नताका आधारमा कथामा प्रत्यक्ष उपस्थित नभएको हुनाले नेपथ्य पात्र हो कथाबाट उसलाई हटाइदिंदा कथाको संरचना विग्रिन जाने हुनाले आबद्धताका आधारमा बद्ध पात्र हो । आफ्नी श्रीमतीको प्रगतिमा भित्रभित्रै ऊ जलेको छ । फ्रायडको सिद्धान्त अनुसार यहाँ सीताको लेखकीय व्यक्तिको प्रशंसाबाट सीताको लोग्नेमा इर्ष्याग्रन्थि प्रबल भएर जागेको छ । तसर्थ ऊ असामान्य मनस्थिति भएको पात्र हो ।

कथामा आएका अन्य पात्रहरू गौण रूपमा उपस्थित भएका छन् तिनीहरूको भूमिका कथामा खासै देखिंदैन ।

### ५.२४.३ सारवस्तु

सीताको असामान्य मानसिक अवस्थाको विश्लेषण गर्नु नै यस कथाको सार रहेको छ । एउटा असाहित्यिक मान्छे साहित्यिक मान्छेको अर्थात् उन्नति र प्रगतिको कसरी इर्ष्या गर्दो रहेछ भनेर देखाउनु पनि यसको उद्देश्य हो । मान्छेलाई कुनै पीडा, व्यथा, वेदना आयो भने साहित्यका माध्यमबाट त्यसलाई शान्त पार्न सक्छ भन्ने कुरा पनि सीताका माध्यमबाट देखाइएको छ। यसका साथै नेपालको तात्कालीन महङ्गी, अभाव, गरिबी अवस्थाका साथै राष्ट्रका नेताहरूको कार्यहरूलाई पनि व्यङ्ग्य प्रहार गरिएको छ । यसरी यहाँ एउटी शिक्षित नारीको पीडाबोध र मनोदशालाई देखाएर मानसिक सन्तापमा बाँचेकी नारीको यथार्थतालाई देखाउनु नै यस कथाको सार रहेको छ ।

### ५.२४.४ दृष्टिविन्दु

यो कथा सीताको डायरी 'म' पात्रले पढ्न सुरु गरेबाट अगाडि बढेको छ । डायरी पढ्न पनि 'म' पात्रले सुरु गर्नु अनि डायरीमा पनि सीताका व्यक्तिगत कुरा आफ्नै भएर प्रस्तुत भएका हुनाले यस कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथामा प्रथमपुरुष, एकवचन सर्वनाम 'म' को प्रयोग गरी कथा अगाडि बढेको छ । कथामा आएको 'म' पात्र आधार मात्र भएको र यसमा सीता र उसको श्रीमान्को मनोविश्लेषण गर्ने उद्देश्य रहेको छ । कथामा 'म' पात्र तटस्थ रहेको हुनाले परिधीय आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.२४.५ परिवेश

यस कथामा सीताले तराईको यस सहरमा आएदेखि पेट पाउको सङ्कट समाप्त भयो भनी उल्लेख गरेकी छे । सीताको श्रीमान् मोटरसाईकल चढेर बाहिर निस्केको उल्लेखले यस कथाको कार्यस्थल तराईको कुनै एक सहर नै हो भन्न सकिन्छ । यस कथामा आएका घटनाहरू सीताको बिहे भएको २ दशक भईसक्यो भनेर सीताले उल्लेख गरेकी हुँदा २० वर्षका पीडा व्यथा कथामा समेटिए पनि सीताले एक रातमा लेखेको डायरीमा नै यस कथाले ओगटेको समय समाप्त भएको छ । २०६३ वैशाख १ गतेको डायरी भएको हुँदा त्यसपछि नै यस कथाको लेखन भएको हुनुपर्छ । सीता साहित्यकार अनि सीताको श्रीमान् अफिस जानुले यहाँका पात्रपात्रा शिक्षित रहेको थाहा पाउन सकिन्छ । सीताको श्रीमान्ले इन्टरनेटमा विभिन्न देशका मान्छेसँग च्याटिङ गरेको अनि नाङ्गा तस्बिरहरू हेरेको उल्लेखले उत्तरआधुनिक युगले ल्याएको इन्टरनेट सुविधाको पनि प्रयोग गर्नु धेरै अगाडि बढेको समाज यहाँ उपस्थित छ ।

आन्तरिक परिवेशमा सीताको मनमा आएका, मानसिक, सन्ताप, छट्पटी, द्वन्द्व, अनि सीताको लोग्नेमा भएको इर्ष्या, द्वेष, हीनताभाव आदिले पात्रको मानसिक अवस्थाको विश्लेषण गरिएको छ ।

### ५.२४.६ रूपपक्ष

अन्त्यबाट सुरु भएको यो कथा पूर्वस्मृतिका रूपमा आएको छ । कथामा आएका घटनाहरू व्यतिक्रमिक रूपमा आएका छन् । यस कथामा आएका घटना आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि नबढी व्यतिक्रमिक रूपमा आएका छन् । यो कथा डायरी शैलीमा लेखिएको हुनाले विशिष्ट किसिमको रहेको छ । त्यसकारण यस कथाको रूपविन्यास विवृत किसिमको रहेको छ । ५ पृष्ठमा फैलिएको यस कथालाई १९ ओटा अनुच्छेदमा विभाजन गरिएको छ । त्यति लामा अनुच्छेद नभएका कारण यस कथाको आयाम छोटो रहेको मान्न सकिन्छ । सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्यको प्रयोग गरिएको भए पनि सरल र संयुक्त वाक्यको नै आधिक्यता पाउन सकिन्छ । तत्सम, तद्भव र आगन्तुक तीनै किसिमका शब्दको प्रयोग गरिएको छ । यस कथामा आएका आगन्तुक शब्दमा अंग्रेजी शब्दले निकै स्थान पाएका छन् । जस्तैः नेगेटिभ, हेप्पी न्यू इयर, रिजल्ट, टिचर, टेन्सन जस्ता शब्दहरू प्रयोग भएका छन् तर तिनीहरूले अर्थबोधमा बाधा भने पारेका छैनन् ।

डायरी शैलीमा लेखिएको यो कथा व्यतिक्रमिक ढाँचामा अगाडि बढेको छ । “कहाँ कसलाई भन्न  जाने, यो अन्धा र बहिराको राष्ट्रमा, उहाँकोमुखबाट बोली निस्किनु भनेको पश्चिमबाट घाम उदाउँनु जस्तो हुन्छ’, ‘आज म भित्रको ज्वालामुखी विस्फोट भएको छ’ आदि जस्ता आलङ्कारिक वाक्यहरू कथामा प्रशस्त प्रयोग गरिएको हुनाले यस्ता वाक्यहरू भित्र नै विशिष्ट अर्थहरू खोज्नुपर्ने हुन्छ । यस कथामा बिम्ब र प्रतीकहरूको उल्लेख्य प्रयोग नभए पनि आलङ्कारिक वाक्यमा आएका केही शब्दहरू नै प्रतीकात्मक अर्थ प्रदान गर्न सफल छन् । केही वाक्यहरूमा (...) विन्दु चिह्न प्रयोग गरेर पाठकलाई स्वतन्त्र रूपमा अर्थ्याउने स्वतन्त्रता समेत कथाकारले कथामा प्रस्तुत गरेका छन् ।

### ५.२५ 'सीताहरू पच्चीस' कथाको विश्लेषण

'सीताहरू पच्चीस' कथा २०६३ साल फाल्गुण महिनाको 'शारदा' पत्रिकामा सर्वप्रथम प्रकाशित भएको कथा हो । पछि परशु प्रधानको बाह्रौं कथासङ्ग्रहका रूपमा प्रकाशित कथासङ्ग्रह **सीताहरू** (२०६४) भित्र सङ्गृहीत पच्चीस ओटा कथाहरू मध्ये एक हो । यस कथामा नारीवादी स्वरको एउटा चरम प्रवृत्तिलाई कथामा आएका नारीपात्र सीता र रीताका माध्यमबाट प्रस्तुत गरिएको छ ।

#### ५.२५.१ कथानक

पूर्वस्मृतिमा लेखिएको 'सीताहरू-पच्चीस' कथा एक यौनकेन्द्री कथा हो । बाहिरी कथाका रूपमा तीस वर्षकी नर्स सीताको आफ्नी ज्यादै मिल्ने घनिष्ट साथी रीताको पैसठ्ठी वर्षीय बूढो व्यापारीसँग बिहे गरेको खबर 'कान्तिपुर' पत्रिकामा छापिएको छ । यस समाचारले सबैलाई सनसनी बनाएको छ । कान्तिपुरमा छापिएको यो समाचार पश्चकथाका रूपमा रहेको छ भने पूर्वकथाका रूपमा साथीको त्यो बूढो बाबुसँग सीताले बिहे गर्नुपर्ने कारणहरू सहितका घटनाहरू समेटिएका छन् । पूर्वकथाका रूपमा आएका घटनाहरू यसरी अगाडि बढ्छन् । सानैदेखि सीता र रीता ज्यादै मिल्नु, उनीहरूले सँगसँगै स्कुलको अध्ययन पुरा गरी एल.एल.सी. पास गर्नु, उनीहरूको रुचि भने फरक-फरक हुनु, सीता नर्सिङ पढ्न थाल्नु रीता लेखा पढ्नु तर उनीहरूको सम्बन्धमा बिचलन नआउँनु सानैदेखि रीता र सीतामा स्वाभिमान र आत्म सम्मानको आगो हुनु, लोग्ने मान्छेले स्वास्नीमान्छेप्रति राख्ने धारणा र परम्परावादी सोचका दुवैजना विरोधी हुनु, स्कुलमा केटाहरूले जिस्क्याउँदा रीताले पुरुषका खेलौंना, विक्रीका वस्तु होइनौं भन्दै कुनै एक केटालाई स्याण्डिलले हिर्काउनु, रीतालाई विवाहका लागि माग्न कुनै डाक्टर आउनु, रीताले नमान्नु, रीताकी आमाले सीतालाई आफ्नी साथीलाई सम्झाइदेऊ भन्नु, रीताले पुरुषसँग कहिल्यै विवाह नगर्ने घोषणा गर्नु, रीता र सीता आलोपालो गर्दै कुनै दिन सीता कहाँ कुनै दिन रीता कहाँ सुत्नु, एकरात सीता रीताको घरमा सुतेका बेला रीताले सीताको यौनाङ्ग खेलाउनु, उसले पुरुषविना पनि बाँच्न सकिन्छ भन्नु, रीताकी आमाको मृत्यु हुनु, रीताको बाबु रोगी भएका कारण हेरविचारका लागि सीतापनि संलग्न हुनु, सीता रीताकहाँ सुत्दा हरेक रात रीताले सीताको स्तन माड्ने, योनी चाट्ने, म्वाई खाने र यौनकार्य गर्ने आदि कार्य गर्नु, यसलाई निरन्तरता दिन रीताले आफ्नो बूढो बाबुसँग सीताको विवाह गर्ने योजना बनाउँनु अनि सीता र बुढोको आधुनिक ढङ्गले मिडियालाई बोलाएर भव्य रूपमा विवाह हुनुजस्ता घटनाहरूले 'सीताहरू-पच्चीस' कथाको कथानकको संयोजन भएको छ ।

यस्तै घरमा बसेर सीता र रीताका बीच यौन सम्बन्ध रहेपनि उनीहरू वैधानिक रूपमा एउटै परिवारको सदस्य बनेर आफ्नो समलैङ्गिक सम्बन्धलाई मजवुत पार्ने रीताको प्रयत्नमा कथावस्तु गतिशील बनेको छ ।

### ५.२५.२ पात्र/चरित्र विधान

'सीताहरू पच्चीस' कथामा उपस्थित पात्रहरूमा सीता, रीता, रीताका बाबु आमा, सीताकी आमा, क्याम्पसको केटो कृष्णराम आदि रहेका छन् । सीता र रीता प्रमुख पात्रहरू हुन भने अन्य पात्रहरू गौण रूपमा कथामा उपस्थित भएका छन् ।

### ५.२५.२.१ सीता

तीस वर्षीया शिक्षित युवती भनेर कथामा उल्लेख गरिनुले सीता स्त्री पात्र हो । कथाका घटनाहरू सीता र रीतासँग सम्बन्धित रहेको अनि रीतासँगका यौनिक क्रियाकलापमा सीता नै सहभागी भएकी छे । यसका साथै कथाको आदिमध्यान्त सीता रहेकी हुँदा कार्यका आधारमा सीता प्रमुख पात्र हो । सीता परिस्थितिलाई स्वीकार्न र आत्मसात् गर्न सक्ने खुवी भएकी पात्र हो । कथामा सीताले गरेका क्रियाकलापलाई नकारात्मक रूपमा लिन नमिल्ने हुनाले प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । सीता शिक्षित सचेत नर्स हो । उसलाई समाज एक सङ्गतिहीन व्यवस्था जस्तो लाग्छ । यति हुँदाहुँदै पनि यस कथाका विभिन्न निर्णायक मोडहरूमा सीताले आफ्ना विचार र धारणाहरू स्पष्ट भन्ने हिम्मत गर्न सकेकी नभए पनि परिवर्तनकारी सोच भएकी सीता स्वभावका आधारमा गतिशील पात्र हो । सीताले गरेका क्रियाकलाप नितात व्यक्तिगत भएका हुँदा जीवन चेतनाका आधारमा व्यक्तिगत पात्र हो । कथाका घटनामा दृश्यात्मक रूपमा भएकी सीता कथाबाट हटाईदिने हो भने कथाको संरचना नरहने हुनाले आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

कथामा उपस्थित भएकी सीता अन्तर्मुखी स्वभाव र नारी सुलभ गुण युक्त पात्र हो । सीता कथामा भावुक, कोमल तथा सहनशील नारी पात्रका रूपमा उपस्थित छे । परिस्थितिलाई स्वीकार्न, आत्मसात् गर्न सक्ने खुबी भएकी पात्र हो । तर उसले कतै पनि निर्णय लिन, खुलेर व्यक्त हुन सकेको देखिंदैन । पहिलो पटक रीताले उसको शरीरमा स्पर्श गरेर यौनेच्छा जागृत गराए पनि उसमा आएको बेचैनी, छट्पटी र द्विविधाको अनुभूति हुनुले उसको विवशतालाई जनाउँछ । ऊ रीतासँग प्रतिवाद गर्न सक्दिन र रीतालाई कुनै किसिमको तनाव दिन चाहँदिन भन्ने कुरा उसको व्यवहारले देखाउँछ । 'रीताले तिमीबिना बाँच्न सक्दिन' भन्दा ऊ केही नबोल्नु, 'बाबुसँग तिमीले बिहे गर्नुपर्ने भयो' भन्दा ऊ आफैभित्र छट्पटिनु र अल्मलिनु जस्ता क्रियाहरूले सीताको स्वैच्छिक स्वतन्त्रता धमिलिएको जस्तो देखिए तापनि तुरुन्तै ती प्रस्तावहरूको स्वीकार गर्नुबाट उसमा पनि केही न केही मात्रामा समलैङ्गिक चेतनाको प्रवृत्ति रहेको पुष्टि हुन्छ । सीताले अगाडि आएका हरेक समस्याको समाधान गर्न महत्त्वपूर्ण भूमिका खेलेकी छे । हरेक निर्णय र परिस्थितिलाई आत्मसात गरेकी छे । त्यसैले सीतालाई भावुक, धैर्यशील, सहनशील नारी पात्रका रूपमा लिन सकिन्छ ।

### ५.२५.२.२ रीता

आइरहन्थी, सुत्ने गर्थी जस्ता स्त्रीलिङ्गी क्रियापदहरू रीताका लागि प्रयोग गरिएको हुँदा रीता स्त्री पात्र हो । परिस्थितिमा लिचलित नहुने, समाजमा देखापर्ने अश्लीलता र पुरुष शोषण

विरुद्ध लड्न आफ्नी साथी सीतालाई घच्घच्याइरहने रीताको भूमिका महत्त्वपूर्ण भएको हुनाले कार्यका आधारमा प्रमुख पात्र हो । पुरुषवादी शोषण दमन विरुद्ध सशक्त रूपमा उत्रने र एक्काइसौं शताब्दीको खुलापनलाई आत्मसात् गर्ने रीता प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । समय र परिस्थिति अनुसार परिवर्तन चाहने रीता गतिशील पात्र हो । रीताका क्रियाकलाप नितान्त भिन्न भएको हुनाले जीवन चेतनाका आधारमा व्यक्तिगत पात्र हो । कथाका घटनामा दृश्यात्मक रूपमा उपस्थित भएकी रीतालाई कथाबाट हटाउँदा कथाको संरचना नै निर्माण नहुने हुँदा मञ्चीय र बद्ध पात्र हो ।

क्रान्तिकारी विचार प्रस्तुत गर्ने एक्काइसौं शताब्दीको खुलापनलाई आत्मसात् गर्ने एक विद्रोही पात्र हो । उसको स्वभाव, रुचि पुरुषसँग मिल्दोजुल्दो छ । पोसाक सर्ट, पेन्ट लगाउन मन पराउँने शृङ्गारमा पटक्कै रुचि नभएकी र नारीसुलभ लज्जाबाट बिमुख पात्र हो । जिन्दगीमा आएका हरेक चूनौति र समस्यालाई हाँक दिन सक्ने क्षमता भएकी ऊ पुरुषजातिलाई आफ्नो प्रतिद्वन्द्वीका रूपमा हेर्छे, हामी ‘सेकेन्ड सेक्स होइनौं फस्ट सेक्स हौं र हुनुपर्छ’ भन्ने मान्यता बोकेकी रीताको सोच क्रान्तिकारी, निर्भयी र पुरुषप्रति आक्रात्मक रहेको छ । कथामा आएकी सीतामा समलैङ्गिक भावना जागृत गर्नका लागि प्रेरक भएर देखिएकी छे । यौन पाशविकताको समेत प्रकटीकरण गर्ने रीताको क्रमशः सीताप्रति आशक्ति हुँदै जानु, दिनहुँ सीताको शरीरसँग खेल्नु, सीताबिना बाँच्न नसक्ने स्थितिमा पुग्नु, समलैङ्गीय जीवन अपनाउने निर्णय गर्नु र आफ्नो सम्बन्धलाई सुगम र अनुकूल बनाउन सीताको विवाह आफ्नै बूढो बाबुसँग गरिदिनु जस्ता कार्य गरेकी हुनाले रीतामा समलैङ्गिक प्रवृत्ति सशक्त रहेको पुष्टि हुन्छ ।

अन्य पात्रहरूमा रीताको बूढो बाबुको गौण भूमिका रहेको छ । आफ्नो ६५ वर्षे उमेरमा पनि सीतासँग विवाह हुने भएपछि उसमा आएको मादकता कामुकता, रङ्गभावनाले पुरुषले महिलालाई हेर्ने अनि पुरुष वासना वा आक्रामकता देखिएको छ । रीताकी आमा र सीताकी आमा परम्परावादी सोच लिएका नारी पात्रका रूपमा कथामा देख्न सकिन्छ ।

### ५.२५.३ सारवस्तु

कथामा उपस्थित रीता र सीताको असामान्य मनोदशाको विश्लेषण गर्नु नै यस कथाको सार रहेको छ । पुरुषवादी संस्कारको इसारामा चलिरहेको समाजका सङ्कीर्ण सोचाइहरूलाई भत्काउन अग्रसर भएका रीता र सीताको माध्यमबाट नारीहरू यस संस्कारको विरुद्धमा आइरहेका छन् भनी सङ्केत गर्न खोजिएको छ । ६५ वर्षका बृद्धको विवाह भएपछि उसमा आएको मनोवैज्ञानिक परिवर्तनले पुरुष वासवना र आक्रामकतालाई पनि झल्काएको छ । यस कथामा नारीले पुरुषलाई त्याग्न सकेपनि यौन इच्छालाई दवाएर राख्न सक्दैनन् यो प्राकृतिक कुरा हो भनी पुष्टि गरिएको छ । ब्लु डाइमण्ड सोसाइटीसँग सीता र रीताको संलग्नताले नेपालमा पनि विश्वका धेरै मुलुकमा जस्तै समलैङ्गीय चेतना तीव्र हुन थालेको सङ्केत पाउन सकिन्छ ।

### ५.२५.४ दृष्टिविन्दु

सीताले कथाको सम्पूर्ण विषयको वर्णन कथामा ‘म’ पात्रका रूपमा उपस्थित भएर गरेकी हुनाले कथाकारको कथा प्रस्तुतिको जिम्मा पाएकी ‘म’ पात्र अर्थात् सीता नै यहाँ कथाकी

समाख्याता मानिन्छे । त्यसैले आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथामा 'म' पात्रका माध्यमले रीता लगायतको चरित्रको पहिचान गराउने कार्य गरिएको हुँदा प्रथमपुरष भित्र पनि केन्द्रीय दृष्टिविन्दु विधि अँगालिएको छ ।

### ५.२५.५ परिवेश

कथामा नयाँबानेश्वरको डाँडाको उल्लेख गरिएको हुँदा यस कथाको कार्यपीठिका नयाँ बानेश्वर वरपर रहेको पुष्टि हुन्छ । धेरैजसो घटनाहरू रीताको घरमा नै घटेका छन् अनि केही सीताको घरमा । रीताको बाबुको उपचार गराउँदा अस्पतालमा बसेको समेत उल्लेख छ । समयका हिसावले खासै उल्लेख नभए पनि रीता र सीताले पढ्दादेखि विवाह गर्न माग्न आउँदा सम्मका घटनाले यस कथाले खर्चिएको समय ६/७ वर्ष हुन सक्ने देखिन्छ । यसमा आएको समाज परम्परावादी समाज रहेको छ भने अर्कातिर उत्तरआधुनिक मान्यताले ल्याएका विचार र धारणालाई स्वीकार गर्ने समाज पनि कथामा पाउन सकिन्छ । कथामा उपस्थित पात्रहरू/शिक्षित र अशिक्षित दुवै किसिमका रहेका छन् । आन्तरिक परिवेशमा रीता र सीताको मनस्थितिको राम्ररी विश्लेषण गरिएको छ ।

### ५.२५.६ रूपपक्ष

पाठकलाई सम्बोधन गरेर लेखिनु, कथाको आन्तरिक र बाह्य सन्दर्भ छुट्टाछुट्टै हुनु अनि कथा अन्त्यबाट सुरु भएर अगाडि बढ्नुका साथै कथाका घटनाहरू बीच-बीचमा पनि व्यतिक्रमिक ढाँचामा अगाडि बढेका छन् । यसमा सीताको आत्मालापीय प्रस्तुतीकरण रहेको छ । त्यसैले यस कथाको रूपन्यािस विवृत किसिमको रहेको छ । १० पृष्ठमा फैलिएको यस कथामा ४५ अनुच्छेद रहेका छन् तर अनुच्छेद वितरणमा समानता भने पाईंदैन कथामा सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्यको प्रयोग गरिएको छ । तत्सम, तद्भव, आगन्तुक शब्दको प्रयोग गरिएको यस कथामा अंग्रेजी शब्दको निकै प्रयोग गरिएको छ । जस्तैः फैन्टेसी, हटन्यूज, सेक्स आदि । यस कथामा हिन्दी 'देखा जाएगा' भन्ने पदावली समेत प्रयोग गरिएको छ ।

सीता भन्ने पात्रको आत्मलापीय प्रस्तुतीकरण रहेको यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यस कथामा कथावस्तुमा दुई ओटा पक्षहरू रहेका छन् । अखवारमा प्रकाशित भएको घटनालाई बाह्य सन्दर्भका रूपमा लिन सकिन्छ भने अर्कोतर्फ आन्तरिक सन्दर्भको रूपमा कथाको केन्द्रीय वस्तु रहेको छ ।

कथामा थुप्रै आलङ्कारिक वाक्यको प्रयोग गरिएको छ । जस्तैः 'हामी दिनानु दिन एउटै बगैंचाका दुई फूल जस्ता, एउटा आकारका दुई तारा जस्ता भयौं', 'कुनै पोखरीमा ढुङ्गा हानेजस्तो अथवा कुनै मीठो आईस्क्रिम सुरूप सुरूप खाएजस्तो' आदि । कथामा आएका वाक्यमा थुप्रै व्याकरणात्मक विचलन गरिएको छ । जसले कथालाई विशिष्टता प्रदान गरेको छ । कथामा विभिन्न अर्थ व्यक्त गर्न प्रतीकात्मक शब्दहरूको प्रयोग गरिएको छ । 'सीता सुतेको बेला कालो छायाँ आएर ओठमा म्वाई खानुले' सीतालाई यौन चाहना रहेको सङ्केत पाउन सकिन्छ । 'म' अर्ध बेहोसीमा आएँ र त्यो माड्ने हातलाई समाएँ, त्यो हात एकदमै नरम थियो, कुनै फूलको थुँगा जस्तो" भनेर यौन आनन्दलाई सङ्केत गरिएको छ । बिजुलीको हलुका करेन्ट भनेर यौनको समयमा हुने अनुभव आवेगलाई प्रतीकात्मक अर्थमा व्यक्त गरिएको छ । यस्ता प्रतीकात्मक शब्द

र वाक्य कथामा थुप्रै छन् । कथाका वाक्यहरूमा ठाउँठाउँमा (...) विन्दु, चिह्न प्रयोग गरेर पाठकलाई स्वतन्त्र रूपमा विश्लेषण गर्ने स्वतन्त्रता समेत प्रदान गरिएको छ ।

## ५.२६ निष्कर्ष

परशु प्रधानद्वारा लिखित कथाहरूको सङ्ग्रह **सीताहरू** (२०६४) एक मनोवैज्ञानिक कथाहरूको सङ्ग्रह हो । यसमा पच्चीस ओटा कथाहरू सङ्गृहीत भएका छन् । मनोवैज्ञानिक कथासङ्ग्रह भएका कारण यस भित्रका कथाहरूमा कथानकलाई भन्दा चरित्र चित्रणलाई ध्यान दिइएको छ । छोटाछोटा आयाम भएका यस सङ्ग्रहका कथाहरूमा उपस्थित पात्रहरू सबै असामान्य चरित्रका रूपमा आएका छन् । यस कथासङ्ग्रहका कथामा कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमिक रूपमा अगाडि बढेका छैनन् । यस सङ्ग्रह भित्रका प्रत्येक कथाहरू क्रमिक र अन्वितियुक्त नभई व्यतिक्रमिक र अन्वितिमुक्त रहेका छन् । नेपाली साहित्यका कविता र आख्यानजस्ता विधामा विगत केही समयदेखि एउटै शीर्षकमा शृङ्खलाबद्ध लेखनको प्रवृत्ति देखिन थालेको र यसको समष्टि प्रयोगको नमुना **सीताहरू** कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा सङ्गृहीत कथाको शैलीमा पनि फरकता देखिन्छ । वर्णनात्मक, पत्रात्मक, डायरी, आत्मालापीय, संवादात्मक आदि शैलीको प्रयोग यस कथासङ्ग्रहका कथामा पाउन सकिन्छ । यथार्थभन्दा अझ पर गएर अतियथार्थता देखाउन यहाँका कथाहरू सफल भएका छन् । अतियथार्थको प्रयोग गर्ने हुँदा यस सङ्ग्रह भित्रका कथाका धेरैजसो ठाउँमा समाजले पचाउन नसक्ने अश्लील शब्द र प्रसङ्ग पाउन सकिन्छ । कथासङ्ग्रहमा आएका कथामा आन्तरिक दृष्टिविन्दु प्रयोग गरिएको छ । भने २ ओटा कथामा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ । पात्रका असामान्य चरित्रको विश्लेषण गर्नुका साथै समाजका विकृति विसङ्गतिलाई देखाउँदै त्यसलाई व्यङ्ग्य गर्नु अनि तत्कालीन समयका यथार्थता देखाउनु यस सङ्ग्रह भित्रका कथाको सार रहेको छ ।

## षष्टम परिच्छेद

# ;/rgf / ¿kljGof;sf cfwf/df ';Ltfx¿' syf;ªu|xsf] d'Nofª\sg

**सीताहरू** (२०६४) कथासङ्ग्रहमा सङ्गृहीत पच्चीस ओटा कथाहरूलाई समग्रमा संरचना र रूपविन्यासका आधारमा मूल्याङ्कन गरिएको छ ।

### ६.१ संरचनात्मक प्रवृत्तिका आधारमा

कथाको वर्गीकरण गर्ने आधारहरू संरचना र रूपविन्यासलाई मानिन्छ । यी दुवै मध्ये संरचनाको आधार अन्तर्गत शीर्षक, आयाम, कथाका तत्त्व र प्रस्तुतिलाई हेरिन्छ । यस आधारमा कथाकार परशु प्रधानको **सीताहरू** (२०६४) कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूको मूल्याङ्कन गरिन्छ ।

यस कथा सङ्ग्रहको शीर्षक **सीताहरू** भनिए पनि प्रत्येक कथाहरूको शीर्षकमा सीताहरू नभनी एक, दुई, तीन, चार ...... आदि गर्दै पच्चीससम्म पुऱ्याएर शीर्षक राखिएको छ । विषयवस्तुका आधारमा हेर्दा यहाँ प्रस्तुत गरिएका प्रत्येक कथाहरू यहाँ उपस्थित पात्र रूपी सीताकै जीवनमा घटित घटनाहरूलाई आधार बनाएर मुख्य विषयवस्तुको रूपमा उपस्थित गराइएको भन्ने कथाकारको भनाइ छ । सीताहरूको आरोह, अवरोह, पीर, व्यथा, वेदना आदि घटनाहरू कथाको विषयवस्तु रहेका हुनाले विषयवस्तुका आधारमा शीर्षक सार्थक रहेको देखिन्छ । प्रत्येक कथामा सीता प्रमुख चरित्र होस् वा सहायक चरित्र होस् जुन रूपमा भए पनि यी कथामा कुनै न कुनै रूपमा सीता उपस्थित भएकी छे । अनि सीताका क्रियाकलापलाई सीताले आफैँ 'म' पात्र भएर अनि अन्य 'म' पात्र उपस्थित गराएर भए पनि सीताका क्रियाकलापको उद्घाटन गर्ने प्रयास गरिएको छ । यहाँ आएका एकदेखि पच्चीस सीता सम्ममा नै सीता प्रमुख वा सहायक पात्र भएर आएकी हुनाले कृतिको शीर्षक कृतिमा उपस्थित भएकी नारी पात्रका नामबाट राखिएको यस कथाको शीर्षक सार्थक रहेको देखिन्छ ।

> यस कृतिका कथाहरूमा आख्यानकार स्वयम् वक्ता बनेर विभिन्न चरित्रका सीताहरूको खोजी गर्नु आफ्नो उद्देश्य रहेको बताउँछन् । पौराणिक युगकी सीतालाई यहाँ आधुनिक/उत्तरआधुनिक र वर्तमानको जामा पहिऱ्याएर अवतरण गराइएकाले यहाँका सीताहरू हामी सबैले ठाउँ-ठाउँमा पटक-पटक देखेका, भोगेका, छामेका, अनुभव गरेका सीताहरू नै हुन् । यहाँ सीताहरू व्यष्टि सत्ता र समष्टि सत्ताका रूपमा उपस्थित छन् । यस कृतिकी समष्टिसत्ताकी सीता सिङ्गो कृतिकी नायिका हो भने व्यष्टिसत्ताकी सीताहरू त्यो समष्टिसत्ताकी सीताका प्रतिरूप हुन् ।"[1]

---

[1] लक्ष्मण प्रसाद गौतम, "आख्यानमा विनिर्मिति र असाधारण नारी चरित्रका कोलम्बसका पाइलाहरू", परशु प्रधान, **सीताहरू** (काठमाडौं : पैरवी प्रकाशन, २०६४), पृ. छ ।

नेपाली साहित्यमा कविता र आख्यानजस्ता विधाहरूमा विगत केही समयदेखि एउटै शीर्षकमा शृङ्खलाबद्ध लेखनको प्रवृत्ति देखिन थालेको छ । त्यो विशिष्ट प्रयोगको नमुनाका रूपमा यस कृतिलाई लिन सकिन्छ । यसरी कथाकारले एउटै शीर्षकमा सङ्ख्या उल्लेख गरेर कथा लेख्ने नवप्रयोग अन्तर्गत पर्ने कथाहरू भएका हुनाले कथामा एउटै एउटै सीता भए पनि यसलाई बहुवचनको रूपमा 'सीताहरू' शीर्षक राखिएको छ । सीताहरूले बहुवचनमा धेरै सीताहरू बुझाउने तर प्रत्येक कथामा एउटी मात्र सीता आएकी हुनाले यो शीर्षक अनुपयुक्त जस्तो लाग्छ । प्रत्येक कथाहरूको शीर्षक 'सीता' मात्र राखिएको भए उपयुक्त हुने देखिन्छ तर कथाकारले धेरै आधुनिकदेखि अत्याधुनिक सम्मका सीताहरूको व्यवहार र स्वभावको खोलुवा दिने उद्देश्य भित्र क्रमिक रूपमा सीताहरू कथा लेखेका र यी नै सीताहरू एक, दुई, तीन ..... आदि गर्दै पच्चीससम्म लेखेर सङ्कलित गरी सङ्ग्रहका रूपमा आएको हुनाले यसको शीर्षक सीताहरू जुराइएको छ । यहाँ पूर्वऐतिहासिक प्रसङ्गबाट लिइएकी हिन्दू, सती, सावित्री नारी सीतालाई महत्त्वाकांक्षी, भोगवादी, अत्याधुनिक, स्वार्थी, छली, नगरबधू, उच्च अहम् आदि नारीको प्रतीकका रूपमा चित्रण गरिएको हुनाले प्रतीकात्मक अर्थमा भने 'सीताहरू' शीर्षक उपयुक्त र सार्थक रहेको छ ।

परशु प्रधानले **सीताहरू** लाई कथोपन्यासको नामाकरण गरी २०६४ सालमा पैरवी प्रकाशनबाट प्रकाशित गराएको कृति हो । यो कृति जम्मा १४४ पृष्ठमा संरचित रहेको छ । लक्ष्मणप्रसाद गौतमले यस कृतिमा "आख्यानमा विनिर्मिति र असाधारण नारी चरित्रका कोलम्बसका पाइलाहरू" भन्ने शीर्षक दिएर २० पृष्ठको भूमिका लेखेका छन् । प्रस्तुत भूमिकामा **सीताहरू** (२०६४) लाई कथोपन्यासको नै संज्ञा दिइएको छ । यसमा आएका प्रत्येक पात्रलाई असाधारण चरित्रका रूपमा हेर्दै यसलाई एउटै शीर्षकमा धेरै कथा र धेरै शीर्षकमा एउटै आख्यानजस्तो भएको हुनुले कथा र उपन्यासको दोसाँधमा रहेको छ भनी गौतमले उल्लेख गरेका छन् । सीताहरू कथासङ्ग्रहमा एक, दुई, तीन, चार ..... आदि गरी पच्चीस ओटा कथाहरू ४ पृष्ठदेखि १० पृष्ठसम्ममा संरचित भएका छन् । यस सङ्ग्रहमा आएको सबैभन्दा छोटो कथा सीताहरू बाह्र हो, जुन ४ पृष्ठमा खुम्चिएको छ भने सबैभन्दा लामो कथा 'सीताहरू पच्चीस' हो, जुन १० पृष्ठमा फैलिएको छ । परशु प्रधानका यस सङ्ग्रहमा सङ्गृहीत अन्य प्रायशः कथाहरू ५/६ पृष्ठमा संरचित भएका हुनाले यस कथासङ्ग्रहमा सङ्कलित कथाहरू मझौला आकारका नै रहेको मान्न सकिन्छ । यस सङ्ग्रहमा सङ्गृहीत २५ ओटा कथाहरूमा अनुच्छेद विभाजनमा समरूपता र सन्तुलन पाईदैन । अनि केही कथामा अनुच्छेद विभाजनलाई समेत ख्याल गरिएको छैन । यस सङ्ग्रहमा सङ्गृहीत कथाहरू ९ अनुच्छेददेखि लिएर ४५ अनुच्छेद सम्मका छन् । ९ अनुच्छेदको आयाममा खुम्चिएको कथा 'सीताहरू बाह्र' हो भने ४५ अनुच्छेदसम्म फैलिएको कथा 'सीताहरू-पच्चीस' नै हो । उनका १ हरफका अनुच्छेददेखि १८ हरफ सम्मका अनुच्छेदहरू कथामा पाउन सकिन्छ । अतः **सीताहरू** कथासङ्ग्रहका करिब ६०० को हाराहारीमा अनुच्छेदहरू विभाजन गरिएको छ । यस कथासङ्ग्रहको अन्त्यमा लेखकको सामान्य परिचय समेत दिइएको छ ।

नेपाली कथा साहित्यमा मनोवैज्ञानिकताको प्रारम्भ विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' (१९९२) कथाबाट हुन्छ । यहाँबाट सुरु गरिएको मनोवैज्ञानिक कथायात्रामा थुप्रै कथाकारहरू आएका छन् । यिनीहरूमध्ये परशु प्रधान पनि एक मनोवैज्ञानिक कथाकार हुन् । उनको बाह्रौं कथासङ्ग्रहका रूपमा आएको **सीताहरू** (२०६४) कथासङ्ग्रहमा पच्चीस ओटा कथाहरू सङ्गृहीत भएका छन् । यी सम्पूर्ण कथाहरू मनोवैज्ञानिक कथाका रूपमा रहेका छन् । यस सङ्ग्रहमा आएका कथाहरू मनोविज्ञान अन्तर्गत पनि यौन मनोविज्ञान र असामान्य मनोविज्ञानमा आधारित रहेका छन् । 'सीताहरू एक' कथामा बेरोजगारी युवतीको बहिर्मुखीता र विद्रोहात्मकता प्रस्तुत गरिएको छ । त्यस्तै 'सीताहरू दुई' कथामा सहरिया नारीको स्वार्थी प्रेम विषयवस्तुका रूपमा आएको छ । 'सीताहरू तीन' कथाको विषयवस्तु बहिर्मुखी चरित्रमा नारी अहम्ता रहेको छ भने 'सीताहरू चार' कथामा सीताको आत्मालापमा पीडा अनुभूतिको विवश यथार्थ उद्घाटन गरिएको छ अनि 'सीताहरू-पाँच' कथामा नगरबधूका रूपमा आएकी सीताको यौनिक क्रियाकलापलाई विषयवस्तुका रूपमा लिइएको छ । 'सीताहरू-छ' कथामा सीताको अभिशाप र विवश जीवनको यथार्थता विषयवस्तु भएर आएको छ, 'सीताहरू सात' कथामा एउटै पात्र सीता विविध रूप लिएर कथामा उपस्थित छे भने 'सीताहरू आठ' कथामा सामान्य परिस्थितिमा पनि असामान्य अवस्थाकी सीताको क्रियाकलाप मुख्य विषयवस्तु भएर आएको छ, त्यस्तै 'सीताहरू-नौ' कथामा नारीको उच्च अहम्को तिरोहण भएको छ अनि 'सीताहरू दस' मा आइपुग्दा सीता मानसिक कुण्ठाग्रस्त मनोदशामा पुगेकी छे । 'सीताहरू एघारमा' सीताका उच्च महत्त्वकांक्षा विषयवस्तु भएर आएका छन्, 'सीताहरू बाह्र कथामा द्वन्द्वजन्य पीडा उद्घाटन गरिएको छ, त्यस्तै 'सीताहरू तेह्र' को विषयवस्तु यौनशोषण नै रहेको छ फेरि 'सीताहरू चौध'मा सीताका विक्षिप्त असामान्य मनोदशा कथाका रूपमा आएक छन् अनि 'सीताहरू पन्ध्र' मा आएको विषयवस्तु द्वन्द्वजन्य पीडाबोध रहेको छ । त्यस्तै 'सीताहरू सोह्रमा' नारी पीडाबोधका कथाव्यथा नै विषयवस्तुका रूपमा उपस्थित छन्, 'सीताहरू सत्र' मा भने क्षयोन्मुख/मूल्यहीन जीवनको चित्रवृत्तिलाई देखाइएको छ । 'सीताहरू-अठार'मा नारीको आक्रोश र नारीवादी दृष्टिकोण देखाउन खोजिएको छ, त्यस्तै 'सीताहरू-उन्नाईस'मा द्वन्द्वजन्य प्रभावलाई मिथकीय र साङ्केतिक रूपमा उद्घाटन गरिएको छ अनि 'सीताहरू-बीस' कथामा नारी बेचविखनलाई देखाउने कार्य भएको छ । त्यस्तै 'सीताहरू-एक्काईस' कथामा नारीको उच्च अहम् र पुरुषको निरीहता विषयवस्तु भएर आएको छ, 'सीताहरू बाईस' कथामा सीताको विरोधाभासपूर्ण चरित्रको संयोजन गरिएको छ, यसका साथै 'सीताहरू तेईस' कथामा स्वप्नकथाका रूपमा द्वन्द्वपीडा मुख्य विषयवस्तु भएर आएको छ फेरि 'सीताहरू चौबीस'मा सीताको मानसिक सन्ताप नै विषयवस्तु भएर आएको छ अनि 'सीताहरू पच्चीस' कथामा नारी विषयवस्तु बनी आएको छ । यसरी 'सीताहरू एक' देखि 'सीताहरू पच्चीस' सम्म विविध विषयवस्तु भएका कथाहरू भए पनि यी सम्पूर्ण कथाहरू मनोवैज्ञानिक कथाहरू भएका हुनाले मनोवैज्ञानिक कथामा कथावस्तु भन्दा पात्रको मनको विश्लेषण गर्न नै बढी केन्द्रित हुन्छ । त्यसैले यी सम्पूर्ण कथामा आएका कथाको कथावस्तु भने ज्यादै झिनो रहेको छ । कथामा आएका घटनाहरू विशृङ्खलित रूपमा अगाडि बढेका हुनाले कथानकको आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेका छैनन् ।

**सीताहरू** कथासङ्ग्रहका कथाहरूमा थोरै पात्रहरूको उपस्थिति गराइएको छ । प्रत्येक कथामा दुईदेखि पाँचजना भन्दा बढी प्रत्यक्ष रूपमा पात्रहरूको उपस्थिति गराइएको छैन । प्रत्येक कथामा सीता अनिवार्य रूपमा उपस्थित रहेकी छे । अनि रामहरू, रावणहरू, लक्ष्मण, 'म' पात्रहरू, सरोज, दिनेश, नवीन, किरण, भीम, डाक्टर, चन्द्रवीर, मास्टर, किरणकी प्रेमिका, होटलनी, रीता, बूढो आदि प्रत्यक्ष रूपमा कथामा उपस्थित भएका पात्र हुन् । कथामा आएकी सीता कहीं 'म' भएर आएकी छे भने कहीँ रामहरू 'म' भएर उपस्थित भएका छन् । कथाहरूमा सीता प्रमुख पात्रका रूपमा आएकी छे अनि सीता सहायक भएर आएका कथामा भने 'म' पात्रहरू प्रमुख पात्रका रूपमा आएका छन् । कथामा आएका 'म' पात्रहरू एका-दुई बाहेक सबै प्रतिकूल प्रवृत्तिका रूपमा कथामा उपस्थित भएका छन् । अनि कथाकी पात्र सीतालाई पीडा दिने, यातना दिने, यौनशोषण गर्ने आदि कार्यहरू गर्ने गरेका छन् । "सीताहरू असाधारण नारी चरित्रहरूको एउटा प्रयोगशाला नै हो ।"[२] यहाँ उपस्थित भएका सबै सीताहरू सामान्य नभएर असामान्य रूपमा आएका छन् । यहाँका सीताहरू सहरिया, बेरोजगार, विवश, अभिशाप, नारीवाद, कामुक, कुण्ठित, अहम्वादी, पीडाभोगी, विक्षिप्त, स्वार्थी आदि चरित्रका रूपमा रहेका छन् । यस्तै 'सीताहरू' कथासङ्ग्रह भित्रका सबै सीताहरूसँग नायकका रूपमा रामहरू नै आएका छन् र यस्तो स्थिति पच्चीस ओटै सीताहरूमा पाइन्छ । रावणहरू धेरैजसो प्रतिनायकका रूपमा आएका छन् ।[३] यस कृतिमा उपस्थित रामहरू यौनिक/कामुक, निरीह, स्वार्थी, निःस्वार्थी, प्रेमपीडित, पत्नीपीडित, परपीडक, पुरुषवादी, साधारण जागिरे, उपकारी, जँड्याहा, रोगी आदि विवध चरित्रमा देखा पर्छन् । यी कथाहरूमा उपस्थित रामहरू पनि असामान्य चरित्रका रूपमा नै आएका छन् । यस सङ्ग्रहमा आएका रावणहरू भने प्रतिकूल हुनाका साथै परपीडक पनि छन् र तिनीहरूको संख्या कम रहेको छ । यहाँका सीताहरू पौराणिक युगकी सीताभन्दा नितान्त पृथक चरित्रका छन् । पौराणिक युगकी सीतालाई विविध रूप र चरित्रका वर्तमान सीताहरूका रूपमा अवतरण गराइएको हुनाले यहाँका सबै सीताहरू मिथक हुन् भने यहाँ आएका रामहरू, रावणहरू पनि मिथकका रूपमा नै आएका छन् ।

यस कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूको मुख्य सारवस्तुका रूपमा कथामा उपस्थित भएका असामान्य पात्रहरूको चरित्र-चित्रण गर्नु नै रहेको छ । समाजमा देखिएका विकृति-विसङ्गतिलाई उद्घाटन गर्नु अनि तिनीहरूलाई व्यङ्ग्य गर्नु पनि यस सङ्ग्रहका कथाको उद्देश्य रहेको छ । यसका साथै तत्कालीन नेपालको द्वन्द्वकालीन वातावरणलाई देखाउनु र द्वन्द्वले गर्दा नेपाली जनतामा परेको प्रभाव देखाउनमा पनि केही कथाहरू पछि परेका छैनन् । यस सङ्ग्रहका कथाहरूमा अधिकांश कथाहरू प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएका छन् । यसमा पनि केन्द्रीय प्रथमपुरुष दृष्टिविन्दु मुख्य रहेको छ । तर सीताहरू-आठ र नौ भने तृतीयपुरुष दृष्टिविन्दुमा लेखिएका छन् ।

---

[२] ऐजन, पृ. ब ।

[३] ऐजन, पृ. प ।

कथासङ्ग्रहमा आएका कथाहरू सहरिया परिवेशमा आधारित भएर लेखिएका छन् । तर गाउँले परिवेशको संकेत पनि कथामा पाउन सकिन्छ । कुनै कथामा गाउँदेखि सहरसम्मको परिवेश समेत आएको छ । अनि सूच्य रूपमा नेपाल बाहिरको विदेशी ठाउँको समेत चर्चा गरिएको छ । यस कथासङ्ग्रहमा सङ्गृहीत कथामा समेटिएको समयले नेपालको द्वन्द्वकालीन समयलाई समेटेको पाइन्छ ।

**सीताहरू**मा अन्तर्वस्तुको चयन, प्रस्तुति र समाख्यानको तरिकामा पनि अपारम्परिकता पाइन्छ । यस्तो अपारम्परिकता कथासङ्ग्रहभरिका कथामा नै देख्न सकिन्छ । व्यतिक्रम वा क्रमहीनता, पाठकीय सम्बोधन र पाठकीय स्वतन्त्रता एवम् सर्वोपरिता आदि उत्तरआधुनिक प्रवृत्तिका लक्षणहरू हुन् । यस कृतिका कतिपय सीताहरूमा पाठकलाई सोझै संवाद गरेर सम्बोधन गरिएको छ ।"[४] 'सीताहरू पच्चीस' मा 'तपाईंले आजको कान्तिपुर पढ्नुभयो ?' तपाईंलाई अनुरोध गर्छु आजको कान्तिपुर पढ्न जरुरी छ- विशेषतः तपाईंले ।"[५] भनेर सोझै पाठकलाई सम्बोधन गरेर लेखिएको छ । 'सीताहरू चौबीस' सीताले लेखेको दैनिकीमा आधारित भएर दैनिकीय शैलीमा अगाडि बढेको छ । त्यस्तै 'सीताहरू बाईस' पत्रात्मक शैलीमा लेखिएको छ । त्यसकारण यस **सीताहरू** कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूको प्रस्तुतिमा समेत विविधता छ ।

## ६.२ रूपविन्यासगत प्रवृत्तिका आधारमा

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रूपविन्यास हो । रूपविन्यास भित्र कथाका सूक्ष्म तत्त्वहरू पर्छन् । रूपविन्यासका आधारमा **सीताहरू** कथासङ्ग्रहका कथाहरूलाई हेर्दा भाषा, शैली, बिम्ब, प्रतीक, गति, लय, आलङ्कारिकता, भाषिक विचलन आदिका आधारमा हेरिएको छ ।

कथाकार परशु प्रधानले यस कथासङ्ग्रहका कथाहरूमा छोटा, सरल, सहज वाक्यहरूको प्रयोग गरेका छन् । सरल, सहज भाषाको प्रयोग गरिएको छ । तर पनि कथामा विभिन्न आलङ्कारिक वाक्य, बिम्ब, प्रतीक आदिको प्रयोगले गर्दा कथालाई विशिष्ट बनाएको छ । तत्सम, तद्भव र आगन्तुक तीनै किसिमका शब्दहरूको प्रयोग यस सङ्ग्रहका कथाहरूमा पाइन्छ । अनुकरणात्मक शब्दको प्रयोगमा भने ख्याल गरिएको छैन । आगन्तुक शब्दमा पनि अंग्रेजी भाषाका शब्दले कथाहरू घनीभूत भएका छन् । जस्तै क्यु, क्लाइमेक्स, ड्याडी, हेप्पी न्यू इयर, उहाँ मेरो हाफ प्रेमी, हाफ पति, फ्र्याङ्क, सिरिएस्ली, सेक्स, नेगेटिभ, फस्ट राउन्ड, एप्वाइन्टमेन्ट जस्ता अंग्रेजी शब्द र वाक्यहरू कथाहरूमा प्रशस्त प्रयोग गरिएका छन् । मनोवैज्ञानिक कथासङ्ग्रहका रूपमा आएका यस सङ्ग्रहमा यौन विषयक कथाहरू थुप्रै रहेका छन् । ती कथाहरूमा आवश्यक भन्दा बढी यौनिक सन्दर्भको उल्लेख गरिएको छ । यौनिक सन्दर्भको प्रयोगका दृष्टिले 'सीताहरू' एक, पाँच, दस, तेह्र, सोह्र बढी प्रभावपूर्ण छन् । सीताहरू पाँच र पच्चीस पूरै यौन कथाका रूपमा देखिन्छन् । नेपाली समाजमा पचाउन नसक्ने भाषाको प्रयोग सीताहरू पाँच र पच्चीस कथामा पाउन सकिन्छ । यसले गर्दा प्रधानका कथाहरू अश्लील समेत देखिएका छन् । 'सीताहरू पाँचमा'

---

[४] ऐजन, पृ. न ।

[५] परशु प्रधान, **सीताहरू** (काठमाडौं : पैरवी प्रकाशन, २०६४), पृ. १३१ ।

प्रयोग गरिएको एक सन्दर्भ यस्तो छ कि त्यसले ज्यादै अश्लीलता र नाङ्गोपन प्रस्तुत गरेको छ । "तिम्रो पिसापको कति राम्रो धारा निस्केको ? के भनेकी सीताले मलाई एक किसिमको लज्जाबोध भयो । उसले जामा खोली र सोधी मेरो हेर्छौ पिसाप गर्ने ठाउँ ? फेरि म लजाएँ । उसले भनी - यता हेर, तिम्रो पिसाप फेर्ने मेराभित्र राख्न सक्छौं ? मलाई आउँदैन- म त्यहीँबाट भाग्न खोजें । तिम्रो औला यहाँभित्र घुसार त । मैले नाईं नभन्दै मेरो एउटा औंला सायद दायाँ हातको चोर औंला हुनुपर्छ लगेर आफ्नो दुलोमा हाली ।'[६] 'सीताहरू भित्रका धेरै आख्यानहरूका कुनै न कुनै रूपमा यौनिक सन्दर्भहरू आएका छन् । यस्ता यौनिक सन्दर्भहरू कहीँ यौन विकारका रूपमा आएका छन् भने कहीं यौन कुण्ठा, असन्तुष्टि, यौनोन्माद, यौनावेग र समलैङ्गिक सन्दर्भ पनि आएका छन् । धेरै जसो ठाउँमा मनोविज्ञानसँग जोडिएर यौनिक सन्दर्भहरू आएका छन् । फ्रायडका अनुसार दमित भएर रहेका यौन असन्तुष्टिले निकास खोजिरहेका हुन्छन् र मौका पाउने बित्तिकै ती बाहिर निस्कन्छन् ।[७] यौनिक सन्दर्भको प्रयोगका दृष्टिले एक, पाँच, दस, तेह्र, सोह्र, पच्चीस पुरै यौन कथाका रूपमा देखिन्छन् । त्यस्तै एघार र चौधमा यौनको अप्रत्यक्ष सङ्केत देखिन्छ ।

प्रस्तुत सङ्ग्रहका कथाहरू वर्णनात्मक शैलीमा लेखिए पनि यहाँ आएका कतिपय कथाहरू पत्रात्मक, दैनिकीय, संवादात्मक, संबोधनात्मक, आत्मालापीय आदि शैलीको समेत प्रयोग गरिएको छ । 'सीताहरू-दस'मा सीताले डाक्टरलाई लेखेको पत्र नै कथा बनेर आएको छ । अनि "सर्वप्रथम मेरो हार्दिक अनुरोध छ यो पत्र पढिसकेर तुरुन्त च्यातिदिनु होला"[८] भनेर सुरु गरिएको र अन्त्यमा तपाईंकी सीता भनेर पत्रात्मक रूपमा 'सीताहरू बाईस' कथा रहेको छ । 'सीताहरू चौबीस' कथा डायरी शैलीमा रहेको छ । २०६३ वैशाख १ गतेको दैनिकीका रूपमा कथा लेखिएको छ । 'सीताहरू पच्चीस' कथा पाठकलाई सम्बोधन गरेर लेखिएको कथा हो । अनि अन्य कथामा पनि कतै 'म' पात्रका, कुनै सीताका आत्मालापका रूपमा रहेका छन् । यसरी कथामा पत्र, दैनिकी आत्मालाप आदि सबैको अन्तर्मिश्रण हुनु विधाभञ्जन वा विधान्तरण एवम् विनिर्माणको एउटा प्रक्रिया हो ।

पहिले नै घटिसकेका घटनाहरूलाई कथामा उपस्थित भएका प्रमुख वा सहायक पात्रहरूले सम्झनाका रूपमा अगाडि बढाएका छन् । कथामा आएका घटनाहरू क्रमिक रूपमा अगाडि नबढी व्यतिक्रमिक रूपमा अगाडि बढेका छन् । अनि कथानकलाई आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि नबढाईकन अन्त्यबाट अथवा मध्यबाट कथाको सुरुवात गरी आदितिर अगाडि बढाइएको छ । त्यसैले कथाहरूको रूपन्यास विवृत किसिमको रहेको छ । कथामा आएका घटनाहरू व्यतिक्रमिक रूपमा आएका हुनाले ती घटनाहरूलाई जोडेर सिङ्गो कथानक बनाउन सामान्य पाठकलाई गाह्रो पर्ने हुनाले कथा जटिल किसिमका रहेका छन् ।

---

६ ऐजन, पृ. २५ ।

७ लक्ष्मण प्रसाद गौतम, पूर्ववत्, पृ. फ ।

८ परशु प्रधान, पूर्ववत्, पृ. ५१ ।

कथाहरूमा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग गरेर कथालाई कलात्मक बनाइएको छ । पुराख्यानको वर्तमान सापेक्ष स्थूल अनुभूति नै मिथक हो । कथामा आएका सीताहरू, रामहरू, रावणहरू एक किसिमले मिथक नै हुन् । पौराणिक युगकी सीतालाई विविध रूप र चरित्रका वर्तमान सीताहरूका रूपमा अवतरण गराइएको हुनाले यी पात्रहरू मिथक नै हुन् । कथामा ज्यादै कलात्मक रूपमा प्रतीकहरूको प्रयोग गरिएको छ । 'सीताहरू तेईस' कथामा सीताकी आमाले छोरीलाई काम के गर्छेस् ? भनेर सोध्दा "आमा ! म हात्तीहरूलाई आफ्नो पर्समा राख्ने काम गर्छु ।[९] भनेकी छे यसमा आएको सामान्य अर्थ पैसा कमाएर हजार हजारका नोट आफ्नो पर्समा राखेको हुन्छ तर यहाँ यो वाक्य प्रतीकात्मक रूपमा आएको छ यहाँको 'हात्ती' शब्दले पुरुषको लिङ्ग अनि 'पर्स' शब्दले महिलाको योनीको अर्थ व्यक्त गरेका हुनाले सीताले यौन व्यापार गर्ने गरेको कुरा प्रतीकात्मक अर्थका रूपमा आएको छ । त्यस्तै 'सीतालाई अझ जोडसँग लाग्यो - यी दुई आँखाले अरू दुई आँखा खोजिरहेछन्, यी दुई हातले अरू कुनै बलिष्ट हातहरू खोजिरहेछन् । ओठहरू कहीं कतै टाँसिन बल गरिरहेछन्, गुफामा कुनै शिवको प्रवेश, अति आवश्यक छ । छातीका टाकुरामा कुनै पर्वतारोहीले टेकिदिनु पर्छ .... ।'[१०] यस्ता थुप्रै प्रतीकात्मक वाक्यहरू कथामा आएका छन् । अनि सीता, राम, रावण, द्रौपदी, सुपर्णखा, मल्लिका, प्रियङ्का आदि जस्ता शब्दहरू पनि बिम्ब र प्रतीकका रूपमा कथामा यत्रतत्र प्रयोग गरिएका छन् । कथामा थुप्रै आलङ्कारिक वाक्यहरूको प्रयोग गरिएको छ । जस्तैः 'सीताभित्र प्रचण्ड विद्रोहको आगो रहेछ', जिन्दगी भने बासी माछाजस्तै गनाउने हुँदोरहेछ, जिन्दगी कहिले तितेपातीको झ्याङ् झैं गन्हायो आदि जस्ता थुप्रै आलङ्कारिक वाक्यहरू कथा सङ्ग्रहमा पाउन सकिन्छ । कथामा आएका संवादहरूका क्रममा विभिन्न चिह्नहरू प्रश्नात्मक, उद्गार चिह्न आदिको पनि प्रयोग गरिएको छ । कथामा ठाउँठाउँमा (...) विन्दु चिह्नको प्रयोग गरेर पाठकलाई स्वतन्त्र रूपमा विश्लेषण गर्ने स्वतन्त्रता समेत प्रदान गरिएको छ ।

## ६.३ निष्कर्ष

**सीताहरू** कथासङ्ग्रह नवीन प्रयोगलाई अनुसरण गरेर लेखिएको छ । त्यसैले यी प्रयोगशील कथाहरू हुन् । यस कृतिमा एउटै शीर्षकमा शृङ्खलाबद्ध रूपमा धेरै कथाहरू लेखेर प्रयोग गरिएको छ एउटै सङ्ग्रहमा सङ्गृहीत भएका हुनाले पौराणिक युगकी सीतालाई वर्तमानको सन्दर्भमा मिथकीय रूपमा उपस्थित गराएर प्रतीकात्मक रूपमा आजका नारीहरूको चरित्र उद्घाटन गरिएको हुँदा कथाको शीर्षक सार्थक छ । कथाहरू छोटा आयामका रहेका छन् तर कथामा अनुच्छेद विभाजन गर्नुपर्नेमा अनुच्छेद विभाजनमा ख्याल नगर्नु अनि 'केही' कथाहरूको अनुच्छेद विभाजन गरिएको भए पनि विभाजनमा समानता नहुनु उनको कमजोरी रहेको देखिन्छ । आख्यान रचनामा हुने स्वरूप दिन नसक्नु कमजोरी जस्तो देखिए पनि यो कथाकारको नौलो प्रयोग हो । झिनो कथानक भएका यस सङ्ग्रहका कथाहरु पात्रको मनको विश्लेषण गर्न सफल रहेका छन् । कथाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि नबढी व्यतिक्रममा अगाडि

---

[९] ऐजन, पृ. १२३ ।

[१०] ऐजन, पृ. ४९ ।

बढाइएको हुँदा सामान्य पाठकलाई दुर्बोध्य रहेका छन् । सम्पूर्ण कथाहरू पूर्वस्मृतिमा लेखिनु, अनि कथावस्तुलाई विशृङ्खलित बनाएर प्रस्तुत गरिनु अनि विविध शैलीको प्रयोग गरी कथा लेख्नु कथाकारको नौलो प्रयोग हो । यसले कथाकारलाई प्रयोगवादी बनाए पनि पाठकलाई जटिलता प्रदान गरेको छ । मनोवैज्ञानिक कथाहरू भएका हुनाले पात्रहरूको मानसिकता खोतल खातल गरिएको छ । यहाँका पात्रहरू असामान्य रहेका छन् तर केही पात्रहरू ज्यादै सानो कुराले पनि असामान्य अवस्थामा पुगेको देखाउनु कृत्रिमता जस्तो लाग्छ यहाँ 'सीताहरू सात' मा आएको 'म' पात्र पहिलो पटक नै नुहाइरहेकी सीता देखेर प्रेममा डुबेर असामान्य अवस्थामा पुगेको छ । पात्रको मन खोतल खातल गरेर असामान्य हुनुपर्ने कारण समेत देखाई त्यसको मानसिक उपचार गर्ने बाटो समेत देखाउनु कथाकारको ठूलो उपलब्धि हो । मनोवैज्ञानिक कथा भएका नाताले सामान्य यौनिक सन्दर्भ आउनु सामान्य कुरा भए पनि यस सङ्ग्रहका कतिपय कथाहरूमा जस्तै पाँच, पच्चीस, आदि कथामा ज्यादै नाङ्गो तरिकाले यौनिक सन्दर्भ प्रस्तुत गरिएको छ । यस्तो प्रयोग नेपाली समाजका लागि ज्यादै अश्लील र अपाच्य देखिन्छ । यस्तो यौनको नाङ्गो प्रस्तुतिले यौन विकृतिलाई अझ प्रोत्साहन दिने कार्य भएको पाउन सकिन्छ । कथामा प्रयोग भएको भाषामा आवश्यक भन्दा बढी अंग्रेजी शब्दहरूको प्रयोग गरिएको छ । आधुनिक पात्रहरूले प्रयोग गरेका भाषामा केही अंग्रेजी शब्द प्रयोग गर्नु स्वाभाविक भए पनि यत्रतत्र प्रयोग गर्नु नेपाली पाठकका लागि अलि अस्वाउँदिलो जस्तो देखिन्छ । यस सङ्ग्रहमा प्रच्छन्न किसिमको सारवस्तु दिनु कथाकारको सकारात्मक पक्ष हो । यसरी कथाकारको यस कथासङ्ग्रहको विश्लेषण र मूल्याङ्कन गर्दा केही कमजोरी देखिए पनि लक्ष्मण प्रसाद गौतमले भनेजस्तै "वरिष्ठ आख्यानकार परशु प्रधान समयलाई समातेर लेख्ने आख्यानकार मात्र होइनन् समयलाई जितेर, त्यहाँभन्दा अझ माथि पुगेर समयलाई अतिक्रमण गरेर लेख्ने आख्यानकार पनि हुन् ।[११] यस उद्धरणले पुष्टि गर्छ **सीताहरू** कथा सङ्ग्रह नै एउटा प्रयोगका रूपमा आएको छ । शीर्षक, विषयवस्तु, पात्र, भाषा, शैली सम्पूर्णलाई प्रयोग गर्न खोजिएको छ । परशु प्रधानको 'सीताहरू'मा उत्तरआधुनिक प्रवृत्तिका रूपमा विशृङ्खलति र भग्नप्रयोग, नारीवाद, समलिङ्गीवाद आदि आएका छन् । यहाँ विधा विनिर्माण, विधा भञ्जन, शैल्पिक प्रयोग अनि पाठकलाई स्वतन्त्रताको आग्रह आदि सम्पूर्ण कुराहरू प्रयोगका रूपमा आएका छन् । प्रयोगवादी कथाले नै समाजको कालो यथार्थलाई चित्रण गर्न सफल भएको हुनाले प्रयोगका दृष्टिले यो कथा सङ्ग्रह उत्कृष्ट रहेको छ र परशु प्रधान उत्कृष्ट प्रयोगवादी समसामयिक कथाकार हुन् भन्न सकिन्छ ।

---

[११] लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ. ब ।

# सप्तम परिच्छेद

# pk ;xf/

## ७.१ सारांश

परशु प्रधानको 'सीताहरू कथासङ्ग्रहको कृतिपरक अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र सात परिच्छेदमा विभाजन गरिएको छ । यस अन्तर्गत प्रथम परिच्छेद शोधपरिचयका रूपमा रहेको छ । यस अन्तर्गत शोधशीर्षक, शोधपत्रको प्रयोजन, विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधको विधि हुँदै शोधपत्रको रूपरेखा समेत प्रस्तुत गरिएको छ । अनि यसमा समस्या कथनमा आएका समस्याहरूको समाधान गर्नमा नै यो शोधपत्र केन्द्रित रहेको छ ।

प्रस्तुत शोधपत्रको द्वितीय परिच्छेद अन्तर्गतको शीर्षक 'कथाकार परशु प्रधानको सङ्क्षिप्त जीवनी' रहेको छ । जुन परशु प्रधानको चिनारी खण्ड पनि हो । परशु प्रधानको जन्म वि.सं. २००० साल माघ ३० गते भोजपुरमा भएको हो । ४ वर्षको उमेरदेखि भोजपुरको स्थानीय स्कुलमा अक्षरारम्भ गरेका परशु प्रधानले त्यहींबाट माध्यमिक तह उत्तीर्ण गरेका हुन् । प्रधानले आफ्नो आर्थिक जटिलताले गर्दा नियमित कक्षा नलिईकन प्राइभेट परीक्षा दिएर आई.ए., बी.ए. हुँदै नेपाली र राजनीतिशास्त्र दुई विषयमा एम.ए. गरेको चर्चा गरिएको छ । सानैदेखि जागिरे जीवन सुरु गरेका प्रधानको जागिरे यात्रा मास्टरीदेखि साझा यातायात हुँदै नेपालको निजामती सेवामा प्रवेश गरी उप-सचिवसम्म भएको जानकारी समेत यस परिच्छेदमा समेटिएको छ । विभिन्न संघसंस्थामा संलग्न रहेका परशु प्रधानले प्राप्त गरेका मान/सम्मान र पुरस्कारहरूको समेत यस परिच्छेदमा उल्लेख गरिएको छ । सानैदेखि साहित्यमा रुचि राख्ने प्रधानले विविध साहित्यिक कृतिहरूको प्रकाशन गरेका छन् । यस आधारमा परशु प्रधानको व्यक्तित्वलाई पनि साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई रूपमा हेर्ने काम गरिएको छ । साहित्यिक व्यक्तित्वमा कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, बालसाहित्यकार व्यक्तित्व आदि व्यक्तित्वको परिचय दिइएको भए पनि उनको विशेष योगदान भने कथामा रहेको भनी उल्लेख गरिएको छ । अनि प्रधानका कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूको सूची समेत दिइएको छ । साहित्येतर व्यक्तित्वको पनि यस परिच्छेदमा सामान्य चर्चा गरिएको छ ।

तृतीय परिच्छेदमा 'कथाकार परशु प्रधानको कथायात्रा' शीर्षक रहेको छ । प्रधानले कथा प्रकाशन गर्न सुरु गरेदेखि हालसम्मको समयलाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरिएको छ । पूर्वार्द्ध चरण वि.सं. २०१९ देखि वि.सं. २०३८ सम्म रहेको र यस समयमा प्रधानका पाँचओटा कथा सङ्ग्रह प्रकाशित भएका छन् । अनि उत्तरार्द्ध चरण २०३९ सालदेखि हालसम्म रहेको छ । यस अवधिमा प्रधानका सातओटा कथाङ्ग्रह प्रकाशित भएका छन् । उत्तरार्द्ध चरणमा प्रकाशित भएका सङ्ग्रहहरू मध्ये अन्तिम कथासङ्ग्रह **सीताहरू** (२०६४) बाह्रौं कथासङ्ग्रहका रूपमा आएको सङ्ग्रह हो । प्रस्तुत शोधपत्रमा यस सङ्ग्रहको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत शोधपत्रको चतुर्थ परिच्छेद अन्तर्गत 'कथाको सैद्धान्तिक परिचय र वर्गीकरण' शीर्षक रहेको छ । यस शीर्षकमा कथा श्रुतिपरम्परादेखि लिएर आजसम्म विभिन्न घुम्ति र मोड पार गर्दै आइपुगेको चर्चा गरिएको छ । कथासम्बन्धी पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूले प्रस्तुत गरेका केही परिभाषाहरू पनि उद्धृत गरिएको छ । यस परिच्छेदमा कथाका आवश्यक तत्त्वहरूको उल्लेख गरिएको छ । अनि प्रत्येक तत्त्वहरूको सामान्य परिचय समेत प्रस्तुत गरिएको छ । यस परिच्छेदमा कथा वर्गीकरणका आधारहरूलाई पनि प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको पञ्चम् परिच्छेद **सीताहरू** कथासङ्ग्रहभित्रका कथाहरूको विश्लेषण शीर्षक रहेको छ । यस परिच्छेदमा 'सीताहरू एक'देखि 'सीताहरू पच्चीस' सम्मका कथाहरूलाई कथानक, चरित्रचित्रण, सारवस्तु, दृष्टिविन्दु, परिवेश र रूपपक्ष अन्तर्गत छुट्टाछुट्टै विश्लेषण गरिएको छ । रूपपक्ष अन्तर्गत भाषा, शैली, बिम्ब, प्रतीक, व्यङ्ग्य आदि कुरालाई हेर्ने काम गरिएको छ । यो परिच्छेद प्रस्तुत शोधपत्रको मूल परिच्छेद पनि हो । पात्रहरूको मनोविश्लेषण गर्दै समाजको विकृति र विसङ्गतिलाई व्यङ्ग्य गर्नु यस कथासङ्ग्रहको मुख्य सारवस्तु रहेको छ । तत्कालीन द्वन्द्वात्मक परिवेशको चित्रण गर्न पनि यहाँका कथाहरू सफल भएका छन् । सरल, सहज किसिमको भाषाशैलीको प्रयोग गरिएको भए पनि कथामा आएका घटनाहरू व्यतिक्रमिक रहनु अनि विभिन्न बिम्ब र प्रतीकको प्रयोगले कथाहरू विशिष्ट प्रकारका रहेका छन् ।

प्रस्तुत शोधपत्रको षष्टम-परिच्छेद 'संरचना र रूपविन्यासका आधारमा सीताहरू कथासङ्ग्रहको मूल्याङ्कन' शीर्षक रहेको छ । यस शीर्षक अन्तर्गत संरचना अन्तर्गत पर्ने शीर्षक, आयाम, कथाका तत्त्वहरू, प्रस्तुति आदिका आधारमा सीताहरू कथासङ्ग्रहलाई समग्रमा हेर्ने प्रयास गरिएको छ । त्यस्तै रूपविन्यास अन्तर्गत भाषा, शैली, बिम्ब, प्रतीक, गति, लय, आदिका आधारमा यस कथासङ्ग्रहलाई हेरिएको छ । अनि यस अन्तर्गत कथाको सिद्धान्त अनुसार यस 'सीताहरू' कथासङ्ग्रहलाई मूल्याङ्कन गरिएको छ । यस कथासङ्ग्रहमा देखिएका केही कमी कमजोरीलाई औंल्याउने काम समेत गरिएको छ । यस परिच्छेदको अन्त्यमा 'सीताहरू' कथासङ्ग्रहलाई प्रयोगका दृष्टिले उत्कृष्ट मानिएको छ ।

यसरी परम्परित आख्यानहरू रैखिक हुन्छन् र आख्यानहरूमा कथा रेखीय क्रममा अगाडि बढ्छ । यसका व्यतिरेक उत्तरआधुनिक आख्यानहरू चक्रात्मक किसिमका हुन्छन् । **सीताहरू**को आख्यानात्मकता चक्रात्मक भएको हुनाले यसलाई आदिबाट सुरु गरेर अन्त्यमा लैजानुपर्ने कुनै निश्चित नियम यसमा लागू हुँदैन र यो जताबाट पढे पनि हुन्छ । कथाका स्तरमा पनि यस भित्रका प्रत्येक कथाहरू आदिबाट सुरु नभई मध्य र अन्त्यबाट सुरु हुँदै आदिमा गएर टुङ्गिन्छन् । उपन्यासका स्तरमा पनि यस्तै नियम लागू हुन्छ । 'सीताहरू एक'देखि पच्चीससम्म क्रमैसँग पढ्नु, पच्चीसदेखि एक सम्म क्रमैसँग पढ्नु र बीच-बीचमा जताबाट पढे पनि एउटै क्रमजस्तो लाग्नु यसको विशेषता हो । यस कृतिभित्रका पच्चीस सीताहरू मध्ये जुनबाट सुरु गरेर जुनमा टुङ्ग्याए पनि हुन्छ । यस कृतिको सबैभन्दा ठूलो विशेषता एउटै चरित्र भिन्न भिन्न घटना र असम्बद्ध कथावस्तुलाई पनि जोड्ने तन्तु छ र त्यो तन्तु हो- अनेकौं चरित्रकी एउटी नारीपात्र सीता जो धेरै सीताहरूमा विभक्त छे । यसबाट यो कृति एकातिर विशृङ्खलित उपन्यासका रूपमा र क्रम

भग्नताको औपन्यासिक दसीका रूपमा रहेको देखिन्छ भने अर्कातिर यो कथासङ्ग्रहका रूपमा रहेको देखिन्छ भन्दै यस सीताहरूको भूमिकामा लक्ष्मणप्रसाद गौतमले **सीताहरू**लाई कथोपन्यास भनी उल्लेख गरेका छन् । अनि लेखकीयमा परशु प्रधानले यस कुरामा सहमत जनाएका कारण लेखक र समालोचकले यसलाई 'कथोपन्यास' नामाकरण गरेका छन् । 'कथोपन्यास' नाम दिइएको यस सीताहरू सङ्ग्रहमा सङ्गृहीत कथाहरू छुट्टाछुट्टै विषयवस्तुमा लेखिएका छन् । कथाका प्रत्येक विषयवस्तुमा विशिष्टता देखिन्छ । एउटा कथाको विषयवस्तु अर्को कथाको विषयवस्तुसँग मेल खान पुगेको देखिँदैन त्यसैले विषयवस्तुका आधारमा प्रत्येक कथाहरू फरक फरक रहेका छन् । यस सङ्ग्रहका प्रत्येक कथामा फरक फरक विशेषता लिएर सीता आएकी छे । प्रत्येक कथामा सीताको चरित्रमा विविधता छ । अनि सीताबाहेक प्रत्येक कथामा रामहरू, 'म' पात्रहरू, रावणहरू, लक्ष्मण आदि पात्रहरू पनि एक कथाका सँग अर्का कथाका मिल्दैनन् त्यसैले चरित्र चित्रणका आधारमा यहाँका प्रत्येक कथाका पात्रहरू हेर्दा फरक फरक पाउन सकिन्छ । त्यसैले चरित्र प्रयोग वा चरित्र चित्रणका आधारमा पनि कथाहरू फरक फरक रहेका छन् । यस कथासङ्ग्रहमा आएका प्रत्येक कथाको सारवस्तु पनि फरक फरक रहेको छ । कुनै कथामा पात्रको मनोविश्लेषण गर्नु, कुनैमा विकृति विसङ्गतिलाई व्यङ्ग्य गर्नु, कुनैमा द्वन्द्वको अवस्था देखाउनु, कुनै कथामा समाजको यथार्थता देखाउनु आदि रहेको छ । कथाहरूमा प्रयोग गरिएको दृष्टिविन्दुमा पनि फरकपना रहेको छ । आन्तरिक दृष्टिविन्दुमा पनि केन्द्रीय र परिधीय दृष्टिविन्दु प्रयोग गरिएको छ । अनि सीताहरू आठ र नौ कथामा बाह्य दृष्टिविन्दुको प्रयोग गरी लेखिएको छ । यस सङ्ग्रहका कथामा आएको परिवेश पनि प्रत्येक कथामा फरक फरक रहेको छ । यहाँ सङ्गृहीत कथाहरू एउटै शैलीमा लेखिएका छैनन् । शैलीमा विविधता छ । उपन्यासमा जस्तो परिच्छेद विभाजन गरिएको छैन । यहाँका कथाहरूको घटना अघिल्लो कथासँग पछिल्लो कथाको घटनासँग कुनै सम्बन्ध छैन । विशृङ्खलित भए पनि एउटै उपन्यासको कथावस्तु जोडिएको हुन्छ । उपन्यासमा जस्तो एउटै दृष्टिविन्दु समेत यहाँ प्रयोग गरिएको छैन । अनि परिवेशमा समेत विविधता छ । उपन्यासको मुख्य सारवस्तु एउटै रहन्छ तर यहाँका कथाको सारवस्तु छुट्टाछुट्टै रहेको हुनाले यी **सीताहरू** कृतिका विशेषता उपन्यासका विशेषतासँग मिल्दैनन् र कथाका विशेषतासँग मिल्न जान्छन् । तर यस कृतिमा थुप्रै नौला नौला प्रयोग भने गरिएको छ । त्यसैले यो एक प्रयोगवादी मनोवैज्ञानिक कथासङ्ग्रह हो र यसलाई प्रयोगवादी कथासङ्ग्रहका रूपमा यहाँ विश्लेषण गर्ने काम भएको छ ।

## ७.२ सम्भावित शोध शीर्षकहरू

'सीताहरू' कथासङ्ग्रहको अध्ययन र मूल्याङ्कन गरिसकेपछि यस सङ्ग्रहभित्रबाट शोध कार्य गर्न सकिने अन्य सम्भावित शीर्षकहरू अझै पाउन सकिन्छ । यस्ता सम्भावित शोध शीर्षकहरू निम्न छन् ।

(१) 'सीताहरू' कथासङ्ग्रह भित्रका नारी पात्रको अध्ययन ।

(२) 'सीताहरू' कथासङ्ग्रहमा यौन मनोविज्ञान ।

(३) 'सीताहरू' कथासङ्ग्रहमा प्रयोगवाद ।

(४) 'सीताहरू' कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूको शैलीवैज्ञानिक अध्ययन ।

# kl/lzi6
## zfwgfossf k|f6f



जन्म : २००० माघ ३० गते

# ;Gbe|uGy ;'rL


अधिकारी, ज्ञानु, **प्रायोगिक समालोचनाका केही प्रतिरूप,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६७ ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश** (सम्पा.), दो.सं., काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६३ ।

आप्टे, वामन शिवराम, **संस्कृत-हिन्दी कोश,** दो.सं., भारत : मोतीलाल बनारसीदास, सन् १९६९ ।

एटम, नेत्र, **नेपाली डायस्पोरा र अन्य समालोचना,** काठमाडौं : एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि., २०६७ ।

कोइराला, कुमारप्रसाद, (सम्पा.), **प्रारम्भमा परशु प्रधान,** विराटनगर : वाणी प्रकाशन, २०६५ ।

गौतम, अङ्गद, **परशु प्रधानको कथाशिल्प,** विराटनगर : वाणी प्रकाशन, २०५३ ।

घिमिरे, कृष्णप्रसाद, **नेपाली कथा भाग-३,** (सम्पा.), चौ.सं., ललितपुर : साझा प्रकाशन, २०६५ ।

नेपाल, घनश्याम, **आख्यानका कुरा,** दो.सं., भारत : एकता बुक्स हाउस प्रा.लि., सन् २००५ ।

प्रधान, परशु, **वक्ररेखा,** ललितपुर : साझा प्रकाशन, २०२५ ।

_________, **फेरि आक्रमण,** विराटनगर : पुस्तक संसार, २०२८ ।

_________, **यौटा अर्को दन्त्यकथा,** काठमाडौं : रत्नपुस्तक भण्डार, २०२८ ।

_________, **असम्बद्ध,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०३२ ।

_________, **समुद्रमा अस्ताउने सूर्य,** ललितपुर : साझा प्रकाशन, २०३५ ।

_________, **प्रतिनिधि कथाहरू,** ललितपुर : साझा प्रकाशन, २०४१ ।

_________, **यौटा क्रान्तिपुरुक्षको जन्म,** ललितपुर : साझा प्रकाशन, २०५० ।

_________, **उत्तरार्द्ध,** विराटनगर : वाणी प्रकाशन, २०५८ ।

_________, (अनु.), **विश्व यौन कथा,** ललितपुर : बालामुखी अफसेट प्रेस, कुपन्डोल, २०५२ ।

_________, **कथा र रचनागर्भ,** दो.सं., काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन, २०६३ ।

_________, **सीताहरू,** काठमाडौं : पैरवी प्रकाशन, २०६४ ।

_________, **अन्तर-संवाद,** खोटाङ्ग : टङ्क बहादुर श्रेष्ठ, २०६५ ।

बराल, ईश्वर, **झ्यालबाट** (सम्पा.), छै.सं., ललितपुर : साझा प्रकाशन, २०५३ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ते.सं., ललितपुर : साझा प्रकाशन, २०६६।

भण्डारी, कृष्णप्रसाद, **फ्रायड र मनोविश्लेषण,** ललितपुर : साझा प्रकाशन, २०५६ ।

रेग्मी, मुरारीप्रसाद, **मनोविश्लेषणात्मक समालोचना,** ललितपुर : साझा प्रकाशन, २०४० ।

शर्मा, मोहनराज, **शैलीविज्ञान,** दो.सं., काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५९ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुईटेल, **शोधविधि,** ते.सं., ललितपुर : साझा प्रकाशन, २०६२ ।

__________, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** दो.सं., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग -४ (सम्पा.),** दो.सं., ललितपुर : साझा प्रकाशन, २०६० ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** नवौं सं., ललितपुर : साझा प्रकाशन, २०६४ ।

श्रेष्ठ, दयाराम, ॥ **अभिनव कथाशास्त्र** ॥, काठमाडौं : पालुवा प्रकाशन प्रा.लि., २०६६ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** दो.सं., ललितपुर : साझा प्रकाशन, २०६४ ।

**हिन्दी**

हेवलाक ऐलिस, **यौन मनोविज्ञान,** (अनु.), मन्मथनाथ गुप्त, दिल्ली : राजपाल एण्ड सन्ज, कश्मीरी गेट, सन् २००८ ।

**अंग्रेजी**

Pradhan, Parshu, **The Little Budha in Tokyo.** Dhaka: Mahabubur rahman babu. 2061.

**पत्रपत्रिका**

अधिकारी, ज्ञानु, "परशु प्रधानको सीताहरू-२५ मा समलैङ्गिक चेतना", **शारदा,** (वर्ष १, अङ्क १०, २०६४), पृ. ७९-८४ ।

अधिकारी, हरि "परशु प्रधानका सीताहरू", **नयाँ पत्रिका,** (माघ ५ गते शनिवार, २०६४), पृ. ७ ।

नवोदित, मीनकुमार "सीताहरू भित्र नारी मनको यथार्थ चित्रण", **दर्शन** (वर्ष ६, अङ्क १०४, २०६४ माघ १९ गते शनिवार), पृ. २ ।

प्रधान, परशु, "सीताहरू-६", **गरिमा** (वर्ष २१, अङ्क ८, पूर्णाङ्क २४८, २०६० श्रवण), पृ. २४-२७ ।

_________, "सीताहरू-आठ", **मधुपर्क** (वर्ष ३६, अङ्क १०, पूर्णाङ्क ४१७, २०६० फागुण), पृ. ८-१० ।

_________, "सीताहरू-एघार", **मधुपर्क** (वर्ष ३७, अङ्क २, पूर्णाङ्क २२४, २०६१ असोज), पृ. ७-९ ।

_________, "सीताहरू-दस", **गरिमा** (वर्ष २२, अङ्क १२, पूर्णाङ्क २६४, २०६१ मंसिर), पृ. २२-२६ ।

_________, "सीताहरू-चौध", **गरिमा** (वर्ष २३, अङ्क ९, पूर्णाङ्क २७३, २०६२ भदौ), पृ. १९-२३ ।

_________, "सीताहरू-सोह्र", **मधुपर्क** (वर्ष ३८, अङ्क ६, पूर्णाङ्क ४३७, २०६२ कात्तिक), पृ. १०-१२ ।

_________, "सीताहरू-अठार", **गरिमा** (वर्ष २४, अङ्क ५, पूर्णाङ्क २८१, २०६३ वैशाख), पृ. १८-२२ ।

_________, "सीताहरू-एक्काईस", **गरिमा** (वर्ष २५, अङ्क १, पूर्णाङ्क २८९, २०६३ पुस), पृ. १८-२२ ।

_________, "सीताहरू-पच्चीस", **शारदा** (वर्ष १, अङ्क २, २०६३ पुस), पृ. १४-१९ ।

_________, "सीताहरू-तेईस", **मधुपर्क** (वर्ष ३९, अङ्क १०, पूर्णाङ्क ४५३, २०६३ फागुन), पृ. १४-१९ ।

राई, इन्द्रबहादुर, "सीताहरूको पठन प्रतिक्रिया", **मधुलिका** (वर्ष १३, अङ्क १०, २०६५), पृ. ३ ।

**अप्रकाशित शोध ग्रन्थहरू**


ओझा, बाबुराम, "**परशु प्रधानका प्रमुख कथाहरूको अध्ययन**", अप्रकाशित स्नातकोत्तर शोधपत्र, विराटनगर : स्नातकोत्तर क्याम्पस, २०६० ।

काफ्ले, कृष्णप्रसाद, "**परशु प्रधानको प्रतिनिधि कथाहरू सङ्ग्रहभित्रका नारी पात्रहरूको अध्ययन**", अप्रकाशित, स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, २०६५ ।

बस्याल, विन्दु, "**परशु प्रधानको कथा र रचना गर्भको कृतिपरक अध्ययन**", अप्रकाशित, स्नातकोत्तर शोधपत्र, तानसेन : त्रिभुवन बहुमुखी क्याम्पस, २०६४ ।

सुवेदी, नेत्रमणि, "**भ्रमर उपन्यासको कृतिपरक अध्ययन**", अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०५३ ।